३३१

# भक्तपुर मासिक

Bhaktapur Monthly माघ २०८०

ISSN 2705-4454






# भक्तपुर नगरपालिकाको १५ औं नगरसभा

- नेमकिपाको ३५ औं केन्द्रीय परिषद्बाट पारित प्रस्तावहरू
- 'पुँजीवादी सत्तामा भाग लिनु गरिब जनताको अहितमा शोषकवर्गको प्रतिनिधिहरूसँग लिएको 'घुस' हो'
- नेमकिपाको गौरवपूर्ण आधा शताब्दीको अविरल यात्रा
- म कम्युनिस्ट हुँ
- विशिष्ट साधना, कम मूल्याङ्कन
- हृदयचन्द्रसिंह प्रधानका कविता
- गाजामा जे भइरहेको छ त्यो भोकमरी वा अनिकाल होइन, बरु जानाजानी हत्या हो
- योमरी उत्सवमा बाहा:बहि परिक्रमाको तात्पर्य
- साहित्य व समालोचनाया छुं मेगु प्रवाह
- मार्चेज गुग्लिल्मा मार्कोनी
- नपाका गतिविधिहरू




भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८० को उद्घाटन समारोहमा सहभागी । माघ २१ गते




भक्तपुर नगरपालिका वडा नं. ९ मा नगर स्वास्थ्य केन्द्र एक कार्यक्रमबीच शुभारम्भ । पुस २० गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀ $)⋆cÆ #⋆g}; ≢!$$⋆lj÷; ≢@)*)df3⋆A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)







सानौनि इमाद, मोरोक्को र इमाद हज्जाज,जोर्डान (स्रोत:इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘त्यही व्यक्ति धार्मिक हो जसले अर्काको निम्ति त्याग गर्छ ।’ – गौतम बुद्ध

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाको १५ औं नगरसभा | – | ३ |
| २) | नेमकिपाको ३५ औं केन्द्रीय परिषद् | – | १७ |
| ३) | नेमकिपाको ५० औं स्थापना दिवस | – | २२ |
| ४) | नेमकिपाको गौरवपूर्ण आधा शताब्दीको अविरल यात्रा | विवेक | ३० |
| ५) | म कम्युनिस्ट हुँ | नाजिम हिक्मत रान | ३२ |
| ६) | विशिष्ट साधना, कम मूल्याङ्कन | डा. देवीप्रसाद सुवेदी | ३४ |
| ७) | हृदयचन्द्रसिंह प्रधानका कविता – ‘मानव’ र ‘छोरोसित’ | – | ३७ |
| ८) | गाजामा जे भइरहेको छ त्यो भोकमरी वा अनिकाल होइन, बरु जानाजानी हत्या हो | – | ४० |
| ९) | एसआरका कविता | – | ४२ |
| १०) | योमरी उत्सवमा बाहा:बहि परिक्रमाको तात्पर्य | ओम धौभडेल | ४३ |
| ११) | समालोचनाया सिद्धान्त (२४) : साहित्य व समालोचनाया छुं मेगु प्रवाह | प्रा. माणिकलाल श्रेष्ठ | ४६ |
| १२) | दोषारोपण | आर.दिस्ती | ४९ |
| १३) | त्यो भक्तपुर, यो भक्तपुर | तेजेश्वरबाबु ग्वंग | ५० |
| १४) | अस्ति अस्तिको र आजको भक्तपुर | भैरव रिसाल | ५२ |
| १५) | मार्चेज गुग्लिल्मा मार्कोनी | राजेन्द्रबहादुर कायष्ठ | ५३ |
| १६) | भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता | – | ५७ |
| १७) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ६० |
| १८) | भक्तपुर नगरपालिका गतिविधि | – | ८० |
| | क) शैक्षिक गतिविधि | – | ८४ |
| | ख) स्वास्थ्य सेवा | – | ९५ |
| | ग) अनुभवको आदान–प्रदान | – | ९८ |
| | घ) भेटघाट | – | १०० |
| | ङ) सङ्क्षेपमा | – | १०३ |
| १९) | विविध समाचार | – | १०४ |
| २०) | उत्साहित नबनाउने सुधार (सम्पादकको पृष्ठ) | – | १२० |

**साथमा** : साथमा– चीनका प्राचीन नीति कथा – २१/ बसिबियाँलो – २७/ प्रेरणीय – ३३/ हाम्रा मौलिक सामग्री – ३९/जीवन–आचरण – ५६/ थाहा पाइराखौं – ८३/ ख्वप अस्पतालको प्रगति – ९७/ सम्झनाको लागि – ११६/ हाम्रो स्वास्थ्य –११८/ पर्यटक तथ्याङ्क – ११९/ रङ्गीन पृष्ठ – क–घ ।



भक्तपुर नपाबाट नियमित प्रकाशन भइरहेको

**पढ्नु होस् र लेखरचना, प्रतिक्रिया दिई सहयोग गर्नुहोस् ।**






# भक्तपुर नगरपालिकाको पन्ध्रौं नगरसभा




**पन्ध्रौं नगरसभा उद्घाटन**

## भक्तपुरको सीप र श्रमसँग जोडिएका उद्योगहरूलाई पुन:स्थापना गर्नु आवश्यक

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाको पन्ध्रौं नगरसभाको पुस २५ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।



कार्यक्रममा सांसद **सुवाल**ले भक्तपुरलाई स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने हामी सबैको साझा उद्देश्य भएकोले सफा स्वच्छ सहर बनाउन फोहोरमैला व्यवस्थापन, खोला सुधार, सडक हराभरा बनाउनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, ‘भक्तपुरको सीपमा आधारित साना उद्योगहरूलाई प्रवर्द्धन गर्न स्थापना भएको भक्तपुर साना औद्योगिक क्षेत्रमा बहुदल पुन:स्थापनापछि धुवाँ, ध्वनि, रसायन प्रदूषण फैलाउने डाइङ, टेक्स्टाइल, रङ, प्लास्टिकलगायतका उद्योगहरू सञ्चालन गराइयो । यसले स्वच्छ सहर बनाउने जनताको इच्छालाई चोट पुऱ्यायो । यसकारण, भक्तपुर औद्योगिक क्षेत्रलाई यहाँको सीपमा आधारित साना औद्योगिक क्षेत्रमा रूपान्तरण गर्नुपर्दछ वा औद्योगिक क्षेत्र नै स्थानान्तरण गर्नुपर्दछ ।’

सहर सफा स्वच्छ बनाउन सङ्घीय राजधानीमा भइरहेको तीव्र बसाइसराई रोक्नु जरूरी रहेको र देशको सन्तुलित विकास गर्नको लागि प्रधानमन्त्री, मन्त्री, सांसदहरूलाई आ–आफ्नो जिल्लामा मात्र बसोबास गर्न पाउने कानुनी व्यवस्था गर्नु उपयुक्त हुने सुझाव सांसद सुवालले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, ‘सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउन नगरमा विद्यालय र विश्वविद्यालय पनि हुनु जरूरी छ । प्रधानमन्त्री र मन्त्रीहरू स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने संवैधानिक व्यवस्था नभएको दाबी गर्छन् । संविधानको साझा सूचीमा शिक्षा उल्लेख भएको र शिक्षाअन्तर्गत विश्वविद्यालय पनि पर्ने हुँदा सक्षम स्थानीय तह भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालन गराउनु आवश्यक छ । राणा शासनमा जनतालाई पढ्न दिइएन ।



अहिले बहुदल र गणतन्त्रमा पनि जनतालाई ख्वप विश्वविद्यालयमा पढ्न नदिने सरकारहरू राणा शासकभन्दा फरक हुने छैनन् ।'

देशभक्तिमा पनि नाफा खोज्ने सरकारहरूले शिक्षामा देशभक्ति दिन सकेनन् बरू सरकारहरूले १२ कक्षा उत्तीर्ण विद्यार्थीहरूलाई घर, खेत बेच्न लगाई विदेश अध्ययनमा पठाउँदै छन्, सांसद सुवालले भन्नुभयो ।

तल्लो वर्गलाई माथि उठाउने योजना बनाउनुपर्ने र यस्तो योजना नबनेकै कारण अहिले देशभरि 'के देश खस भाषा बोल्नेहरूको मात्र हो र ?' भन्ने विरोधमिश्रित प्रश्न उठिरहेको तर्फ उहाँले सचेत गराउनुभयो ।

सांसद सुवालले भन्नुभयो, 'आफू नै सर्वश्रेष्ठ ठान्ने र अरूलाई तुच्छ ठान्ने अन्धराष्ट्रवाद हो; अरूलाई राष्ट्र नठान्ने बडाराष्ट्र अहङ्कारवाद हो । अन्धराष्ट्रवाद र बडाराष्ट्र अहङ्कारवादले फासीवादलाई प्रश्रय दिन्छन् । इजरायली फासीवादले अमेरिकी साम्राज्यवादसँग हतियार लिएर बमबारी गरी प्यालेस्टिनी भूमि कब्जा र नरसंहार गरेको यहुदीहरूको अन्धराष्ट्रवाद र बडाराष्ट्रवादको परिणाम हो ।'

स्वतन्त्रतापछिको अमेरिकी सरकारहरूले विश्वका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेको र अमेरिकी सरकारलाई पाठ सिकाउन नै चीनले विश्वव्यापी सभ्यताको अगुवाइ अघि बढाएको सांसद सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'केही दिनअघि न्युयोर्कका जनताले बाइडेन र नेतन्याहुको पुत्लाको हात रगतमा लतपतिएको देखाई प्यालेस्टिनी भूमि कब्जा र नरसंहारको विरोधमा प्रदर्शन गरे ।'




'कर्मचारीहरूले हाजिरीलगत्तै तलब पाकेको ठान्नु हुँदैन, तलबअनुसार काम गरेपछिमात्र तलब पाकेको ठान्नुपर्दछ, भक्तपुर नगरपालिकाका कर्मचारीहरूमा यो भावना छ, यसलाई अझ बढाउनु आवश्यक छ', सांसद सुवालले सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुरका जनताको सार्वजनिक सांस्कृतिकस्थल चोछेँ पा, रानी पोखरी, सिद्धपोखरी र ५५ वर्षदेखि दुग्ध सङ्कलन केन्द्र रहेको क्षेत्र पञ्चायती सरकारको निर्णयअनुसार २०४२ सालमा नेपाली सेनाको नाममा दर्ता गरियो । नेपाली सेना र जनताबीच विवाद खडा गर्न पञ्चायती सरकारले त्यस्तो निर्णय गरेको हुँदा अब बहुदल र गणतन्त्रको सरकारले नेपाली सेनाको नामबाट सो क्षेत्र सार्वजनिक सांस्कृतिक स्थल नै हुने निर्णय गर्नु उपयुक्त छ ।'

सांसद सुवालले भन्नुभयो, 'चीनका राष्ट्रपति सि चिनफिङले नयाँ वर्ष २०२४ को शुभकामनामा 'बीस वर्षदेखि चीनमा अन्न उत्पादन वृद्धि भएको' उल्लेख गर्नुभयो । नेपालमा दाल, चामल, तरकारीसमेत भारतसँग किनेर खानुपर्ने अवस्था भयो । यसले नेपालका प्रमहरूमा देश विकासको खाका नभएको पुष्टि गर्छ ।'

'जुनसुकै कारणबाट सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भए पनि मालपोत ऐनअनुसार पुनः सार्वजनिक हुने व्यवस्था छ तर, मालपोत कार्यालयका अधिकारीहरू ललिता निवासको २४३ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको पुनः सार्वजनिक गर्न मानेका छैनन्। व्यक्तिको नाममा दर्ता गरिएका थैँ बहिको कमलपोखरी र सार्वजनिक बगैँचासमेत २६.५ रोपनी, अन्य ठाउँको सार्वजनिक पोखरी, पर्ती, जङ्गल व्यक्तिको नाममा दर्ता गरिएको पनि पुनः सार्वजनिक गरिएन। यसले मालपोत कार्यालयका कतिपय अधिकारीहरू नै इमानदार नभएको देखायो', उहाँले भन्नुभयो।

सांसद सुवालले सहकारी संस्थामा देखिएको अनियमितता हटाउन कानुन संशोधन गरेर सहकारी संस्थाले नै उत्पादन र वितरण गर्न पाउने व्यवस्था आवश्यक भएको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले २०८० साउन १ गतेपछि भक्तपुर नगरपालिकाले गरेका विभिन्न कार्य तथा गतिविधिहरूबारे सङ्क्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुहुँदै स्थानीय जनताको लागि छिटोछरितो सेवा सुविधा प्रदान गर्न अधिकार सम्पन्न स्थानीय तहबाट मात्र सम्भव भएको बताउनुभयो।



उहाँले स्थानीय तहको स्वायत्ततामाथि कहीँ कतैबाट हुने हस्तक्षेप स्वीकार्य नभएको उल्लेख गर्नुहुँदै स्थानीय तह बलियो भएमात्र प्रजातन्त्रको जग बलियो हुने हुनाले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्छ भन्नुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'संविधानले स्थानीय तहलाई प्रदान गरिराखेका अधिकारहरू समेत सङ्घ र प्रदेश सरकारहरू विभिन्न बहानामा फिर्ता लिन चाहिरहेका छन्। संविधानले सङ्घीय राज्य घोषणा गरे पनि स्थानीय तहले सङ्घीयता कार्यान्वयनमा निकै चुनौती भोग्दै आएको छ। सङ्घ र प्रदेश सरकार सञ्चालन गर्नेहरूले एकात्मक र केन्द्रीकृत सोच नत्यागेसम्म सङ्घीयताको राम्रो कार्यान्वयन हुनसक्नेछैन।'

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले अहिलेको नयाँ पुस्ता सुसंस्कृत जीवनको खोजीमा रहेको धारणा राख्नुहुँदै नयाँ पुस्ताले परिकल्पना गरेको समाज नेपालमै निर्माण गर्न सकेको खण्डमा उनीहरूले आफ्नै देशमा परिवर्तनको आभास गर्ने बताउनुभयो।



भक्तपुरको सम्पदा संरक्षण सँगसँगै नगरको सुन्दरीकरण, हरियाली व्यवस्थापन, पार्क निर्माणलगायतका विषयमा पनि नपाले ध्यान दिनु आवश्यक भएको चर्चा गर्नुहुँदै उहाँले समाजवादी विचार र व्यवस्थाबारे व्यापक जनतामाझ प्रचारप्रसारबाट नै नेपालमा समाजवादी व्यवस्था स्थापनामा टेवा पुग्ने बताउनुभयो।

प्रदेशसभा सदस्य गोसाईले भन्नुभयो, 'भक्तपुरमा समाजवादको अभ्यास भइरहेको चर्चा व्यापक छ। भक्तपुर अहिले अध्ययनको केन्द्रको रूपमा सकारात्मक सन्देश गइरहेकोले भक्तपुरका वाचनालय र पुस्तकालय व्यवस्थित गर्नु आवश्यक छ।'

उहाँले भन्नुभयो, 'भक्तपुर नपाले आफ्ना गतिविधि र समयसान्दर्भिक लेखहरू समावेश गरी नियमितरूपमा पुस्तक प्रकाशन गरी सुन्दर र सुसंस्कृत अभ्यासको थालनी गरिरहेको सराहनीय कदम हो। विचार र अनुभव आदानप्रदान गर्ने संस्कृतिको विकाससँगै समाज र नगर विकासमा समेत यसले उल्लेखनीय भूमिका खेल्नेछ।'

वाग्मती प्रदेशसभा सदस्य **सृजना सैँजू**ले नगरसभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुहुँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य तथा विकास निर्माणका विविध गतिविधिबारे सिंहावलोकन गर्नु आवश्यक रहेको बताउनुभयो।



उहाँले नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अगाडि बढ्न भारतीय एकाधिकार पुँजी र विस्तारवादी नीति बाधक रहेको बताउनुभयो।

नगरपालिकालाई स्वायत्त निकायको रूपमा विकास गर्ने भक्तपुर नपाको लामो समयदेखिको प्रयास प्रशंसनीय रहेको चर्चा गर्नुहुँदै सांसद सैंजूले प्रदेश सरकारहरू अहिले भागबन्डा र ठेक्कापट्टाको अखडाको रूपमा रहेको प्रस्ट पार्नुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले यहाँका सम्पदा, संस्कृति र सभ्यतासँग जोडिएका मूल्य, मान्यता र धरोहरबारे विज्ञहरूमार्फत अनुसन्धान र अन्वेषण गराई नयाँ पुस्तालाई सिकाउँदै जानुको साथसाथै ज्ञान विज्ञानको केन्द्र बनाउने आधारहरू तय गर्दै जाने दिशामा अग्रसर भइरहेको बताउनुभयो ।

उपप्रमुख जोशीले सभ्य समाज निर्माण कार्यमा भनपा समयसापेक्ष ढङ्गले अगाडि बढिरहेको उल्लेख गर्नुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठ**ले भक्तपुर नपाले शिक्षा र स्वास्थ्यजस्ता विषयलाई प्राथमिकता राखी गरेको लगानीबाट नगरवासीहरू लाभान्वित भइरहेको चर्चा गर्नुहुँदै नपाले गरेको व्यवस्थित बस्ती विकास यहाँको अर्को विशेषता रहेको बताउनुभयो ।

नपाभित्र रहेका सहकारी र सहकारी पीडितहरूको अनुगमन र समस्या समाधानतर्फ पनि भनपा क्रियाशील हुनुपर्ने आवश्यकता



औँल्याउनुहुँदै पर्यटकमैत्री पूर्वाधार विकासतर्फ पनि नपाले ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

भनपा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त नगरसभाको उद्घाटन कार्यक्रममा भनपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको थियो ।


## धन्यवाद ज्ञापन



भक्तपुर नगरपालिकाको ऐतिहासिक १५ औं नगरसभा २०८० पुस २५ गतेबाट सुरु भयो । नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभाका सांसद प्रेम सुवालज्यूले पानसभा दीप प्रज्ज्वलन गरी नगर सभाको समुद्घाटन गर्नुभयो ।

उद्घाटन समारोहमा प्रमुख अतिथि माननीय प्रेम सुवालज्यूले जनभावनाबमोजिम कार्य गर्न जनप्रतिनिधिहरूलाई निर्देशन दिनुभयो ।

नगरपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी मार्गनिर्देशन दिनुहुने प्रमुख अतिथि माननीय प्रेम सुवालज्यू वाग्मती प्रदेशसभाका सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजु तथा भक्तपुरका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

साथै नगरसभाको उद्घाटन समारोहमा उपस्थित हुने भक्तपुर नगरपालिकाका पूर्वजनप्रतिनिधिहरू, राजनैतिक तथा सामाजिक अगुवाहरू, बुद्धिजीवीहरू, सञ्चारकर्मीहरू एवं नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

मन्तव्य

# 'स्थानीय तहको स्वायत्ततामाथि कहींकतैबाट हुने हस्तक्षेप हामीलाई स्वीकार्य छैन' : प्रमुख प्रजापति



## सभासद्हरू,

नेपालको संविधान, २०७२ जारी भएपछि स्थानीय तहको दुईओटा निर्वाचनहरू सम्पन्न भए। वि.सं. २०७४ र २०७९ सालमा सम्पन्न भएका दुईओटै निर्वाचनमा भक्तपुर नगरपालिकाका जनताले नेपाल मजदुर किसान पार्टीका सम्पूर्ण उम्मेद्वारहरूलाई अत्यधिक मतले विजयी गराउनुभयो। देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने भावनाले काम गरिरहेका नेमकिपाका उम्मेद्वारहरूलाई मत दिएर विजयी गराउनुहुने तमाम भक्तपुरवासी दाजुभाइ तथा दिदी बहिनीहरूमा आजको दिन हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

स्थानीय तहको दोस्रो निर्वाचनपछिको यो चौथो नगरसभा र २०७४ सालपछिको पन्ध्रौँ नगरसभा हो। गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि २०७५ को दफा ३ अनुसार वर्षको दुईपटक नगरसभा बस्नुपर्ने प्रावधानबमोजिम यो नगरसभाको बैठक बस्दैछौँ। २०८० साल असार महिनामा सम्पन्न नगर सभाले आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र रु. २ अर्ब २६ करोड ८५ लाख को बजेट पारित गरेको थियो। नगरसभाले पारित गरेको नीति तथा कार्यक्रम र बजेटअनुसार हामीले विकास निर्माणका कार्यहरू गर्दै भक्तपुरवासीहरूको सेवा गर्दैछौँ।

## नगरसभासद्हरू,

नाचगानको राजधानी, सांस्कृतिक नगर र खुल्ला सङ्ग्रहालयको रूपमा परिचित भक्तपुर नगरको विकास र समृद्धिका लागि यहाँका धेरै जनप्रतिनिधि, राजनैतिक कार्यकर्ता र सचेत जनताले धेरै योगदान गर्नुभयो। नि:स्वार्थ रूपले देश र जनताको सेवा गर्ने भावनाले काम गर्ने **हाम्रा अग्रजहरूको मार्गनिर्देशनअनुसार हामीले काम गरिरहेका छौँ।**

हामी स्थानीय तहको स्वायत्तताकोबारे अत्यन्त सचेत छौँ। **स्थानीय तहको स्वायत्ततामाथि कहींकतैबाट हुने हस्तक्षेप हामीलाई स्वीकार्य छैन।** स्थानीय जनताको लागि छिटोछरितो सेवासुविधा दिन अधिकार सम्पन्न स्थानीय तहबाट मात्र सम्भव हुन्छ। स्थानीय तह बलियो हुनु भनेको प्रजातन्त्रको जग बलियो हुनु हो। त्यसैले हामी स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्छ भन्ने पक्षमा छौँ। तर सङ्घ र प्रदेश सरकारहरू संविधानले स्थानीय तहलाई प्रदान गरिराखेका अधिकारहरू समेत विभिन्न बहानामा फिर्ता गर्ने कोसिस गर्दैछन्। संविधानले स्थानीय तहलाई मावि तहसम्मको सम्पूर्ण अधिकार प्रदान गरेकोमा सङ्घीय शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालय पुन:स्थापनाको प्रस्ताव गर्नु यसको ज्वलन्त उदाहरण हो। साझा सूचीमा उल्लेखित विषयहरूमा हालसम्म कानुनहरू निर्माण नगर्नु, सङ्घ र प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने अनुदानमा विशेष अनुदान घटाएर सशर्त अनुदान बढाउँदै लानु, स्थानीय तहलाई कर्मचारी नियुक्ति गर्ने अधिकारबाट बञ्चित गर्नु **सङ्घ र प्रदेशले स्थानीय तहलाई नियन्त्रण गर्न खोजेका केही दृष्टान्तहरू** हुन्।

स्थानीय तहहरू सङ्घ र प्रदेशका इकाइहरू होइनन्। संविधानले कल्पना गरेका तीन तहका सरकारमध्ये स्थानीय तह पनि एक हो। सबै तहका सरकारहरू आ–आफ्नो क्षेत्रमा स्वायत्त छन्। अझ सङ्घ र प्रदेशभन्दा फरक स्थानीय तहले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकारसमेत अधिकार प्रयोग गर्छ। संविधानले सङ्घीय राज्य घोषणा गरे पनि स्थानीय तहहरूले सङ्घीयता कार्यान्वयनमा निकै चुनौतीहरू भोग्दैछन्। सङ्घ र प्रदेश सरकार सञ्चालन गर्नेहरूले एकात्मक र केन्द्रीकृत सोच नत्यागेसम्म सङ्घीयताको उचित कार्यान्वयन हुन सक्दैन।

चालू आ.व. २०८०/०८१ मा वाग्मती प्रदेशले कानुनबमोजिम प्रदान गर्नुपर्ने विशेष र समपूरक अनुदान भक्तपुर नगरपालिकालाई नदिनु **पक्षपात र पूर्वाग्राही**

**भावनाको हद** हो । प्रदेश सरकारको पक्षपातपूर्ण र गैरजिम्मेवार कार्यप्रति हामी घोर आपत्ति व्यक्त गर्छौं । विकास निर्माणमासमेत फरक विचार र आस्थाका आधारमा यस्ता गैरजिम्मेवार कार्य गर्ने कुनै पदाधिकारीलाई छुट नभएकोतर्फ पनि सम्बन्धित सबैको ध्यानाकर्षण गर्छौं ।

## सभासद्हरू,

**भक्तपुर नगरपालिकाले आत्मनिर्भरताको कठिन बाटो रोजेको छ ।** त्यसैमा भक्तपुरवासीहरू गौरव अनुभव गर्छन् । यही हाम्रा अग्रजहरूले सिकाउनुभएको स्वाभिमानको मार्ग हो । निर्वाचनको बेला जनताबीच गरेका प्रतिबद्धताअनुसार शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणलगायतका कार्यहरू गरी जनताको सेवा गरिरहेका छौं । २०८० साउन १ गतेपछि भक्तपुर नगरपालिकाले गरेका विभिन्न कार्य तथा गतिविधिहरूबारे यहाँ सङ्क्षिप्तमा प्रस्तुत गर्न अनुमति चाहन्छौं :

## आयतर्फ :

यस नगरपालिकाको आन्तरिक श्रोततर्फ चालु आ.व. २०८०/०८१ को अनुमानित रु. ६० करोडमा २०८० मंसिर मसान्तसम्म २० करोड २४ लाख ५५ हजार (करिब ३४ प्रतिशत) सङ्कलन भयो भने वाह्य श्रोततर्फ १ अर्ब ५३ करोड २३ लाख ४० हजारमध्ये ४३ करोड ७८ लाख ८४ हजारमात्र (करिब २९ प्रतिशत) सङ्कलन भएको छ । आन्तरिक र बाह्य श्रोत गरी यस आ.व. को ५ महिनामा कुल ६४ करोड ३ लाख ३९ हजार राजश्व प्राप्त भएको छ ।

## व्ययतर्फ :

चालु खर्च शीर्षकमा रु. १ अर्ब ३६ करोड ९४ लाख ९४ हजार रुपैयाँ विनियोजन गरिएकोमा २०८० मंसिर मसान्तसम्म ३९ करोड ९४ लाख ६४ हजार खर्च भयो भने पुँजीगत खर्चतर्फ ८० करोड ४१ लाख रुपैयाँ विनियोजन भएकोमा सोही अवधिमा रु. १० करोड १६ लाख ७ हजार खर्च भएको छ । चालु र पुँजीगत खर्च गरी यस अवधिमा जम्मा २३.१० प्रतिशत प्रगति भएको छ । धेरैजसो विकासका योजनाहरू प्रकृया पूरा गरी हाल कार्यान्वयनको चरणमा रहेको हुँदा पुँजीगत खर्चतर्फ कम देखिएको हो ।

## शिक्षा :

भक्तपुर नगरपालिकाले जनताका छोराछोरीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न विषयमा उच्च शिक्षा प्रदान गर्न शिक्षण संस्थाहरू सञ्चालन गर्दै आएको छ । शिशुस्याहार केन्द्रदेखि विभिन्न विषयका कलेजहरू सञ्चालन गर्ने भक्तपुर देशको एक मात्र नगरपालिका हो । नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा हाल ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई वार्षिक रु. ४ करोडभन्दा बढी रकम बराबरको छात्रवृत्तिको व्यवस्था र रु. ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था पनि नगरपालिकाले गर्दै आएको छ । चालु आ.व.२०८०/०८१ को लागि १०१ जना विद्यार्थीहरूको शैक्षिक ऋण स्वीकृत गरेका छौं । यस अघि ४९४ जनाले नगरपालिकाको शैक्षिक ऋणमा अध्ययन गरिरहेकासमेत गरी हाल झन्डै ६ सय जना विद्यार्थीहरूले नपाको शैक्षिक ऋणमा उच्च शिक्षा अध्ययन गरिरहेका छन् ।



यस नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले नियमित रूपमा विभिन्न विषयहरूमा राष्ट्रिय सम्मेलनहरू आयोजना गर्दै आएकोमा यस वर्ष ख्वप ईन्जिनियरिङ कलेज र ख्वप कलेज अफ ईन्जिनियरिङको संयुक्त आयोजनामा कम्प्युटर, विद्युत, सञ्चार प्रविधि सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन २०२३ र भूकम्प ईन्जिनियरिङ तथा विपद्पछिको पुनः निर्माण विषयक तेश्रो अन्तराष्ट्रिय सम्मेलन २०२३ गरी दुई ओटा अन्तराष्ट्रिय सम्मेलनहरू सम्पन्न भए । यस्ता कार्यक्रमहरूले हाम्रा शैक्षिक संस्थाहरूको सम्बन्ध अन्तराष्ट्रिय क्षेत्रमा समेत विस्तार हुँदै जाने विश्वास छ ।

शैक्षिक गुणस्तरमा एकरूपता ल्याउन र शैक्षिक विकास गर्न विद्यालय अनुगमन तथा प्राविधिक समिति गठन र त्यसको परिचालन, विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्न आर्थिक अनुदान प्रदान, वडा वडामा सञ्चालित शिशुस्याहार केन्द्रहरूको भौतिक पूर्वाधार तथा गुणस्तर विकास गर्न शिशुहरूको स्वास्थ्य परीक्षण तथा शैक्षिक सामग्रीहरूको बन्दोबस्त, जनज्योति पुस्तकालयमा ई–लाइब्रेरी सञ्चालन, नगरस्तरीय अन्तरविद्यालय चित्रकला, वक्तृत्वकला र निबन्ध प्रतियोगिता, फोटो तथा भिडियो प्रतियोगितालगायत चालु आर्थिक वर्षमा भएका केही महत्त्वपूर्ण शैक्षिक विकासका

कार्य तथा गतिविधिहरू हुन् । उच्च शिक्षा हासिल गरिरहेका यस नगरपालिकाका विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप आर्थिक अनुदान कार्यक्रमलाई पनि निरन्तरता दिँदै छौँ । शैक्षिक सत्र २०८०/०८१ को लागि नपाले छुट्टै व्यवस्था गरेको बाहेक भक्तपुर नपाअन्तर्गतका सामुदायिक विद्यालयहरूमा कक्षा ११ र १२ मा १२२ जना विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि सिफारिस गरेका छौँ ।

**स्वास्थ्य :**

यस नगरपालिकाद्वारा १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएकोमा त्यहाँ सेवा सुविधा र गुणस्तर वृद्धिको लागि नयाँ नयाँ स्वास्थ्य उपकरणहरू जडान गर्दै आवश्यकताअनुसार चिकित्सक र जनशक्तिको व्यवस्था गर्दैछौँ । वडा वडामा स्वास्थ्य सेवा केन्द्रहरू विकास गर्ने क्रममा भक्तपुर नपा वडा नं. १ सल्लाघारी, वडा नं. २ व्यासी र वडा नं. ५ भगवती स्थानका स्वास्थ्य केन्द्रहरूबाट जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा यही पुस २० गतेबाट वडा नं. ९ दत्तात्रयमा पनि शहरी जनस्वास्थ्य केन्द्र सञ्चालन गरी सेवा आरम्भ गरेका छौँ । ती स्वास्थ्य केन्द्रहरूमा पनि विभिन्न रोगका विशेषज्ञ चिकित्सकहरू क्रमशः व्यवस्था गर्दै सेवा विस्तार गर्दैछौँ । श्रावणदेखि मंसिर मसान्तसम्म ख्वप अस्पतालले १ लाख १ हजार ३ सयभन्दा बढी विरामीहरूलाई सेवा प्रदान गरिसकेको छ । त्यसैगरी नगरपालिकाकै व्यवस्थापनमा सञ्चालित ख्वप तिलगंगा आँखा अस्पताल, श्वास प्रश्वास पुनःस्थापना केन्द्र र नागरिक आरोग्य केन्द्रले पनि जनतालाई उल्लेख्य रूपमा स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।

यसरी जनताको सेवा गरिरहेको ख्वप अस्पताललाई एकातिर बिमामार्फत स्वास्थ्य सेवा प्रदान गरे वापत ठूलो रकम भुक्तानी बाँकी राखेको छ भने अर्कोतिर निजी अस्पताल सञ्चालकहरू र त्यसका पदाधिकारीहरूले ख्वप अस्पतालको बदनाम गर्ने प्रयास गर्दैछन् । त्यस्ता चुनौतीहरूबीच भक्तपुर नगरपालिका जनताको सेवामा निरन्तर लागिरहेको छ ।

घरदैलो नर्सिङ सेवालाई निरन्तरता दिँदै नगरपालिकाले नगरवासीहरूलाई निःशुल्क रगत र अक्सिजन वितरण पनि गर्दै आएको छ । चालु आ.व.को मंसिर मसान्तसम्म ५ महिनामा ४३४ जनालाई निःशुल्क रगत वितरण तथा ४,७०७ जना नगरवासीहरूलाई निःशुल्क अक्सिजन उपलब्ध गराइएको थियो । यस अवधिमा नगरपालिका क्षेत्रका क्यान्सर, मुटुरोगी, मृगौला र मेरुदण्ड पक्षघात भएका १४३ जना बिरामीहरूलाई प्रति व्यक्ति रु.१५,०००।- का दरले जम्मा रु. २१,४५,०००।- आर्थिक सहयोग पनि प्रदान गरिएको छ ।

**संस्कृति तथा सम्पदा संरक्षण :**

चालु आ.व.को श्रावण महिनादेखि पौष महिनासम्म मठ १, मन्दिर १, पाटी २ र अन्य १ गरी जम्मा ५ ओटा सम्पदाहरू पुनःनिर्माण तथा जीर्णोद्धार सम्पन्न भयो भने २२ ओटा सम्पदाहरू निर्माणाधीन छन् । पहिले नगरपालिका रहेको दरबार क्षेत्र स्थित थंथु दरबार पुनःनिर्माण कार्य अगाडि बढाइएको छ । नगर प्रमुखको संयोजकत्वमा निर्माण समिति गठन गरी पुरातत्व विभागसँगको समन्वयमा पुनःनिर्माण कार्य भइरहेको जानकारी गराउन चाहन्छौँ ।

मूर्त र अमूर्त सम्पदा संरक्षणको क्रममा सांस्कृतिक सम्पदा संरक्षण कार्यमा योगदान गर्ने २२ जना सांस्कृतिक गुरुहरूको सम्मान, गुन्हीपुन्हि र सापारु पर्वमा प्रदर्शन गरिएका उत्कृष्ट सांस्कृतिक विधाहरू र संस्कृतिकर्मीहरूलाई पुरस्कार वितरण तथा नगरको मौलिकतासँग सम्बन्धित शिक्षा, संस्कृति, जीवनशैली र सामान्य परिचयसँग सम्बन्धित लघु वृत्तचित्र र सकिमना पुन्हिमा प्रदर्शन गरिएका हलिमली ब्वज्याको फोटो प्रतियोगिता यस अवधिमा सम्पन्न गरिएको छ । मिति २०८० श्रावण २० गते 'भक्तपुरको पोखरी चिनौँ, सम्पदा संरक्षणमा अघि बढौँ' नाराका साथ सांस्कृतिक पोखरी पदयात्रा र मिति २०८० पुस १४ गते 'बहाःबहि चिनौँ, सम्पदा संरक्षण गरौँ' भन्ने नाराका साथ नगरका विभिन्न १९ ओटा बहाःबहिहरूको सांस्कृतिक पदयात्रा सम्पन्न गरियो । यस्ता गतिविधिहरूले हाम्रा सम्पदाहरूको संरक्षणमा योगदान पुग्नुका साथै पर्यटन प्रबर्द्धनमा पनि टेवा पुग्ने हाम्रो विश्वास छ ।

भक्तपुर नगरपालिकाद्वारा आयोजित भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा प्रस्तुत गरिएका भजन गीतहरूको सङ्ग्रह 'प्रगतिशील भजन म्ये मुना २०८०' पनि यस अवधिमा प्रकाशित गरिएको छ ।

**कृषि :**

किसानहरूको हितलाई ध्यानमा राखी कृषकहरूलाई यस आ.व.मा प्रतिपरिवार आलुको बीउ ५ के.जी (५० प्रतिशत अनुदानमा) र भक्तपुर नगरपालिकाद्वारा उत्पादित प्राङ्गारिक मल १ बोरा निःशुल्क वितरण गर्‍यौँ भने नगरका सबै वडाहरूमा माटो परीक्षण शिविर, बाली स्वास्थ्य उपचार शिविर, किसानहरूलाई धानबालीमा लाग्ने रोग, काउली तथा बन्दाकोभीमा लाग्ने गाँठे रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न गर्‍यौँ । यस्ता कार्यक्रमहरूबाट कृषि उत्पादनमा वृद्धि हुने हाम्रो अपेक्षा रहेको छ । त्यसैगरी नगरका किसानहरूको सूचीकरण गर्नुका साथै नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मलको नियमानुसार वितरण गर्दै आएका छौँ ।

**पर्यटन :**

पर्यटन भक्तपुर नगरको आयको आन्तरिक श्रोत मध्ये एक हो। भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थल बनाउन हामी निरन्तर लागिरहेका छौँ। यसै आ.व.को श्रावण १ गतेदेखि पौष २२ गतेसम्ममा गैर सार्क पर्यटकहरू ५९,६०३ जना र सार्क तथा चिनियाँ पर्यटकहरू ५४,७६३ जना गरी जम्मा १,१४,३६६ जना पर्यटकहरूले भक्तपुरको भ्रमण गरेको रेकर्ड छ। गत वर्ष यस अवधिमा ७१,३७८ जनाले मात्र भ्रमण गरेका थिए। गत वर्षको तुलनामा सोही अवधिमा ४२,९८८ जनाले पर्यटकहरू वृद्धि भएको छ। यो ६०.२३ प्रतिशतले वृद्धि हो। गैरसार्क पर्यटकहरूबाट रु. १०,७२,८५,४००।– र सार्क तथा चिनियाँ पर्यटकहरूबाट रु. २,७३,८१,५००।– गरी जम्मा रु. १३,४६,६६,९००।– आम्दानी भएको छ। गत वर्षको तुलनामा सोही अवधिमा रु. ५,७८,६२,५००।– ले आय वृद्धि भएको छ।

स्थानीय पथप्रदर्शक रिफ्रेसर तालिम र विश्व पर्यटन दिवसको अवसरमा भक्तपुरको पर्यटन उद्योगको विकासमा योगदान पुऱ्याउने सङ्घसंस्था र व्यक्तिहरूलाई सम्मानका कार्यक्रम पनि सम्पन्न भएका छन्।

**वातावरण तथा सरसफाइ :**

भक्तपुर नगर क्षेत्रभित्र उत्पादन हुने फोहोरलाई घरघरबाटै कुहिने र नकुहिने छुट्याई नियमित सङ्कलन गर्दै कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरिरहेका छौँ भने नकुहिने फोहोर मध्येबाट पुनः प्रयोग गर्न मिल्ने र नमिल्ने छुट्याई व्यवस्थापन गर्दै आएका छौँ।

नगरमा हरियाली व्यवस्थापन कार्यलाई निरन्तरता दिएका छौँ भने सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रमा ठाउँ ठाउँमा गमलाको व्यवस्था गरी हरियाली व्यवस्थापन क्षेत्र क्रमशः विस्तार गर्दै लगेका छौँ। हनुमन्ते खोला र खासाङ्खुसुङ्ग खोला सुधारको लागि सल्लाघारी र हनुमानघाटको उपचार पोखरीहरू निर्माण कार्य छिटो सम्पन्न गर्न जोड दिइरहेका छौँ।

नगर क्षेत्रभित्र छरपस्त रूपमा रहेका तार र केबुलहरूलाई व्यवस्थित गर्न विद्युत्‌को तार भूमिगत गर्ने कार्य जारी छ भने नगरको ढल व्यवस्थापनबारे पनि आवश्यक पहल गर्दै आएका छौँ।

बजार व्यवस्था, हकर्स नियन्त्रण र ट्राफिक व्यवस्थापनको लागि गाडामा सामान बेच्ने कार्य क्षेत्र तोकी क्रमशः निषेध गर्दै लगेका छौँ भने नगर क्षेत्रमा रहेका विभिन्न पोखरी, मठ मन्दिर, ढुङ्गेधारा, इनार आदिको नियमित सरसफाइ, अव्यवस्थित रूपले राखिएका विज्ञापनका फ्लेक्स बोर्डहरू हटाई शहरलाई सुन्दर बनाउने कोसिस गरिरहेका छौँ।

**खानेपानी :**

भक्तपुर नगरपालिकाभित्र खानेपानीको आफ्नै श्रोत नहुँदा हरेक वर्ष जनताले खानेपानीको दुःख भोग्दै आएका छन्। हामीसँग प्राप्त श्रोतहरूलाई व्यवस्थित वितरण गर्ने कोसिस गर्दैछौँ। पर्याप्त श्रोत नहुँदा खानेपानी समस्याको स्थायी समाधानको लागि हामीसँग मेलम्चीको विकल्प छैन। नगर भित्र समानुपातिक ढङ्गले खानेपानी वितरणको लागि मेलम्ची खानेपानी आयोजनाअन्तर्गत भक्तपुरको माथिल्लो क्षेत्रका ठाउँ ठाउँमा पाइप जोड्ने कार्य गरिरहेका छौँ। विभिन्न ठाउँमा डीप बोरिङ गरी त्यसको पानी पनि वितरण गरिरहेका छौँ। साथै परम्परागत पानीका श्रोतहरू पोखरी, ईनार, ढुङ्गेधारालगायतका विभिन्न श्रोतहरूको उचित मर्मत संभार र सम्बर्द्धन पनि गर्दैछौँ।

**खेलकुद :**

भक्तपुर नगरपालिकाले विभिन्न खेलहरूको नियमित प्रशिक्षणलाई निरन्तरता दिइरहेको छ। भक्तपुर नपा ८ लिबालिमा कभर्ड हल चालू अवस्थामा छ भने महालक्ष्मीस्थान स्थित टेबल टेनिस प्रशिक्षण कभर्ड हल निर्माण अन्तिम चरणमा पुगेको छ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता, विद्यालयका खेलकुद शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम र शारीरिक व्यायाम छिकोङ्ग खेलको तालिमहरू सम्पन्न भए भने आगामी माघ २१ देखि २७ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय विविध १५ ओटा विधाका खेलकुद प्रतियोगिता (भलिबल, फुटबल, कबड्डी, करांते, एथ्लेटिक्स, उसु, टेबलटेनिस, खोखो, पोर्टबल, ब्याडमिन्टन, तेक्वाण्डो, बुद्धिचाल, जिम्नाष्टिक, कसिमला पाँय र बाघचाल) सञ्चालनको लागि आवश्यक तयारी भइरहेको छ।

**युवा तथा रोजगार :**

युवाहरूलाई स्वरोजगार बनाउन युवा उद्यमशिलता ऋणको व्यवस्था, युवाहरूमा सीप विकास गरी स्वरोजगार बनाउन चिनियाँ र जापानी भाषाका आधारभूत तह र एड्भान्स तह, पाक शिक्षा, हेयर कटिङ्ग, आधारभूत र एडभान्स तहको सिलाइ र बुटिक तालिम सञ्चालन गरिरहेका छौँ। साथै प्लम्बीङ र विद्युत् सम्बन्धी तालिमको लागि पनि तयारी गरिरहेका छौँ।

**सहकारी :**

सहकारीहरूलाई नियमित र व्यवस्थित बनाई उत्पादनशील क्षेत्रमा लगानीमा प्रोत्साहन गर्न सहकारी सङ्घ संस्थाका कर्मचारी र पदाधिकारहरूको क्षमता अभिवृद्धीका

लागि समय समयमा विभिन्न विषयका तालिमहरू सञ्चालन गरेका छौँ। स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित गर्ने उद्देश्यले सहकारी संस्थाहरूबाट सामुदायिक विकास कोषको ५० प्रतिशत रकम नगरपालिकामा जम्मा गर्न आग्रह गरेअनुसार अधिकांश सहकारी संस्थाहरूले सहयोग गर्नु भएको छ। त्यसको निम्ति सम्पूर्णलाई धन्यवाद दिन चाहन्छौँ।

**विकास निर्माण :**

भक्तपुर नपा वडा नं ६ महाकाली स्थान स्थित आदर निकेतन भवन निर्माण कार्य अन्तिम चरणमा छ। यस चालु आ.व.को ६ महिनामा विभिन्न १३ ओटा नगरस्तरीय योजनाहरू सम्पन्न भए भने थप १३ ओटा योजनाहरू चालु अवस्थामा छन्। भनपा ८ लिबालिबी स्थित शित भण्डारण गृह भवन निर्माण कार्य दोश्रो चरणमा पुगेको छ। अरनिको सभा भवन निर्माण कार्यको लागि बोलपत्र प्रकाशन भइसकेको छ।

**विविध :**

चालु आ.व.को श्रावण १ देखि पौष २३ गतेसम्ममा यस नगरपालिकामा चीन, जापान, नर्वे, जर्मनी, क्यूवा, लक्जमवर्ग, घाना, तान्जानिया, अर्जेन्टिना, बेलायत, फिलिपिन्स, कम्बोडिया, थाइल्याण्ड, लाओस र भारतलगायतका २० ओटा प्रतिनिधिमण्डलका सदस्यहरूले यस नगरपालिकाको अध्ययन र अवलोकन भ्रमण गर्नुका साथै नगर प्रमुखसँग शिष्टाचार भेटघाट गर्नुभयो।

● २०८० जेठ १७ गते जनवादी गणतन्त्र चीनको स–छुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुईले, २०८० साउन ८ गते चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य तथा छोरङछिङ नगरपालिकाको पार्टी समितिका सचिव युआन चियाच्युनले र २०८० कार्तिक २६ गते चीनको सिन्चाङ (तिब्बत) स्वायत्त क्षेत्रका चिनियाँ कम्युनिष्ट पार्टीका सचिव वाङ च्युनचङले नेपाल मजदुर किसान पार्टीका आदरणीय नेता नारायणमान बिजुक्छेँ (रोहित) सित भेटघाट गरी दुई देश र दुई पार्टीबीच सम्बन्ध विस्तारका बारेमा छलफल गर्नुभएको थियो। सो क्रममा उहाँहरूले भक्तपुरको दरबार क्षेत्र, टौमढी क्षेत्रलगायतको भ्रमण गर्नुभएको थियो।

● त्यस्तै २०८० असार १४ गते जनवादी गणतन्त्र चीनको सान्तोङ प्रान्तको हुआन थाई नगरपालिकाका प्रतिनिधिमण्डलगायतले भक्तपुरको अवलोकन भ्रमण गर्नुभएको थियो भने २०८० मंसिर ३ गते चिङकाङशान नगरपालिकाका उपप्रमुख ह्वामिङले पनि यस नगरपालिकाको भ्रमण गर्नुभएको थियो।

● मिति २०८० मंसिर २६ गते भक्तपुर नगरपालिका र मित्र राष्ट्र चीनको लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना भएको छ।

● दोस्रो कार्यकालमा ७५ ओटा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको प्रतिनिधिमण्डलले यस अवधिमा भक्तपुर नगरपालिकाको अध्ययन/अवलोकन भ्रमण गरेको रेकर्ड छ।

● यस अवधिमा सङ्घीय र प्रदेश सरकारका २० ओटा प्रतिनिधिमण्डलले नगरपालिकाको भ्रमण गरेको छ।

● नगरका विभिन्न क्षेत्रमा सशुल्क पार्किङ व्यवस्था मिलाउँदै छौँ।

● भक्तपुरको बजार व्यवस्थापन, अनियमित निर्माण नियन्त्रण र अन्य आवश्यक कार्यको लागि नगरप्रहरी नियुक्ती प्रकृया अगाडि बढाइएको छ।

● देको मिवा इतापाके आवास योजना अन्तर्गत जग्गाधनीहरूको जग्गा फिर्ताको काम भइरहेको छ भने केही असन्तुष्ट जग्गा धनी तथा मोहीहरूको गुनासोहरू प्रति सचेत रही गुनासो व्यवस्थापन उप समितिले उचित सम्बोधन लागि प्रयास गरिरहेको छ।

● नियमित रूपमा बजार अनुगमन गरी अखाद्य वस्तु बेचबिखन, म्याद नाघेका, मिसावतयुक्त वस्तुहरू बेच्ने व्यापारीहरूलाई कानून बमोजिम कारबाही गरी उपभोक्ताको स्वास्थ्यलाइ ध्यान दिइरहेका छौँ भने ढक तराजुमा नियमितता ल्याउने प्रयास गरिरहेका छौँ।

● चालु आ.व को श्रावण १ देखि पौष २३ गतेसम्म १६५ ओटा नक्सा दर्ता भएकोमा १०७ ओटा नक्सा पास भएको छ।

● यस आ.व.मा मुद्दा शाखामा दर्ता भएका मुद्दाहरू र पुरानासमेत गरी कुल ३८२ ओटा मुद्दाहरू फछ्र्यौट भएको छ।

## सभासद्हरू,

अन्त्यमा, आजको यस गौरवपूर्ण १५ औँ नगरसभामा उपस्थित भएर कार्यक्रमको शोभा बढाइदिनुभएकोमा प्रतिनिधिसभाका सांसद एवम् नेमकिपाका केन्द्रीय सचिव मा. प्रेम सुवाल्ज्यू, प्रदेशसभा सांसदद्वय तथा प्रमुख जिल्ला अधिकारीप्रति हार्दिक आभार प्रकट गर्दै सदाझैँ यस नगरासभाबाट जनताको हित, आवश्यकता र चाहनाअनुरूप संविधानले दिएको अधिकारमा रही नगरपालिकाको समग्र विधायन, बजेट तथा समसामयिक विषयमा व्यापक छलफल हुनेछ भन्ने अपेक्षाका साथ मेरो भनाइ यही टुङ्ग्याउँछु। धन्यवाद !

(सभाध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट भक्तपुर नपाको पन्ध्रौं नगरसभा उद्घाटन कार्यक्रम २०८० पुस २५ गते व्यक्त मन्तव्य)

मन्तव्य

# भक्तपुर नपा समष्टिगत रूपमा सर्वाङ्गीण विकासका लागि अग्रसर : उपप्रमुख रजनी जोशी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वर्षमा कम्तिमा दुई पटक नगरसभा बैठक बस्नु पर्ने प्रावधान अनुरूप आज हामी स्थानीय सरकारको दोश्रो पटकको चुनावपछिको तेश्रो अर्थात् पन्ध्रौं नगरसभाको उद्घाटन कार्यक्रममा सरिक भएका छौं। यस उद्घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथिलगायत सम्पूर्णमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछु।

सर्वप्रथम, देशको निम्ति आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु। साथै भक्तपुरका जनताको जीवन रूपान्तरणमा महत्त्वपूर्ण योगदान गर्नु हुने समाजका अग्रज व्यक्तित्वहरूमा सम्मान व्यक्त गर्न चाहन्छु, साथै भनपालाई एक उत्कृष्ट नमुना नगरको परिचय दिलाउन मार्ग निर्देशन गर्नु हुने नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यू लगायत सम्पूर्ण अग्रज कार्यकर्ता महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

भक्तपुर नगरपालिकाले नेपाल मजदुर किसान पार्टीको घोषणा पत्रलाई मार्ग दर्शनको रूपमा लिँदै सोही अनुरूप कामहरू गर्दै देश र जनताको सेवामा समर्पित भई अघि बढिरहेको यहाँहरूमा विदितै छ। जनताका आधारभूत आवश्यकता परिपूर्तिबाट मात्र २१ औं शताब्दीको समाज अघि बढ्न सहज हुन्छ, त्यस्ता आवश्यकताहरू शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संस्कृति संरक्षण गरी देश र भक्तपुर नगरको पहिचानलाई उच्च राख्ने काम हामी जनप्रतिनिधिहरूले जनताको सहभागितामा कर्मचारीको साथमा गर्दै आइरहेको स्मरण गराउन चाहन्छु। समाजको सन्तुलित विकासको लागि यसका सबै पक्षहरूलाई मूलधारमा ल्याई परिचालन गर्नुपर्ने आजको आवश्यकता हो। महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, सिमान्तकृत वर्ग, अति विपन्न जनसमुदाय आदिलाई सामाजिक र आर्थिक विकासको मूल धारमा ल्याउन विशेष पहलको आवश्यकता महसुस गरेको छु। नगरपालिकाले यस्ता लक्षित र जोखिमपूर्ण समुदायको रूपमा रहेका वर्गलाई लक्षित गरी




विभिन्न योजना तथा कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आएको छ। यो स्थानीय सरकारको कर्तव्य हो भन्ने हाम्रो बुझाइ छ। समाजमा लुकेर बसेका लागू पदार्थ दुर्व्यसनी, मानसिक रोगी, अति विपन्न परिवार आदिको समस्यालाई सम्बोधन गरेरै मात्र समाजको समग्र आर्थिक र सामाजिक विकास सम्भव छ भन्ने मान्यताका साथ यी र यस्ता वर्गहरूलाई समावेशीताको सिद्धान्त अनुसार स्थानीय सरकारको हैसियतले भक्तपुर नगरपालिकाले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरी सम्बोधन गर्दै आएको यहाँहरू सबैमा विदितै छ। यसरी समाज निर्माण कार्यमा भक्तपुर नगरपालिका निरन्तर समय सापेक्ष ढङ्ले अघि बढिरहने प्रतिवद्धता जाहेर गर्दछु।

### उपस्थित भद्र महिला तथा सज्जनवृन्द,

भक्तपुर नगरपालिकाले यहाँका सम्पदा, संस्कृति र सभ्यतासँग जोडिएका मूल्य मान्यता धरोहरबारे विज्ञहरू मार्फत अनुसन्धान र अन्वेषण गराई नयाँ पुस्तालाई सिकाउँदै जानुको



साथसाथै ज्ञान विज्ञानको केन्द्र बनाउन आधारहरू तय गर्दै जाने दिशामा अग्रसर भइरहेको यहाँहरू समक्ष राख्न चाहन्छु ।

त्यसैगरी भक्तपुर नगरपालिकाले राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिहरूलाई पनि नजिकैबाट नियालेर जनतालाई सुसूचित गर्ने कामहरू गरिहेको यहाँहरूमा अवगत छ । उदाहरणको लागि यो वर्ष विश्वमा अनगिन्ति घटना/दुर्घटना हामीले पढेका छौँ, सुनेका छौँ । त्यस्ता घटनाहरूमध्ये मानव जीवनमाथिको निर्मम, नृसंशः हत्या मध्य पूर्वी एशियामा अवस्थित प्यालेष्टाइनी जनताले भोगिरहेका छन् । संयुक्त राज्य अमेरिकाको आडमा इजरायली सेनाले गाजापट्टीमा २२,००० भन्दा बढी प्यालिष्टाइनको ज्यान लिइसकेको छ । जसमा अधिकांश महिला तथा बालबालिका रहेका छन् । यस्तो जातीय सफाया गर्ने हेतुले इजराइलले गरिरहेको प्लाष्टिनीहरूमाथिको अमानवीय/क्रुर हत्याको विरोध गर्न सडकबाटै त्यस्ता नृसंशः हत्या/युद्धको तत्काल रोक्नका लागि हामी जनप्रतिनिधि/कर्मचारीहरूले नेपाल मजदुर किसान पार्टीद्वारा आयोजना गरेका विरोध एवम् भर्त्सना कार्यक्रमहरूमा सरिक हुँदै आइरहेका छौँ । यसरी कसैलाई यस्तो क्रुर अवस्थाबाट जोगाउने मानवीय गतिविधि गर्न नयाँ पुस्तालाई समेत सरिक गराई आफ्नो देशलाई पनि यस्तो अवस्था आएमा ती देशहरूको साथ सहयोग पाउन सकिने नेपाल मजदुर किसान पार्टी एवम् भक्तपुर नगरपालिकाको विश्वास रहेको छ । भक्तपुर नगरपालिकाले आफ्नो देश समाजको साथै अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका गतिविधिहरूबारे जनतालाई सुसूचित गर्दै समष्टिगत रूपमा सर्वाङ्गीण विकासका लागि अग्रसर भई अघि बढ्दै गरेको स्मरण गराउँदै आगामी दिनहरूमा आजका प्रमुख अतिथि, विशेष अतिथिज्यूहरूबाट भक्तपुर नगरपालिकालाई मार्गनिर्देश, सल्लाह प्राप्त हुने विश्वासका साथ आजको यस पन्ध्रौं नगर सभामा पुनः यस कार्यक्रमका प्रमुख अतिथि, अतिथिलगायत उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्दै बिदा हुन्छु । धन्यवाद !

(भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट भक्तपुर नपाको पन्ध्रौं नगरसभा उद्घाटन कार्यक्रम २०८० पुस २५ गते व्यक्त मन्तव्य)

## पहिलो बैठक

# धन्यवाद ज्ञापन प्रस्ताव पारित




भक्तपुर नगरपालिकाका प्रमुख एवम् पन्ध्रौं नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको पन्ध्रौं नगरसभाको पहिलो बैठक उद्घाटनसत्र पश्चात पुस २५ गते बस्यो । बैठकले नगरसभा सफलतापूर्वक सम्पन्न भएको अवसरमा धन्यवाद ज्ञापन प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो ।

बैठक सुरु गर्नुहुँदै सभाध्यक्ष **प्रजापति**ले भक्तपुर नगरपालिकाको १५ औं नगरसभाको उद्घाटन समारोहमा उपस्थित कार्यक्रमका अतिथि नेमकिपाका सचिव प्रेम सुवाल, वाग्मती प्रदेशसभा सदस्यहरू सुरेन्द्रराज गोसाई र सृजना सैंजु, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, भक्तपुर नपाका पूर्वजनप्रतिनिधि, राजनैतिक तथा सामाजिक अगुवाहरू, बुद्धिजीवी, सञ्चारकर्मी एवम् नगरवासीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो ।



नगरसभाको अर्को बैठक २०८० पुस २६ गते दिनको १ बजे बस्ने गरी स्थगित गरियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

## दोस्रो दिन

# कलेजहरूको विनियम संशोधन सर्वसम्मतिबाट पारित




भक्तपुर नगरपालिकाका प्रमुख एवम् पन्ध्रौं नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा पुस २६ गते नगरसभाको बैठक बस्यो ।

नगरसभाको उक्त बैठकबाट भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ २०६५ र ख्वप कलेज अफ ल २०८० को विनियम संशोधन सर्वसम्मतिबाट पारित भयो ।

सभामा नगर प्रमुख **प्रजापति**ले नेपाल सरकारको स्वीकृतिबिना भारतले नेपालको कुनै पनि क्षेत्रमा रु. २० करोडसम्म सोझै खर्च गर्न पाउने सम्झौता गरी देशको सार्वभौमिकतामाथि गम्भीर असर पर्ने खतरा निम्तिएको बताउनुभयो ।

उहाँले कुनै पनि स्वतन्त्र र सार्वभौम देशमाथि विदेशीले स्वतन्त्र रूपमा लगानी गर्नु सार्वभौकितामाथि हस्तक्षेप भएको बताउनुहुँदै सचेत नागरिकले यसको विरोध गर्नुपर्ने बताउनुभयो ।

सूर्यबहादुर थापाको पालामा रु. ३ करोडबाट शुरु भएको त्यो रकम बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला रु. ५ करोड पुऱ्याइएको बताउनुहुँदै उहाँले भारतको चर्को दबाब पछि मंसिर २१ गते बसेको मन्त्रीपरिषद्को बैठकले रु. २० करोडसम्म पुऱ्याउने निर्णय गरेको प्रष्ट पार्नुभयो ।



उहाँले भन्नुभयो, 'हाम्रो देश नाममा स्वतन्त्र र सार्वभौम देश भए पनि अप्रत्यक्ष रूपमा नेपाल भारतको उपनिवेश बन्दै गइरहेको छ ।'

सभाको विशेष समयमा सभासद्हरू मन्जु लाखा, सुमित्रा बोहजु, जितेन्द्र मुनंकर्मी, पुरुषोत्तम तमखु, श्यामसुन्दर मातां, सूर्यप्रसाद श्रेष्ठ, कृष्णगोपाल चौगुठी, इन्द्रबहादुर प्याठ, कृष्णनारायण दुमरु र गोविन्द दुवालले बोल्नुभएको थियो । सभामा उहाँहरूले इजरायलले प्यालेष्टाइनमाथि गरिरहेको नरसंहारको विरोध र भर्त्सना गर्दै न्यायप्रेमी जनताहरूले प्यालेष्टाइनी जनताप्रति ऐक्यबद्धता जनाउनु नागरिकहरूको अन्तर्राष्ट्रिय कर्तव्य भएको बताउनुभयो । उहाँहरूले नगरको समग्र समस्या र चुनौतीबारे पनि आफ्नो धारणा राख्नुभयो ।

नगरसभाको अर्को बैठक पुस २९ गते दिनको १ बजे बस्ने गरी बैठक सकिएको जानकारी गर्नुभयो ।

## तेस्रो दिन

# "शिक्षक, बालबालिका सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०" पारित

भक्तपुर नगरपालिकाका प्रमुख एवम् पन्ध्रौं नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा पुस २९ गते बसेको नगरसभाको बैठकले 'शिक्षक, बालबालिका सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०' सर्वसम्मतिबाट पारित भयो ।



नगरसभाको उक्त बैठकले भक्तपुर नपाद्वारा सञ्चालित 'ख्वप कलेजको विनियम २०६५', 'ख्वप अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली २०७७' र 'ख्वप अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली २०७७' को विनियम

संशोधन प्रस्ताव पारित भयो ।

बैठकलाई सम्बोधन गर्नुहुँदै सभाध्यक्ष **प्रजापति**ले 'शिक्षक, बालबालिका सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०' को उद्देश्य माथि प्रष्ट पार्नुहुँदै भक्तपुर नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, बालविकास सहजकर्ता, स्वयम्सेवक शिक्षक, विद्यालय कर्मचारीहरूलाई कामकाजमा खटाई व्यवस्थापन गर्न कार्यविधि बनेको प्रष्ट पार्नुभयो ।

पारित कार्यविधिमा नगरपालिका क्षेत्रभित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह र विषय मिल्ने भएमा, शिक्षक स्वयम्ले सरुवा माग गरेमा, विद्यालयले माग गरेमा, अनुगमन प्राविधिक सहयोग समिति र नगर शिक्षा शाखा प्रमुखको सिफारिसमा नगर शिक्षा समितिको अध्यक्षले शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालयको आवश्यकतालाई पूरा गर्ने गरी एक विद्यालयबाट अर्को विद्यालयमा समयावधि तोकेर वा नतोकेर शिक्षक वा विद्यालय कर्मचारीलाई कामकाज गरेकै विद्यालयबाट तलब भत्ता खाने गरी वा कामकाज गरेको विद्यालयको हाजिरी प्रमाणितको आधारमा दरबन्दी कायम भएकै विद्यालयबाट तलबभत्ता खानेगरी कामकाजमा खटाउन सक्ने प्रावधान समावेश छ ।

साथै अपाङ्गता भएका शिक्षक कर्मचारीलाई कामकाजमा खटाउँदा निजलाई सहज हुने विद्यालयलाई प्राथमिकता दिइने र शिक्षकको मागबमोजिम कामकाजमा खटाउनुपर्ने अवस्थामा धेरै शिक्षकको माग दाबी परेमा ज्येष्ठतालाई आधार मानिने व्यवस्था पनि उक्त कार्यविधिले गरेको छ ।



विधायन समितिका संयोजक **हरिराम सुवाल**ले 'शिक्षक, बालबालिका सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०' सभासमक्ष प्रस्तुत गर्नुभएको थियो भने कार्यविधि माथि भएको छलफलमा सभासद् नारायणप्रसाद त्वानाबासुले आफ्नो सुझाव राख्नुभएको थियो ।

नगरसभाको अर्को बैठक माघ ३ गते दिनको १ बजे बस्ने गरी आजको बैठक सकिएको जानकारी गर्नुभयो ।

## चौथो दिन

# भक्तपुर नगरपालिकाको पन्ध्रौं नगरसभा सम्पन्न




भक्तपुर नगरपालिकाको पन्ध्रौं नगरसभा माघ ३ गते बुधबार सम्पन्न भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगरपालिकाको पन्ध्रौं नगरसभाको आज बसेको बैठकले 'भक्तपुर नगरपालिकाको नगर प्रहरी ऐन २०७५', 'भक्तपुर नपाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५' र 'भक्तपुर नपाको शिक्षा ऐन, २०७४ मा संशोधन गर्न बनेको विधेयक प्रस्ताव' सर्वसम्मतिले पारित गऱ्यो । उक्त बैठकले सभाका उपाध्यक्ष उपप्रमुख रजनी जोशीद्वारा प्रस्तुत भक्तपुर नपाको बजेट रकमान्तरसम्बन्धी प्रस्ताव पनि पारित गऱ्यो ।



नगरसभा सफलतापूर्वक सम्पन्न भएकोमा सभाध्यक्ष प्रजापतिले उद्घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथि, राजनैतिक तथा सामाजिक अगुवा, बुद्धिजीवी, मजदुर, उद्योगीका साथै नगरसभा अवधिभर सहयोग गर्ने जनप्रतिनिधि

र कर्मचारीलगायतमा धन्यवादज्ञापन गर्नुभयो।

सोही क्रममा उहाँले नगरसभालाई सभाको रूपमा मात्र नभई वैचारिक र राजनैतिक स्तर उकास्ने थलोको रूपमा अभ्यास गरिरहेको बताउनुभयो।

वि.सं. २०३१ साल माघ १० गते स्थापना भएको नेपाल मजदुर किसान पार्टी स्थापनाका आधारहरूबारे प्रष्ट पार्नुहुँदै उहाँले मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अवलम्बन गर्दै सामन्तवाद, पुँजीवाद, उपनिवेशवाद र साम्राज्यवादविरुद्ध अविचलित रूपमा सङ्घर्षरत रहेको बताउनुभयो।

बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हक सुरक्षाको आन्दोलनजस्ता किसान आन्दोलनको जगमा उठेको नेमकिपा महँगी विरोधी र भ्रष्टाचारविरोधी आन्दोलन गर्दै देशको राजनैतिक आन्दोलनमा पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले चुनावलाई जनताको राजनैतिक र सांस्कृतिक स्तर उठाउने एक राजनैतिक सङ्घर्षको रूपमा उपयोग गर्दै आएको धारणा व्यक्त गर्नुभयो।

नगरसभाको विशेष समयमा सभासद्हरू मन्जुमैंया लाखा, रिता फसिकवा, कल्पना शिल्पकार, हेरा ख्याजु, जितेन्द्र मुनंकर्मी, नारायणप्रसाद त्वानाबासु, पुरुषोत्तम तमखु, हरिरत्न गोर्खाली, श्यामसुन्दर मातां, इन्द्रबहादुर प्याथ, सूर्यप्रसाद श्रेष्ठ, राजकुमार शिल्पकार, कृष्णसुन्दर प्रजापति, सिद्धिराम अवाल, कृष्णलाल किसी र गोविन्द दुवालले स्थानीय, नगर र नगरवासीहरूको समस्या, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा बोल्नुभयो।

सभामा उठेका जिज्ञासामाथि सहकारी तथा लेखा समितिका संयोजक हरिप्रसाद बासुकला, युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, कृषि समितिका संयोजक राजकृष्ण गोरा, निर्माण समितिका संयोजक उकेश कवां र शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य एवम् वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले सम्बन्धित विषयमाथि प्रष्ट पार्नुभयो।

२०८० पुस २५ गतेबाट सुरु भई माघ ३ गते सम्पन्न भक्तपुर नपाको पन्ध्रौं नगरसभाले 'शिक्षक, बालबालिका सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०' सर्वसम्मतिबाट पारित गर्‍यो भने भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ २०६५ र ख्वप कलेज अफ ल २०८०, ख्वप कलेजको विनियम २०६५, ख्वप अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली २०७७ को विनियम संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो। सभाले भक्तपुर नगरपालिकाको नगर प्रहरी ऐन २०७५, भक्तपुर नपा शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ र भक्तपुर नपाको शिक्षा ऐन, २०७४ मा संशोधन गर्न बनेको विधेयक प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको थियो।



## नेमकिपाको ३५ औँ केन्द्रीय परिषद्

# क्रान्तिको निम्ति कार्यकर्ताहरूले जनताको बीचमा काम गर्नु जरूरी




नेपाल मजदुर किसान पार्टीको सातौँ महाधिवेशनपछिको पाँचौँ (३५ औँ) केन्द्रीय परिषद् पुस २७ गते भक्तपुरमा सुरु भयो ।

पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा बसेको परिषद्मा पार्टी केन्द्रीय समितिको प्रतिवेदनमा उल्लेख राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा जिल्ला जिल्लामा कक्षा सञ्चालन गर्ने र नयाँ पुस्तालाई इतिहाससँगै नक्साससहित भूगोल पनि बताउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

हामीले पूरा गर्न नसकेको देश र जनताको काम नयाँ पुस्ताले गर्न सक्ने उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले आलोचना र आत्मालोचनामार्फत कार्यकर्ताको राजनीतिक एवम् सांस्कृतिक स्तर माथि उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जिल्लाका प्रतिवेदनहरूमा उल्लेख 'बसाइँसराइको कारण गाउँ रित्तिएको चिन्ता' देशको एक झल्को भएको र यो आजसम्मका सरकारहरूको 'करामत' भएको अध्यक्ष बिजुक्छेँले स्पष्ट गर्नुभयो ।

'क्रान्तिको लागि जनता नै तयार हुनुपर्दछ । हामीले चाहेर हुने भए कार्ल मार्क्सकै पालामा क्रान्ति भइसक्थ्यो । क्रान्तिको निम्ति कार्यकर्ताहरूले जनताको बीचमा काम गर्नु जरुरी छ । एक्लै दुक्लै अनसन बसे पनि हुने होइन', अध्यक्ष बिजुक्छेँले कार्यकर्ताहरूलाई सचेत गराउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'कृषि काममा सहयोग गराउन सहकारी संस्था सुरु भएको हो । पुँजीवादी देशले जनताको बचत कब्जा गर्न बैङ्कजस्तै सहकारी चलाउने कानुन बनाउन लगाएको हो । सहकारी संस्थाको केन्द्र हुँदैन । आ–आफ्नो सहकारी आफै चलाउने हो ।'

'नेपालका कतिपय सहकारी संस्थाहरूमा आर्थिक गोलमाल छ र अर्बौं रुपैयाँ बचत ठगी भएको सार्वजनिक भइरहेको छ । जनताको बचत ठगी गरेका सञ्चालकहरूकै घरघरानाबाट बचत फिर्ता गराउनु आवश्यक छ', अध्यक्ष बिजुक्छेँले उल्लेख गर्नुभयो ।

'बचत हिनामिना गरेका नवदुर्गा बहुमुखी सहकारी संस्थाका सञ्चालकहरूलाई जनताले उल्टो टोपी लगाएर बजार घुमाएका थिए । भ्रष्टाचारीहरूलाई सजाय दिन जनता अघि बढ्नै पर्दछ', अध्यक्ष बिजुक्छेँले उल्लेख गर्नुभयो ।

परिषद्मा पार्टी सचिव प्रेम सुवालले केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

परिषद्मा जिल्ला समिति र जनवर्गीय तथा पेसागत सङ्गठनहरूको प्रतिवेदन प्रस्तुति सुरु भयो ।

## ३५ औँ केन्द्रीय परिषद् सम्पन्न

नेपाल मजदुर किसान पार्टीको ३५ औँ केन्द्रीय परिषद् पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा पुस २८ गते सम्पन्न भयो ।

शुक्रबार र शनिबार बसेको उक्त परिषद्मा अध्यक्ष बिजुक्छेँले पूर्णकालीन कार्यकर्ता बनेर पार्टी काममा लाग्नुपर्ने, पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनुपर्ने, आफ्नो व्यक्तिगत जीवनबारे पनि पार्टीमा जानकारी दिनुपर्ने, पार्टीभित्र प्रतिक्रियावादीहरू घुस्नेबारे सचेत हुनुपर्ने, पार्टी कार्यकर्ताले अन्धविश्वासको विरोध गर्नुपर्ने, पुर्खाले सिर्जेको वास्तुकला र संस्कृतिलाई संरक्षण गर्नुपर्नेलगायतका विषयमा चर्चा गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले दुई दिनसम्म चालु परिषद्को निचोडअनुसार गतिविधिहरू गर्न निर्देशन दिनुभयो र परिषद् समापन भएको घोषणा गर्नुभयो ।

परिषद्ले पार्टीको ५० औँ स्थापना दिवस (२०८० माघ १०) को अवसरमा वर्षभरि नै जिल्लाको स्थानीय तह, वडा र टोलसम्मका प्रारम्भिक पार्टी समितिहरूमा समेत पार्टीको प्रकाशन, क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिस्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया गर्ने, कार्यकर्ता, शुभेच्छुक र जनताको राजनीतिक र सांस्कृतिक स्तर माथि उठाउनेलगायत निर्णय गर्‍यो ।

परिषद्ले नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पेस गर्नुभएको केन्द्रीय समितिको प्रतिवेदन सुझावसहित पारित गर्ने निर्णय गर्‍यो भने पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पेस गर्नुभएको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रस्तावहरू सुझावसहित पारित गर्‍यो ।

## राष्ट्रिय प्रस्ताव

**१)** नेपालका विश्वविद्यालयहरूमा उपकुलपतिलगायतका पदहरूमा शासक दलहरूको भागबन्डा भइरहँदा शिक्षाको स्तर कमजोर तथा शैक्षिक गतिविधि अस्तव्यस्त भइरहेको छ । खुला प्रतिस्पर्धाको माध्यमबाट त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्ति गर्ने भनिए पनि उपकुलपति छनोट समितिमा शिक्षा मन्त्री, शिक्षा सचिव र शासक दलनिकटको उपप्राध्यापक नियुक्त गरिएका छन् । संवैधानिक आयोगका पदाधिकारी, उपकुलपतिलगायत अन्य नियुक्तिहरू सम्बन्धित क्षेत्रको निर्वाचनबाट गर्न सरकारको ध्यानाकर्षण गराउँदछौँ ।

**२)** नेपाल-भारत संयुक्त आयोगको २०८० पुस १९ गते सम्पन्न सातौँ बैठकको सिलसिलामा नेपाल-भारतबीच 'नेपालस्थित भारतीय राजदूतावासले नेपालमा २० करोड रुपियाँसम्मको परियोजना सिधै सञ्चालन गर्न पाउने' व्यहोराको सम्झौता नेपालको सार्वभौमिकता, स्वतन्त्रता तथा स्वाभिमानविरुद्ध छ । सम्झौताको प्रतिलिपिसमेत सार्वजनिक नगरेर माओवादी नेतृत्वको सरकारले थप देशघात गरेको छ । तसर्थ, उक्त सम्झौता तत्काल खारेज गर्न नेमकिपा जोड दिन्छ ।

**३)** भारतीय विदेशमन्त्री एस. जयशङ्करको नेपाल भ्रमणको सिलसिलामा नेपाल र भारतबीच २०८० पुस १९ गते भएको सम्झौतामा आगामी १० वर्षमा नेपालले १० हजार मेगावाट बिजुली भारत निर्यात गर्ने उल्लेख गरिएको छ । नेपालले वर्षको अर्बौं रुपियाँ बराबरको खनिज ग्याससमात्र भारतसँग खरिद गर्दछ । सन् २०२५ सम्ममा नेपाललाई १८ हजार मेगावाट बिजुली आवश्यक हुने कुरा सरकारी प्रतिवेदनहरूमा उल्लेख गरिएको छ । हाल नेपालको बिजुली उत्पादन क्षमता २७ सय मेगावाटमात्र छ । नेपालीको बिजुली नेपाललाई नपुगेको बेला भारतलाई १० हजार मेगावाट बिजुली दिने उक्त सम्झौता खारेज गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**४)** नेपाली भूमि डुबानमा पर्ने गरी भारतले नेपालको सीमामा अन्तर्राष्ट्रिय कानुनविपरीत एकतर्फी बनाएको रसियावाल खुर्दलोटन बाँध, महलीसागर बाँध, लक्ष्मणपुर बाँध तत्काल भत्काउन जरुरी भएको हुँदा आवश्यक पहल गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**५)** सरकारहरू कृषिप्रधान देश भएको दाबी गर्छन् तर वर्षको खर्बौं रुपियाँको विषादी भएको तरकारी, फलफुललगायत खाद्य वस्तुहरू तथा दाल, चामलसमेत भारतबाट आयात गर्छन् । देशमा रासायनिक मल कारखानाको स्थापना, कृषियोग्य भूमिमा सिँचाइको व्यवस्था र उन्नत जातका बीउबिजनको बन्दोबस्त गरी कृषिमा आत्मनिर्भर बनाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**६)** नेपाली युवाहरूलाई आ-आफ्नो घरखेत बेच्न लगाएर वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बनाउने काम अविलम्ब बन्द गरी स्वदेशमा रोजगारीको व्यवस्था गर्न, मानव बेचबिखन र ठगीमा संलग्न अपराधीहरूलाई कडा कारबाही गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**७)** नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरबारे भारतसँग भएका सन्धि सम्झौता खारेज गरी नेपालकै लगानीमा पर्याप्त जलविद्युत् उत्पादन गरी नेपाली जनताको लागि घरेलु प्रयोजन, कृषि, उद्योग, यातायातसमेतमा पुग्दो बिजुली सस्तोमा उपलब्ध गराउन र खाना पकाउने ग्यास र अन्य इन्धन आयात घटाउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**८)** नेपाली भूमि कालापानी कब्जा गरी बसेको भारतीय सेनालाई तत्काल हटाउन र ७१ भन्दा बढी ठाउँमा भारतीय विस्तारवादले अतिक्रमण गरेको ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि अविलम्ब फिर्ता ल्याउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**९)** नेपालको करिब २३ खर्ब रुपियाँभन्दा बढी सार्वजनिक ऋण र २० खर्ब रुपियाँभन्दा बढी व्यापार घाटा पुर्‍याउने तथा बेरुजु पनि १० खर्ब रुपियाँभन्दा बढी पुर्‍याउने सम्बन्धित सबै दोषीहरूलाई कारबाही गर्न यो परिषद् माग गर्दछ र पञ्चायत शासनदेखि हालसम्मका प्रधानमन्त्री र मन्त्री भएकाहरूको सम्पत्ति छानबिन गरी दोषीलाई हदैसम्मको कारबाही गर्न यो परिषद् जोड दिन्छ ।

**१०)** संसदीय समितिले स्थलगत अध्ययन गरी २०६९ सालमै सिफारिस गरेको सरकार र संसद्मा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक अविलम्ब पारित गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**११)** विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा

विश्वविद्यालय शिक्षा निःशुल्क गरी युवालाई स्वदेशमा रोजगारीको व्यवस्था गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**१२)** नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल–भारत सन्धि अविलम्ब खारेज गर्न–गराउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**१३)** नेपाल–भारतबीच खुला सीमाका कारण अपराधीहरू एक अर्को देशमा लुक्ने र सीमा तस्करी र चेलीबेटी बेचबिखन बढेको हुँदा दुई देशको हितको निम्ति खुला सीमा बन्द गरी नियमनसमेत गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**१४)** शासक दलहरूले न्यायाधीशहरू भागबन्डा गरी न्यायालयसमेतमा हस्तक्षेप गरेको हुँदा न्याय क्षेत्रसमेत भ्रष्टाचारको अखडा भएको जनगुनासो छ । न्याय क्षेत्रप्रति सर्वसाधारण जनताको आशा भरोसा पुनः जगाउन र न्यायालयमा भइरहेको अराजकता अन्त्य गरी भ्रष्ट न्यायाधीशहरूलाई समेत कडा कारबाही गर्न गराउन यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

**१५)** नेपालको जनसङ्ख्या राजधानी काठमाडौँ उपत्यकाकेन्द्रित गरिएको हुँदा यहाँ खानेपानीको हाहाकार, सडक जाम, ध्वनि, धुवाँ, धूलो, रसायन प्रदूषण, फोहोरमैलाको समस्या बढ्दो छ । यहाँका बासिन्दामा श्वासप्रश्वास र फोक्सोसम्बन्धी रोग पनि बढ्दो छ । काठमाडौँ उपत्यकाको संस्कृति र सम्पदा तथा पर्यावरणीय संरक्षणसमेत गर्न खोकना (खुडोल) – निजगढ द्रुतमार्ग निर्माण खारेज गरी देशको सन्तुलित विकास एवम् सेवा सुविधासमेत विकेन्द्रीकरण गर्नुपर्ने र प्रम, मन्त्री, सांसद र उच्च अधिकारीहरूलाई आ–आफ्नो जिल्लामा बसोबास गराउने कानुनी व्यवस्था गर्नुपर्ने यो परिषद्को ठहर छ ।

**१६)** बोक्सा–बोक्सी, छाउलगायत समाजमा व्याप्त अन्धविश्वास नियन्त्रण गरी चेलीबेटी बेचबिखनलगायत महिला हिँसासम्बन्धी गम्भीर अपराधमा संलग्नहरूलाई मृत्युदण्ड दिनेसमेतको कानुनी व्यवस्था गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गर्दछ ।

**१७)** नेपाली युवालाई 'भाडाको सिपाही' बनाइरहेको गोर्खा भर्तीकेन्द्र खारेज गराउन जनताको सङ्घर्ष भइरहेको बेला सरकारहरूले अमेरिकी, युक्रेनी, फ्रान्सेली, रुसी सेनामा समेत नेपाली युवालाई भर्ती हुन पठाएको सार्वजनिक भयो । बेलायत र भारतीय सेनामा भइरहेको गोर्खा भर्ती खारेजीको साथ अन्य देशमा नेपाली युवालाई 'भाडाको सिपाही' हुन पठाउने काम तत्काल रोक्न यो परिषद् माग गर्दछ ।

**१८)** कृषि कार्यमा सहयोग गर्न सहकारी संस्था सुरु गरिएको हो । अहिले पुँजीवादी देशका सरकारहरूले जनताको बचत पुँजीपतिवर्गको अनुकूल प्रयोग गराउने कानुनी व्यवस्था गर्दै छन् । सहकारी संस्थाको जिल्ला, प्रदेश, सङ्घ तथा महासङ्घको व्यवस्था एवम् सहकारी बैङ्कको व्यवस्थासमेत सहकारी सिद्धान्तविपरीत छ । सहकारी संस्थाले नै कृषि उत्पादन एवम् कुटीर उद्योगमा लगानी गर्न पाउने कानुनी व्यवस्था गर्न र जनताको बचत ठगी गरेका सहकारी संस्थाका सञ्चालकहरूकै घैघरानाबाट जनताको बचत फिर्ता गराउने व्यवस्था गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**१९)** अमेरिकी स्वार्थको लगानी एवम् नेपालले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता तथा नेपाली सेनाको ब्यारेक अमेरिकी सेनाले कब्जा गर्ने एसपीपी साझेदारी अविलम्ब खारेज गर्न गराउन यो परिषद् पुनः जोड दिन्छ ।

**२०)** जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट पश्चिम नेपालका धेरै जिल्लाहरूमा धनजनको क्षति भयो । नेपाल सरकारले समयमै राहत वितरण र अस्थायी आवासको बन्दोबस्त नगर्दा चिसोका कारण तीन दर्जनभन्दा बढी भूकम्प पीडित सर्वसाधारण जनताको ज्यान गएको सार्वजनिक भयो । यो परिषद् भूकम्प पीडितहरूको तत्काल पुनर्स्थापना गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

**२१)** राजनीतिक दलले प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा ३ प्रतिशत र प्रदेशसभाको समानुपातिक निर्वाचनमा १ दशमलव ५ प्रतिशत मत प्राप्त गर्नुपर्ने प्रजातन्त्रविपरीतका कानुनी प्रावधानहरू खारेज गर्न गराउन यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

**२२)** युवाहरूको स्वास्थ्य र अनुशासनको लागि १८ वर्ष उमेर पुगेका सबै नेपालीलाई सैनिक तालिमको व्यवस्था गर्न, गराउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**२३)** संसद्बाट राष्ट्रपतिमा निर्वाचित नेकाका रामचन्द्र पौडेलले संसद्को अनुमतिबिना जन्मका आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीहरूलाई वंशजको आधारमा नेपाली नागरिकता दिने नागरिकता विधेयकमा २०८० जेठ १७ गते प्रमाणीकरण गरेको देशघाती काम नै हो । यसमा राष्ट्रपति पौडेललाई मत दिने सबै पार्टीहरू दोषी छन् । जन्मको आधारमा विदेशीलाई नेपाली नागरिकता दिइएको खारेज गरी संसद्को अनुमतिबिना राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेको उक्त नागरिकता ऐन खारेज गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

## अन्तर्राष्ट्रिय प्रस्ताव

**१)** अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादले प्यालेस्टिनीहरूको विस्थापन, नरसंहार र भूमि कब्जा गरिरहेको घटनामा सन् १९४८ को जातीय नरसंहार अपराध नियन्त्रण र सजायसम्बन्धी जेनेभा अभिसन्धि आकर्षित हुन्छ । यो अभिसन्धिअनुसार दक्षिण अफ्रिकाले इजरायली प्रधानमन्त्री नेतन्याहुलाई सजाय हुनुपर्ने माग गरी 'न्यायको लागि अन्तर्राष्ट्रिय अदालत' मा डिसेम्बर २९ को दिन गरिएको मुद्दा दर्तालाई यो परिषद् समर्थन गर्दछ ।

**२)** इजरायली फासीवादले तीन महिनायता प्यालेस्टिनमा बम वर्षा गरी गाजापट्टीमा सर्वसाधारणको ७० प्रतिशतभन्दा बढी घर तथा भवनमा क्षति पुऱ्याएको, १९ लाखभन्दा बढी प्यालेस्टिनी जनतालाई विस्थापित गरेको, २३ हजारभन्दा बढी निर्दोष सर्वसाधारणको हत्यामध्ये निर्दोष केटाकेटी ९ हजारभन्दा बढी, महिला ६ हजारभन्दा बढी, स्वास्थ्यकर्मी ३०० भन्दा बढी, पत्रकार ११३, शिक्षक ३०० भन्दा बढी, संयुक्त राष्ट्रसङ्घका कर्मचारी १५० भन्दा बढीको सङ्ख्यामा भएको, ५ हजारभन्दा बढीलाई बन्धकमा राखेको, ५० हजारभन्दा बढी गर्भवती महिला अस्पतालको सेवाबाट वञ्चित भएको र खानेपानी, बिजुली, इन्धन, औषधि, खाद्यान्न, इन्टरनेटलगायत अत्यावश्यक सेवा अवरुद्ध पार्ने मानवताविरोधी अपराध गरेको हुँदा यो परिषद् इजरायली फासीवादको विरोध एवम् निन्दा गर्दछ ।

**३)** प्यालेस्टिनमा इजरायली फासीवादको बम वर्षा, जातीय नरसंहार, भूमि कब्जा अविलम्ब रोक्नुपर्ने, मानवीय सहायता आपूर्ति चालू राख्नुपर्ने, युद्धविराम गर्नुपर्नेलगायतको विषयसहित संयुक्त राष्ट्र सङ्घको महासभामा पेस भएको प्रस्तावमा संरा सङ्घका १९३ सदस्य देशमध्ये १५३ सदस्य देशले समर्थन गरेकोलाई बिफल पार्न अमेरिकी साम्राज्यवादले विशेषाधिकार प्रयोग गरेको हुँदा यो परिषद् अमेरिकी सरकारको युद्ध सरदार नीतिको निन्दा एवम् विरोध गर्दछ ।

**४)** बेलायती उपनिवेशबाट सन् १७७६ मा स्वतन्त्र भएको अमेरिकी सरकारहरूले २५० वर्षयता संसारका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप तथा आर्थिक नाकाबन्दी गरेको र युद्ध उत्तेजना फैलाएको हुँदा यो परिषद् अमेरिकी साम्राज्यवादको विरोध एवम् निन्दा गर्दछ ।

**५)** छिमेकी मित्र देश चीनले मानव जातिको साझा भविष्य र विश्व शान्ति तथा समुन्नतिको लागि अघि बढाएको 'एक क्षेत्र एक मार्ग अगुवाइ' (BRI), 'विश्वव्यापी सभ्यता अगुवाइ' (GCI), 'विश्वव्यापी विकास अगुवाइ' (GDI), 'विश्वव्यापी सुरक्षा अगुवाइ' (GSI) लाई यो परिषद् समर्थन गर्दछ ।


**६)** यो परिषद् एक चीन नीतिको समर्थन गर्दछ । अमेरिकी साम्राज्यवादले चीनको मुख्य भूमि थाइवानमा हतियार पठाएको, सिचाङ (तिब्बत) का दलाई लामालाई भगाई भारतको आश्रयमा राख्न लगाएको, सिन्चियाङमा मानव अधिकार हनन भएको आरोप लगाएको हुँदा यो परिषद् अमेरिकी साम्राज्यवादको विरोध एवम् निन्दा गर्दछ । विश्वव्यापी मानव अधिकार र प्रजातन्त्रको लागि चीनले गरिरहेको प्रयासलाई यो परिषद् समर्थन गर्दछ ।

**७)** क्युवाली समाजवादी क्रान्तिको ६५ औँ वार्षिकोत्सवको उपलक्ष्यमा यो परिषद् क्युवाली कम्युनिस्ट पार्टीका प्रथम सचिव, क्युवाली कामरेडहरू तथा जनतालाई यो परिषद् हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछ । अमेरिकी साम्राज्यवादको आर्थिक नाकाबन्दीसामु कहिल्यै नझुक्ने र पछाडि नफर्कने क्युवालीहरूको दृढ सङ्कल्पप्रति ऐक्यबद्धता जनाउँदछ ।

**८)** अमेरिकी साम्राज्यवादले दक्षिण कोरियामा बी-५२ बमवर्षक हतियार तैनाथ गरेर आणविक उत्तेजना फैलाएको हुँदा प्रजग कोरियाका नेता किम जङ उनले प्रजग कोरियाको सार्वभौमिकता रक्षाको लागि कोरियाली जनसेनालाई युद्धको तयारी गर्न र अत्यधिक क्षमता कायम राख्न आदेश दिनुभएकोलाई यो परिषद् समर्थन गर्दछ । कोरियाली प्रायःद्वीपमा शान्ति कायम गर्न अमेरिकी सरकारले प्रजग कोरियासँग स्थायी शान्ति सम्झौता गर्नुपर्ने र बिनाबाहिरी हस्तक्षेप कोरिया पुनःएकीकरणको मार्ग प्रशस्त गर्नुपर्ने यो परिषद्को ठहर छ ।

# चीनको अभिन्न भूभाग थाइवानमा अमेरिकी हस्तक्षेपको नेमकिपाद्वारा विरोध एवम् निन्दा

*नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा २०८० पुस २९ गते बसेको पार्टीको केन्द्रीय सचिवालयको बैठकले चीनको अभिन्न भू-भाग थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध एवम् निन्दा गर्दै 'एक चीन नीति'को समर्थनमा वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो । पार्टीका सचिव प्रेम सुवालको हस्ताक्षरमा सोमबार प्रकाशित उक्त वक्तव्य यसप्रकार छ –*



नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४, ६६१००२६
इ-मेल : nwpp@ntc.net.np
च.नं.
मिति: २०८० माघ ०१

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को अध्यक्षतामा २०८० पुस २९ गते बसेको पार्टीको केन्द्रीय सचिवालयको बैठकले चीनको अभिन्न भू-भाग थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध एवम् निन्दा गर्दै 'एक चीन नीति'को समर्थनमा वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो । सो निर्णयअनुसार प्रकाशित वक्तव्य यसप्रकार छ :-

प्रेस वक्तव्य

पोर्तुगालीहरूले सन् १५४२ मा चीनको भू-भाग थाइवानलाई फोर्मोसा टापु (सुन्दर टापु) नामकरण गरेका थिए । प्राचीनकालदेखि थाइवान चीनको अभिन्न अङ्ग हो । सन् १९४९ मा चीनको समाजवादी क्रान्तिपछि अमेरिकी साम्राज्यवादले च्याङ काइ सेक्लाई थाइवानमा आफ्नो कठपुतली सरकार बनाउन लगायो । चिनियाँ कम्युनिस्ट पार्टी नेतृत्वको सरकारले प्रारम्भदेखि नै चीनको अभिन्न भू-भाग थाइवानलाई अलग्याउन खोज्ने अमेरिकी साम्राज्यवाद र तिनको पिछलग्गू थाइवानका अमेरिकी कठपुतली अधिकारीहरूको विरोध एवम् निन्दा गर्दै आएको हो ।

थाइवानमा अमेरिकी हातहतियार तैनाथी, अमेरिकी अधिकारीहरूको बरोबर भ्रमण र अमेरिकी आडभरोसामा जनवरी १३ को आमनिर्वाचन चीनको सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवादको हस्तक्षेप हो । अमेरिकी साम्राज्यवादले 'थाइवानको स्वतन्त्रता' को विषय उठाइरहेको सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको चीन भ्रमणमा संरा अमेरिका र चीनबिच भएको थाइवानसहित 'एक चीन नीति' उल्लेख सांघाई घोषणाको उल्लङ्घन हो ।

नेपाल मजदुर किसान पार्टीले थाइवानमा चीनको सार्वभौमिकतासहितको 'एक चीन नीति'को दृढ समर्थन गर्दै आएको छ । विश्वमा थाइवानसहितको एउटै चीनको मात्र अस्तित्व छ । थाइवानको समस्या चीनको आन्तरिक मामिला हो । नेपाल मजदुर किसान पार्टी थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध गर्दछ र विनाबाहिरी हस्तक्षेप पुन:एकीकृत चीनको समर्थन गर्दछ ।

प्रेम सुवाल
सचिव

*'पोर्तुगालीहरूले सन् १५४२ मा चीनको भू-भाग थाइवानलाई फार्मोसा टापु (सुन्दर टापु) नामकरण गरेका थिए । प्राचीनकालदेखि थाइवान चीनको अभिन्न अङ्ग हो । सन् १९४९ मा चीनको समाजवादी क्रान्तिपछि अमेरिकी साम्राज्यवादले च्याङ काइ सेकलाई थाइवानमा आफ्नो कठपुतली सरकार बनाउन लगायो । चिनियाँ कम्युनिस्ट पार्टी नेतृत्वको सरकारले प्रारम्भदेखि नै चीनको अभिन्न भू-भाग थाइवानलाई अलग्याउन खोज्ने अमेरिकी साम्राज्यवाद र तिनको पिछलग्गू थाइवानका अमेरिकी कठपुतली अधिकारीहरूको विरोध एवम् निन्दा गर्दै आएको हो ।*

*थाइवानमा अमेरिकी हातहतियार तैनाथी, अमेरिकी अधिकारीहरूको बरोबर भ्रमण र अमेरिकी आडभरोसामा जनवरी १३ को आमनिर्वाचन चीनको सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवादको हस्तक्षेप हो । अमेरिकी साम्राज्यवादले 'थाइवानको स्वतन्त्रता' को विषय उठाइरहेको सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको चीन भ्रमणमा संरा अमेरिका र चीनबीच भएको थाइवानसहित 'एक चीन नीति' उल्लेख सांघाई घोषणाको उल्लङ्घन हो ।*

*नेपाल मजदुर किसान पार्टीले थाइवानमा चीनको सार्वभौमिकतासहितको 'एक चीन नीति'को दृढ समर्थन गर्दै आएको छ । विश्वमा थाइवानसहितको एउटै चीनको मात्र अस्तित्व छ । थाइवानको समस्या चीनको आन्तरिक मामिला हो । नेपाल मजदुर किसान पार्टी थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध गर्दछ र विनाबाहिरी हस्तक्षेप पुन:एकीकृत चीनको समर्थन गर्दछ ।'*

## चीनका प्राचीन नीतिकथा

### sV'/f rf]

एक जना मानिसले दिनदिनै छिमेकीको कुखुरा चोर्थ्यो । कसैले उसलाई चोर्नु खराब काम हो भनेर सम्झायो । त्यसपछि कुखुरा चोरले वचन दियो, 'ठिक छ, त्यसो भए म अब दिनदिनै चोर्दिन महिनाको एउटा कुखुरा चोर्ने गर्छु । यसरी आउनेसालसम्म चोर्ने बानी नै छाडिदिन्छु ।'

चोर्ने काम राम्रो होइन भन्ने बुझिसकेपछि पनि त्यो काम तुरुन्तै नछाडेर वर्षदिनसम्म पर्खनु ठिक हो त ?

अनुवाद: विनय कसजू

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### खेल प्रतियोगितासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० माघ २१ देखि २७ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, कसिमला पाँय्, जिम्नास्टिक र बाघचाल प्रतियोगिताहरू तपसिलबमोजिमका वडाहरूबाट सञ्चालन हुने भएकोले सम्बन्धित विद्यालय र खेलाडीहरू २०८० माघ १५ गतेभित्र सम्बन्धित वडामा नाम दर्ता गराउन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| खेल | वडा कार्यालय |
|---|---|
| भलिबल | १ नं. वडा कार्यालय |
| टेबलटेनिस | २ नं. वडा कार्यालय |
| उसु/पोर्टबल | ३ नं. वडा कार्यालय |
| कबड्डी | ४ नं. वडा कार्यालय |
| तेक्वान्डो | ५ नं. वडा कार्यालय |
| बुद्धिचाल/कसिमला पाँय्/बाघचाल | ६ नं. वडा कार्यालय |
| फूटबल/एथलेटिक्स | ७ नं. वडा कार्यालय |
| ब्याडमिन्टन/जिम्नास्टिक | ८ नं. वडा कार्यालय |
| कराँते | ९ नं. वडा कार्यालय |
| खो खो | १० नं. वडा कार्यालय |

विशेष : नेमकिपाको ५० औँ स्थापना दिवस



# ‘पुँजीवादी सत्तामा भाग लिनु गरिब जनताको अहितमा शोषकवर्गको प्रतिनिधिहरूसँग लिएको ‘घुस’ हो’

## – का. रोहित

(नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा पार्टीको धारणाबारे केन्द्रित रहेर पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग ‘श्रमिक’ साप्ताहिकका प्रतिनिधिले लिएको अन्तर्वार्ता)

**अध्यक्षज्यू, नेपाल मजदुर किसान पार्टी स्थापनाको ५० वर्षमा प्रवेश गर्‍यो । यस महत्त्वपूर्ण अवसरमा पार्टी कार्यकर्ता, समर्थक, शुभचिन्तक, सहयोगी तथा मित्रहरूलाई के सन्देश दिनुहुन्छ ?**

नेपाल मजदुर किसान पार्टीका सम्पूर्ण कार्यकर्ता, समर्थक, शुभचिन्तक, सहयोगी र मित्रहरूलाई नेमकिपाको स्थापनाका ५० औँ वर्षको अवसरमा साथीहरूले हाम्रो पार्टीका सबै आन्दोलन, सङ्घर्ष, सैद्धान्तिक र राजनैतिक सङ्घर्षहरूमा साथ दिनुभएको छ हाम्रो सफलता र उपलब्धिहरूलाई हाम्रै देश र जनताको सुख दुःख र गौरवको रूपमा लिन अनुरोध गर्दछु । त्यसको निम्ति सबैलाई धन्यवाद दिन चाहन्छु ।

५० वर्षको सङ्घर्षको अनुभवबाट हासिल गरेका समाजको आमूल परिवर्तनको निम्ति आगामी वर्गसङ्घर्ष, राजनैतिक र सैद्धान्तिक सङ्घर्षको निम्ति सदा तयार रहन पनि सल्लाह दिन चाहन्छु ।

अबका हाम्रा सङ्घर्षहरू पिपलपाते र छद्मवेशी क्रान्तिकारीहरूसँग हुने निश्चय छ ।

**नेमकिपाको सङ्घर्षको पाँच दशकको मूल्याङ्कन कसरी गर्नुहुन्छ ? नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको योगदानलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

नेमकिपाको पाँच दशकको सङ्घर्षको अनुभवमा समाजको आमूल परिवर्तनको पुँजीवादी सत्तामा गएर भाग खाने र कामदार जनताको हितभन्दा शोषकवर्गको हितलाई प्राथमिकता दिने दृष्टिकोण र व्यवहार पूरै पुँजीवादी हुँदा त्यसकै विरोधमा सैद्धान्तिक र व्यावहारिक सङ्घर्ष गर्नु आवश्यक छ । पुँजीवादी सत्तामा भाग लिनु गरिब जनताको अहितमा शोषकवर्गको प्रतिनिधिहरूसँग लिएको ‘घुस’ हो ।

यही पाँच दशकमा एमाले ‘भाइ काङ्ग्रेस’ र माओवादी ‘भारतीय ट्रोजन हर्स’ मा पतन भए । नेपालको कम्युनिस्ट आन्दोलनले ठुलो ठुलो क्षति व्यहोर्दै छ र दुर्घटनामा पर्दै छ ।

**के नेमकिपा एक्लैले नेपाली कम्युनिस्ट आन्दोलन जोगाउन सम्भव होला ?**

कम्युनिस्ट र कम्युनिस्ट पार्टीको नाममा विभिन्न छद्मवेशीहरूले पुँजीवादी सत्तासँग गरेका सबै प्रकारको पद, पैसा र भ्रष्टाचार तथा विदेशी पुँजीको हितमा विदेशमा युवाहरू पठाउने काम कारबाहीबारे नेमकिपाले आलोचना र विरोध गर्दै आएको सर्वविदितै छ । यसैलाई भनिन्छ– छालको विरोधमा सङ्घर्ष गर्नु । नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको यस क्षेत्रमा पनि देखिने एक योगदान हो ।

सत्तामा पनि सामेल हुने, अर्कोतिर पछुतो पनि गर्ने तथा छोड्न पनि नसक्ने जस्ता लोलोपोतो सारमा पुँजीवादी सत्ताको विरोध नभई सहयोगको उपाय हुनेछ, नेमकिपा त्यस्ता नीतिको विरोधमा छ ।

नेपालको कम्युनिस्ट आन्दोलन आकाशमा काला बादलहरूले घेरिएको रातको अँध्यारोमा छामछाम छुमछुम गर्दै छ । नेमकिपा त्यस्तो अप्ठ्यारो परिस्थितिमा परिणामको विचारै नगरी भीरमा भौतारिनुभन्दा आफ्नो शक्तिलाई जोगाउँदै, जनताको निःस्वार्थरूपले सेवा गर्दै, अब चाँडै पूर्वबाट आउने रातो घामको प्रतिक्षा गर्दै छ । भोक लाग्यो भन्दैमा जसले जे दिए पनि खाने खोटपूर्ण कार्य हो तथा विष खाएर

भोक मेटाउने उपाय ठूलो विराम हुनेछ।

**नेमकिपालाई पनि देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूले माथि उठ्नसमेत नदिने हेतुले निरन्तर षड्यन्त्र चालु राख्दै छन्। नेमकिपालाई दबाउन कम्युनिस्ट नामधारी पार्टीहरूले गर्न केही बाकी राखेनन्। किन यस्तो भयो ? यहााको विश्लेषण के छ ?**

सच्चा कम्युनिस्टहरूले हाम्रो किन विरोध गर्छन् ? साथै 'रातो झन्डाको विरोध गर्न रातो झन्डा उठाउनेहरू' ले हाम्रो विरोध गर्दा को के हो भन्ने प्रस्ट हुन्छ। नेमकिपा देशी र विदेशी प्रतिक्रियावादी षड्यन्त्रबाट जोगिनैपर्छ। कोही कराउँदैमा राम्रो र नराम्रो छुट्टिँदैन बरु तिनीहरूको कामले को के हो भन्ने छुट्टिन्छ।

**तत्कालीन पुष्पलाल समूहमा सैद्धान्तिक सङ्घर्ष गर्दाका दिनलाई आज ५० वर्षपछि कसरी सम्झनुहुन्छ ? पुष्पलालले किन यहाँको विचारमा समर्थन जनाउनुभएन ? उहाँको बुझाइ तथा विश्लेषणमा समस्या थियो या उहाँका सल्लाहकारहरूमा ?**

हाम्रो विचारको सकारात्मकतामा पुष्पलालजीको ध्यान गएको भए तथा समर्थन जनाएको भए पनि उहाँका सल्लाहकारहरू उहाँसँग रहने थिएनन्। उहाँका सल्लाहकारहरू एकएक गरेर अरू पार्टीमा लाग्दै गएबाट स्थिति प्रस्ट हुन्छ।

**यहाँले अलग्गै पार्टी स्थापना गर्नुभएपछि पुष्पलालसँगको छलफल, भेटघाट या मित्रता कस्तो रह्यो ? के उहाँले पछि यहाँको विचारमा सहमति जनाउनुभयो ? नेपाल कम्युनिस्ट पार्टीका एक संस्थापक नेताको नाताले नेमकिपाको स्थापनाले नेपाली कम्युनिस्ट आन्दोलन विसर्जन हुनबाट जोगिने आशा पुष्पलालले गर्नुभएको केही सङ्केत पाउनुभयो ?**

हामी बनारसबाट छुट्टिसकेपछि पुष्पलालजीले आफू एक्लो अनुभव गर्नु स्वाभाविक छ। तर, त्यो परिस्थितिमा उहाँले हाम्रो स्थितिमा पुग्नुभन्दा झन्झन् पर पर हुने वातावरण तयार भइसकेको थियो। 'सङ्गतको गुण त्यही' भन्ने नेपाली उखान चरितार्थ भयो।

**यहाँले दस्तावेजकै रूपमा "नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन" र "रूसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन" पुष्पलाल समूहमा पेस गर्नुभयो। यहाँको सैद्धान्तिक मतभेदलाई तत्कालीन मुख्य मुख्य नेताहरूले कसरी लिए ? के व्यापक छलफल गर्न माने ? यहाँलाई धम्की, दबाब या कुनै प्रस्ताव आयो कि ?**

ती प्रस्तावहरूलाई गम्भीरतापूर्वक अध्ययन गर्ने र छलफल गर्ने तिनीहरूको कुनै इच्छा त के चासो पनि थिएन। बैठक हात हालाहालको स्थितिमा पुगेपछि मैले प्रस्ट गरें– हामी कुनै पनि परिस्थितिमा प्रस्ताव फिर्ता लिने पक्षमा छैनौं र त्यसको निम्ति बनारसका ठूल्ठूला नालीको विषयमा मलाई थाहा छ।

पुष्पलालजी लाचार देखिनुहुन्थ्यो, न बैठक स्थगित गर्नसक्नुभयो, न त बैठकलाई सम्हाल्न सक्नुभयो। म बैठक छोड्ने पक्षमा थिइनँ।

**नेमकिपा स्थापना गरिसकेपछि कस्तो प्रतिक्रिया पाउनुभयो ?**

पुष्पलालजी गम्भीर मुद्रामा दरभङ्गा आउनुभयो र आफू पनि भक्तपुर आउने बताउनुभयो। उहाँलाई भक्तपुरमा बचाउन सकिने परिस्थिति थिएन। २०४५ सालको काण्डले पनि प्रस्ट गऱ्यो।

**पार्टी सङ्गठन अगाडि बढाउन प्रारम्भमा केकस्ता कदम चाल्नुभयो ? केकस्ता गतिविधि थाल्नुभयो ?**

'खण्डन' र 'सामाजिक साम्राज्यवाद' बारे साथीहरूले अध्ययन थालिसकेका थिए। वाग्मती, नारायणी र जनकपुर अञ्चलका साथीहरूको फरक-फरक भेला गर्दै स्थिति अवगत गराइयो। त्यसपछि तीनओटै अञ्चलका प्रतिनिधिहरूको बैठकले एक नयाँ सङ्गठन गर्ने कुरा निधो गर्ने तयारी गऱ्यो।

**देश, जनता, पार्टी सङ्गठन र क्रान्तिको पक्षमा झन्डै सात दशक लामो सङ्घर्ष गरिसक्नुभयो; अझै युवा जोशका साथ समर्पित भएर लागिराख्नुभएको छ। यहाँको ऊर्जाको स्रोतबारे नयाँ पुस्तालाई बताउनुहुन्छ कि ? युवा पिँढी कसरी अगाडि बढोस् भन्ने चाहनुहुन्छ ?**

बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी आदि जिल्लाका पुराना किसान साथीहरूसँग छलफल र भेटघाटबाट साथीहरूले थाहा पाइसक्नुभयो कि सङ्गठन तल्लो तहबाटै गर्नु आवश्यक छ। त्यसरी तराईको किसान आन्दोलनको पुस्तक तयार भएको हो।

नयाँ पुस्तालाई पनि सैद्धान्तिक जगको तालिम दिँदै र व्यावहारिक गतिविधिमार्फत मात्रै कार्यकर्ता तयार हुनेछन् भन्नेबारे साथीहरू सचेत थिए। त्यसको निम्ति बेलायत र

फ्रान्सको सामन्तवादविरोधी सङ्घर्ष र अमेरिकी स्वतन्त्रता आन्दोलनबारे तथा त्यसबेलाका नेता र कार्यकर्ताहरूबारे अध्ययन गराइएको थियो । त्यसपछि अक्टोबर क्रान्ति र पछिल्ला समाजवादी आन्दोलनबारे पनि नयाँ साथीहरू अवगत हुँदै गए ।

**तुलनात्मकरूपमा नेपालमा क्रान्ति ढिलो भइसकेको चर्चा बरोबर चल्छ । यहाँ कतिको आशावादी हुनुहुन्छ ? प्रतिक्रियावादी शक्ति बलियो हुँदै जानुको कारण के हो ?**

मनोगतवादी इच्छाले तत्काल समाज परिवर्तन हुने गर्दैन । कुनै देशको परिवर्तनको निम्ति घरेलु एवम् अन्तर्राष्ट्रिय परिस्थिति र छिमेकीहरूको परिस्थिति महत्त्वपूर्ण हुन्छ । अरू देशको तुलनामा नेपालको कम्युनिस्ट आन्दोलन भौतिक र मनोगत दुवै रूपले कमजोर छ ।

**नेपाली कम्युनिस्ट आन्दोलन माथि उठाउने उपाय तथा नयाा पुस्ताको अभिभाराबारे स्पष्ट पार्नु हुन्छ कि !**

विदेशमा श्रमिकको नाममा युवाहरू पठाउनु नै कम्युनिस्ट आन्दोलन कमजोर पार्नु हो । तर, विदेशमा युवाहरू पठाउनेहरूमध्ये कम्युनिस्ट पार्टी भन्नेहरू पनि कम छैनन् । देशको नयाँ पुस्ता कहाँ खोज्न जाने हो ? देश विदेशमा गएकाहरूले पनि विदेशबाट सिक्ने अवसर गुमाउन नदिने हो भने त्यसमा सकारात्मक सम्भावना देख्न सकिन्छ ।

**देशको राजनीतिक सङ्कट दिनप्रतिदिन गम्भीर बन्दै छ । देशलाई जोगाउने उपायबारे यहाँको विचार बताइदिनुहुन्छ कि !**

जनताको विभिन्न पक्षसँग छलफल र गतिविधि नै एक महत्त्वपूर्ण कार्य हो ।

**अन्तमा, नेमकिपाको ५० औ स्थापना दिवसको उपलक्ष्यमा देश विदेशका कामदार जनता तथा साम्राज्यवाद विरोधी जनतालाई थप सन्देश दिनुहुन्छ कि ?**

एक वर्षभित्र आ–आफूले समाजमा परिवर्तन गर्न के के काम गर्‍यौँ, कतिजना नयाँ साथी र नयाँ सङ्गठन बनायौँ तथा कुन–कुन नयाँ जिल्लामा सङ्गठन विस्तार गर्‍यौँ भनी समीक्षा गर्नु आवश्यक छ ।

भित्री मनैदेखि देश र जनताको सेवा गर्ने भावनाबाट कार्यकर्तालाई प्रेरित गराउनैपर्छ । त्यसको निम्ति विभिन्न देशका क्रान्ति र क्रान्तिकारी नेता, कार्यकर्ता र शहीदहरूबाट सिक्नु जरुरी छ ।

'श्रमिक' साप्ताहिक, माघ ९, २०८०

# 'पुँजीवादी सरकारहरूबाट बहुसङ्ख्यक कामदारवर्गको हित हुँदैन'




नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा प्रज्ञा भवनमा माघ १० गते प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव **प्रेम सुवाल**ले नेपालको कम्युनिस्ट आन्दोलनलाई संशोधनवाद र अवसरवादबाट जोगाउन २०३१ माघ १० गते नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'कम्युनिस्टहरू पुँजीवादी क्रान्तिलगत्तै समाजवादी क्रान्तिको लागि तयारी गर्छन् । रूसमा फेब्रुअरीको पुँजीवादी क्रान्तिपछि लेनिन नेतृत्वको बोल्शेविक पार्टी पुँजीवादी सरकारमा गएन र अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो । पुँजीवादी सरकारमा गएको रूसको मेन्सेविक पार्टी समाप्त भयो ।'

२०४६ सालको जनआन्दोलनपछि नेपालमा नेकाको नेतृत्वमा पुँजीवादी सरकार गठन भयो । नेमकिपाले कम्युनिस्ट दाबी गरेका तत्कालीन माले, मार्क्सवादी (सहाना प्रधान) र नेकपा (संयुक्त (विष्णुबहादुर मानन्धर) लाई समाजवादी क्रान्तिको तयारीमा लाग्न सुझाव दिइयो । तर, तिनीहरू नेका नेतृत्वको सरकारमा गयो । यसकारण, नेपालमा कम्युनिस्ट आन्दोलन कमजोर भयो, उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'पुँजीवादी सरकारमा कम्युनिस्टहरू भागबन्डा खान जानु घुस खानुजत्तिकै हो । नेपालमा अहिले यही भइरहेको छ । किनभने, पुँजीवादी सरकारबाट कामदारवर्गको हित हुँदैन ।'

नेमकिपाले लेनिनवादी नीतिअनुसार निर्वाचनलाई उपयोग गर्ने र पुँजीवादी सरकारमा नगई देश र जनताको पक्षमा सडक र संसद्मा सङ्घर्षरत छ, देश र जनताको सेवा गर्दै छ, उहाँले भन्नुभयो ।

जनतालाई राजनीतिकरूपले शिक्षित र सङ्गठित वा भित्री तयारी नपुगेको आन्दोलन सफल हुँदैन । यसकारण, २०४६ र २०६२/६३ सालको आन्दोलनबाट कामदारवर्गको हित नभएको हो, उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'कामदारवर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसार ज्याला, शोषण गर्न नसक्ने व्यवस्था समाजवाद हो । यस अर्थमा नेकाको प्रजातान्त्रिक समाजवाद, एमाले र माओवादीको 'कम्युनिस्ट' आवरण देखाउने दाँत हो । समाजवादी दाबी गर्ने सबै शासक पार्टीहरू पुँजीवादी पार्टीको भागबन्डा खाँदै छन् ।'

एमाले प्रमुख विपक्षीको भूमिका निर्वाह गर्ने र संसदीय व्यवस्थाको मूल्यमान्यताअनुसार सरकारको विकल्प दिनेभन्दा पनि गठबन्धन सरकारसँग न्यायाधीशहरू भागबन्डा खाने, संवैधानिक नियुक्तिमा भागबन्डा लिने र संसदीय समितिको सभापति भागबन्डा खानेमा लाग्यो, उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, 'अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेना आएर नेपालको सैनिक ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारीको समर्थन गर्नेहरू कम्युनिस्ट हुनसक्दैनन् । जन्मको आधारमा विदेशीलाई नेपालको नागरिकता दिने र ती विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने ऐन पारित गर्नेहरू कम्युनिस्ट हुनेछैनन् ।'

उहाँले भन्नुभयो, 'लेनिनले पुँजीवादको विकास भइनसकेको नेपालजस्तो अर्धसामन्ती र अर्धउपनिवेश देशमा सोझै समाजवादी क्रान्तिमा जान सक्ने बताउनुभएको छ । एमाले र माओवादीलगायत कम्युनिस्ट दाबी गरेका पार्टीहरूले पुँजीवादी क्रान्तिको कुरा गरेको हुँदा तिनका कतिपय कार्यकर्ता ठेकेदारको पछि लाग्ने र उपभोक्ता समितिमा बसेर खानेमा लागेका छन् ।'

सचिव सुवालले भन्नुभयो, 'हमासको प्रत्याक्रमण हुँदा इजरायलमा 'सिक्न र कमाउन' पठाइएका १० जना नेपाली विद्यार्थीको ज्यान गुम्यो भने एक जना विद्यार्थी बेपत्ता अवस्थामा छ । ७५ वर्षदेखि युद्ध भूमि इजरायलमा विद्यार्थी र युवालाई पठाउने प्रधानमन्त्री, मन्त्री, सचिव र सल्लाहकारहरू जिम्मेवार हुन् ।'

उहाँले भन्नुभयो, 'प्यालेस्टिनको तेल र ग्यास खानी कब्जा गर्न इजरायली फासीवादले अमेरिकी साम्राज्यवादको हातहतियार ल्याएर प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गरेको हो ।'

नेपालको नदीनाला, जलविद्युत्, जङ्गल, खानी, गिटी ढुङ्गा कब्जा गर्न भारतीय विस्तारवाद र एकाधिकार पुँजीले नेपाली भूमि कब्जा र नेपालीको संहार गर्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । भारतीय एकाधिकार पुँजीले नेपालको जङ्गल कब्जा गरिसक्यो, चुरेको गिटी ढुङ्गा कब्जा गर्दै छ । चुरे दोहन भए नेपालको तराई मरुभूमिमा परिणत हुनेछ, उहाँले भन्नुभयो ।

सरकारले गोर्खाभर्तीमार्फत नेपाली युवालाई बेलायती र भारतीय सेनामा भर्ना गर्न पठाएकोमा नेपाली जनताको विरोध भइरहेको छ । अहिले नेपाली युवालाई युक्रेन, फ्रान्स, इजरायल, अमेरिका र रूसको सेनामा पनि पठाइएको सार्वजनिक भयो । यसरी पठाइएकाहरूमा अवकाश प्राप्त र बीचमा छोडेका नेपाली सेना पनि छन् । सरकारको जानकारबिना नेपाली सेनाका जवानहरू विदेशी सेनामा जाने थिएन । नेपाली युवाहरूलाई १७१ देशको बहुराष्ट्रिय कम्पनीहरूको लागि सस्तो ज्यामी बन्न पठाइएको छ । नेपाली युवा विदेशी भाडाको सेना बन्न र बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न जन्मेका होइनन् । वैदेशिक रोजगारीमा गएका नेपाली युवाको दैनिक ८-१० लास फिर्ता आइरहेको छ । यसकारण, वैदेशिक रोजगारी र गोर्खाभर्ती खारेज गरी नेपाली युवालाई स्वदेशमा रोजगारी दिनु आवश्यक छ । पर्यटक भिसामा विदेश गएर रोजगारीमा लागेकाहरू पनि ठगिएका छन्, सचिव सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, 'सरकारले बिजुली उत्पादन नगरी नदीनाला भारतलाई दिनु पनि देशघात हो । भारतसँग खाना पकाउने ग्यासलगायत पेट्रोल, डिजेल र कोइला आयात गर्ने र बिजुली भारतलाई दिने पनि देशघात नै हो । ६ महिना यता ४ अर्ब रुपैयाँको तरकारी आयात गरियो । दाल, चामलसमेत खर्बौं रुपैयाँको आयात गरिन्छ । कृषिप्रधान देशमा खाद्यान्न, तरकारी आयात गर्नु पनि देशघात हो ।'

सरकारले स्वास्थ्य बीमा गरेका नेपालीले तिरेको अर्बौं रुपैयाँ अस्पतालहरूलाई भुक्तानी गरेको छैन । माघ १ गतेदेखि स्वास्थ्य बीमामार्फत उपचार गर्न बिरामीले १० प्रतिशत नगद बुझाउनुपर्ने सरकारी निर्णयले गरिब बिरामीको उपचार नपाएर मर्नेछन्, उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'राजनीतिक पार्टी एउटा विश्वविद्यालयजस्तै हो । नेमकिपाले कार्यकर्ता र शुभेच्छुकहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा शिक्षित गर्न प्रकाशनलाई जोड दिइरहेको छ । भर्खरै यही कार्यक्रममा हामीले *'स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा'* पुस्तक सार्वजनिक गर्‍यौँ । एकडेढ वर्षयता पार्टी र जनवर्गीय सङ्गठनहरूले *'समाज विकासको एक झलक'*, *'भारतीय लेखकहरूको दृष्टिमा भारत'*, *अमेरिकी 'प्रजातन्त्र'*, *'युक्रेनमा अमेरिकी साम्राज्यवादको छद्म युद्ध'*, *'एमसीसीविरुद्ध नेपाल*

*मजदुर किसान पार्टीको सङ्घर्ष'* लगायत पुस्तकहरू प्रकाशित गरे ।'

नेमकिपाको ५० औँ स्थापना दिवसमा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लगायत कार्यकर्ताहरूलाई बधाई दिनुहुने नेपालसमेत हेर्ने प्रजग कोरियाका महामहिम राजदूत चोई हुई चोललाई धन्यवाद दिन चाहन्छु, उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **नारायण महर्जन**ले कम्युनिस्ट नाम राखेर जनतामाझ भ्रम सृजना गर्ने अवसरवादी र संशोधनवादीहरूलाई जनतामाझ उदाङ्ग्याउँदै जानुपर्ने बताउनुभयो ।

उहाँले नेपाली जनता सचेत भइसकेको अवस्थामा अब सत्तामा बसेर छलछाम गर्न नसक्ने र त्यस्ता पार्टीलाई जनताले कारबाही गर्नेछन् भन्नुभयो ।

पार्टी स्थापनाको ५० औँ वर्षको सुअवसरमा नेपालसमेत हेर्ने प्रजग कोरियाको महामहिम राजदूत चोई हुई चोलले पठाउनुभएको बधाई सन्देश पार्टीका केन्द्रीय सदस्य सनकमान महर्जनले वाचन गर्नुभएको थियो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष **मीनबहादुर बाटा**ले नेपालका शासक दलहरू नेपाली काङ्ग्रेस, एमाले, माओवादीलगायत पार्टीहरू पुँजीवादी पार्टीमा परिणत भएको बारे प्रस्ट पार्नुभयो ।

प्राध्यापक समाजका **प्रकाशकुमार श्रेष्ठ**ले इन्डोनेसियाको कम्युनिस्ट पार्टीको शिक्षाबाट नेपालका कम्युनिस्टहरूले शिक्षा लिनुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याका **नरेश खत्री**ले कम्युनिस्ट घोषणापत्रबारे व्याख्या गर्नुहुँदै समाजमा आमूल परिवर्तनको लागि वर्गसङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

इन्जिनियरिङ समाजका **सुजन माक**ले फासीवाद र नाजीवादबारे प्रस्ट पार्नुहुँदै कुनै पनि किसिमको फासीवाद र नाजीवाद देशको पक्षमा नहुने भएकोले जनता सचेत भई फासीवादविरूद्ध सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय उपाध्यक्ष **सुरेश परियार**ले प्यालेस्टिनी जनतामाथि इजरायली नरसंहार र अमानवीय सफायाको विरोध गर्नुभयो ।

कार्यक्रममा अधिवक्ता **अनिता जधारी**ले नेमकिपा स्थापनाका आधारहरूबारे प्रस्तुति राख्नुभएको थियो ।

कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्लाका **विश्व डंगोल**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घ केन्द्रीय समितिबाट प्रकाशित 'स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा' पुस्तक प्रमुख अतिथि पार्टी सचिव सुवालले सार्वजनीकीकरण गर्नुभएको थियो ।

# चुनावमा भाग लिएर जनताको सेवा गर्नु पनि एक राजनैतिक आन्दोलन हो




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अवलम्बन गर्दै आएको नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि सामन्तवाद, पुँजीवाद, उपनिवेशवाद र साम्राज्यवादविरुद्ध अविचलित रूपमा सङ्घर्षरत रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा माघ ९ गते आयोजित कार्यक्रममा उहाँले प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिअनुसार नेमकिपा (तत्कालीन सङ्गठन)ले पञ्चायती चुनावलाई पनि उपयोग गर्दै आएको बताउनुभयो । उहाँले चुनावमा भाग लिएर जनताको सेवा गर्नु पनि एक राजनैतिक आन्दोलन भएको विचार व्यक्त गर्नुभयो ।

सशस्त्र क्रान्तिबाट मात्र समाजवादी क्रान्ति सम्भव हुन्छ । तर शान्तिपूर्ण अवस्थामा जनताको राजनैतिक चेतनास्तर उठाउन र सङ्गठित गर्न निर्वाचनमा भाग लिएर जनताको सेवा गर्नु समाजवाद स्थापनाको लागि आवश्यक छ – उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले एमाले र माओवादी कम्युनिष्ट विचारधाराबाट विमुख भएका नक्कली कम्युनिष्टहरू हुन् भन्नुहुँदै कम्युनिष्ट पार्टीको नाउँमा पुँजीवादी सरकारमा सहभागी



भई पुँजीवादको जगलाई बलियो बनाउने शासकहरूविरुद्ध नेमकिपाले सैद्धान्तिक सङ्घर्ष जारी राखेको बताउनुभयो।

नेमकिपाले स्थापनाकालदेखि देश र जनताको हितमा काम गर्दै आइरहेको बताउनुहुँदै उहाँले युवा जनशक्ति विदेश पलायन हुँदा देश आर्थिक र राजनैतिक रूपले पछाडि पर्दै गएको बताउनुभयो।

भक्तपुर नपाले समाजवादउन्मुख कार्य गर्दै आइरहेको बताउनुहुँदै उहाँले नेमकिपाले 'अँध्यारो रातमा चम्किलो तारा' को रूपमा काम गरिरहेको बताउनुभयो।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले नेमकिपाको नीति र निर्देशनअनुरूप काम गर्दै आइरहेको बताउनुहुँदै निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचनअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले निःस्वार्थ रूपमा जनताको सेवा गरिरहेको बताउनुभयो।

उहाँले राजनीतिक रूपमा महिलाहरूलाई सचेत र सङ्गठित बनाउनु आवश्यक भएको बताउनुहुँदै नेमकिपा पद र पैसाको लागि नभई जनताको सेवाको लागि स्थापना भएको कम्युनिष्ट पार्टी हो भन्नुभयो।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले नेपाल मजदुर किसान पार्टीले पार्टी स्थापनाकालदेखि नेपालको कम्युनिष्ट आन्दोलनमा देखिएका खोटा विचारहरूको खण्डन गर्दै आएको बताउनुहुँदै नेमकिपाले सैद्धान्तिक, वैचारिक र राजनीतिक सङ्घर्षमार्फत देशलाई सही दिशानिर्देश गर्न प्रयासरत रहेको बताउनुभयो।

कामदार वर्गलाई शासक वर्गको रूपमा उठाउने उद्देश्यका साथ नेमकिपाले जनताको सेवामा समर्पित भएर इमानदारीपूर्वक काम गरिरहेको बताउनुहुँदै उहाँले नेमकिपा विचार र सिद्धान्तको आधारमा स्थापना भएको नेपालको सच्चा कम्युनिष्ट पार्टी भएको स्पष्ट पार्नुभयो।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पार्टी स्थापनाका सैद्धान्तिक आधारबारे प्रस्तुतिकरण दिनुभएको थियो।

कार्यक्रममा कर्मचारी समाज नेपालका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले विदेशी पुँजीको हित गर्ने, देशका गुह्य विषय विदेशीलाई बताउने र दोहोरो तलब खाने राजनीतिक दल, तिनका नेता र सरकारी कर्मचारीहरू जनताका शत्रु भएको बताउनुहुँदै त्यस्ता शत्रुहरूलाई निर्मूल गर्न नेमकिपा सधैँ क्रियाशील भइरहेको बताउनुभयो।

## बासिबियाँलो



दिइएको चित्रमा कतिओटा वृत छन् ?

**मन्तव्य**

# ‘प्रतिनिधिसभा र प्रदेशसभालाई नेमकिपाले वर्ग सङ्घर्षको थलोको रूपमा प्रयोग गर्दै आएको छ’

– सुनिल प्रजापति



नेपाल मजदुर किसान पार्टीको स्थापना भएको आज ५० वर्ष भयो। २०३१ साल माघ १० गते नेपाल मजदुर किसान पार्टीको विधिवत स्थापना भएको हो। मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अवलम्बन गर्दै पार्टी निरन्तर अगाडि बढिरहेको छ। पुँजीवादी सत्ता ध्वंश गरी जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी समाज स्थापना पार्टीको उद्देश्य हो। कानूनी र गैर कानूनी सङ्घर्षको माध्यमबाट देशमा समाजवाद स्थापना गर्न नेपाल मजदुर किसान पार्टी क्रियाशील छ।

संसारमा समाजवादको कल्पना मार्क्स, एंगेल्सभन्दा अगाडि सेन्ट साइमन, चार्ल्स फ्युरिए, रोबर्ट ओवेनहरूले गरेका थिए। मानिसहरूबीच विभेद हुन नहुने र संसारका सबै नागरिक समान हुनुपर्छ भन्ने विचार उनीहरूले अगाडि सारेका थिए तर समाजवाद कसरी प्राप्त हुन्छ भनेर देखाउन सकेनन्। त्यसैले उनीहरूलाई काल्पनिक समाजवादीहरू भनिन्छ।

सन् १८४८ मा मार्क्स र एंगेल्स मिलेर कम्युनिष्ट घोषणापत्र लेख्नुभयो। सशस्त्र सङ्घर्षको माध्यमबाटमात्र संसारका मजदुर वर्गले पुँजीपति वर्गको शासन सत्ता हातमा लिन सकिन्छ र मजदुर वर्गको मुक्ति सम्भव छ भनेर बाटो देखाइ दिनुभयो। त्यसलाई नै मार्क्सवाद भनिन्छ।

नेपाल कम्युनिष्ट आन्दोलनमा पनि समाजवाद शान्तिपूर्ण वा सशस्त्र क्रान्तिबाट भन्ने लामो वैचारिक सङ्घर्षको विषय बन्दै आएको छ। शान्तिपूर्ण तरीकाबाट निर्वाचनमा जितेर समाजवाद स्थापना गर्न सकिन्छ भन्ने विचार संशोधनवादी विचार हो। यो सोभियत सङ्घमा का. स्तालिनको निधन पछि खुश्चेभले अगाडि सारेको पुँजीवादी विचार हो। त्यही संशोधनवादी विचारको कारण सन् १९९१ मा विशाल समाजवादी देश सोभियत सङ्घ विघटन भयो, देश पनि रहेन र समाजवाद पनि समाप्त भयो।

नेपालमा एमालेले २०४६ सालपछि जनताको बहुदलीय जनवादको नाउँमा पुँजीवादी सरकारमा गएर समाजवाद स्थापना गर्ने संशोधनवादी विचारलाई अघि सा-यो। मदन भण्डारीले अगाडि सारेको विचार भएको हुँदा भण्डारीलाई नेपालको बर्नस्टिन पनि भनिन्छ। बर्नस्टिन मार्क्सका शिष्य थिए उनी आमूल परिवर्तनको पक्षमा थिएनन्। उनी मजदुर वर्गको हक हितको सुधारवादी कुरामात्रै गर्थे। अहिले एमालेले समाजवादी क्रान्तिको बाटो त्यागेर जबजको नाउँमा पुँजीवादी सरकारमा गएर शासन गरिरहेको छ। त्यसैले नेमकिपाले एमालेलाई भाइ काङ्ग्रेस भनेर आलोचना गर्दै आएको हो। माओवादी पनि २०६२।६३ पछि लगातार सरकारमा गएर शासक बनिरहेको छ। निर्वाचनबाटै समाजवाद स्थापना गर्ने भन्दै २१ औँ शताब्दीको जनवादको नारा लगाउँदैछ। त्यो एक प्रकारको जनतालाई धोखा र विश्वासघात हो।

संसद्मा जितेर समाजवाद स्थापना सम्भव छैन भन्ने विश्व कम्युनिष्ट आन्दोलनले देखाएको छ। सन् १९६० को दशकमा इन्डोनेसियामा कम्युनिष्टहरूले धेरै स्थान जिते। त्यहाँको पुँजीवादी सरकारले अर्ध समाजवादी सरकार नाम दियो। तर, केही वर्ष पछि नै पुँजीवादी सरकारले कम्युनिष्टहरूलाई दमन ग-यो र लाखौँ कम्युनिष्टहरूको हत्या ग-यो। चिलीमा सन् १९७० मा कम्युनिष्ट पार्टीका नेता एलेन्डे राष्ट्रपति निर्वाचित भए। जब उनले घरेलु नीति, परराष्ट नीतिमा हेरफेर गर्न खोजे ३ वर्षमै प्रतिक्रियावादीहरूले सैनिक ‘कु’ गरी राष्ट्रपति भवनमा हत्या गरे। भारतमा पश्चिम बंगालमा ज्योति बसुहरूले वाममोर्चाको तर्फबाट धेरै वर्ष शासन गरे तर टिकाउन सकेनन्। केरालामा पुँजीवादी पार्टीहरूले निर्वाचित सरकारलाई अपदस्थ गर्न विभिन्न उपद्रवहरू गरे र संसद् पटक पटक भङ्ग गरे। यसबाट शान्तिपूर्ण तरीकाबाट समाजवाद स्थापना गर्न खोज्यो भने पुँजीवादीहरूले कुनै

पनि बेला समाप्त पार्न सक्छ भन्ने बुझ्न सकिन्छ ।

लेनिनले भन्नुभएको छ, क्रान्तिको निम्ति शासक वर्ग पहिलेको अवस्थामा शासन गर्न नसक्ने अवस्था र जनता पहिलेकै अवस्थामा बस्न नचाहेका अवस्थामा अन्तराष्ट्रिय परिस्थिति अनुकूल भएमा क्रान्ति हुन्छ । हो, नेपाल मजदुर किसान पार्टीले चुनावलाई उपयोग गरेर जनतालाई राजनैतिक रूपले सचेत पार्ने र सङ्गठित गरेर समाजवादी क्रान्तिको निम्ति तयार गर्ने नीतिलाई जोड दिइरहेको छ । नेमकिपाका कार्यकर्ताहरू पैसा कमाउन र सुविधा लिनको लागि राजनीतिमा लागेको नभई देश र जनताको इमानदारीपूर्वक सेवा गर्न लागेका हुन् । प्रतिनिधिसभा र प्रदेशसभा कानून बनाउने थलो भएको हुँदा जनताको हित विपरीतका कानूनहरूलाई रोक्ने र जनहितका कानूनहरू निर्माणमा सहयोग गर्ने काम हाम्रा सांसदहरूले गर्दै आउनु भएको छ । नेपाल मजदुर किसान पार्टी चुनावबाट समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन । संसद्लाई पनि वर्ग सङ्घर्षको थलोको रूपमा लिन्छ र अहिलेसम्म नेपाल मजदुर किसान पार्टीका सांसदहरूले पार्टीको नीति र निर्देशनअनुसार त्यसलाई व्यवहारमा प्रस्तुत गर्दै आउनु भएको छ ।

नेमकिपाले स्थापनाकालदेखि नै प्रतिक्रियावादी सङ्घ संस्थामा गएर काम गर्ने लेनिनवादी नीतिलाई अवलम्बन गर्दै आयो । राजनीतिक पार्टीहरू खोल्न प्रतिबन्धित अवस्थामा पनि पञ्चायतमा भाग लिएर जनताको सेवा गर्दै आयो । नगरपञ्चायतमा निर्वाचित जन प्रतिनिधिहरूले 'पञ्चायत' पत्रिकामा सम्पूर्ण हिसाब प्रकाशित गरेर पारदर्शिताको नमूना प्रस्तुत गर्नु भयो । प्रौढ कक्षा सञ्चालन, सफाइ आन्दोलन, सीपमूलक तालिमको व्यवस्था गरी जनहितका कामहरू गर्नुभयो । २०४५ साल भदौ ९ गते भक्तपुर काण्ड रचेर पञ्चायती व्यवस्थाले पार्टीलाई नै समाप्त पार्न खोज्यो । तर पञ्चायती व्यवस्था स्वयम् समाप्त भयो ।

पार्टीले महाकाली, गण्डक, कर्णालीजस्ता राष्ट्रघाती सन्धि सम्झौताको विरोध गर्दै आएकोमा पछिल्लो चरणमा एमसीसी, राष्ट्रघाती नागरिकता विधेयक र एसपीपीको विरोध कार्यक्रम पनि निरन्तर जारी राखेको छ । अमेरिकी साम्राज्यवादले इराक र लिबियामाथि गरेका आक्रमणको विरोध गऱ्यो । अहिले अमेरिकी साम्राज्यवादको सहयोगमा इजरायलले प्यालिष्टाइनी जनतामाथि गरेको बर्बर आक्रमण गरी नरसंहार गरिरहेको छ । त्यसको विरोधमा पनि नेमकिपाले एक्लै जिल्ला जिल्लामा आन्दोलन गर्दैछ । यो कम्युनिष्टहरूले गर्नु पर्ने अन्तराष्ट्रवादी कर्तव्य हो र नेमकिपाले त्यो कर्तव्य पूरा गर्दै आएको छ ।

अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवादले नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथि गरेको हस्तक्षेपको विरोध तथा प्रतिक्रियावादी शासक दलहरूले गरेको जनविरोधी गलत कामको निरन्तर विरोध गर्दै नेमकिपाले नेपालको कम्युनिष्ट आन्दोलनमा प्रकाशस्तम्भको काम गर्दै आएको छ ।

नगरपालिकाका जनप्रतिनिधिहरू संविधानले देखाएको समाजवादउन्मुख काम गर्न निरन्तर क्रियाशील हुनुहुन्छ । देशमा समाजवाद स्थापना गर्न निर्वाचित साथीहरूको तर्फबाट पनि सक्दो योगदान गर्नु आवश्यक छ ।

सशस्त्र क्रान्तिबाट जित्दैमा निर्वाचनमा धेरै मत आउँछ भन्ने पनि होइन । सन् १९१७ को अक्टोबर क्रान्तिपछि सोभियत सङ्घमा भएको विधानसभाको चुनावमा बोल्सेभिक पार्टीले २५ प्रतिशत मत मात्रै प्राप्त गर्न सक्यो, बुर्जुवा पार्टीले १३ प्रतिशत र मेन्सेबिकलगायत अन्य पार्टीले ६२ प्रतिशत मत पाए । सन् १९१८ जनवरी ५ मा त्यस निर्वाचित विधानसभालाई का. लेनिनले विघटन गर्नुभयो र समाजवादी नीतिलाई अगाडि बढाउनुभयो । विधानसभाबाट बनेको संविधान लागू गरिएको भए सोभियत सङ्घमा समाजवादी व्यवस्था सञ्चालनको सम्भावना थिएन । त्यसैले बनी बनाउ संरचना भित्र गएर कम्युनिष्टहरूले समाजवादी नीति लागू गर्न नसक्ने मात्र होइन असम्भव नै हुन्छ । यसर्थ कम्युनिष्टहरूले पुरानो राज्य सत्तालाई ध्वंश गरीमात्र नयाँ राज्य सत्ता समाजवाद स्थापना गर्न सकिन्छ । यो कुरालाई कसैले पनि भुल्नु हुँदैन । राज्य सत्ताको अर्थ पुँजीवादी सरकारमात्र होइन । पुलिस, सेना, कर्मचारी, अड्डा अदालत र कानून हो ।

नेपाल कम्युनिष्ट आन्दोलनमा पनि गलत विचार र सिद्धान्तको चिरफार गर्दै निरन्तर समाजवादी रातो झन्डा उँचो पार्ने काम सच्चा कम्युनिष्ट र क्रान्तिकारीहरूको आजको जिम्मेवारी र कर्तव्य हो । त्यही जिम्मेवारी र कर्तव्य पूरा गर्न नेमकिपाका कार्यकर्ताहरू निरन्तर लागिरहेका छन् । का. रोहितले भन्नुभए जस्तै सिद्धान्त र विचार त्याग्नु हिमालयमा चिप्लेटी खेल्नुसरह हो । सम्पूर्ण नेता कार्यकर्ताहरू समाजवादी व्यवस्था स्थापना नहुन्जेलसम्म अथक र अविचलित रही समाजवादको रातो झन्डा बोकेर अगाडि बढौं ! नेमकिपा ५० वर्षको हार्दिक शुभकामना !

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले माघ ९ गते नेमकिपा ५० वर्ष पुगेको अवसरमा आयोजित प्रवचन कार्यक्रममा व्यक्त गर्नु भएको मन्तव्यको सार सङ्क्षेप)

# नेमकिपाको गौरवपूर्ण आधा शताब्दीको अविरल यात्रा

विवेक

'नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवस २०८० माघ १० गते जिल्ला, स्थानीय तह, वडा र टोलसम्म पार्टी समितिहरूलाई पार्टीको प्रकाशन, क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिष्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया गराई कार्यकर्ता, शुभेच्छुक र जनताको सांस्कृतिक र राजनैतिक स्तर उठाउने साथै अध्ययन र अन्तरक्रियामा सम्बन्धित विषयको इतिहास र देशको भूगोलसमेत अध्ययन गर्ने गराउने ।'

नेपाल मजदुर किसान पार्टीको सातौँ महाधिवेशन पछिको पाँचौं केन्द्रीय परिषद्ले उपरोक्त निर्णय गरेको हो । पुस २७ र २८ गते पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँको अध्यक्षतामा बसेको केन्द्रीय परिषद्ले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू पारित गर्दै टुङ्गिएको छ । माघ १० गते नेमकिपा स्थापना भएको ५० वर्ष पुग्दैछ । २०३१ साल माघ १० गते नेमकिपाको स्थापना भएको हो । समाजवादी देश सोभियत सङ्घले साना र कमजोर देशहरूमाथि आर्थिक सहयोगको नाउँमा हस्तक्षेप र थिचोमिचो गरेको सम्बन्धमा रुसलाई हेर्ने दृष्टिकोण र भारतको सहयोगमा पूर्वी पाकिस्तान स्वतन्त्र देश (बंगलादेश) घोषणा गरेकोबारे तत्कालीन नेकपामा आएको मत भिन्नता नेपाल मजदुर किसान पार्टी स्थापनाको आधार बन्यो । का. रोहितले **'रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन'** र **'नेपाल कम्युनिष्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन'** पुस्तक लेखेर मतभेद जारी गर्नु भएपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टीबाट अलग भएर नेमकिपा स्थापना भएको हो । शत्रु र मित्रबारे र पञ्चायती सरकारले गरेको निर्वाचनमा भाग लिनेबारे पनि फरक फरक दृष्टिकोण हुनु पनि पार्टी अलग हुनाका कारणहरू हुन् ।

मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अवलम्बन गर्दै आएको नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि आधा शताब्दीसम्म सामन्तवाद, पुँजीवाद, उपनिवेशवाद र साम्राज्यवादविरुद्ध अविचलित रूपमा सङ्घर्षरत छ । पद र पैसाको लोभ नगरी कामदार वर्गलाई शासक वर्गको रूपमा उठाउने उद्देश्यका साथ जनताको सेवामा समर्पित भएर इमानदारीपूर्वक काम गरिरहेको नेपालको एकमात्र पार्टी हो, नेपाल मजदुर किसान पार्टी ।

नेमकिपालाई समाप्त पार्न धेरैले धेरै कोसिस गरे तर सफल भएन । तत्कालीन पञ्चायती व्यवस्थाले २०४५ सालमा राज्य स्तरबाट 'भक्तपुर काण्ड' को षड्यन्त्र रची समाप्त गर्न खोज्यो, तर त्यो सफल भएन । उल्टै पञ्चायती व्यवस्था नै समाप्त भयो । बहुदलीय व्यवस्था पुनःस्थापनापछि 'एमालेको डोजर भक्तपुरमा' भनी नेमकिपाविरुद्ध एमालेले अभियान चलायो । त्यो पनि सफल नभएपछि नेमकिपा फुटाउने कोसिस गऱ्यो । नेमकिपाबाट निर्वाचित सांसद र विभिन्न तहका जनप्रतिनिधिहरू एमालेमा प्रवेश गराए र नेमकिपा फुटाउने असफल कोसिस गऱ्यो तर एमाले नै विभाजन भयो । २०६२।६३ पछि माओवादी पनि पञ्च र एमालेकै कामलाई निरन्तरता दिँदै नेमकिपाविरुद्ध खनिए । माओवादी अध्यक्ष 'प्रचण्ड' स्वयंले नेमकिपालाई फुटाउने प्रयास गरेको स्वीकारेका छन् । सार्वजनिक रूपमा उनले भने– 'नेमकिपाले जसरी भक्तपुरमा काम गरेको छ शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा तोड्न भनी ठूला ठूला पार्टीहरूले तोड्न बल गरे तर सकेनन् ।'

हो, नेमकिपा पद र पैसाको लागि राजनीति गर्न स्थापना भएको पार्टी होइन, कसैले चाहँदैमा तासको घरझैँ भत्किनलाई । नेमकिपा विचार र सिद्धान्तको आधारमा बनेको पार्टी हो । विचार र सिद्धान्तबाट प्रशिक्षित कार्यकर्ताहरूबाट बनेको पार्टी कस्तो हुँदो रहेछ भन्ने एक उदाहरण प्रस्तुत गर्दैछ आज नेमकिपाले । देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु नै राजनीति हो भन्ने मान्यता नेमकिपाले व्यवहारमा प्रमाणित गर्दैछ । अनेक किसिमका हन्डर, षड्यन्त्र र कठिन सङ्घर्षबीच नेमकिपा सतिसालको रुखझैँ दरो भएर नेपालको कम्युनिष्ट आन्दोलनको एक प्रकाशस्तम्भको रूपमा उभिएको छ ।

बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हक सुरक्षाको आन्दोलन जस्ता किसान आन्दोलनको जगमा उठेको नेमकिपा महँगी विरोधी र भ्रष्टाचारविरोधी आन्दोलन गर्दै देशको राजनैतिक आन्दोलनमा पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । पछिल्लो चरणमा भएका सुन काण्ड, ललिता निवासको जग्गाकाण्ड, नक्कली भुटानी शरणार्थी काण्डलगायतका विषयमा पनि गलत गर्नेहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने आवाज उठाउँदै आएको छ । भारतले नेपालको सुस्ता, महेशपुर इलाम, लालापट्टी र तिलाठी तथा कालापानीलगायत विभिन्न ठाउँको भूमि अतिक्रमणको विरोधमा होस् या लाखौं भारतीय नागरिकलाई नेपाली नागरिक बनाउने उद्देश्यले पारित देशघाती नागरिकता विधेयकको विरोधमा होस् नेमकिपा सदन र सडकमा एक्लै

भए पनि सङ्घर्षरत छ। नेपाल भारतबीच भएका राष्ट्रघाती सन्धिहरू महाकाली सन्धि, गण्डक, माथिल्लो कर्णाली, पश्चिम सेती, अरुण तेस्रोलगायतको सन्धि होस् वा हालै भएको नेपाली भूमिमा सरकारको स्वीकृतिबिना २० करोड भारतीय दूतावासले खर्च गर्न पाउने सम्झौता होस्, नेमकिपाले निरन्तर विरोध गर्दै आएको छ।

भियतनाम, इराक, लिबिया, अफगानिस्तानलगायतका देशहरूमाथि अमेरिकी साम्राज्यवादले गरेको बर्बर आक्रमणको विरोध, प्रजग कोरिया, क्युवामाथि गरेको नाकाबन्दी र आक्रमणको धम्कीको विरोधमा तथा क्युवा, अफगानिस्तान, इराक, लिबिया, प्रजग कोरियाका न्यायप्रेमी जनताप्रति ऐक्यबद्धता आन्दोलनमा समर्थन जनाउँदै नेमकिपाले अन्तर्राष्ट्रिय कर्तव्य पनि पूरा गर्दै आएको छ।

पछिल्लो चरणमा देशलाई नै अमेरिकी साम्राज्यवादको उपनिवेश बनाउने एमसीसी सम्झौताको विरोधमा नेमकिपा सङ्घर्षरत छ भने अमेरिकी सहयोगमा इजरायलले प्यालेष्टाइनी जनतालाई आफ्नो भूमिबाट विस्थापित गर्न गरिरहेको बमबारी, नरसंहारको विरोध तथा प्यालेष्टाइनी जनताको देशभक्तिपूर्ण आन्दोलनको समर्थनमा ऐक्यबद्धता जनाउँदै आएको छ।

नेपाल मजदुर किसान पार्टी सिद्धान्तको मामिलामा कसैसित सम्झौता गर्दैन। सिद्धान्तविपरीत काम गरेर जनतालाई ठगिरहेका एमाले र माओवादीको मुकुण्डो च्याट्ने काम पनि नेमकिपाले गर्दैछ। कम्युनिष्ट पार्टीको नाउँमा पुँजीवादी सरकारमा सहभागी हुने र सरकारको नेतृत्व गरेर पुँजीवादको जगलाई बलियो बनाउनेहरूको विरुद्ध नेमकिपाले सैद्धान्तिक सङ्घर्ष जारी राखेको छ। नेमकिपाले चुनावलाई प्रतिक्रियावादीहरूलाई नङ्ग्याउन र जनताको चेतनास्तर उठाउन उपयोग गर्दै आएको छ। शान्तिपूर्ण अवस्थामा जनताबीच काम गर्न चुनावको उपयोग गर्नु उचित भए पनि पुँजीवादी सरकारमा सामेल हुनु भनेको पुँजीवादमै पार्टीलाई बिसर्जन गर्नु हो भन्नेबारे नेमकिपा प्रष्ट छ।

नेमकिपा निर्वाचनबाट समाजवाद स्थापना हुन्छ भन्नेमा विश्वास गर्दैन। चुनावलाई जनताको राजनैतिक र सांस्कृतिक स्तर उठाउने एक राजनैतिक सङ्घर्षको रूपमा मात्रै लिन्छ। जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' को रूपमा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर पनि जनताको सेवा गर्ने नीति अनुरूप नेमकिपाले निर्वाचनलाई उपयोग गर्दै आएको छ। वर्तमान समयमा स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनमा भाग लिएर निर्वाचित प्रतिनिधिहरूले निरन्तर देश र जनताको सेवा गरिरहेका छन्।

२०३६ सालको आन्दोलन र २०४६ सालको आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको नेमकिपा २०६२।६३ सालको आन्दोलनलाई निर्णायक तहमा पुऱ्याउने संसद् पुनःस्थापनाको माग गर्ने पहिलो पार्टी हो। पछि त्यो नै ७ दलको साझा माग भयो र संसद् पुनःस्थापनाले नै देशलाई गणतन्त्रको बाटोमा जान सहजता प्रदान गऱ्यो।

जनआन्दोलनमा जनताले अपेक्षा गरेअनुरूप शासक दलहरूले काम गर्न सकेनन्। पञ्चहरूकै पदचापमै नेका, एमाले र माओवादी जस्ता शासक दलहरू हिँड्दैछन्। जनतामा ठूलो निराशा, आक्रोश र असन्तोष बढ्दै छन्। त्यही कारण डेढ दशक अघि मसानघाटमा पुऱ्याइएको राजतन्त्र पुनःस्थापनाको कुरा गर्दा पनि हजारौँ जनता त्यसको पछि लाग्दैछन्।

शासक दलहरूले पार्टीको सिद्धान्त र निर्वाचन घोषणापत्रअनुसार काम गरेनन्। दलगत र व्यक्तिगत फाइदाकै निम्ति मात्र काम गरे। गरिब र कामदार जनताले निरङ्कुश राजतन्त्र, संवैधानिक राजतन्त्र र गणतन्त्रमा कुनै भेद देखेनन्। विगतमा राजा र राजतन्त्रले पाइरहेको सुख सुविधा आज शासक दलका नेता र कार्यकर्ताले भोग्दैछन्, हिजो १ जना राजाका ठाउँमा आज सयौँ राजाहरू जन्मे, देश खोक्रो भयो भनी जनताले आवाज उठाउन थालेका छन्। नेपाली जनतामा शासक दल, नेता र कार्यकर्ता तथा राजनीतिप्रति नै वितृष्णा जाग्यो। परिणाम स्वतन्त्र भन्नेहरू ठाउँ ठाउँमा जित्न थालेका छन्। शासक दलहरूले आफ्नो व्यवहारमा सुधार गरेनन् भन्ने आगामी दिनमा त्यो क्रम अझ बढ्ने सम्भावना छ।

नेमकिपाले आजसम्मको इतिहासमा सैद्धान्तिक रूपमा कसैलाई औँला ठड्याउने अवसर दिएन। हरेक विषयमा परिपक्व निर्णय गर्दै जनतालाई समाजवादी बाटोमा अगाडि बढाउन क्रियाशील छ। यो परिपक्व, कुशल र दूरदर्शी नेतृत्वकोकारण सम्भव भएको हो। आजका नयाँ पुस्ता पार्टीका अगुवाहरूले गर्नुभएको त्याग, तपस्या र बलिदानबाट सिक्दै अझ सशक्त भएर अगाडि बढ्ने अपेक्षा गर्न सकिन्छ।

नेमकिपाले बोकेको क्रान्तिकारी झन्डा नै अब यो देशको कम्युनिष्ट पार्टीको झन्डा बन्दैछ। त्यसलाई ढाल्न धेरै प्रतिक्रियावादीहरूले कोसिस गरे, तर ती सफल भएनन्। त्यस्ता प्रतिक्रियावादी षड्यन्त्रहरूलाई असफल पार्दै नेपाल मजदुर किसान पार्टी थप जुझारु भएर अगाडि बढ्नेछ। बिना पद र पैसाको लोभमा नेमकिपाका नेता कार्यकर्ताहरू आधा शताब्दी लडे, आवश्यक परे अर्को शताब्दीयौँसम्म लडिरहनेछन्। देशमा जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी समाज स्थापना नहुञ्जेल अथक र अविरल सङ्घर्ष गरिरहनेछन्, हिमनदी पग्लेर बगेका गण्डकी, कोशी, कर्णाली र महाकालीको चोखो पानी सरी। यो नै नेमकिपा स्थापनाको ५० वर्षको अवसरमा नेमकिपाका कार्यकर्ता, शुभचिन्तकहरूप्रति हार्दिक शुभकामना र बधाई !

# म कम्युनिस्ट हुँ



नाजिम हिक्मत रान

म कम्युनिस्ट हुँ
किनभने म साम्यवादभन्दा उत्तम संसारमा अर्को अब्बल अर्थव्यवस्था देख्दिनँ ।

म कम्युनिस्ट हुँ
किनभने मानिसका दुःख देखेर म आफै पनि दुःखी हुन्छु ।

म कम्युनिस्ट हुँ
किनभने न्यायपूर्ण समाजको आदर्शमा म दरिलो विश्वास गर्छु ।

म कम्युनिस्ट हुँ
किनभने सबैलाई जे चाहिन्छ–पाउनुपर्छ, जे सक्छ–दिनुपर्छ ।

म कम्युनिस्ट हुँ
किनभने म ऐक्यबद्धतामा नै मानवीय खुसी हुनेमा म दरिलो आस्था राख्छु ।

म कम्युनिस्ट हुँ
किनभने म सबै मानिसलाई आवास, स्वास्थ्य, शिक्षा, चित्तबुझ्दो रोजगार र आरामको हक हुनुपर्नेमा विश्वास गर्छु ।

म कम्युनिस्ट हुँ
किनभने म कुनै ईश्वरमाथि विश्वास गर्दिनँ ।

म कम्युनिस्ट हुँ
किनभने अझसम्म त्योभन्दा उत्तम अर्को विचार कसैले पहिल्याउन सकेको छैन ।

म कम्युनिस्ट हुँ
किनभने म मानिसमा विश्वास गर्छु ।

म कम्युनिस्ट हुँ
किनभने एक दिन सिङ्गो मानव जाति कम्युनिस्ट हुने आशा गर्छु ।

म कम्युनिस्ट हुँ
किनभने संसारका सर्वोत्कृष्ट मानिसहरू कम्युनिस्ट थिए र छन् ।

म कम्युनिस्ट हुँ
किनभने म पाखण्डलाई घृणा गर्छु र सत्यलाई प्रेम गर्छु ।

म कम्युनिस्ट हुँ
किनभने म आफू र अरूबीच कुनै अन्तर देख्दिनँ ।

म कम्युनिस्ट हुँ
किनभने म स्वतन्त्र बजारको विरोध गर्छु ।

म कम्युनिस्ट हुँ
किनभने म आफ्नो सम्पूर्ण जीवन मानव जातिको भलाइको लागि लड्न चाहन्छु ।

म कम्युनिस्ट हुँ
किनभने एकताबद्ध जनतालाई कसैले जित्न सक्दैन ।

म कम्युनिस्ट हुँ
किनभने तिमी गल्ती गर्नसक्छौ तर एक जना पुँजीपति हुने हदसम्मको गल्ती गर्न सक्दैनौ ।

म कम्युनिस्ट हुँ
किनभने म जीवनलाई प्रेम गर्छु र जीवनको पक्षमा लड्छु ।

म कम्युनिस्ट हुँ
किनभने निकै थोरै मानिसहरूमात्र कम्युनिस्ट छन् ।

म कम्युनिस्ट हुँ
किनभने आफूलाई कम्युनिस्ट भन्ने नक्कली कम्युनिस्टहरू पनि छन् ।

म कम्युनिस्ट हुँ
किनभने साम्यवाद नभएकोले नै मानिसमाथि मानिसको शोषण कायम भएको हो ।

म कम्युनिस्ट हुँ
किनभने मेरो दिमाग र मेरो मन कम्युनिस्ट हुन् ।

म कम्युनिस्ट हुँ
किनभने म हरेक दिन आत्मालोचना गर्छु ।

म कम्युनिस्ट हुँ
किनभने जनताबीच सहकार्य नै उनीहरूबीच शान्तिको एउटैमात्र बाटो हो ।

म कम्युनिस्ट हुँ
किनभने मानव जातिको यति धेरै दुःखको लागि गैरकम्युनिस्टहरू दोषी छन् ।

म कम्युनिस्ट हुँ
किनभने म व्यक्तिगत शक्ति होइन, जनताको शक्ति चाहन्छु ।

म कम्युनिस्ट हुँ
किनभने अहिलेसम्म मलाई कसैले म कम्युनिस्ट होइन भनी चित्त बुझाउन सकेको छैन ।

नेपाली अनुवाद : विनय

**स्रोत** : हाम्रो कोशी आवाज, चैत्र २०, २०७७

(नाजिम हिक्मत रान (Mehmed Nazim Ran, commonly known as Nazim Hikmet -15 January 1902-3 June 1963) टर्कीका कवि, नाटककार, पटकथाकार, निर्देशक र संस्मरण लेखक हुन् । कम्युनिस्ट भएकैले उहाँले पटक–पटक जेल र प्रवास जीवन भोग्नुपऱ्यो । जीवनको ४७ वर्ष साहित्यिक यात्राका विभिन्न विधाहरू नाटक, उपन्यास र यात्रा संस्मरण आदि लेखेर बिताएका थिए । जीवनलाई राजनीतिक कारणबाट टर्कीको स्वतन्त्रताको लागि समर्पित गर्दै नाजिमले जीवनका करिब १८ वर्ष जेलको काल कोठरीमा बिताएका थिए भने १३ वर्ष विभिन्न देशको निर्वासनमा होमिनु परेको थियो । उहाँ सुरु सुरुमा छन्दमा कविता लेख्नुहुन्थ्यो । तर, पछि गएर उहाँले पद्य कवितामा ख्याति प्राप्त गर्नुभयो । उहाँले लामो समय टर्कीको प्रतिक्रियावादी सरकारको विरोधमा सङ्घर्ष गर्नुभयो । उहाँका विभिन्न कृति ५० भन्दा बढी भाषामा प्रकाशित छन् । अङ्ग्रेजी भाषामा यो कविता otheraspect.org मा प्रकाशित छ ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।– नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।– नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।– को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।– (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# प्रेरणीय

## मौकाको सदुपयोग

एकपटक बाटोमा एक व्यक्तिको भेट यमराजसित भयो । उनले यमराजलाई चिन्न सकेनन् । यमराज लामो यात्राका कारण तिर्खाएका थिए । उनले ती व्यक्तिसित पानी मागे । तिनले तत्कालै यमराजलाई चिसो पानी उपलब्ध गराए । तिर्खाएको समयमा पानी पिउन पाउँदा यमराज खुसी भए । यमराजले ती व्यक्तिलाई भने– हेर भाइ, म यमराज हुँ । म यहाँ तिमीलाई नै लिन आएको हुँ । किनकि, धर्तीमा बस्ने तिम्रो समय सकिइसकेको छ । तर, तिमीले मलाई पानी पिलाएर मेरो प्यास मेटाएका हुनाले म तिमीलाई आफ्नो भाग्य बदल्ने एउटा सुनौलो मौका दिन्छु । यसको सक्दो सदुपयोग गर्नू ।

यमराजले ती व्यक्तिलाई एउटा अनौठो डायरी दिँदै भने– तिमीसित मात्र पाँच मिनेट समय छ । यसमा तिमीले जे लेख्छौ, त्यही पाउँछौ । तर, ध्यान राख्नू, तिमीसित केवल पाँच मिनेट मात्र समय छ । ती व्यक्तिले यमराजको हातबाट डायरी लिए । त्यसलाई खोलेर हेरे । पहिलो पानामा उनको छिमेकीको चिठ्ठा खुल्नै लागेको र चिठ्ठा परेर उनी करोडपति बन्ने लेखिएको थियो । उनले त्यहाँ लेखे–मेरा छिमेकीलाई त्यो चिठ्ठा नपरोस् ।

उनी डायरीका थप पाना पल्टाउँदै गए । एउटा पानामा लेखिएको थियो– तिम्रा परम मित्र निर्वाचन जितेर मन्त्री हुनेवाला छन् । उनले त्यहाँ लेखे– मेरा साथीले कहिल्यै निर्वाचन नजितून् । उनले यसैगरी पाना पल्टाउँदै गए, प्रत्येक पानामा अरूका बारेमा लेखिएका राम्रा कुरा बदल्दै गए । जब उनी अन्तिम पानामा पुगे । त्यहाँ उनले आफ्ना बारे लेखिएको पाए ।

जब उनले आफ्नो भाग्य बदल्नका लागि केही लेख्न कलम उठाएका मात्र थिए, यमराजले उनको हातबाट डायरी खोसे र भने– तिमीलाई दिइएको समय सकियो । अब तिमीले केही पनि लेख्न पाउँदैनौ । अब केही हुनेवाला छैन । तिमीले आफ्ना लागि बिताउनुपर्ने अमूल्य समय अर्काको भाग्य बदल्ने र उनीहरूको नराम्रो चिताउने कार्यमा गुमायौ । तिमीले आफ्नो जीवनलाई सङ्कटमा पाऱ्यौ । अब तिम्रो अन्त्य निश्चित छ ।

यमराजको कुरा सुनेपछि ती व्यक्ति निकै पछुताए । तर, उनको हातबाट सुनौलो मौका गुमिसकेको थियो ।

सन्दर्भ : हृदयचन्द्रसिंह प्रधानको १०८ औं जयन्ती

# विशिष्ट साधना, कम मूल्याङ्कन



डा. देवीप्रसाद सुवेदी



विगतमा नेपाली साहित्यमा केही यस्ता प्रतिभा देखापरे, जो बहुआयामिक थिए। तिनीहरू साहित्यका एक-दुई विधामा मात्र सीमित देखिएनन्, साहित्यबाहेक वाङ्मयका विभिन्न विषयमा समेत प्रतिभा देखाए।

माध्यमिक कालका युवाकवि मोतीराम भट्ट र आधुनिक कालका लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम त्यस्तै बृहत्तर प्रतिभा हुन्। तिनैमध्येका अर्का हुन्, हृदयचन्द्रसिंह प्रधान। उनी समालोचक, निबन्धकार, एकाङ्की नाटककार, उपन्यासकार, कथाकार, व्याकरणकार र साहित्यिक पत्रकार पनि हुन्।

तर, नेपाली साहित्यमा उनको उचित मूल्याङ्कन हुन सकेको छैन। न उनलाई सम्झिने कुनै उल्लेख्य प्रतीकहरू हामीसँग छन्। अतः राज्यका निकाय र यहाँका साहित्यिक संस्थाहरूले उनलाई चिनाउने महत्त्वपूर्ण कार्य गर्नु आवश्यक छ। र, साहित्यिक जगतले उनको साहित्यिक व्यक्तित्व र योगदानको पुनर्मूल्याङ्कन गर्नु पनि आवश्यक छ। यही विचारबाट उत्प्रेरित भई लेखिएको यस लेखमा उनै बहुआयामिक व्यक्तित्व प्रधानबारे अति सङ्क्षिप्त परिचय दिने प्रयास गरिएको छ।

मोतीराम भट्टले **'भानुभक्तको जीवनचरित्र'** शीर्षकमा जीवनीपरक समालोचना लेखेपछिको लामो समय नेपाली साहित्यमा समालोचना लेखन खाली नै रह्यो- रामकृष्ण शर्माको उदय नभएसम्म। त्यसपछि रामकृष्ण शर्मा र यदुनाथ खनालले साहित्यमा वैचारिकताको महत्त्वबारे बौद्धिक प्रक्षेपण गरे।

यी दुई समालोचकले नेपाली साहित्यिक समालोचनालाई बौद्धिक उचाइ प्रदान गरे। तर, त्यस समयसम्म पनि साहित्यिक विधागत समालोचना देखापरेको थिएन। यस्तैमा सूर्यविक्रम ज्ञवालीले नेपाली कथाका आधुनिक प्रतिभा गुरुप्रसाद मैनाली, बालकृष्णशमशेर, पुष्करशमशेर र विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूको सङ्ग्रह **'कथाकुसुम'**को भूमिकाका माध्यमबाट आधुनिक नेपाली कथा साहित्यको प्रारम्भिक स्थितिबारे गहन समालोचना प्रस्तुत गरे। नेपाली समालोचनामा विधागत दृष्टिले गरिएको उक्त समालोचना नै पहिलो थियो।

साहित्यका कविता, निबन्ध, कथा, उपन्यास र नाटक पाँच विधाहरूमा समालोचना गर्ने परिपाटी आधुनिक नेपाली साहित्यको **'शारदा'** (१९९१) कालदेखि नै हुँदै आएको हो। २००२ सालमा हृदयचन्द्रसिंह प्रधानको समालोचनात्मक कृति **'केही नेपाली नाटक'** प्रकाशित भयो। यो नै नेपाली साहित्यको नाटक विधामाथि गरिएको पहिलो समालोचना थियो। यसैबाट प्रधानको समालोचकीय व्यक्तित्व निर्माणको ढोका खुलेको देखिन्छ।

प्रधान नेपाली नाट्य समालोचक मात्र नभएर स्वयम् नाटककार पनि हुन्। २००१ सालमा **'छेउ लागेर'** एकाङ्की लेखेपछि उनी नाटककारका रूपमा चिनिए। त्यसपछि उनले नाटककार बालकृष्ण समको 'मुटुको व्यथा', 'ध्रुव', 'मुकुन्द

इन्दिरा', 'प्रह्लाद' र 'अन्धवेग'को गहन अध्ययन गरे। परिणामतः उनको **'केही नेपाली नाटक'** समालोचनात्मक ग्रन्थ प्रकाशित भयो। यस कृतिमा बालकृष्ण समका पूर्वोक्त नाटकहरूको चिन्तन-मन्थन गरेको पाइन्छ।

प्रधानले आफ्ना समकालीन नाटककारहरू बालकृष्ण सम, भीमनिधि तिवारी आदिका नाट्यकृतिको समीक्षा लेखेर आफूलाई प्रथम नेपाली नाट्य समालोचकको रूपमा उभ्याए। र, नेपाली एकाङ्की नाट्य सिर्जनामा समेत सक्रिय रहे। उनको पहिलो नेपाली एकाङ्की **'छेउ लागेर'** (२००१) हो। त्यसपछि उनले **'गंगालालको चिता'** (२०११), **'कीर्तिपुरको युद्धमा'** (२०१६) र **'उनी देवता हुन्'** (२०१५) एकाङ्की सङ्ग्रह प्रकाशित गरे।

नेपाली एकाङ्की नाटककारहरू भीमनिधि तिवारी, पुष्करशमशेर, बालकृष्ण सम आदिका समकक्षमा उभिएका प्रधान सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली साहित्यमा अग्रणी स्थानमा छन्। बालकृष्ण समको 'प्रेम' (१९९०) र 'बोक्सी' (१९९९) भीमनिधि तिवारीको 'काशीवास' (१९९८), पुष्कर शमशेरको 'लक्ष्यहिन' (१९९९) आदि एकाङ्की सिर्जनाले कोरेको गोरेटोमा अगाडि बढेका प्रधान आफ्नो साहित्य यात्राका पछिल्ला दिनसम्म नै एकाङ्की रचनामा प्रवृत्त बनिरहे। सङ्ख्यात्मक दृष्टिले हेर्ने हो भने पनि उनी नेपाली एकाङ्की नाट्य सिर्जनामा अग्रपङ्क्तिमा देखा पर्छन्।

प्रधान नेपाली साहित्यको निबन्ध रचनामा उल्लेखनीय प्रतिभाको नाम हो। उनले २००३ सालमा **'भूस्वर्ग'** निबन्धमार्फत निबन्ध यात्रा थालेका हुन्। त्यसयता उनका **'कुरा साँचो हो'** (२०११), **'तीस रुपैयाँको नोट'** (२००४) **'जुँगा'** (२००९) र **'अफसोस'** (२०२१) निबन्ध सङ्ग्रह प्रकाशित भइसकेका छन्।

नेपाली निबन्धका अग्रज स्रष्टाहरू लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समले स्थापित गरेको परम्पराभन्दा केही भिन्न रही नेपाली निबन्धलाई गतिशील बनाउन उनको विशिष्ट योगदान छ। उनी सामाजिक जीवनका 'झिना-मसिना' विषयहरूमा निबन्ध रचना गर्छन्। उनको विचारमा 'फासफुसे' विषयमा लेखिएका निबन्धमा लेखकको आत्मानुभूति, ठट्यौलीपन, मार्मिकता, व्यङ्ग्य, भावनाको जगमा कुनै मौलिक चिन्तन, दृष्टिकोण वा विचार र सत्य आविर्भूत भइरहेको हुन्छ।

प्रधानका निबन्धका विषय अरूको दृष्टिमा नपरेका अति सामान्य हुन्छन्। तर, ती निबन्धहरूद्वारा उनले सामाजिक अन्धविश्वास, कुरीति, आदिप्रति व्यङ्ग्य गर्नुका साथै सामाजिक चेतनालाई प्रवाहित गरेका छन्। उनी ठट्टैठट्टामा मार्मिक अनुभूति व्यक्त गर्ने र सामाजिक विचार वा दृष्टिकोण दिने कुरामा सचेत छन्, आफ्ना निबन्धहरूमार्फत्। वास्तवमा उनलाई नेपाली प्रगतिशील निबन्धका अग्रणी स्रष्टा भने हुन्छ। उनको त्यसै धारलाई पछ्याएका छन्, निबन्धकार श्यामप्रसाद शर्माले।

---

माध्यमिक कालका युवाकवि मोतीराम भट्ट र आधुनिक कालका लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम बृहत्तर प्रतिभा हुन्। तिनैमध्येका अर्का प्रतिभा हुन्, हृदयचन्द्रसिंह प्रधान। उनी समालोचक, निबन्धकार, एकाङ्की नाटककार, उपन्यासकार, कथाकार, व्याकरणकार र साहित्यिक पत्रकार पनि हुन्। तर, नेपाली साहित्यमा उनको उचित मूल्याङ्कन हुन सकेको छैन।

---

**'केही नेपाली नाटक'** (२००२) बाट समालोचनाको यात्रा सुरु गरे पनि प्रधानको समालोचनकारिताले पछिसम्म पनि गति लिइरह्यो। उनका **'साहित्य र दृष्टिकोण'** (२००४) **'भानुभक्त एक समीक्षा'** (२०१३) र **'नेपाली साहित्य र उसका प्रतिनिधि कवि'** समालोचन विधाका गहिकिला कृति हुन्। उनको समालोचकीय गुण भन्नु कुनै साहित्यिक कृति वा कृतिकारका गुण-दोषलाई पर्गेल्ने वस्तुनिष्ट विचारपद्धति वा चिन्तन हो।

त्यस प्रकारको चिन्तनमा रहने मौलिकता उनको विशेषता हो। उनको समालोचकीय गन्तव्य पूर्वी (संस्कृत) र पाश्चात्य दुवै साहित्य सिद्धान्तका आधारमा साहित्यिक गुण-दोष केलाउन प्रवृत्त पाइन्छ। उनी नेपाली साहित्यमा पाइने पूर्वीय (संस्कृत) चिन्तन परम्पराप्रति कति सचेत थिए भन्ने तथ्य उनको निम्न कथनले पुष्टि गर्छ।

*'यदि हिन्दू लोकमा रामायण र महाभारत महाकाव्यको सृष्टि नभएको भए वेद, उपनिषद, पुराण आदि महान्, काव्य धर्म र साहित्यको भकारी नै भएता पनि भारत यत्तिको संस्कृत वा सभ्य हुँदैनथ्यो,'* ('केही नेपाली नाटक' (३९४)।

प्रधानको उपर्युक्त कथन आफ्ना समकालीन नाट्य स्रष्टा बालकृष्ण समको 'मुकुन्द इन्दिरा' नाटकको समीक्षाका क्रममा व्यक्त भएको पाइन्छ। यहाँ उनले नाटककी नायिका इन्दिराको आदर्श गुणको सक्दो प्रशंसा गरेका छन्। र, भारतीय आर्यसभ्यताको खुलेर बखान गरेका छन्। तापनि यथास्थानमा समका नाटकमा पाइने कमजोरीहरूको शिष्ट

## हृदयचन्द्रसिंह प्रधान

**नाम :** चन्द्रप्रसाद प्रधान
**साहित्यिक नाम :** हृदयचन्द्रसिंह प्रधान
**जन्म :** वि.सं. १९७२ माघ १२
**निधन :** वि.सं. २०१६ माघ १०
**'मातृस्नेह'** नामको निबन्ध वि.सं. १९९९ मा शारदामा छपाउँदा हृदयचन्द्रसिंह प्रधानको नामबाट ।
**सम्वद्ध :** नेपाली साहित्य परिषद्का संस्थापक

### विभिन्न विधाका कृतिहरू

**निबन्ध सङ्ग्रह**
- भू-स्वर्ग (२००३)
- तीस रुपियाँको नोट (२००४)
- जुँगा (२००९)
- कुरा साँचो हो (२०११)
- ऐसा मैं सोचता हूँ (हिन्दी, नेपालीमा अनुवाद 'यस्तो म सोच्दछू'
- अफसोच (२०२१)

**नाटक**
- केही नेपाली (२००२)
- छेउ लागेर (२००६)
- गांलालको चिता (२०११)
- उनी देवता हुन् (२०१५)

**उपन्यास**
- स्वास्नी मान्छे (२०११)
- एक विहान (२०१७)

**कथा**
- उसको आँसु (२०१२)
- हृदयचन्द्रका केही कथाहरू (२००५)

**समालोचना**
- साहित्य एक दृष्टिकोण (२००४)
- भानुभक्त एक समीक्षा (२०१३)
- नेपाली काव्य र उसका प्रतिनिधि कवि (२०२१)

**व्याकरण**
- शब्द शुद्धि विज्ञान (२०११)
- चिह्न परिचय (२०००)
- शब्द शुद्धिको पूँजी
- शब्द शुद्धिया ताचा

**सम्पादन**
- साहित्य श्रोत
- जागरण
- जनचेतना

**अन्य**
- शिशु शिक्षण कला
- विभिन्न पत्र पत्रिकाहरुमा कथा, निबन्ध, नाटक, समालोचना आदि प्रकाशित
- प्रधानका साहित्य नेपाली, नेपालभाषा र हिन्दी भाषामा प्रकाशित छन् ।

स्रोत : विभिन्न वेबसाइट

आलोचना पनि गरेका छन् । उनको यसप्रकारको समलोचकीय गुण उनका अन्य समालोचकीय कृतिमा पनि पाइन्छ । साहित्य र जीवनलाई गहन अध्ययन गर्ने उनले नेपाली समालोचनामा नमेटिने छाप छोडेका छन् ।

**'स्वास्नीमान्छे'** (उपन्यास २०११) र **'एक विहान'** (उपन्यास २०१७) मा आइपुग्दा प्रधानले एकाङ्की, निबन्ध, कथा, समालोचना आदि विधामा ठूलो फड्को मारिसकेका थिए । र, नेपाली साहित्यमा सङ्ख्यात्मक र गुणात्मक दुवै प्रकारले उत्कृष्ट योगदान दिइसकेका थिए । माथि उल्लिखित दुई उपन्यासले आधुनिक नेपाली उपन्यासकारका पङ्क्तिमा उनको नाम जोडिन आइपुग्यो ।

काठमाडौँको सामाजिक जनजीवनमा आधारित यी दुई उपन्यास नेपाली औपन्यासिक विधामा समसामायिक आधुनिक चेतना र जागरणका दृष्टिबाट समेत उच्च मानिएका छन् । सामाजिक जीवनका निम्नस्तरीय पात्रहरू समावेश गरिएका उनका उपन्यासहरू यी पात्रका माध्यमबाट सामाजिक विसङ्गतीको उद्घाटनका साथै नैतिकता र सुधारात्मक सन्देश प्रवाहित गर्न प्रवृत्त छन् ।

कथाकारका रूपमा हृदयचन्द्रसिंहको अभ्युदय उनको **'उसको आँसु'** कथा सङ्ग्रह (२०१२) बाट भएको हो । यद्यपि, यस सङ्ग्रहबाहेकका कतिपय कथा त्यस बेलाका समसामयिक साहित्यिक प्रकाशनमा प्रकाशित भएको पाइन्छ । तापनि उनी उपर्युक्त कथा सङ्ग्रहमार्फत नै नेपाली आधुनिक कथाकारका रूपमा चिनिएका हुन् । नेपाली साहित्यकारहरूमा साहित्यिक रचनाका अतिरिक्त नेपाली भाषा व्याकरणका कृतिहरूको रचना गर्ने अग्रज लेखकहरूमा जयपृथ्वीबहादुर सिंह, पुष्करशम्शेर, गोपाल पाँडे आदिको नाम लिन सकिन्छ ।

र, त्यही परम्परामा हृदयचन्द्रसिंह पनि देखा पर्छन् । आफ्नो जीवनकालमा विद्यालयका अतिरिक्त दैनिकरूपमा ट्युसन पढाउँदा उनलाई नेपाली भाषा व्याकरणका साथै नेवारी भाषाको शब्दशुद्धि ज्ञानसम्बन्धी व्याकरण लेख्ने उत्प्रेरणा प्राप्त भयो । र, उनले **'शब्दशुद्धिविज्ञान'**, **'शिशु शिक्षण कला'**, **'चिह्न परिचय'**, **'शब्दशुद्धिया ताचा:'**, **'शब्द शुद्धिको पूँजी'** लगायत पुस्तक प्रकाशित गरे । उनी नेपाली भाषा शिक्षणमा देखिएका शुद्धाशुद्धि समस्याप्रति जति सचेत थिए, त्यति नै आफ्नो मातृभाषा (नेवारी)को शुद्ध लेखनमा चासो राख्थे भन्ने जानकारी उनका रचनामा पाइन्छ ।

साहित्यसँगै प्रधानलाई चिनाउने अर्को पाटो पनि छ– साहित्यिक पत्रकारिताको । साहित्यका अनेकौँ विधामा कलम चलाएर पनि साहित्यिक पत्रकारिताको समृद्धिमा योगदान दिने माध्यमिककालीन युवाकवि मोतीराम भट्टकै परम्परामा हृदयचन्द्रसिंह प्रधानको नाम पनि जोडिन आउँछ । उनले आफ्नो जीवनकालमा **'साहित्यस्रोत'**, **'जागरण'**, **'जनचेतना'** आदि पत्रिकामा सम्पादन गरे ।

यसले उनलाई समर्थवान् साहित्यिक पत्रकारको रूपमा चिनायो । उनी सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, ऋद्धिबहादुर मल्ल, कृष्णचन्द्रसिंह प्रधान, गोविन्दबहादुर गोठाले, रत्नध्वज जोशी, विजय मल्ल, सत्यमोहन जोशी आदि नेवारी

मातृभाषी समवयस्क ती साहित्यिक प्रतिभाहरूका पङ्क्तिमा देखापर्छन्, जसले आफ्नो मातृभाषा (नेवारी)प्रति आत्मीयता राखेर पनि नेपाली भाषा साहित्यको अभिवृद्धिमा विशिष्ट योगदान दिएका छन् । प्रधानको उपर्युक्त बहुआयामिक व्यक्तित्व नेपाली भाषा साहित्यका स्रष्टा, साधक र आस्थावानहरूका निम्ति प्रेरणा बनेको छ ।

**स्रोत** : नागरिक, १ वैशाख २०७५

# हृदयचन्द्रसिंह प्रधानका कविता

## मानव

मानव,
आशाको पछ्यौरा चारैतिर बिछ्याएर,
निर्वस्त्र दीनले शिशिर–ऋतुको विहान सूर्यलाई झैँ
पर्खेर मैले तेरो हृदयबाट फूल झर्ने बाटो पर्खिरहको थिएँ ।
बाघ हात्तीलाई पनि इशारामा नचाउन सकेको देखेर,
बिजुली आविष्कार गरी जल वायु सूर्यहरूलाई पनि मेख मार्न सकेको देखेर ।

यस्तै हजारौँ अरू पनि आश्चर्यजनक
तेरा आविष्कार देखेर मानव,
तेरो शक्तिको मैले मुक्त कण्ठले तारीफ गरिरहेको थिएँ ।

तर मानव,
तँलाई देखेर,
सम्झेर अहिले त मलाई घृणा मात्तै उठ्छ,
आगोले भरिएको रिसमात्र उत्पन्न हुन्छ, आँसुमात्र उब्जन्छ ।

मनुलाई पढेर चिताएको भावना,
बुद्धलाई पाएर सोचेको कल्पना,
ईशालाई थापेर उडेको गौरव,
महम्मदलाई अँगालेर ठड्याएको नाक,
मार्क्सलाई सोचेर मिलेको सन्तुष्टि,
अनि गान्धीलाई देखेर फुलेको प्रफुल्लता सबलाई मानव,
तैँले डढेलो लाइदिइस् !
श्रद्धाको नाउँमा उनीहरूको अगाडि
नतमस्तक भई टोपलेर मानव,
तैँले उनीहरू सबलाई धोका दिइस् !
हे मानव,
तलाइ याद छ ? –
तेरो कपटले तेरै सभ्यता र संस्कृति लङ्डाइरहेको छ ।
तेरो ज्ञान र विज्ञानले तेरो बुद्धि र शक्तिले,
अनि तेरो शिल्प र कलाले,
तेरो संसार आज फूलभन्दा पनि हँसिलो हुन सक्छ
पुतली भन्दा पनि राम्रो हुन सक्छ,
चन्द्रमा भन्दा पनि चहकिलो हुन सक्छ ।

हे मानव,
कराउनेहरूलाई कुकुरले टोकाएर
तैँले शान्ति लिन सक्तैनस् ।

कुकुरको साथ साथ एक दिन
तँलाई समेत उनीहरूले मार्न बेर छैन,
किनभने
वेदना नै शक्तिको उपादान तत्त्व हो ।

त्यसैले हे मानव सुखलाई बाँड,
सूर्यले घाम बाँडे झैँ, बादलले पानी बाँडे झैँ,
मानव,
तैँले पनि सुखलाई दुवै हातले बाँड् ।

तेरो संसारमा एउटा पनि दुःखी नभए पछि
हे मानव,
तैँले चिताउन पनि नसकेको
अपूर्व आनन्द पाउनेछस् ।

**स्रोतः** पं. बदरीनाथद्वारा सम्पादित पुस्तक 'पद्य सङ्ग्रह'

## छोरोसित

ए छाप्रो बन्दै गइरहेको कङ्गाली
घरमा जन्मेको छोरो
मलाई लाज भइरहेको छ कि
किन म बाबु बनिरहेको छु
बोक्नेसम्म समर्थ हुनासाथै तँलाई
मैले सानैदेखि भरिया गराउनु छ
मेरो राजा सन्चो नभएर काममा
जान नखोजेको दिन
'स्वाँगी ! कामचोर ! तँलाई आज
म भात खुवाउन सक्तिनँ'
मैले भन्नुपर्नेछ
'साथीहरूसित सफर जानुपर्‍यो
बा एक मोहर !' भनेको बेला
स्वाभाविक ममता दबाएर
'चुलो नबल्ने याद गर पाजी !'

म हपार्नेछु ।
सुत्ने बिछ्यौना तँलाई
दिन सक्ने छैन
नाङ्गो आङ बिज्याएर पनि तैँले
सुकुलमा सुत्ने अभ्यास गर्नुपर्छ
थाल नभएको हुनाले सौभाग्यवश
मासु भात पाएको दिन
पातको प्वालबाट आधा मासुको
रस चुहाएर तैँले
मनको आँसु खसाल्नुपर्नेछ ।

## २

हो गृहस्थी बन्ने मेरो हकै थिएन
भूलले बिहे गरेर तँलाई
दुःख भोग्ने पुतला
सिर्जिरहेको छु
त्यसैले आफूलाई 'तेरो जन्मदाता'
भन्ने दाबा गर्न समर्थ ठान्दिनँ
के गरुँ बाबु मलाई पनि
रहर लाग्यो
पारिवारिक सुखमा गरिबी बिर्सने
मृगतृष्णा देखेँ
मेरो दीन स्थितिलाई पनि
यौवनले उत्ताउलो बनाइदियो
अनि
भविष्यसम्म नियाल्न नसक्ने
मेरो युवक उमङ्ग
नाची नाचीकन
विवाह बन्धनमा जकडियो
फलस्वरुप बाबु तैँले पनि
दुःखको भागी हुनुपर्‍यो !
दीन स्थितिले गर्दा आज तँजस्तो
सुन्दर छोरो पाएर पनि
मैले हाँस्न सकिनँ ।

## ३

तँलाई पाएर न्वारान पास्नीहरूको
यादमा पुरोहित बाजे
हाँसिरहेका छन्
भोजको नाउँमा टाउकोमा मकै
भुट्ने कुटुम्बहरू पास्नीको दिन
गनिरहेका छन्
म रोगी मरन्च्यासे भएर होइन
आफ्नो धन डुब्ला भन्ने डरले
चिन्तित भइरहेका
मेरा साहूहरू पनि
बाबु तँलाई पाएर
निश्चिन्त भइरहेका छन्
मेरो पसिनाले उनीहरूको
ब्याजसम्म पनि टार्न नसकेकोले
तँमा रगत पाकेर सुडौल भएपछि
तेरा घाँटी पनि
उनीहरूले दबाउनेछन् ।

## ४

मेरो छोरा तँ जन्मेको संसार
अझ देश
केही सुन्दर र सजिलो
भइसकेको छैन
मनुष्यत्वको मूल्य थाहा पाउने
महान् आत्माहरूको बलिदानले
फुलिरहेको सभ्यता
एकाध स्वार्थीहरूको
दाउपेचले उड्दैछ
बढ्दै गइरहेको संसारको
असजिलोपनाले भइरहेको
सुख शान्तिको मृत्य देखेर
मेरो अशक्त र रोगी जीवनमा पनि
युद्ध गर्ने सङ्कल्प जन्मिरहेको छ
आतङ्कले त्रस्त भएर सुतिरहेको
साहस ब्युँतिरहेको छ
तर मलाई थाहा छ मेरो बल
विजयी हुनसम्मको समर्थ छैन
त्यसैले छोरा तैँले पढेर
विद्वान बन्ने
जानेर ठूलो बन्ने
अनि प्रतिभाशालीको हकदार बन्ने
मौका पाउनेछैनस्
शरीरमा रगत र मासु
राख्न पाउनेछैनस्
अनि मबाट कुनै सुखको सास
फेर्न पाउनेछैनस्
छोटकरीमा भनूँ तैँले मबाट

कुनै जिन्दगी पाउनेछैनस् !
तर तेरो बर्बाद भएको जिन्दगीले
संसारलाई जिन्दगी दिन सक्नुपर्छ
तेरो बल नभएको आत्माले
जड जगाउनुपर्छ ।

**५**


मेरो प्यारो मेरो मृत्युको निम्ति
तँ सारै जरुरी छस् रे
तर अग्नि संस्कारको निम्ति
तँलाई मैले चाहेको छैन
मेरो लासलाई गिद्ध स्यालले
लुछ्लान भनेर
तँ दागबत्तीले तयार भएर
मलाई पर्खिनरहेस्
तँमा आगो छ भने
आगलागी भएर
संसारको अँठ्यारो भस्मीभूत गर
तँमा पानी छ भने मलाई
तर्पण दिएर नसिध्याएस्
बाढी बनेर जगतमा
उथलपुथल ल्याएस्
मेरो प्यारो छोरा वंश चलाउन र
परम्पराको प्रचार गर्नलाई
तँलाई मैले चाहेको छैन
त्यसैले
श्राद्ध काण्डमा अलमलिएर
पुनः नामको नरकमा
मलाई खोज्ने
वृथा कष्ट नगरेस् ।

**६**

बरु
दारिद्र्य यन्त्र ध्वस्त पार्ने
योद्धा भएर तँ
कर्मठहरूको नयाँ संस्करण बन्
शहीदहरूको पुनर्जन्म बन्
मानिसहरूको मुखमा
मुस्कान भर्ने तँ
सुन्दर शीघ्र भविष्य बन ।
हाँसेर बढेको भन्दा प्यारो तँ
रिसाएर मरेको म मीठो मान्नेछु
यसैले शीतल पङ्खा भएर
दुई चार जनालाई
ठण्डा दिएको भन्दा
तह मिलाउनको निम्ति
आँधी भएर ढलेको
मन पराउनेछु
मेरो प्यारो
कहिल्यै उज्यालो तुल्याउन नसकेको
हाम्रो छाप्रोमा
बत्ती बालेर झिलिमिली पार्ने
अल्झोमा तँ कहिल्यै न अल्झेस्
तँ आफै संसारको
बत्ती बनेर बाँच्न नसके
तेरो बाटोमा लाग्ने सपूत
एक दिन उज्यालो लिएर
तेरो छाप्रोलाई पूजा गर्न आउनेछ ।

**स्रोत** : मातृका पोखरेलको फेसबुक

## हाम्रा मौलिक सामग्री



*तौ मक (१७ औँ शताब्दी) मकल (१९ औँ शताब्दी) सुमेरुसहितको हुक्का*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

# गाजामा जे भइरहेको छ त्यो भोकमरी वा अनिकाल होइन, बरु जानाजानी हत्या हो



गत शनिबार संयुक्त राष्ट्र सुरक्षा परिषद्मा पेश गरिएको प्रतिवेदनमा संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले इजरायली शासनको अथक बमबारी र अपाङ्गतापूर्ण घेराबन्दीको बीचमा घेराबन्दी गरिएको गाजापट्टीमा व्यापक अनिकाल हुने चेतावनी दिनुभयो ।

यो प्रतिवेदन डिसेम्बर २२ मा संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावको प्रतिक्रियामा आएको हो जसले गाजामा विनाशकारी खाद्य सङ्कटको बीचमा गाजा र पश्चिम किनारामा 'तत्काल, सुरक्षित र निर्वाध मानवीय सहायता पुऱ्याउन' आह्वान गरेको थियो, जहाँ लाखौँ मानिसहरूको जीवन ठूलो जोखिममा रहेको छ ।

प्रतिवेदनले गाजामा सार्वजनिक स्वास्थ्य प्रकोपको चेतावनी दिएको छ र 'भयानक' सरसफाइ अभावको अवस्था र 'ढलको बाढी' सँग 'भीडभाडयुक्त आश्रयहरूमा सङ्क्रामक रोगहरू द्रुतरूपमा फैलिरहेका छन्' भन्दछ ।

यसअघि, शुक्रबार एक बयानमा संयुक्त राष्ट्र सङ्घीय राहत प्रमुख मार्टिन ग्रिफिथसले चेतावनी दिँदै भनेका थिए कि अनिकाल 'कुनाको वरिपरि' छ किनभने गाजावासीहरूले 'अहिलेसम्म रेकर्ड गरिएको खाद्य असुरक्षाको उच्चतम स्तर' सँग जुधिरहेका छन् ।

गाजामा बस्न नसकिने भएको छ । यसका मानिसहरूले आफ्नो अस्तित्वको लागि दैनिक खतराहरू देखिरहेका छन् ।

इजरायली शासनले गत अक्टोबर ७ देखि घेरिएको क्षेत्रमा २३००० भन्दा बढी प्यालेस्टिनीहरूलाई मारेको छ, जसमा अधिकांश महिला र बालबालिका रहेका छन् । उसले तटीय क्षेत्रमा आफ्नो नाकाबन्दीलाई पनि तीव्र बनाएको छ ।



इजरायलले बारम्बार 'मानवीय युद्धविराम' को आह्वानलाई बेवास्ता गरेको छ । सहायता र अधिकार समूहहरूका अनुसार गाजामा ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या हाल भोकमरी र घरबारविहीनताको सामना गरिरहेका छन् ।

प्यालेस्टिनी शरणार्थीहरूको लागि संयुक्त राष्ट्र एजेन्सीले पनि गाजालाई अपर्याप्त सहायताको बारेमा गत हप्ता चेतावनी दिएको थियो । इजरायली हमलाले यस क्षेत्रको ४० प्रतिशत जनसङ्ख्यालाई अकालको जोखिममा छोडेको छ ।

'हरेक दिन बाँच्नको लागि सङ्घर्ष हो, खाना खोज्नु र पानी खोज्नु, गाजामा संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सी मामिलाका निर्देशक थोमस ह्वाइटले एक्स (ट्विटर) मा भनेका थिए ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयससले पनि भयानक चोटपटक, तीव्र भोकमरी रोगको गम्भीर जोखिमसहित गाजानहरूले सामना गरिरहेका गम्भीर खतरालाई कम गर्न तत्काल कदम चाल्न आग्रह गर्नुभयो ।

गम्भीर खाद्य असुरक्षाले मानिसहरूलाई भोकमरीको छेउमा धकेलिरहेको छ, जुन गत महिनाको एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण रिपोर्टले प्रमाणित गरेको थियो ।

विश्व खाद्य कार्यक्रमका प्रमुख अर्थशास्त्री आरिफ हुसेनले प्रतिवेदनमा भनेको छ, 'मैले गाजामा जुन गति र मात्रामा हिंसा भइरहेको छ अन्त कहीँ देखेको छैन । यो दुई महिनाको अवधिमा कति छिटो भयो ।'

२३ संयुक्त राष्ट्र र गैरसरकारी एजेन्सीहरूद्वारा तयार गरिएको प्रतिवेदनले एक आश्चर्यजनक खुलासा गरेको छ – गाजाको सम्पूर्ण जनसङ्ख्या विनाशकारी स्तरमा ५,७६,६०० मानिसहरूको साथ खाद्य सङ्कटको सामना गरिरहेको छ ।

प्रतिवेदनले थपेको छ कि अवरुद्ध क्षेत्रका प्रत्येक व्यक्तिले आगामी हप्ताहरूमा उच्च स्तरको खाद्य असुरक्षाको सामना गर्ने छ ।

'यी सङ्ख्या मात्र होइनन् – यी डरलाग्दो तथ्याङ्कहरू

पछाडि बालबालिका, महिला र पुरुषहरू छन्, सङ्कटको जटिलता, परिमाण र गति अभूतपूर्व छ' हुसेनले भने ।

यद्यपि, धेरैले सोधिरहेका प्रश्न यो होः के यसलाई अकाल वा जानीजानी हत्या भनिन्छ ?

अक्टोबर ७ को घटनाहरूपछि जब हमासको नेतृत्वमा प्यालेस्टाइन प्रतिरोधी आन्दोलनले जियोनिस्ट संस्थाविरुद्ध अभूतपूर्व सैन्य कारबाही सुरु गऱ्यो, इजरायली शासन अक्कमक्क भयो ।

अक्टोबर ९ मा, इजरायली सैन्य मामिलामन्त्री योभ गालान्टले गाजापट्टीमा पूर्ण घेराबन्दी गर्ने आदेश दिए, त्यहाँ बिजुली हुनेछैन, खाना हुने छैन, इन्धन हुने छैन, सबै बन्द गरिनेछ ।

तत्कालीन इजरायली ऊर्जामन्त्री इजरायल काट्जले अक्टोबर १६ मा एक्समा एक पोस्टमा भनेका थिए, 'मानवीय आधारमा गाजामा नाकाबन्दी र मानवीय सामानको आपूर्ति भएमा कडा विरोध गर्दछ ।'

एक दिनपछि, अक्टोबर १७ मा, इजरायली युद्धमन्त्री इटामार बेन-गभिरले उही शब्दहरू प्रतिध्वनित गरे, कुनै पनि सहायता नाकाबन्दी गरिएको प्यालेस्टाइन क्षेत्रमा प्रवेश गर्नुहुँदैन भनेर जोड दिए ।

सशस्त्र द्वन्द्वलाई नियन्त्रित गर्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले स्पष्टरूपमा उल्लेख गरेको छ कि जानीजानी राहत आपूर्तिमा बाधा पुऱ्याउनेसहित, उनीहरूलाई बाँच्नको लागि अपरिहार्य वस्तुहरूबाट वञ्चित गरेर युद्धको विधिको रूपमा नागरिकहरूको भोकमरी प्रयोग गर्नु विधानको उल्लङ्घन हो ।

गाजापट्टीमा जे भइरहेको छ, पर्यवेक्षकहरूका अनुसार, भोकमरी वा अनिकाल होइन, तर जानाजानी हत्या हो – प्यालेस्टाइनका जनताविरुद्ध युद्धको हतियारको रूपमा भोकमरीलाई प्रयोग गरिएको छ ।

स्वास्थ्य अधिकारबारे संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक लालेङ मोफोकेङले संयुक्त राष्ट्रसङ्घका प्रमुखको पछिल्लो रिपोर्टको प्रतिक्रियामा एक्समा शनिबार एक पोस्टमा, गाजा जानीजानी भोकमरी, अनिकालको साथ बाँचिरहेको छ भने ।

मोफोकेङले गाजामा 'व्यापक भोकमरी छ' भन्ने प्रतिवेदनमा प्रतिक्रिया दिँदै भने 'हामीलाई तुरुन्त युद्धविराम चाहिन्छ' ।

केन्यामा आधारित अक्सफाम इन्टरनेशनलले अक्टोबरमा चेतावनी दियो, 'सामूहिक दण्डको कार्यमा गाजामा नागरिकहरूविरुद्ध युद्धको हतियारको रूपमा भोकमरी प्रयोग भइरहेको छ ।'

हालैका हप्ताहरूमा, स्थिति बिग्रँदै गएको र इजरायली शासनले आफ्नो बमबारी र घेराबन्दी बढाउँदै जाँदा, भोकमरीको स्तर-जानाजानी हत्याले पनि चिन्ताजनक अनुपात ग्रहण गरेको छ ।

स्रोत : प्रेस टीभी/'मजदुर' दैनिक, माघ १, २०८०

(तस्बिर : इन्टरनेट)

## इजरायलको प्यालेस्टिनी जातीय संहारविरुद्ध





प्यालेस्टिनी जातिको संहार गर्न इजरायलले गाजामा बर्बर आक्रमण गरेको १०० दिन पुगेको दिन जनवरी १३ मा विश्वव्यापी विरोधको क्रममा बेलायतको राजधानी लन्डन (माथि) र संरा अमेरिकाको राजधानी वाशिङटनमा भएको विशाल प्रदर्शन । जनवरी १३ का दिन विश्वका ४५ देशका १२० सहरमा नरसंहारकारी इजरायलको विरोधमा प्रदर्शन भएको थियो ।




यमनको राजधानी सानामा प्यालेस्टिनी जनताको पक्षमा र नरसंहारकारी इजरायलको विरोधमा जनवरी १२ मा उर्लेको लाखौँको जनसागर । यसको भोलिपल्ट अमेरिका-बेलायतले यमनमाथि आक्रमण गऱ्यो ।

तस्बिर : इन्टरनेट

# एसआरका कविता

## प्यालेस्टाइन इजरायली वधशाला होइन !

मेरो 'बौद्धिक' मित्र,
पशुबलिबारे तर्क वितर्क, कुनै दिन जमेरै गरौँला
यतिखेर गाजामा चालू नरबलिबारे केही शब्द बोल्ने कि !
पशुबलि देख्ने, नरबलि नदेख्ने 'दोषी चस्मा' फ्याँक्ने कि !
प्यालेस्टिनी अस्पतालहरू एक चिहान बनाइँदा अब मौनता तोड्ने कि !

मेरो 'कमरेड', मेरो मित्र,
नाति नातिनासँग 'टिक टक' कुनै दिन फेरि बनाऔँला
यतिखेर प्यालेस्टाइनी नातिनातिना, हजुरबुबा आमाहरूको चित्कार सुन्ने कि !
मारिएका दुई तीन हजार नातिनातिना र
मारिएका दुई तीन हजार हजुरबुबा आमाहरूको शोकगीत लेख्ने कि ?
हजारौँ घाइते, लाखौँ विस्थापितहरूको ज्वालामुखीको चित्र कोर्ने कि ?

मेरो कवि मित्र,
प्रकृति, प्रेम र सौन्दर्य पूजाका कविता कुनै दिन कोरौँला
यतिखेर एउटा 'प्यालेस्टिनी जनतालाई चिठ्ठी' किन नलेख्ने ?
'हो चि मिन्हलाई चिठ्ठी' को नयाँ संस्करण किन नकोर्ने ?
न्याय, स्वतन्त्रता र स्वाधीनताको एउटा गीत किन नगाउने ?
'प्यालेस्टिनी जनतालाई सास फेर्न देऊ !' किन नभन्ने ?

मेरा मित्रहरू,
हिम्मतका साथ एक स्वरमा बोलौँ :
देश वधशाला होइन
विश्व वधशाला होइन
प्यालेस्टाइन इजरायली वधशाला होइन !
मध्यपूर्व अमेरिकी वधशाला होइन !

मेरा प्रियजन,
विश्वका न्यायप्रेमी जनतासँग स्वरमा स्वर मिलाई भनौँ :
खबरदार नेतन्याहु,
अति भयो, बन्द गर बगरे कर्म !
खबरदार वाइडेन,
अति भयो, बन्द गर बगरेलाई बोक्न !
खबरदार वाइडेन,
अति भयो, बन्द गर बगरेलाई चुपी बेच्न !

## प्यालेस्टाइनको गीत

मसानघाटबाट फर्केर भन्नेछौँ –
इजरायली यहुदीवाद मुर्दावाद !
इजरायली फासिवाद मुर्दावाद !
इजरायली आतङ्कवाद मुर्दावाद !

भग्नावशेषबाट उठेर भन्नेछौँ –
प्यालेस्टाइन मेट्न सक्दैनौ
प्यालेस्टाइन खोस्न सक्दैनौ
प्यालेस्टिनी सिध्याउन सक्दैनौ !

अन्तिम सास फेर्दै भन्नेछौँ –
अमेरिकी साम्राज्यवाद मुर्दावाद !
अमेरिकी युद्ध सरदार मुर्दावाद !
अमेरिकी आतङ्कवाद मुर्दावाद !


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

# योमरी उत्सवमा बाहा: बहि परिक्रमाको तात्पर्य



ओम धौभडेल



अखण्डशील महाविहार

हरेक वर्ष नेवा: समुदायले मंसिर शुक्ल पूर्णिमाको दिन घरघरमा योमरी पकाई हर्षोल्लासका साथ योमरी पुन्हि मनाइन्छ। मंसिर शुक्ल पूर्णिमाको दिन योमरी खानुको साथै केही योमरी ढुकुटीमा राखी पूजा गर्छ र चार दिनपछि विवाहिता छोरीबेटी बोलाई सबैलाई लक्ष्मीको प्रशादको रूपमा बाँडिदिन्छ। यी चार दिनमा ढुकुटीको योमरी पटपट फुटेमा जाडो कति बढेको छ थाहा हुन्छ। २०८० सालको योमरी पुन्हिको चार दिन पछिसम्म पनि भक्तपुरमा योमरीको चर्चा चलि नै रह्यो। २०८० साल पौष १४ गते शनिवारको दिन योमरी पुन्हिको चार दिन पछिको दिन भक्तपुर नगरपालिकाले आयोजना गरेको भक्तपुरमा रहेका बाहा: बहि परिक्रमा तथा योमरी प्रर्दशनमा हज्जारौँको सङ्ख्यामा सहभागीहरू भक्तपुर नपाका प्रमुख श्री सुनिल प्रजापतिको पदचापमा लामबद्ध भएको देख्दा मानौँ भक्तपुरमा कुनै ठूलो सांस्कृतिक उत्सव भइरहेको छ ।

भक्तपुर नपाले बाहा:बहि परिक्रमामा सबैलाई सहभागिताको आव्हान गरी भव्य रूपमा कार्यक्रम सम्पन्न गरेको छ। यो एउटा ऐतिहासिक घटना भएको छ। विशेष गरी भक्तपुरमा रहेका बौद्ध सम्पदाहरूबारे जान्ने एउटा सुअवसर प्राप्त भएको छ। प्राचीन समयदेखि भक्तपुर हिन्दु तथा बौद्ध सम्प्रदायको नगर रही आएको सन्दर्भमा यहाँ रहेका बौद्ध सम्पदाहरू ओझेलमा परिआएको यर्थाथ यसपटक घाम जस्तै छर्लङ्ग भएको छ।

बाहा:बहि परिक्रमाको शुरुआत विश्वप्रसिद्ध ङातापोल सम्मुख रहेको तधां दबु तथा बेत दबुबाट भएको थियो। वास्तवमा तमारीको लिच्छविकालीन चैत्य यसको साक्षी बनेको छ। यही चैत्यले सहभागी सबैको स्वागत पनि गरेको आभाष भयो। तमारीबाट शुरु भएको परिक्रमा जब भारी हिति हुँदै अखुंबाहा: अर्थात **अखण्डशील महाविहार** पुग्यो, भक्तपुरको एउटा प्राचीन विहारबारे थाहा पाउने मौका पायो। भक्तपुरमै बसेर पनि यो बाहा: नपुगेकाहरूले बाहा:को मध्य भागमा रहेको मूल बज्रधातु चैत्यका साथ बाहा: भित्रको **अक्षोम्यबुद्ध**को पहिलो पटक दर्शन गर्ने मौका पायो। पाटनको प्रसिद्ध मच्छिन्द्रनाथको जात्रा, भक्तपुरको नवदुर्गा भवानीको मुकुन्डो निर्माण तथा योमरीसँग सम्बन्धित अखण्डशील महाविहारमा योमरी पुन्हिको चारदिन पछि भएको परिक्रमाले यस्तै यस्तै इतिहास स्मरण गरायो। यहाँबाट पदयात्रा ज्याठा गणेश,नासमना हुँदै तेखाचो पुग्यो, त्यहाँ रहेको वशींगोपालको सत्तलमा रहेको मूर्तिको कारण समस्त टोल नै वंशगोपाल कहलियो। तर, त्यही वंशगोपालको सत्तल पछाडि सुन्दर **जेतवर्ण महाबिहार** रहेको धेरैलाई जानकारी भएन। भक्तपुर दरबार लायकूको सुनको ढोका बनाउने प्रसिद्ध कालीगडहरूको यो बाहा:ले एकपटक पुन: सुनको ढोकाको भव्य कलाकारिता अनि त्यसको पार्श्वमा लुकेको इतिहास सम्झाइदियो। पदयात्रा भार्वाचो ढोका हुँदै नगरको पश्चिम इलाकामा पुग्यो। त्यहाँ रहेको **थथुबहि** र **कुथुबहि** धेरैलाई जानकारी भएको बौद्ध सम्पदाहरू हुन्। तर, भित्र रहेका दुई दीपङ्कर भगवानको नजिकबाट दर्शन तथा यी दुई बहिहरूको थप जानकारी सबैको लागि लाभप्रद रह्यो। कता कता इलु नायो र बिलु नायोको प्रसङ्ग सम्झिने समय पायो। भक्तपुरवासी भएर पनि थोरैलाई मात्र जानकारी भएको इताछेँ तँकोनेको **जेष्ठवर्ण महाविहार** पनि एक हो। निजी घरको भित्र चोकसहितको यो बाहा:भित्र शाक्यमुनि बुद्ध लगायत बज्रधातु चैत्य दर्शन गर्नै मौका पायो। भौगोलिक हिसावले नगरको संरचनामा न:पुखूको पूर्वतर्फको गहिरो भागमा सुरक्षित तवरले यो बाहा: बनेको देख्दा हाम्रा पूर्वजहरूको ज्ञान तथा

सीपप्रति नतमस्तक भएँ। यसपछिको गन्तव्य **लोकेश्वर महाविहार** तपालाछी पुग्यो। लश्क द्यः नामले चिनिने यो बाहाः मच्छिन्द्रनाथ रहन बनाएको नरेन्द्रदेव कालीन बाहाः भक्तपुरको अर्को एउटा प्राचीन सम्पदा हो। भक्तपुरका कृषकहरूसित गहिरो नाता राख्दै आएको यो बाहाःको प्राचीनतालाई नजरअन्दाज गर्न मिल्दैन। यसपछि भक्तपुर लायकूसमिप रहेको **चर्तुब्रम्ह महाविहार**लाई निशाना गर्दै अगाडि बढ्यो। धेरै पर्यटकहरूले थाहा पाएको एक बिहार हो यो। तर, यो बिहारले राजनीति पनि गर्छ भन्ने धेरैलाई जानकारी नहुन सक्छ। भक्तपुरको मल्लकालीन राजनीतिमा यक्ष मल्लको मृत्युपछि राय मल्ल राजा बने। तर, उनका महत्त्वाङ्काक्षी भाइ रत्न मल्लले भक्तपुरबाट छुटी कान्तिपुरमा शासन गर्न थाले। तापनि भक्तपुरमा आफनो हक छ भन्ने जताउन कान्तिपुरबाट जीवराज बज्राचार्यलाई भक्तपुर पठाई बनाउन लगाएको विहार नै चर्तुब्रम्ह महाविहार हो। मल्लकालीन राजनीति त सकियो। तर, उही बेला देखिको संस्कृति बाँकी नै छ। क्वाठण्डौस्थित **प्रशन्नशील महाविहार**को अधिकारमा कटौती गर्दै मोहनी अवधिभर श्री कुमारी यही चर्तुब्रम्ह महाविहारमा रहने परम्परा बाँकी नै छ। राज्यसित नजिक भएको नाताले यही विहारका जीवराजका खलकले भक्तपुर लायकूको ९९ चोकसँगै **यालाबहि** बनाउने मौका पायो। तर ने.सं. ८८९ मा भक्तपुर आक्रमण ताका यो बाहाःबाट केही प्रत्याक्रमण भएपछि गोर्खाली सेनाले यो बाहाः ध्वस्त बनाएको मानिन्छ। यहाँ खुल्ला चौरमा एक प्राचीन चैत्य र वर्षको एकपटक दीपङ्कर बुद्धहरू परिक्रमा तथा आसन ग्रहण गर्ने परम्परा यद्यपि छ। यसपछि पदयात्रीहरू भक्तपुर नगरको मध्यभागको सुकुलढोकामा अवस्थित **सुवर्ण महाविहार** पुगे। इतिहासमा सुगलध्वाका जतिक्कै प्राचीन सुवर्ण महाविहार तत्कालीन त्रिपुर दरबारको नजिकको विहार हो। मल्लकालमा गंगारानीले भिमसेनको मन्दिर पनि सँगै बनाउन लगाए पछि ओझेलमा परेको विहार सम्झाउने केही मूर्तिहरू मात्र रहेको छ। यहाँबाट योमरी उत्सव तथा बाहाः बहि परिक्रमाको लस्कर बेखालस्थित **मञ्जुवर्ण महाविहार** पुग्यो। भक्तपुरको प्रसिद्ध प्रशन्नशील महाविहारसँगै रहेको यो बिहार शाहकालीन विहार हो। यहाँबाट छोटो दूरीमै **प्रशन्नशील महाविहार** पुग्यो। पशुपति महाविहारले पनि चिनिने यो बाहाः एक शक्तिशाली विहार पनि हो। साथै अभिलेखको आधारमा प्राचीन विहार पनि हो। यो महाविहार सँगै यही विहारसँग सम्बन्धित मूल **दीपङ्कर विहार** भक्तपुरको एक प्राचीन विहार हो। भक्तपुरका पाँच दीपङ्करहरूमा ने.सं. २०२ को अभिलेख रहेको यहाँको दीपङ्कर बुद्ध नै हालसम्मको पुरानो दीपङ्कर हो। त्यसैले यो विहारलाई मूल दीपङ्कर विहार पनि भनिन्छ। यसपछि पदयात्रा क्वाठण्डौस्थित एक निजी घरभित्रको सानो बाहाःमा पुग्यो। तिब्बतमा ब्यापार गरी कमाएको धनले क्वाठण्डौ निवासी जुजुधन बुद्धाचार्यले ने.सं. ९९१ मा स्थापना गरेको यो बाहाःलाई बिखुबाहाः पनि भनिन्छ। पदयात्राको क्रममा पुगेको सबैभन्दा नवीनतम विहार यही हो। तर, विहारको भौतिक संरचना संरक्षित देखिएन। यही नजिक



आदिपद्म महाविहार

मूलढोका जाने मार्गमा रहेको अर्को सम्पदा **धर्मकिर्ती महाविहार** हो। पूर्व लिच्छविकालमा वाने लायकू जाने मूलमार्ग तथा क्वाथ रहेको स्थानको यो विहारको ऐतिहासिकता पुष्टि हुने प्रमाणहरूको अभाव देखियो।

यसपछि सिधै नगरको पूर्वको एउटा महत्त्वपूर्ण विहार पुग्यो। तुंबाहाः, तोमबाहाः भनिने यो बाहाः **आदिपद्म महाविहार** हो। सूर्यमढीस्थित यो विहारमा रहेको अभिलेखको आधारमा सबैभन्दा पुरानो विहार हो। गोपाल राजवंशावलीमा समेत उल्लेख यो विहारसमिप पञ्चदान एवम् सम्यकदानमा दीपङ्कर बुद्धको आगमन तथा तौलाछेँमा ङा लाकेगु अवसरमा नवदुर्गाको सवारी र मोहनीको दशमीको दिन कुमारीको आगमनले विहारको धार्मिक सांस्कृतिक महत्त्व उजागर गर्छ। यहाँबाट म्ये तँ हुँदै खोहे प्रस्थान भयो। हिन्दु देवदेवीहरूले भरिएको हनुमानघाट परिसरमा प्राचीन कालमा एउटा विहार रहेको तर हाल त्यसको अवशेषको रूपमा लिच्छविकालीन चैत्य, पद्मपाणी, बज्रधातु चैत्य लगायत ठूलो बुद्धको मूर्ति रहेको छ। हनुमन्ते खोला अर्थात खुसिसँगैको विहार भएकोले खुसि बाहाः पनि भनिने यो विहार खास नाम **शक्रवर्त विहार** रहेको जानकारी सबैमा भयो। यहाँबाट पदयात्रा खँचास्थित मुनि विहारतर्फ




लागदा भक्तपुरका बौद्ध सम्पदाहरूमा सबैभन्दा आर्कषक स्थलमा पुगेको अनुभूति सबैमा भयो। **धर्मउत्तर विहार** नामबाट स्थापित यो विहार ने.सं. ७७६ मा मुनि बुद्धाचार्यले स्थापना गरेको हुँदा मुनि विहार पनि भनिएको रहेछ। हाल थेरवाद सिद्धान्तमा चलिआएको यो विहारबाट बौद्ध परियति शिक्षासमेत प्रदान गर्दै आएको छ। त्यहाँबाट ङातापोल्हँको छायाँ देखिने खँचा पुखू हुँदै इनाचोस्थित **इन्द्रवर्ण महाविहार** प्रस्थान भयो। ने.सं. ७४१ राजा जगज्ज्योर्ति मल्लको समयमा देवसिंह बुद्धाचार्यले बनाउन लगाएको यो विहार आकारमा सानो भएपनि अत्यन्त भव्य कलाकृतिहरूले भरिएको बाहाः हो। सम्पदा पदयात्रामा यही बाहा:सँग सम्बन्धित परिवारजनको गुँलाबाजा सहितको उपस्थितिले सुनमाथि सुगन्ध थपिरहेको थियो। पुरुषको शीरको जोडा टोपी अनि महिलाहरूको एकैनासको साडीले झनै सबैको ध्यान आत्कृष्ट गरिरहेको बेला इन्द्रवर्ण महाविहारको सुन्दरताले सबै मन्त्रमुग्ध हुन पुगे। यसपछि यात्राको अन्तिम गन्तव्य भनिएको गोल्मढीस्थित **मंगल धर्मद्विप विहार** तर्फ प्रस्थान भयो। झौरबहिले पनि प्रख्यात यो विहार सडक छेउ रहेकोले पर्यटकहरूको पनि आर्कषक स्थल बन्दै आएको विहार हो। यसपछि गोल्मढीस्थित इन्द्रसिद्धी विनायक गणेश मन्दिर हुँदै यातातर्फ औपचारिक कार्यक्रम स्थलमा जाने क्रममा गोल्मढीस्थित चैत्यमा परम्परागत योमरी प्रर्दशन गरिरहेको थियो।

योमरीको प्रचलन जहाँबाट भए पनि खासमा योमरीलाई योमरी भन्न नजानी गोचामारी भनिएको आधारमा यो ठाउँकै नाम गोमारी भनिएको सार यही नै पाए। त्यति मात्र होइन, यहाँ वर्षको एकदिन कार्तिक शुक्ल पूर्णिमाको दिन यसरी नै गोचामारी अर्थात योमरी बनाई प्रर्दशन गर्ने र प्रसादको रूपमा ग्रहण गर्ने परम्परा छ। त्यतिबेला यही चैत्य माथि आसन (प्यचा) राखी योमारीलाई उभ्याउने गर्छ। वास्तवमा योमरीलाई हिन्दु सनातनीमा मायो बायो भनी देवदेवीको रूपमा लिएझैं बौद्ध सम्प्रदायमा पनि प्रचलित चैत्य नै योमरी आकारको मान्नु कम महत्त्वको विषय होइन। यसबाट यस वर्ष भक्तपुर नगरपालिकाले बौद्ध सम्पदासितको योमरीको सम्बन्धलाई उजागर गर्ने अभिप्रायले योमरी पुन्हिको अवसरमा भक्तपुरमा रहेका विभिन्न बाहा:बहिहरूको परिक्रमा कार्यक्रम आयोजना गरिनु आफैमा एक ऐतिहासिक घटना बनेको छ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-२४)

– प्रो. माणिकलाल श्रेष्ठ



# साहित्य व समालोचनाया छुं मेगु प्रवाह

छम्ह, लेखक वा छम्ह समालोचकया विशेषताकथं मखु, छगू प्रवाहया रूपे थौंकन्हे खने दुगु साहित्य समालोचनाया छुं मत थ्व अध्याये विवेचना याये। मेकथं धायेगु जूसा विश्वया साहित्य व समालोचनाय् थौंया न्हूगु युगे पिदंगु छुं आन्दोलनया अध्ययन भ्भीसं याये।

## प्रकृतिवाद

प्रकृतिवाद व यथार्थवादया छुं उल्लेख च्वय् प्यंगूगु अध्याये जुइ धुंकूगु, अले थ्व निगू गुलि पा धका नं भ्भीसं स्वये धुन। अथेसां थ्व निगू वाद न्ह्याक्को पासां निगुलिं पिदंगु छगू हे आधारे खः। थ्व संसारे मनुखं पलातःगु लखौं दँ दये धुंकल, मनू पशुनाप पाना सभ्यताय् न्ह्यज्याना वंगु खुदो दँ दत। तर मनुखं थःगु विचारे व दृष्टिकोणे विज्ञान दुहाँ वयेकूगु स्वसः दँ, अले मनूया न्हिं न्हिंया जीवने विज्ञानया प्रभाव दुहाँ वोगु सत्या दँ दत। विज्ञानया विकास जूलिसे पुलांगु संस्कार, परम्परा, धर्म फुक्कया प्रभाव मदया वन, मनुखं थम्हं हे चिन्तन याना चागु व थम्हं हे अनुभव याना सिउगुली जक विश्वास यायेगु चलन च्वन। विशेष याना **न्यूटन**या *'छुं बस्तु सनीगु नियम'* (भौतिक शास्त्र), **डार्विन**या विकास सिद्धान्त (जीवशास्त्र) व **स्पेन्सर**या समाज शास्त्रया प्रभाव लायेव ला न्हापा थें फुक्क बस्तु व प्रक्रियायात ईश्वर, दैवी शक्ति व विश्व आत्मा आदिया आधारे व्याख्या यायेगु चलन मंत। विश्वे प्रकृति तोता मेगु छुं शक्ति मदु, प्रकृतिं च्वय् हानं मेगु छुं वास्तविकता मदु धयागु विचार वल।

विज्ञानया थ्व प्रभावं भिंगुगूगु शताब्दी साहित्य व कलाय् नं प्रकृतिवादया उत्थान जुल। **फ्लोबर्त, जोला, मोपास्सां**पिंसं थःगु रचनाय् प्रकृतिवादया प्रवाह ज्वन। *'कलाकारया मुख्य ज्या प्रकृतिइ जूगु खँया चित्रण व व्याख्या यायेगु खः'* *(इमिलि जोला)* धयागु नारा प्रकृतिवादीतय्गु जुल। प्रकृतिवादया थ्व प्रवाह साहित्ये उपन्यास व समालोचनाय् नं उपन्यासया मूल्याङ्कन पाखे अपो खने दत। थ्व विचारकथं छम्ह उपन्यासकार पर्यवेक्षक (स्वया च्वनीम्ह) व प्रयोग याना स्वइम्ह खः। उपन्यासकारं थम्हं खंथे तथ्य क्यनी, अले पात्रत दयेका प्रयोग याना स्वइ। प्रकृतिइ छु खन अथे हे चित्रण यायेमा, उकी हिले मजिउ धायेगु प्रवृत्ति हे प्रकृतिवाद खः। अथे जुइबले प्रकृतिवादीतय् **'मुख्य सिद्धान्त हे गथे दु अथे उकियात ल्ह्यया कायेग'** खः। थ्व कल्पनाया चिं मखु, सिर्जनात्मक प्रतिभा नं मखु। प्रकृतिवाद सच्चा यथार्थवाद मखु। थम्हं गथे खन अथे समाजया चित्रण यायेव गात धाइपिं लेखकपिंके मचायेक प्रकृतिवादया प्रभावः लागु खः, धाथेंया यथार्थवाद ला समाजया चित्रणया नापं तुं उगु ईया दकले मागु बस्तु, लँपु नं क्यनेगु व जनताया आकांक्षाया नं चित्रण यायेगु खः। नेपाल भाषा साहित्यया यथार्थवादी लेखकपिंके अझ नं प्रकृतिवादया छुं भति प्रभाव दनि।

## मार्क्सवाद

विज्ञानया हे प्रभावं दना वोगु, तर प्रकृतिवाद थें 'कोरा अनुकरण' (गथे खः अथे ल्ह्यया जक कायेगु) मखुगु छगू यथार्थवादी प्रवाह मार्क्सवादी प्रवाह नं खः। **मार्क्स** व **एंगेल्स** निम्हसिनं पिकागु द्वन्दात्मक भौतिकवादी सिद्धान्तयात आधार याना न्ह्यज्यागु वैज्ञानिक समाजवादी प्रवाह थ्व खः। मार्क्सवादी साहित्य व समालोचनाया मुख्य आधार जुया च्वंगु दृष्टिकोण थथे– *'मनूतय् चेतनां अमि अस्तित्व निर्धारण याइगु मखु, बरु मनूया सामाजिक अस्तित्व वा स्थितिं अमि चेतनायात निर्धारण याइ।'* मनूया चेतना हे भौतिक वातावरणया प्रतिबिम्ब खः, विचार धयागु हे पदार्थं पिकाइगु खः धयागु विचार थ्व सिद्धान्तया। थुकथं मार्क्सवाद धयागु 'विचार छुं हे मखु, जुइगु फुक्क भौतिक कारणं' धाइगु कोरा भौतिकवाद मखु, हानं 'ब्रह्म सत्यं जगत मिथ्या' (परमात्मा हे जक दु फुक्क जगत भ्रम जक) धाइगु आध्यात्मवाद नं मखु। मार्क्सया द्वन्दात्मक भौतिकवाद कथं पदार्थ व विचार निगुलिंया महत्व दु, तर पदार्थया अपो, पदार्थ विचार हइ, तर विचारधारां हा कायेे धुनेवं व नं भौतिक

स्थिति ति हे क्वातुइ । अले थ्व सिद्धान्तकथं मनूतय् विचारधारा व जीवनयात निर्धारण याइगु मुख्य भौतिक कारण खः उत्पादन-साधन । समाजया मुख्य उत्पादन छु (कृषि, उद्योग आदि) ? व उत्पादन याइगु साधन सुया ल्हाती दु ? उत्पादन-साधन ज्वना च्वंगु वर्गया मेपिं नाप छु सम्बन्ध दु ? थ्व फुक्कं खः– मनूया सामाजिक, राजनैतिक व बौद्धिक जीवन निर्धारण याइगु तत्व । अथे जूगुलिं उत्पादन-साधन थःगु ल्हातीइ तया तःगु वर्ग राज्य, सरकार, कानून आदि फुक्क व उलि जक मखु, धर्म, परम्परा व अझ साहित्य कला फुक्क थःगु स्वार्थ रक्षाया निंतिं छ्यली । अले समाजे आधिपत्य कया च्वंगु वर्गया विरोध याइपिंसं साहित्य व कलायात नं छ्यला थःगु सङ्घर्षया साधन याइ ।

मार्क्सवादी सिद्धान्तकथं कलाया उद्देश्य सामाजिक-आर्थिक खः, साहित्य-कलाया मुख्य ज्या व मूल महत्व नं सामाजिक-आर्थिक । थ्व विचार कथं साहित्ययात जीवनं अलग तये फइ हे मफु । देश, समाज व समय स्वया दकले माःगु छु बस्तु दु उकियात गुहालि जुइगु साहित्य हे धाथेंया साहित्य खः । मार्क्स व एंगेल्सपिंसं पिकागु सिद्धान्तयात आधार याना विश्वभर आपालं लेखक समालोचकपिं पिहाँ वल, अमिसं थ्व प्रवाहयात न्ह्यज्याकल, तब्या नं याना यंकल । अथेसां थुकिया सिद्धान्ते छुं देन बिया विकास यापिं ला राजनैतिक नेतापिं हे । मार्क्स एंगेल्स धुंका लेनिन, स्तालिन व माओ चेतुङ, हो चि मिन्ह, किम इल सुङपिसं साहित्य-कलाया मार्क्सवादी सिद्धान्तय् योगदान बियावं यंकल । *(मार्क्सवादी समालोचनाया छगू प्रसिद्ध कृति माओ चेतुङया 'साहित्य व कला सम्बन्धी येनान गोष्ठीइ भाषण' नं खः ।)*

साहित्य व कला धयागु बस्तुया राजनीतिनाप छु सम्बन्ध दु धयागु क्यना **माओ चेतुङं** (Mao Tsetung -1893-1976) धागु दु – *'संसारे थौं फुक्क संस्कृति, फुक्क साहित्य व कला विशेष वर्गया ल्हातिइर लाना च्वंगु दु, विशेष राजनैतिक लँपुइयंका च्वंगु दु । धाथें ला कला कलाया निंतिं, अर्थात वर्ग मथिउगु कला, राजनीतिं मथिउगु स्वतन्त्र कला द हे मदु ।'* कला व साहित्यया 'उद्देश्य सामाजिक राजनैतिक' जुसेंलि थुकियात देश व समययात माःगु बस्तु हयेगु ज्याय् छ्यलेमा । अथे जूगुलिं सन् १९४२ स चिनिया जनता जापानी आक्रमणकारीतलिसे ल्वाना च्वंबेले माओ चेतुङं थथे धागु खः – *'साहित्य व कला सम्पूर्ण क्रान्तिकारी मेशिनया छगू भाग जुया थुकथं च्वनेमा गुगुलिं याना जनता छपा यायेत, जनतायात शिक्षा बिइत व शत्रुयात हमला याना नास यायेत छगू क्वातुगु हतियारया रूपे थुकियात छ्यले फइ, जनता छधी जुया शत्रुनाप ल्वायेगु ज्याय् गुहालि जुइ ।'*




माओ चेतुङ, येनान साहित्य गोष्ठीइ

मार्क्सवादी सिद्धान्तकथं छु साहित्य वा कलाकृति गुलि तक ग्यं धका स्वयेबेले झीसं निता खँ ध्यान बिइमाल – उगु कृति कलाया दृष्टिं गुल च्वन्ह्या अर्थात थुकिं गुलि प्रभाव लाके फु धयागु व अले हानं थ्व कृति इतिहासयात न्ह्यज्याकेगु ज्याय् गुलि तक जिउगु विचार दुगु खः धका राजनैतिक दृष्टिं स्वयेगु । मार्क्सवादी विचारकथं साहित्य व कलाया कृति भिं जुइकेत **'राजनीति व कलाया एकता, विषय बस्तु व रूपया एकता'** मा । कृतिइ च्वया तःगु खँ *'न्ह्याको हे प्रगतिशील जूसां कलाया कृति कलात्मक गुण मंत धायेव उकी शक्ति दइ मखु' (माओ चेतुङ)* । अथे हे हानं गुगुं कृतिइ च्वयातःगु खँ सोसा *'तप्यंक हे प्रतिक्रियावादी जुया नं कलात्मक गुण दये फु । विषय प्रतिक्रियावादी जुया कलात्मक गुण दइगु ला जनतायात स्यंकीगु जुइ, थ्वजोगु ला वांछ्वये मा' (माओ चेतुङ)* । मार्क्सवादी विचारकथं साहित्य व समाजया तस्सकं तःधंगु सम्बन्ध दु । थ्व सम्बन्ध गुजोगु खः, समाजया प्रगतिया निंतिं साहित्य गुकथं छ्यलेमा आदि खँ च्वय् 'साहित्य – थ्व छुखः ? छाय् ? गथे' धयागु लेखे (अध्याय ४ व ५) स विवेचना जुइ धुंकूगु दु ।

नेपाल भाषाया समालोचना साहित्ये व नेपालया हे समालोचना क्षेत्रे नं मार्क्सवादी प्रवाहया गाक्कं प्रभाव लाःगु दु, अथेसां शुद्ध द्वन्दात्मक भौतिकवाद व वैज्ञानिक यथार्थवाद ज्वना समालोचना न्ह्यज्याःगु खने मदुनि । थःत 'मार्क्सवादी' धाइपिं व मार्क्सवादया प्रभावे लापिं लेखकपिनि कृति व समालोचकपिनि दृष्टिकोणे नं यथार्थवादी लँपु ज्वंगु खनेदु, अथेसां 'प्रकृतिवाद' या प्रभावे मचायेक लाना च्वंगुलिं झी लेखक समालोचकपिं मुक्त जुइ मफुनि ।


## प्रभाववाद (इम्प्रेसनिज्म)

थ्व प्रवाह छुं विशेष दर्शन ज्वना आन्दोलनया रूपे दना वोगु मखु । झिंगुंगूगु शताब्दी फुइत नीदँति दनिबेले

फ्रान्सं पिहाँ वोगु प्रवाह थ्व खः। थ्व शैली छुं खँ कनेगु (छुं अभिव्यक्तिया) शैली खः, न्हापां थ्व शैली किपा च्वइपिसं पिकाल। नां जापिं चित्रकार **मेने, मोनं, सिजां, रेनो**पिंसं पिकागु थ्व शैली न्हापालाक्क यूरोपया चित्र कलाय् गाक्कं प्रचार जुल, अनंलि कलाया मेमेगु क्षेत्रे, साहित्ये व समालोचनाय् नं थ्व प्रवाह थ्यंकः वल। किपा च्वयेगु ज्याय् थ्व शैलीया सार **'छुं बस्तुया किपा दयेकेगु मखु उगु बस्तुं मने लागु प्रभाव जक क्यनेगु'** धयागु खः। साहित्ये थ्व शैलीया प्रभाव लायेव थ्व प्रवाहया लेखक कलाकारपिंसं छुं बस्तुया वर्णन वा चरित्रया चित्रण याइबेले थः व्यक्तिगत मनस्थितिया रङ्गं छिना बिइगु यात। लेखकया ज्या छुं बस्तुयात गथे खः अथे चित्रण यायेगु मखु, छुं छगू क्षणे उगु बस्तु वा घटना लेखकं गथे ताल गथे खन व कनेगु वया ज्या खः धका प्रभाववादी समालोचनां समालोचकया व्यक्तिगत प्रतिक्रिया व थःगु व्यक्तिगत भावनाय् जक आधार काइ। **वाल्टर पेटर** प्रभाववादी समालोचक खः (पेटर रूपवादी नं खः, पेटरया सौन्दर्य सम्बन्धी विचार च्वय् अध्याय २२ स वने धुंकूगु दु)। साहित्यिक सिर्जनाय्सिकं समालोचनाय् थ्व प्रवाहया अपो प्रभाव लात, छुं छगू कृतियात पूवंक विश्लेषण याना उकिया आधारे मूल्याङ्कन यायेगु लँ बा छुं छगू सिद्धान्तया मिखां स्वया भिं मभिं धायेगु लँ बा छुं छता परम्परागत नियमया कसीइ चुला जिउ मजिउ धायेगु लँ छुं हे मज्वंसे तप्यंक हे कृति ब्वनेबेले थःगु मने छु प्रभाव लात व तुरन्त धया छ्वयेगु प्रभाववादी समालोचना खः। बिलायते झिंगुंगूगु शताब्दीइ हे **चार्ल्स लायम्ब्** व **हाय्जलिट्** (William Hazlitt-1778-1830) पिनि समालोचना प्रभाववादी धारा खनेदु। हाय्ज्लिटं धा हे धालः *'जिं छु बिचा याना व हे धयाः जितः छु गथे ताल व हे जिं बिचा याना। छुं बस्तुं प्रभाव मलाक्क जि च्वने मफु, अले व छु खः धका कनेगु आँट जिके दु।'* फ्रान्सया प्रसिद्ध समालोचक **अनातोले फ्रान्सं** (Anatole France-1844-1924) नं थुजोगु हे खँ धागु दु – *'बांलाम्ह समालोचक व खः गुम्हसिनं थःगु आत्मां ततःधंगु कृतितय्गु अभियान याना खंगु अनुभव कनि।'* प्रभाववादी समालोचनाय् पूवंक व सिलसिला हंक समालोचना जुइ मखु। **टी. एस्. इलिएटं** (Thomas Stearns Eliot -1888-1965) प्रभाववादी प्रवाहया आलोचना याना थ्व *'समालोचना मखु, थःगु छगू निगू मत जक कनेगु ज्या'* धका धया तःगु दु।




हाय्जलिट्



अनातोले फ्रान्स

## प्रतीकवाद (सिम्बोलिज्म्)

थ्व प्रवाह नं फ्रान्सं हे पिहाँ वोगु खः। **बाउदेलायरे** निसें वया **स्तेफाने मलार्मे** (Stephane Mallarme-1842-1898) तक व अनंलि **पाल वालेरी** तकया लेखकपिंसं यागु विकास प्रतीकवाद पूरा पिदंगु खः। कविताय् अभिव्यक्तिया माध्यम आ तक वया च्वंगु तोता छ्वयेगु विचारं न्ह्योने वोम्ह बाउदेलायरेयात वया अनुयायीपिंसं **'देकादेन्स्'** (पुलांगु न्हास जुया वंगु) या अवतार धाल। अमि विचारकथं 'देकादेन्स्' धयागु 'कलाकार नैतिक दृष्टिं याकःचा लाना रहस्यवादया लँ ज्वनेगु' खः। लिपा झिंगुंगूगु शताब्दी फुइथे च्वंका फ्रान्सया 'देकादेन्स' लेखकपिंसं थःत 'प्रतीकवादी' धका नां छुत। तर 'प्रतीकवादी' धायेगुया छु अर्थ खः व्याख्या याये मछि। प्रतीकवादी धका वोपिं कवि लेखकपिनि छगू छुं विशेष प्रवाह मदु। प्रतीकवादीत छता खँय् जक छपा। मलार्मे धयातःथें– *'पुलांगु आदिम भाषा, बछि लोमना तना वने धुंकूगु बछि दनिगु भाषा न्ह्याम्ह मनूयाके नं दु। थ्व भाषा शुद्ध भाषा खः, संगीत व सपनालिसे सत्तीगु भाषा'* धका प्रतीकवादीतय् विश्वास दु। प्रतीकवादी आन्दोलन साहित्य कलाय् प्रकृतिवाद व रूपसम्बन्धी परम्पराया विरोधे विद्रोह याना प्रतीकया माध्यमं भाव विचार व मनस्थिति कने धका वोगु खः। तप्यंक




टी. एस्. इलिएट

छुं खँ मकंसे संकेतं कनेगु शैलीयात हे प्रतीकवादी धायेगु जूसा जक प्रतीकवादी फुक्क छगू परिभाषाय् दुथ्याके छिं। फ्रान्सया प्रतीकवादी लेखकपिनि प्रभाव लाना अंग्रेजी साहित्ये **ह्युम, पाउण्ड, इलिएट्, यीट्स्** थें ततःधंपि कवि पिहाँ वल। नीगूगु शताब्दी न्हापांया बास दँ ला अंग्रेजी कविताय् प्रतीकवादी युग हे धासां जिउ। प्रतीकवादी कविपिनि मने छगू तःधंगु पीडा खने दु। फ्रान्सया वालेरी व बिलायतया यीट्स्या कविताय् कविं छता खँ चाया हिइमिइ चागु सिइ दु – व खँ खः बुद्धिमानी बा ज्ञान व जीवन अःखः ला, ज्ञान दुलिसे जीवन असह्य जुया वनी धका। प्रतीकवादी शैली छु खः व्याख्या यायेत **विलियम बटलर यीट्सं** (William Butler Yeats -1865-1939) धया तःगु दु – *'फुक्क स, फुक्क रङ्ग, फुक्क रूपया थः*



स्तेफाने मलार्मे

*हे छुं शक्ति गुण दुगुलिं ला बा ता तक छता स्वापू दुगुलिं ला न्ह्यागु कारणं जूसां फ्रीगु मने छगू वर्णन हे याये मफुगु तर स्पष्टगु छुं आवेग थना बिइ फु।'* थ्वजोगु आवेग थना बिइगु शब्द, रङ्ग ल्ययेगु हे प्रतीकवाद खः। यीट्सं धया तःगु दु प्रतीक धयागु *'चटक याइपिंसं व*



विलियम बटलर यीट्स्

*कवि, संगीतकार व कलाकारपिंसं छ्यलीगु दकले तःधंगु शक्ति खः'*।

थुकथं भीसं खनी फुक्क प्रतीकवादी सिद्धान्तया आधार ला छुं छता प्रकारया आदर्शवाद हे खः। आपा हे प्रतीकवादी कविपिं रूपवादी नं जुया च्वंगु उकिं हे खः। **(कथहं)**

**लघुकथा**

# दोषारोपण

– आर.दिस्ती

एक महिला आफ्नो २१ वर्षीय एक्लो छोराको मृत्युमा शोकमग्न भई रोइरहेकी थिई। उनलाई सान्त्वना दिँदै लोग्नेले 'भो, धेरै नरोऊ' भनेको मात्र के थियो तिनले 'हाम्रो छोराको मृत्यु तपाईँले गर्दा भएको हो। छोरालाई सधैँ गाली मात्रै गरेर तनावले गर्दा उसको मृत्यु भयो' भनेर आरोप लगाइन्।

श्रीमतीको त्यस्तो तीखो वचनको आरोपले ऊ पनि रिसाउँदै 'छोराको मृत्यु तिम्रो दाजुले गर्दा भएको हो। ज्वरो आएको बेलामा पनि मोटरसाइकलमा राखेर घुमाउन लगेर वर्षायाममा पानीमा रुझाएर भएको हो। अनि तिमीले पनि छोरालाई अनावश्यक माया गरेर पुल्पुल्याई राखेको हुँदा बिग्रिएर मृत्यु भएको हो' भनेर प्रत्यारोप गऱ्यो।

बाजेचाहिँले 'नातिको मृत्यु तिमीहरू आमाबुबाको लापर्बाहीले भएको हो। यौवनावस्थामा प्राकृतिक रूपमा आउने डन्डीफोर जस्ता सानासाना समस्यालाई समेत ठूलो रोग सम्झी जहाँ पायो त्यहाँ अनावश्यक रूपमा देखाएर लापर्बाही ढङ्गबाट औषधि खुवाएर भएको हो' भनेर भन्दै थिए छोरी चाहिँले पनि 'हो हो भाइले डाक्टरले लेखि दिएको भन्दा जथाभावी बढी औषधि सेवन गरेर भएको हो' भनेर भनिन्।

छोरीको कुरा सुनेर आमा चाहिँले छोरीलाई झपार्दै 'तिमीले सधैँ मधिसेले बेच्नल्याएको अस्वस्थकर पानीपुरी र चट्पट खुवाएर भएको हो' भनेर दोष दिइन्।

तिनीहरू एकआपसमा दोषारोपण गर्दै थिए। त्यतिकैमा त्यहाँ एकजना धूर्त नातेदार आएर 'बाबुको मृत्युमा तिमीहरू कसैको दोष छैन। तिमीहरू एकआपसमा दोषारोपण गरेर नबस। बाबुको मृत्यु त उहिले ३/४ महिना अगाडि बाबु बिरामी हुँदा जँचाउन लगेको अस्पतालबाट गलत औषधि दिएर भएको हो' भने।

त्यस धूर्त मान्छेले त्यति भनेपछि त्यहाँ मौनता छायो र सबैजना एकआपसमा मुख हेराहेर भए। सबैजनाले आ–आफ्नो दोषबाट पन्छिन 'हो हो अस्पतालकै गलत औषधिको कारणले भएको हो' भनेर महिनौँ अगाडि जँचाएको अस्पताललाई दोष दिन थाले। धूर्त नातेदारले विभिन्न सञ्चार माध्यमबाट पनि दुस्प्रचार गर्न थाले। उक्त कुराले केही दिन नगरवासीहरू दिग्भ्रमित भए।

उता, त्यस धूर्त मान्छे आफ्नो धूर्तताले सबैलाई मुर्ख बनाई धमिलो पानीमा माछा मार्नको लागि पानी धमिल्याउन सफल भएकोमा भित्रभित्र खुशी हुँदै थियो।

# त्यो भक्तपुर, यो भक्तपुर





समाज

तेजेश्वरबाबु ग्वंग
संस्कृतिविद्

## आफ्नोपन रहे मात्रै हामी रहन्छौं, आफ्नोपन नभए जतिसुकै आधुनिक भए पनि अर्थ छैन

त्यतिवेला भक्तपुरको मुख्य बजारमा अहिलेजस्तो धेरै घर थिएनन्। जनसङ्ख्या थोरै भएको भक्तपुर आत्मनिर्भर थियो। १९९० सालको भूकम्पले ठूलो क्षति पुऱ्यायो। त्यसपछि जुद्धशमशेरका छोरा बिग्रेडियर जनरल ध्रुवशमशेरलाई भक्तपुरको कमान्डिङ जनरल बनाएर ९० सालको भूकम्पपछि पुनर्निर्माण गर्न लगाएको थियो। १९९२ सालमा जन्मिएकाले आमा, हजुरआमा, मामालगायत घरपरिवारका सदस्यबाट भूकम्पको कथा सुन्दै हुर्किएँ। सुर्की, चुना मिसाएर तयार गरिएको बज्रलेपबाट त्यतिवेलाका घर बन्थे। काठको प्रयोग हुन्थ्यो।

धेरै घर ०७२ सालको भूकम्पमा भत्किए। फेरि पुनर्निर्माण भयो। अझै बैठक दरबार गेटभित्र (दरबार स्क्वायरभित्र) टेको लगाएर राखेको देखिन्छ। अहिले, घर बनाउन सिमेन्ट प्रयोग हुन्छ। आल्मुनियम र सिसाबाट झ्याल–ढोका तयार हुन्छन्। समय धेरै परिवर्तन भइसक्यो। यद्यपि, भक्तपुरले आफ्नो पहिचान संरक्षण गरेर राखेको छ। यहाँ प्राचीनकालदेखिका काष्ठकलाका (झ्याल, ढोका, टुँडाल, आँखीझ्याल) नमुना देख्न पाइन्छ। पुस्तान्तरणका कारण भाषा, संस्कृति र रीतिरिवाजले निरन्तरता पाइरहेको छ। गाईजात्रा, बिस्केट जात्रा, ठिमीको सिन्दुरे जात्रालगायत यहाँका जात्राको आ–आफ्नै महत्त्व छ। साना केटाकेटीदेखि वृद्धवृद्धासम्म जात्रामा उल्लासमय रूपमा सहभागी हुन्छन्।

### भरियो भक्तपुर

भक्तपुरको मुख्य बजारबाहेक अन्यत्र थोरै मात्र घर थिए। हामी हनुमानघाटमा पौडी खेल्न जान्थ्यौँ। त्यहाँ माछा, सर्प, भ्यागुता प्रशस्तै देखिन्थे। उहिले भक्तपुरको मुख्य बजारबाहिर मुस्किलले घर भेटिन्थे। यहाँ (सूर्यविनायक) म ४२ वर्षअघि आउँदा अर्को एउटा मात्रै घर थियो। खेतैखेत र जङ्गल थियो। अक्सिजन प्रशस्तै थियो। हिउँदमा जाडोको समय थालमा राखिएको पानी जमेर बरफ हुन्थ्यो। यहाँ पुस, माघमा बाक्लै शीत पर्थ्यो। असाध्यै जाडो हुन्थ्यो, कुइरो लाग्थ्यो। रानीकोट, नगरकोट, चाँगुनारायणमा मज्जाले हिउँ पर्थ्यो।

**पहिले सामानसँग सामान साट्ने चलन थियो। चामल, तरकारीसँग माटोका सामान, कपडा साटिन्थे। अब त सबै कुरा पैसामै कारोबार हुने भयो। पर्म लगाउने चलन हरायो। खेत रोप्न, बाली उठाउन एक–अर्कालाई सहयोग गर्ने चलन थियो। मानिसहरू एक–अर्कालाई खुलेर सहयोग गर्थे। अहिले सबै हराउँदै गयो। भक्तपुर साँघुरो हुँदै गयो।**

अहिले प्रदूषणसँगै तापक्रम बढेको छ। ढल, विषादी औषधिका कारण नदीनाला फोहोर भए। खोला मिचेर घर बनाइएका छन्, खोलाको क्षेत्रफल सानो भएकाले बाढी आउँदा 'राधेराधे' क्षेत्रमा ठूलो सङ्ख्यामा घर डुबानमा पर्छन्। पहिले, भक्तपुरमा पातपतिङ्गरलाई कुहाएर अर्गानिक मल तयार गरिन्थ्यो। त्यसैलाई खर्पनमा राखेर बारीमा लगेर छरिन्थ्यो। खानेकुरा स्वास्थ्यवर्द्धक थियो। खर्पन उपत्यकाको प्रतीकजस्तै थियो। मानिसहरूले घरमा पनि ठूला–गहिरा खर्पन राखेका हुन्थे।

बाली भित्र्याएपछि त्यस्ता खर्पनमा धान भरिन्थ्यो, त्यसपछि फूलको गुच्छा राखेर पूजा गर्ने अनि 'खासे खासेः वा' भनेर गाउँदै रमाइलो गरिन्थ्यो। मानिसहरू लाइनै लागेर उमङ्गका साथ खुसियाली साट्थे। तीन–चार महिना हिलो माटोमा चोपलिएर, झरीमा रुझेर हुर्काएको बाली भित्र्याएपछि प्रफुल्लित भएर गाउने गरिएको हो। 'खासे' भनेको उमङ्ग हो। अहिले धानखेती नै कम भएपछि यो जात्राको रस पहिलेजस्तो छैन। पहिले, भक्तपुरबाट काठमाडौँमा रातो मुला निर्यात गरिन्थ्यो। काउली काठमाडौँबाट आउँथ्यो। अहिले त यहाँ पनि काउली खेती टन्नै हुन्छ। अर्कोतर्फ, काठमाडौँ र ललितपुरमा पनि कृषियोग्य जमिन धेरै मासिए। यहाँभन्दा त्यता धेरै प्रदूषण र कोलाहाल छ। मानिस गाउँमा बस्न नसक्ने भए। भागाभाग भएर आए। काठमाडौँ र ललितपुरसँगै यहाँ पनि भरियो। खेतीयोग्य जमिनमा कंक्रिटका घर ठडिए।

### परनिर्भरता बढ्यो

आधुनिकतासँगै विदेशीप्रतिको हाम्रो निर्भरता बढेको छ। आजकाल चाहेजस्तो फेसनेबल कपडा किनेर लगाउन पाइन्छ। पहिले, लुगा यहीँ बन्थे। रङ पनि त्यसको निख्खर हुन्थ्यो। भादगाउँले टोपी प्रख्यात थियो र छ। कपासको धागोको न्यानो र बाक्लो कपडा लगाइन्थ्यो। सडक–किनारमा महिलाहरू खाली ठाउँमा नर्कट राखेर तान बुनिरहेका भेटिन्थे।

तानको झ्यारझ्यार आवाज आउँथ्यो। आजकाल गाडीको ड्यारड्यार आवाज पो आउँछ। सिन्धुपाल्चोकमा चार–पाँच वर्ष हेडमास्टर भएर बसेँ। स्कुल बनाएँ, पढाएँ। त्यहाँ पनि त्यस्तै किसिमको अर्गानिक वातावरण थियो। हावापानी स्वच्छ थियो। पूर्वमा पाँचथर, संखुवासभा, पश्चिममा हुम्ला, डोल्पालगायत देशका सबै जिल्ला घुमियो। सबैतिर वातावरण राम्रो थियो। गृह मन्त्रालयमा अधिकृत थिएँ। पञ्चायतकालमा देशको विकेन्द्रीकरण योजना लागू भएपछि जियोग्राफरहरू ल्याएर सबैलाई तालिम दिएर ७५ जिल्लाको सीमाङ्कन गरियो।

*पहिले, लुगा यहीँ बन्थे। रङ पनि त्यसको निख्खर हुन्थ्यो। भादगाउँले टोपी प्रख्यात थियो र छ। कपासको धागोको न्यानो र बाक्लो कपडा लगाइन्थ्यो। सडककिनारमा महिलाहरू खाली ठाउँमा नर्कट राखेर तान बुनिरहेका भेटिन्थे। तानको झ्यारझ्यार आवाज आउँथ्यो। आजकाल गाडीको ड्यारड्यार आवाज पो आउँछ।*

समयअनुसार सबै परिवर्तन हुने नै भयो। सरकार परिवर्तन भयो, व्यवस्था र नेतृत्व परिवर्तन भयो। गाउँ–गाउँमा सडक पुगे। विकासको यो क्रमलाई रोक्न सकिन्न। तर, उद्योगधन्दालाई संरक्षण र प्रवर्द्धन गर्न जरुरी थियो, नसक्दा हामी विदेशीप्रति निर्भर भयौँ।

भक्तपुरमा कालीमाटी पाइन्छ। खनेर जमिनमुनिबाट झिक्छन्। त्यसलाई मज्जाले मुछेर, गिर्खा फालेर, नरम पारेर किसिम–किसिमका भाँडो बनाइन्छ। अहिले यहाँ माटोका भाँडा बन्छ। तर, पहिलेजस्तो छैन। प्लास्टिकका भाँडा र गमला धेरै प्रयोगमा आउन थालिसकेका छन्। घर भत्काएर खन्न भएन। स्थानीय सीपको जगेर्ना र सम्मान गर्ने परिपाटी नहुँदा यस्तो अवस्था निस्कियो।

पहिले, सामानसँग सामान साट्ने चलन थियो। चामल, तरकारीसँग माटोका सामान, कपडा साटिन्थे। अब त सबै कुरा पैसामै कारोबार हुनेभयो। पर्म लगाउने चलन हरायो। खेत रोप्न, बाली उठाउन एक–अर्कालाई सहयोग गर्ने चलन थियो। मानिसहरू एक–अर्कालाई खुलेर सहयोग गर्थे। अहिले सबै हराउँदै गयो। भक्तपुर साँघुरो हुँदै गयो।

नेपाली कागजमा विद्वान्हरूले हातैले लेखेर महत्त्वपूर्ण सङ्ग्रहहरू तयार गर्थे। दुई सय वर्ष पुरानो स्वस्थानी व्रतकथा (हातले लेखिएको) मसँग अहिले पनि सुरक्षित छ। कागज अहिले पनि नेपालमा बन्छ। तर, त्यो पर्याप्त छैन। यस्ता धेरै कुरामा हामी परनिर्भर भयौँ। प्रविधिको विकास राम्रो हो। तर, आत्मनिर्भर हुन पनि सिक्नुपर्छ।

## घरघरमा देखिने भँगेरा रूखमा सरे

भँगेराको सङ्ख्या अहिले घटिरहेको छ। पहिले, प्रत्येक घरमा भँगेरालाई बस्नका लागि सानो प्वाल राखिएको हुन्थ्यो। आजकाल बस्ने ठाउँ नभएपछि भँगेराको सङ्ख्या घटिरहेको छ। मन्दिर र पुराना घरमा त्यस्ता प्वाल अनिवार्य राखिएको छ। अहिले पनि कतिपयले राख्ने गरेका छन्। तर, सिमेन्ट प्रविधि भित्रिएपछि बनेका कतिपय घरहरूमा यस्तो व्यवस्था छैन। भँगेरा बसेको ठाउँमा धमिरा पनि नलाग्ने भएकाले घरको काठ पनि जोगिन्थ्यो। भेन्टिलेसनको व्यवस्था पनि हुन्थ्यो।

पहिले दाउरा बालेर इँट्टा तयार गरिन्थ्यो। आजकाल कोइलाबाट चल्ने मेसिन छन्। यसले वातावरणमा दुष्प्रभाव पारिरहेको छ। अर्कोतर्फ, गाडीबाट निस्कने धुवाँको असर छ। कोरिया जाँदा मलाई त्यहाँका मानिसहरूले फर्टिलाइजर फ्याक्ट्री देखाएका थिए। घरजत्रा फलामका पाइपहरू आकाशमा उठाइएका थिए। त्यहाँ चिनी मल (केमिकलयुक्त मल) तयार हुनेरहेछ। भारत, अमेरिका, बेलायत, रुसजस्ता विकसित देशले वातावरणलाई ध्यान नदिई उद्योगहरू सञ्चालन गर्दा ओजन लेयर पातलो हुँदै गयो। औद्योगीकरणको दुष्प्रभाव विश्वभर नै परिरहेको छ। वातावरण बिग्रने नै भयो। जलवायु परिवर्तनले विभिन्न जटिलता निम्त्याइरहेको छ।

## सम्पदा संरक्षणमा नगरपालिकाको पहल


देशका धेरै ठाउँमा निर्वाचनअनुसार नै पार्टी परिवर्तन भइरहन्छन्। भक्तपुर नगरमा नेपाल मजदुर किसान पार्टीले 'क्लिन स्विप' गर्ने गर्छ। जनताको मन जितेर काम गरेकाले नै यस्तो भएको हो। भाषा संरक्षण र सम्पदा संरक्षणमा धेरै काम गरिरहेको छ। यहीँबाट सिकेर अहिले काठमाडौँ, ललितपुर र देशका अन्य स्थानीय तहले पनि भाषा तथा संस्कृतिको संरक्षणमा जोड दिइरहेका छन्। काठमाडौँ र ललितपुरको दाँजोमा भक्तपुर पृथक् देखिनुको कारण पनि सम्पदा संरक्षण हो।

देशका सबै स्थानीय तहले यसरी नै काम गरेको भए हाम्रा स्थानीय भाषाहरू लोपोन्मुख अवस्थामा पुग्ने थिएनन्। भाषा–संस्कृतिको संरक्षणमार्फत पर्यटकलाई आकर्षित गर्न सकिन्छ भन्ने उदाहरण नगरपालिकाले देखाएको छ। जस्तो, दरबार स्क्वायरमा विदेशीलाई प्रवेशका लागि टिकटको व्यवस्था छ। सार्क देशका नागरिकलाई अलि कम छ। अध्ययन–अनुसन्धानका लागि यहाँ विदेशीहरू आइरहेकै छन्।

विद्यालय र कलेजमा नेवारी भाषामा पनि पढाइ हुन्छ। संस्कृतिबारे कतिपय पुस्तक मैले नै लेखेको छु। पहिले पढाउन पनि जान्थेँ। अहिले नसक्ने भएँ। जात्राहरू संरक्षणमा पनि नगरपालिकाले जोड दिइरहेको छ। गाईजात्रा हेर्न आउने स्वदेशी तथा विदेशी पर्यटकको भीड थामिनसक्नु हुन्छ। सम्पदा संरक्षणमा अहिले देशका अन्य स्थानीय तहले पनि चासो देखाएका छन्। यो सकारात्मक छ। पहिचान रहे मात्रै हामी रहन्छौँ। आफ्नोपन नभए जतिसुकै आधुनिक भए पनि अर्थ छैन। भक्तपुरले आधुनिकतालाई स्वीकारे पनि आफ्नो पहिचान मर्न दिएको छैन। यसमा खुसी छु।

'नयाँ पत्रिका' २०८० माघ ६ गते

# अस्ति अस्तिको र आजको भक्तपुर



भैरव रिसाल

पहिलेको भक्तपुर आत्मनिर्भर थियो। खेत प्रशस्त थिए। बारी पनि चाहिँदो थियो। भक्तपुर भनेपछि किसानको बाक्लो बस्ती भएको सहर हो। भक्तपुरमा केही परिवार साहु थिए। उनीहरू आफ्ना खेतबारीमा काम गर्दैनथे। खेतबारी खास किसानलाई कमाउन दिएका हुन्थे। धान, गहुँ, मकै पाकेपछि सुकाएर, बताएर पोगटा र चामलको गेडा नभएका तर धान जस्तै पोगटा छुट्याई जग्गाधनी वा मालिककहाँ कुत तिर्थे किसानले धान निफनेर। भुस र पोगटा छुट्याई सङ्लो धानका गेडा साहुकहाँ बोकेर लैजान्थे। यस्तो रीत थियो। त्यसरी लगेको धान साहुनीले फेरि केलाउँथिन् र ठूलो पाथीले भरेर थन्क्याउँथिन्। त्यसो गर्दा जुन वर्ष पनि बिर्तावालको धान बाँकी नै रहन्थ्यो। त्यसरी नपुगेको धान कति भन्ने कुरा सम्झनाका लागि दलिनमा यति धान पुगेन भनी टिपोट गरिन्थ्यो। यो वर्षको धान पोहोरको बाँकी तिरेर हिसाब गर्दा जुन वर्ष पनि बाली पुग्दैनथ्यो। पोहोरको नपुग बाली लिएर यो वर्षको धान पनि बाँकी छ भनी टिपोट गरिन्थ्यो। यसो गर्दा जुन वर्ष पनि पूरा बाली तिरिँदैनथ्यो। बाँकी धान यति छ भनी दलिनमा टिपोट गरिन्थ्यो। त्यस्तै मकै, गहुँ बाली पनि हुन्थ्यो। यसरी, कुनै पनि वर्ष धान, मकै, गहुँ बाली बाँकी रहन्थ्यो। यस प्रकारको स्थितिले गर्दा खेती गर्ने किसान कहिल्यै ऋण मुक्त भएन। खेतबारीमा जाँदा किसानहरू आफूले पालेका बाख्रा भेँडा डोर्‍याएर सधैँ खेतबारीमा लैजान्थे। खाना खाई, घरका सबै परिवार बाख्रा भेँडासहित खेतीमा जाँदा साना केटाकेटीलाई खर्पनमा बोकेर लैजान्थे।

## किसानहरू त्यतिबेला आत्मनिर्भर

यसरी चलेको थियो, भक्तपुरको किसानको जिन्दगी। घर, खेतबारीमा जिन्दगी एवंरीतले चलेको थियो। भक्तपुरका किसानहरू हिउँद लागेपछि आफ्नै बारीको कपासबाट धागो बनाउँथे; विभिन्न रङ लगाउँथे र त्यही धागोबाट कपडा बुन्दथे। तानमा कपडा बुनेका आवाज किसानका घरघरबाट आधा रातसम्म आइरहन्थ्यो। किसान महिलाले आफूले लगाउने हाकुपटासी अरू अरू लुगा आफै बनाउँथे र विभिन्न रङ लगाउँथे। सडकको छेउमा लामो गरी नर्कटहरू गाडेर लुगा बनाउने तान बनाउँथे। यसरी हाकुपटासी र अरू घरबुनाको कपडा बुन्ने, कपडामा रङ लगाउने काम आफै गर्थे। त्यही धागोबाट खस्रो भोटो सुरूवाल हाल्थे। पन्नु बुन्नु गर्दैनथे। सरकारले भक्तपुरमा पनि स्कूल खोल्यो। त्यहाँ साहुका छोरामात्र पढ्न जान्थे। छोरीहरू पढ्न महिला स्कूल पनि सरकारले खोल्यो। त्यो महिला स्कूलमा साह्रै थोरै छोरीहरूमात्र पढ्न जान्थे। पाठशालामा पढ्नेमा गुरू पुरोहित र पुजारीका छोरा, व्यापारी घरानाका केही केटाहरूमात्र पढ्न जान्थे। पढ्ने ठाउँ गएर पनि पढाइ हुँदैनथ्यो। पढाइतिर कसैको रूचि नै थिएन।

## यस्तो थियो अस्तिको भक्तपुर

त्यसबेला पाठशालामा पढ्ने साहुका छोरा, व्यापारी, गुरू पुरोहित र पुजारीका छोरामात्र पाठशालामा पढ्न जान्थे। त्यतिबेला खेतीमा खुर्सानी, कर्कलो, अदुवा, बेसार खेती गरिन्थ्यो। हिउँदमा तिउन खान कर्कलाको चुकाउनी बनाइन्थ्यो। धान दुई थरी हुन्थ्यो, घैया र अरू। खुर्सानी बडो राम्रोसँग परालको डोरीमा अड्काएर सुकाइन्थ्यो। सुकेको खुर्सानी राम्रो पैसामा बिक्री हुन्थ्यो। खेतबारीमा मुला, रामतोरिया, कर्कलो र सागपात लगाइन्थ्यो। यी तरकारी सुकाएर हिउँदमा खाने चलन थियो। जुत्ता लगाउने चलन थिएन। कसैकसैले पलाञ्चोकमा बनेको, चोयाले सिएको काँचो छालाको जुत्ता लगाउँथे। जुत्ता आवश्यकताको होइन विलाशिताको प्रतीक मानिन्थ्यो। गाउँघरमा आफ्नै दमाई हुन्थे जसले लुगा सिउँथे। फलामका हातहतियार बनाउन कामी र कर्मी हुन्थे। तिनीहरूलाई बालीघरे भनिन्थ्यो। सहर बजारमा सूचीकार बस्न थाले। उनीहरू ज्यालामा बनेको कपडा सिउँथे।

## यस्तो थियो आम प्रचलन

अस्ति अस्तिको र हिजोको त्यो चलन आज छैन। अब सहर बजार बढ्दै छ। पुरानो तरिकाले घर बनाउने तरिका पनि हराउँदै गयो। काँचो ईँटा हिलो माटोमा मिलाएर राखी गारो बनाइन्थ्यो। घर बनाउँदा छाना छाउन धुरी बलो, धुरी मुठललगायतका सामग्री बन्थे। छाना छ्वाली वा परालले छाइन्थ्यो। पछि ईँटा पोल्न थालियो र पाको ईँटाको घर बने। यसरी नेपालको जनजीवनमा व्यापक परिवर्तन आउँदै गर्‍यो। आज त सिमेन्ट नै निर्माणको प्रसिद्ध सामग्री भएको छ। मध्यकालमा घर बनाउँदा काठ र बाँसको धेरै प्रयोग हुन्थ्यो। आजको भक्तपुर सिमेन्ट र फलाम धेरै प्रयोग गर्ने अवस्थामा गएको छ। यसले के परिणाम लिएर आउँछ, अहिले भन्न सक्ने अवस्था छैन। यसरी, अस्ति अस्तिको भक्तपुर र आजको भक्तपुरमा व्यापक अन्तर आएको छ।

'मजदुर' दैनिक, २०८० माघ ९ गते

# मार्चेज गुग्लिल्मा मार्कोनी





राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** मानवशास्त्र अनुसार मानव इतिहास जङ्गली युग, बर्बर युग हुँदै आधुनिक युगमा आइपुगेको छ । जङ्गली युगदेखि हालसम्ममा मानिसको स्वभाव, विचार, व्यवहार, दैनिकी, कार्यशैली, वाह्य सम्पर्क आदिमा सामाजिक परिवर्तन र विज्ञान र प्रविधिको विकासले अकल्पनप्य अन्तर आएको छ । हिन्दु धार्मिक ग्रन्थमा उल्लेख भए अनुसार वायुयान (हाल हवाइजहाज), व्रम्हास्त्र (हाल क्षेप्यास्त्र), आकाशवाणी (हाल रेडियो), दिव्यदृष्टि (हाल टेलिभिजन), समान रूप भएका मानिसहरू धेरै हुनु (हाल क्लोनीङ विधि), अरूको रूप धारण गर्नु (हाल प्लास्टिक सर्जरी विधि) आदि हामीले पढेका मात्र थियौँ । तर, हाल ग्रन्थमा उल्लेख भएका धेरै परिकल्पनाहरू विज्ञान र प्रविधिको विकासले वास्तविक जीवनमा मानिसहरूले उपयोग गरिरहेका छन् । पहिला धेरै कार्यहरू मानिसहरू आफ्नै शारीरिक परिश्रमबाट गर्दथे । औद्योगिक क्रान्तिले समाजलाई यान्त्रिक युगमा पुऱ्याएको छ । अहिले समाजमा भइरहेको यान्त्रिकरणाले मानिसले शारीरिक रूपमा होइन बुद्धि र यन्त्रबाट अधिकांश कार्यहरू गरिन्छ । विश्वमा भएका विभिन्न आविष्कारले गर्दा हाल विश्व झनझन साँघुरिँदै गएको अनुभव हुने गरेको छ । इन्टरनेटको सञ्जालले विश्वको कुनै पनि स्थानबाट अर्को स्थानमा रहेको मानिसहरूसँग श्रव्य दृष्यको माध्यमबाट जुनसुकै समयमा सम्पर्क राख्न सक्ने भएका छौँ । यसैक्रममा विश्वमा पहिलो रेडियोको आविष्कार गर्ने महान् व्यक्ति **मार्कोनी** (Guglielmo Giovanni Maria Marconi -1874-1937) को बारेमा यहाँ चर्चा गर्न लागेको छु । टेलिभिजनको आविष्कार हुनुभन्दा पहिला रेडियो नै सूचना प्रवाहको सशक्त माध्यम थियो । त्यसबेला विनातार सन्देश प्रवाह गर्न मिल्ने रेडियो सबैको लागि अनौठो वस्तु थियो । रेडियो सुन्नको लागि मानिसहरू एकठाउँमा भीड गरेर जम्मा हुन्थे । त्यसबेला मनोरञ्जन र सूचनाको मुख्य माध्यम रेडियो नै थियो । हाल रेडियोको प्रयोग र महत्त्व विभिन्न सूचना र प्रविधिको आविष्कारले गर्दा घट्दै गएको छ । रेडियोको आविष्कार गर्ने प्रयासहरू धेरै भए पनि तीनओटा प्रयासहरूलाई मुख्य रूपमा लिने गरिन्छ । रेडियो आष्किार गर्ने पहिलो प्रयास जर्मन भौतिक शास्त्री Heinrich Rudolf Hertz ले विद्युत चुम्बकीय तरङ्गको खोजी गरेका थिए । उनले पनि रेडियो तरङ्ग सम्बन्धी खोज गर्दैगर्दा उनको मृत्यु भयो । पछि उनका शिष्यहरूले उनको प्रयास र अनुसन्धानहरूलाई एउटा किताबको रूपमा छपाए । जसले भविष्यमा यस सम्बन्धी खोजलाई अगाडि बढाउन सकियो । Hertz को पुस्तक विश्वका विभिन्न भौतिक शास्त्रीहरूले अध्ययन गरे । त्यसमध्ये भारतका **जगदिशचन्द्र बसु**लाई उक्त पुस्तकबाट धेरै प्रभाव पऱ्यो । उनले पनि सन् १८९० मा विद्युत चुम्बकीय तरङ्गको माध्यमबाट विद्युत् घण्टी बजाउन सफल भए । तर, उनी पनि रेडियोको आविष्कार गर्नमा प्रयासरत भए पनि सफल भएनन् । तेस्रो प्रयासको रूपमा रेडियोको आविष्कार गर्न **मार्चेज गुग्लिल्मा मार्कोनी** सफल भए । यसकारण मार्कोनीलाई विनातार रेडियो सञ्चार पठाउने जनकका रूपमा लिइन्छ । तर, उनले आविष्कार गरेको रेडियोमा एकजना व्यक्तिलाई मात्र सूचना प्रसारण गर्न सकिने प्रकारको थियो । रेडियोको क्रमविकासमा क्यानाडियन भौतिक शास्त्री **रेगिनाल्ड फेसेण्डन**ले रेडियो प्रसारण थप अनुसन्धान गरी रेडियो प्रसारण एक भन्दा बढी व्यक्तिले सुन्न सकिने गरी विकास गरे । उनले ध्वनि र सङ्गीत एकैसाथ प्रसारण गर्न मिल्ने गरी गर्ने रेडियो प्रसारणको विकास गरे । सन् १९०६ को डिसेम्बर महिनाको २४ तारिखमा आवाज र सङ्गीत समावेश भएको विश्वको पहिलो रेडियो प्रसारण अमेरिकामा भयो । पहिलो नियमित रेडियो प्रसारण स्टेशनको स्थापना सन् १९०७ मा न्युर्योकमा भएको थियो । पछि गएर रेडियोको विकासमा भौतिक

शास्त्री Lee De Forest ले पनि महत्त्वपूर्ण भूमिका खेलेका थिए। टेलिभिजनको आविष्कार हुनुभन्दा पहिला मानिसहरू अहिले टेलिभिजनको श्रृंखलाहरू हेर्न जसरी कुरेर बस्थे त्यसबेला मानिसहरू रेडियोका कार्यक्रमहरू सुन्न जम्मा भएर बस्दथे। त्यसबेला थोरै मानिसहरूको घरमा मात्र रेडियो हुन्थ्यो।

**परिचय र परिवार :** मार्कोनीको पूरा नाम मार्चेज गुग्लिल्मा मार्कोनी हो। उनको जन्म सन् १८७४ अप्रिल ५ तारिखमा इटालीको बोलोग्ना शहरमा भएको थियो। उनको बुबाको नाम गिउसेप मार्कोनी (Giuseppe Marconi) र आमाको नाम एन्नी जेम्सन (Annie Jameson) थियो। उनी गिउसेप मार्कोनीका दोस्रो छोरा थिए। स्वभावले बुबा कडा मिजासका थिए भने आमा मायालु, सहनशील र धैर्यवान महिला थिइन्। पिता इटालीयन थिए भने आमा एन्नी जेम्सन आयरल्याण्डका थिइन्। मार्कोनी परिवार आर्थिक रूपले सम्पन्न नै थियो। बोलोग्ना नजिकको पहाडी भागमा मार्कोनी परिवारको एउटा आकर्षक र सुन्दर घर थियो। उक्त घरको नाम विल्ला ग्रिफोन राखिएको थियो। उनका आफूभन्दा ९ वर्ष जेठो अल्फोन्सो नामको दाजु पनि थिए। उनका बुबा धनी जमिनदार भएकोले सधैँ व्यस्त रहन्थे। उनी र उनको दाजुलाई हुर्काउने काम आमा एन्नीले गरेकी थिइन्। उनीहरूको बाल्यकाल मार्कोनी निवास विल्ला ग्रिफोनमा बित्यो। उनी र उनका दाजु अल्फोन्सो एक आपसमा असल साथीभाइ जस्तै भएर खेल्ने र रमाउने गर्दथे। आमाको न्यानो माया र स्नेहमा नै दुवै दाजुभाइ हुर्कने वातावारण पाए। आमा एन्नीले उनीहरूको बाल जिज्ञासालाई झर्को नमानीकन सहज रूपले बुझाउने गर्दथिन्। उनका आमाले धेरैजसो हिउँदको याममा आफ्ना दुई छोराहरूलाई आराम र आनन्दको लागि लेर्घोन भन्ने ठाउँमा घुमाउन लाने गर्दथिन्। लेर्घोन शहर इटालीको बीच भागमा रहेको मुख्य बन्दरगाह शहर थियो। उनलाई शिकार गर्न र साइकल चलाउन मनपर्थ्यो। पछि गएर मार्कोनी एक आविष्कारक, व्यापारी र वायरलेस टेलिग्राफ कम्पनीका संस्थापक बने।


बाल्यकालमा मार्कोनी आमासँग

**बाल्यकाल :** मार्कोनी सानै उमेरदेखि अन्य विषयको पढाइभन्दा विज्ञान र विश्वका महान् वैज्ञानिकहरूको जीवनी पढ्न निक्कै रुचि राख्दथे। विज्ञानमा पनि भौतिक विज्ञानमा बढी रुचि राख्दथे। भौतिक विज्ञानमा पनि विद्युत् र विद्युत् सम्बन्धी उपकरणमा धेरै रुचि राख्दथे। विज्ञान र वैज्ञानिकहरूको जीवनी पढ्न बढी मात्रामा आफ्नै बुबाको निजी पुस्तकालयलाई प्रयोग गर्दथे। विज्ञानमा आफूले पढेका कुराहरू प्रयोग गरेर हेर्नमा रुचि राख्दथे। उनी ४ वर्षको हुँदा उनले एकपटक विहानै आफ्नो नयाँ खेलौना भुइँमा बजारेर टुक्रा टुक्रा पारे। यो देखेर नजिकै पत्रिका पढेर बसेका उनका बुबा एकदम रिसाए र कराए 'कस्तो बदमाश केटो रहेछ ?' नजिकै बसिरहेकी श्रीमतीलाई हकार्न थाले 'यो बच्चाको चाला हेर्दा त भविष्यमा यो भष्मासुर नै होला जस्तो छ।' तर, बालक मार्कोनीले बाबुको रिसको कुनै वास्ता नगरी आफ्ना आमालाई बिग्रेका खेलौना देखाएर भन्न थाले 'हेर्नुस त भित्र के के रहेछ ? यो केबाट बनेको हो ? यसभित्र रहेका पेचहरू खोलेर मलाई सहयोग गर्नुस् न। म यो के के बाट बनेको हेर्न चाहन्छु।' आमाले बाल सुलभ पाराले छोराले भनेअनुसार पेचहरू खोली दिए। त्यसपछि बालक मार्कोनी खेलौनाको विभिन्न भागहरू हेरिसकेपछि पुनः जोडेर पहिलेकै अवस्थामा ल्याउन कोसिस गरे। तर, उनी सफल भएनन्। त्यतिबेला बालक फुटेको खेलौना जोड्न असफल भए पनि पछि गएर उनी रेडियोको आविष्कार गर्न सफल भए।


युवा अवस्थामा मार्कोनी

**शिक्षा :** मार्कोनीका मामा **हेनरी** लण्डनमा बस्दथे। उनकी आमाले बेलबेलामा मार्कोनी दाजुभाइलाई समय समयमा इंग्ल्याण्डको विभिन्न शहरमा घुमाउन लगिरहन्थिन्। यसले गर्दा उनको विद्यालयको पढाइ छुटिरहन्थ्यो। त्यसले गर्दा उनका बुबाले घरमा नै एकजना शिक्षक राखेर पढाउने व्यवस्था गरे। तर, मार्कोनीलाई घरमा एक्लै पढ्न नियास्रो लागेकोले उनका बुबाले मार्कोनीलाई फ्लोरेन्स शहरको एक विद्यालयमा भर्ना गरिदिए। मार्कोनीको अङ्ग्रेजी कमजोर थियो। त्यसैले


विद्यालयमा उनलाई अन्य साथीहरूले गिज्याउने र जिस्काउने गर्दथे। उनले अङ्ग्रेजी बोल्दा साथीहरू हाँसेर उनलाई हाँसोको पात्र बनाउँथे। यसले गर्दा उनलाई विद्यालय गएर पढ्न रुचि घट्दै गयो। विद्यालयबाट फर्केपछि घरको बुईँगलमा गएर विद्युत् सम्बन्धी विभिन्न प्रयोग गरिहन्थे। वास्तवमा भन्ने हो भने मार्कोनीले बाल्यकाल विद्यालय गएर राम्रो शिक्षा प्राप्त गरेका थिएनन्। न त उनले औपचारिक रूपमा उच्च शिक्षा हासिल गर्न पाए। उनलाई भौतिकशास्त्र, रसायनशास्त्र र गणित घरमा आउने शिक्षकले नै पढाएका थिए। उनी १७ वर्षको हुँदा माध्यमिक तहमा भौतिकशास्त्र पढाउने व्यक्ति प्रोफेसर Vincenzo Rosa को सिकाइबाट बढी प्रभावित भएका थिए। प्रोफेसर Vincenzo Rosa बाट उनले भौतिक विज्ञानका आधारभूत तथ्यहरू र विद्युत्का नयाँ सिद्धान्तहरू सिके। जर्मन भौतिकशास्त्री Heinrich Rudolf Hertz को विद्युत् चुम्बकीय तरङ्ग बारेमा अध्ययन गरिरहेका University of Bologna का भौतिकशास्त्री Augusto Righi ले उनलाई विश्वविद्यालयमा उनको प्रवचन सुन्न, प्रयोगशाला प्रयोग गर्न र पुस्तकालय प्रयोग गर्नमा धेरै सहयोग गरेका थिए। मार्कोनीको शिक्षा दीक्षा बोग्लोना, फ्लोरेन्स र लेधोममा भएको थियो। उनलाई बच्चैदेखि भौतिक विज्ञान र इलेक्ट्रीकल विज्ञानमा बढी रुचि थियो। उनले **म्याक्सवेल, हर्टज, रिघी, लोज**लगायत अन्य वैज्ञानिकहरूको पुस्तक गहन रूपमा अध्ययन गरेका थिए।

**रेडियो आविष्कारको यात्रा :** मार्कोनीलाई आफूले पढेका कुराहरू गरेर हेर्न रुचि लाग्दथ्यो। उनले वैज्ञानिक **बेन्जामिन फ्रयान्कलिन**ले आकाशमा बिजुली चम्कनुको कारण त्यहाँ प्राकृतिक बिजुली उत्पन्न हुनु हो भन्ने सिद्धान्त पढेका थिए। त्यसबेला १३ वर्षका



मार्कोनीलाई विद्युत् सम्वन्धी प्रभावकारी रूपले शिक्षण गर्ने प्रोफेसर Vincenzo Rosa

मार्कोनीलाई यो सिद्धान्त प्रयोग गरेर हेर्न रहर लाग्यो र प्रयोग पनि गरे। उनले आफ्नो घरको छानामा जस्तापाताको वाण आकारको एक लामो पाता ठड्याएर त्यसबाट तार जोडेर ल्याई त्यस तारलाई भुईँ तलाको ढोकामा जडान गरिराखेको विद्युत् घण्टीमा जोडिदिए। अब उनी खराब मौसम हुने दिनको प्रतिक्षामा बस्न थाले। एकदिन खराब मौसमको समयमा उनले आफ्नो साथी लुइगी सोलारीलाई बोलाए र आफ्नो प्रयोग देखाए। जब आकाशमा काला बादलहरू मडारिए र बिजुली चम्कियो तल मार्कोनीले जडान गरेको विद्युत् घण्टी बज्न थाल्यो। यसरी यो प्रयोगले आकाशको बादलमा बिजुली चम्कने बेलामा प्राकृतिक विद्युत् उत्पन्न हुन्छ भन्ने बेन्जामिन फ्रयान्कलिनको सिद्धान्तलाई पुष्टि गरेर हेरे। उनका साथी लुइगी सोलारी पनि मार्कोनीको काम देखेर धेरै नै प्रभावित भए। उनका आमा एन्नी पनि छोराको प्रयोगबाट खुवै प्रभावित भइन्। उनले आफ्नो छोरालाई हौसला दिँदै भनिन् ' यदि तिमी यो कामलाई निरन्तरता दिन्छौ भने निश्चित रूपमा भविष्यमा तिमी महान् र सफल बन्नेछौ।' तर, यस कार्यबाट उनका पिता गुइसेप भने खुशी भएनन्। विद्यालयको गृहकार्य नगरिकन त्यस्तो प्रयोग गरेर समय खेर फाल्यो भनी गुइसेपले हकारे। मार्कोनीले जडान गरिराखेको विद्युत् घण्टी र तारलाई चुँडालेर बाहिर सडकमा फालिदिए।



मार्कोनीलाई रेडियो तरङ्ग आविष्कारमा प्रमुख रूपमा सहयोग गर्ने वोल्गोना विश्वविद्यालयका प्रोफेसर Augusto Righi

सन् १८८७ को हिउँदमा १३ वर्षको मार्कोनीलाई लेघोर्न शहरको एक प्राविधिक विद्यालय लेघोर्न टेक्नीकल इन्स्टिच्युटमा भर्ना गरिदिए। त्यहाँ उनले खास गरिकन बढी रुचिपूर्वक भौतिकशास्त्र र रसायनशास्त्र अध्ययन गरे। त्यहाँ पढ्दा पढ्दै मार्कोनीले विद्युत् उत्पादन गर्ने र प्रसार गर्ने यन्त्र आफै बनाए। यसबेला उनको उमेर १६ वर्ष थियो। विद्यालयको पढाइ सकेपछि मार्कोनी विज्ञानको अध्ययन गर्नको लागि बोलोग्ना विश्वविद्यालयमा भर्ना हुन गए। तर, उनी प्रवेश परीक्षामा अनुत्तीर्ण भएकोले भर्ना हुन पाएनन्। तर, उनका आमा एन्नीले उनलाई हौसला दिँदै छिमेकमा रहने प्रोफेसर अगष्टो रिघिलाई आफ्नो छोरालाई सहयोग गरिदिन अनुरोध गरिन्। प्रोफेसर रिघिले मार्कोनीसँगको केहीबेरको कुराकानीबाट विज्ञान विषयमा युवा मार्कोनीको असाधारण क्षमता र रुचि भएको बुझे। उनले मार्कोनीलाई वैज्ञानिक रुचिमा सहयोग गर्ने वचन दिए। प्रोफेसर रिघिले आफू अध्यापन गर्ने विश्वविद्यालयको पुस्तकालयमा रहेको किताबहरू प्रयोग गर्न पाउने अनुमति

दिलाइदिए। साथै उनको निजी पुस्तकालयबाट पनि कुनै पनि पुस्तक लिएर पढ्न पाउने व्यवस्था मिलाइदिए। यसरी नै विश्वविद्यालयमा हुने विभिन्न प्रवचनहरूमा सहभागी हुने अवसर पनि गरिदिए।

मार्कोनीले पुस्तकालयहरूमा रहेका विद्युत् विज्ञान सम्बन्धी थुप्रै पुस्तकहरू अध्ययन गरे। यसै क्रममा सञ्चारको लागि विछ्याएर राखेको विद्युतीय टेलिग्राफ तारका बारेमा पनि उनले रुचिपूर्वक अध्ययन गरे। त्यस समयमा जमीनमुनि गाडेर टेलिग्राफका तारहरू खम्बामा टाँगेर र समुद्र मुनि पिँधमा विछ्याएर विभिन्न ठाउँहरूमा पुऱ्याउने गरिएको थियो। यूरोपबाट अमेरिकासम्म टेलिग्राफ सेवा पुऱ्याउन आन्ध्र महासागरको पिँधबाट तार विछ्याएर लगिराखेको थियो। टेलिग्राफको लाइन बिग्रेको बेलामा समुद्रमुनि गएर मर्मत गर्ने काम निक्कै कठिन थियो। मार्कोनीले त्यस कठिनाइलाई हटाउने कुनै उपाय हुन्छ कि भनेर सोच्न थाले। तर निष्कर्षमा उनी पक्कै पनि तारबिना पनि टेलिग्राफको सन्देश पुऱ्याउने कुनै उपाय हुनसक्ने कुरा सोच्न थाले। शायद यो नै तारबिनाको सञ्चार Wireless प्रविधि अर्थात रेडियो सञ्चारबारेको पहिलो कल्पना वा विचार थियो।

लेघोर्न टेक्निकल इन्स्टिच्युटमा पढ्दै गर्दा घरतिर फर्किरहेको बेलामा बीच बाटोमा पर्ने एक सानो घरको आँगनमा बसिरहेका आँखाले त्यति नदेख्ने नेलो मार्चेटि भन्ने एक बूढो व्यक्तिले मार्कोनीलाई बोलाए। मार्चेटिले आफू विगतमा एक विद्युतीय टेलिग्राफ अपरेटर भएको र आफूले टेलिग्राफ सम्बन्धी जानेको सीप मार्कोनीलाई सिकाउन चाहेको बताए। मार्कोनी खुशीले गद्गद् भए। उनले उक्त प्रस्ताव तुरुन्तै स्वीकार गरे। एक महिना भित्र मार्चेटिबाट टेलिग्राफको मोर्स कोड सिके। **(क्रमशः)**

# जीवन–आचरण

## कछुवा र भ्यागुता

हुन त हामी सबैले 'कछुवा र खरायो' को कथा बच्चा बेलामा सुनेका थियौँ। तर, आज हामी कछुवा र भ्यागुतोको कथा पढ्ने छौँ।

महासागरमा सधैं मोजमस्ती गर्दै पौडी खेलिरहनु पनि दिक्कलाग्दो हुने रहेछ। त्यसैले होला प्रत्येक वर्ष कछुवा वन–जङ्गल, हिमाल–पहाड, सहर–गाउँ, मरुभूमि भ्रमणमा निस्कँदोरहेछ। छोटो शब्दमा भन्नुपर्दा संसार भ्रमणमा निस्किँदोरहेछ। यस्तै संसार भ्रमणमा निस्कने क्रममा कछुवा समुद्रबाट सयौँ माइल टाढा पुगेछ।

हिँड्दा हिँड्दै थाकेर चूर अनि पानी तीर्खा लाग्न थालेकोले कछुवा बिस्तारै इनारतिर गई पानी पिउन थाल्यो। पानी खाई आराम लिन बसेका मात्र के थिए, उसले इनारमा बिन्दास अनि मज्जाले रमाएर खेलिरहेका भ्यागुतो देखेछ।

उसले भ्यागुतोसँग कुरा गर्न थाल्यो। कुरैकुरामा समुद्रको कुरा पनि निस्कियो।

कछुवा : 'हामी बस्ने समुद्र त विशाल हुन्छ नि।'

भ्यागुतोले इनारको ५ फन्को घुमेर कछुवालाई सोध्यो, 'के समुद्र यति विशाल हुन्छ ?' कछुवाले जवाफ दियो कि, 'त्यो भन्दा पनि ठूलो हुन्छ।'

भ्यागुतोले फेरि इनारको २५ फन्को लगाउँदै सोध्यो, 'के समुद्र यति विशाल हुन्छ ?' कछुवाले फेरि भन्यो, 'समुद्र यो भन्दा पनि विशाल हुन्छ।'

भ्यागुतोले फेरि इनारको ७५ फन्को लगायो। यस पटक भने भ्यागुतो निकै थाकिसकेको थियो। थकानले उसको मुटुको ढुकढुकी नै बन्द होला जस्तै भएको थियो। सकिनसकी उसले कछुवालाई सोध्यो, 'के तपाईँ बस्ने समुद्र यति विशाल छ र ?'

कछुवाले फेरि भन्यो, 'भ्यागुतो भाइ, समुद्र त यो भन्दा पनि निकै विशाल हुन्छ नि !'

कछुवाको जवाफ सुनेपछि त्यो इनारभित्रको भ्यागुतोलाई उठ्नु रिस उठ्यो। भ्यागुतोले भन्न थाल्यो – 'तपाईँले कि त मसँग ठट्टा गर्दै हनुहुन्छ कि त तपाईँको मगज ठिक छैन। मलाई त लाग्छ तपाईँको दिमाग नै ठिक छैन, कुनै पनि समुद्र मैले इनारमा चक्कर लगाएको जति विशाल हुनै सक्दैन।'

यति भनेर रिसाउँदै, आज आफ्नो दिन नै खराब रहेछ भन्दै मनमनै कुरा खेलाउँदै भ्यागुतो इनार भित्र पस्यो।

बिचरा कछुवा के भन्ने, के नभन्ने दोधारे भएर इनारमा हेरिरह्यो। 'दिमाग नभएको' भन्ने शब्द कछुवाको मस्तिष्कमा निरन्तर गुन्जिरह्यो। एकपटक त कछुवालाई आफ्नै कुरामा पनि शङ्का लाग्न थाल्यो कि कतै भ्यागुतोले भने जस्तै समुद्र इनारको १०० फन्को बराबर छैन कि ?' अनि फेरि उसको मस्तिष्कमा समुद्रको याद आउन थाल्यो र ऊ आफ्नो दिमाग ठिकै रहेको विश्वासका साथ बिस्तारै आफ्नो गन्तव्य तिर हिँड्न थाल्यो।'

# भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८०

## ७५ विद्यालयका २२०० भन्दा बढी सहभागी ९०० मेडल



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा हुने *'नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८०'* को एक कार्यक्रमबीच शहीदस्मृति खेलमैदानमा माघ २१ गते समुद्घाटन गर्नुभयो ।

माघ २१ गतेदेखि माघ २७ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो–खो, एथ्लेटिक्स,



बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय र बाघचाल खेलको प्रतियोगिता विभिन्न वडामा सञ्चालन हुनेछ ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि अध्यक्ष **बिजुक्छेँ**ले 'खेलकुद स्वास्थ्यको निम्ति हो' भन्नुहुँदै खेलकुदले जीवनमा सकारात्मक उर्जा प्रदान गर्ने बताउनुभयो । खेलाडीहरूलाई खेलले अनुशासित बनाउने हुनाले भक्तपुर नगरपालिकाले हरेक वर्ष निरन्तर आयोजना गरिरहेको विद्यालयस्तरीय खेलकुद प्रतियोगिताले विद्यार्थीहरूको व्यक्तित्व विकास, अनुशासन र मित्रताको लागि थप उर्जा दिने बताउनुहुँदै उहाँले खेलाडीहरू देश र जनताप्रति समर्पित हुने प्रतिबद्ध हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले 'खेलकुदमा गरेको लगानी कहिल्यै खेर जाँदैन' भन्नुहुँदै निजी दर्ता नभएको जग्गा सरकारको हुन्छ र शहीदस्मृति खेल मैदानमा कभर्ड हल निर्माणको लागि तगारो हाल्ने प्रतिगामी कदमलाई जनस्तरबाट विरोध गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सभापतिको आसनबाट भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता खेलकुद महोत्सवको रूपमा सञ्चालन हुने बताउनुहुँदै यस प्रतियोगितामा भक्तपुरका ७५ ओटा विद्यालयका २२०० भन्दा बढी विद्यार्थीको सहभागिता रहेको जानकारी गराउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्यसँगसँगै

खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै खेलाडीहरूलाई अवसर प्रदान गर्न हरेक वर्ष विद्यालयस्तरीय खेलकुद प्रतियोगिता, नियमित खेल प्रशिक्षण र समय समयमा खेलकुद सामग्री वितरण गर्दै आएको जानकारी दिनुभयो।



उहाँले ७ दिनसम्म सञ्चालन हुने विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको आयोजनाले १० ओटै वडामा विभिन्न १५ ओटा खेलकुदका गतिविधि हुने र पूरै नगर खेलकुदमय भई यो सातालाई खेलकुद महोत्सवको रूपमा मनाइने जानकारी दिनुभयो।



भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठले** भक्तपुर नगरपालिकाले खेलकुदलाई महत्त्व दिँदै नगरभित्र रहेका ७५ ओटा विद्यालयहरूलाई प्रतियोगितामा समावेश गराउन सफल भएकोमा खुशी व्यक्त गर्नुहुँदै आगामी दिनमा ९० ओटै विद्यालयहरूलाई सहभागी गराउन प्रयास गर्नुपर्ने बताउनुभयो। उहाँले खेलकुदले विद्यार्थीहरूको जीवनलाई सक्रिय बनाई शारीरिक र मानसिक रूपमा तन्दुरुष्ट बनाउने तथा विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा मद्दत पुऱ्याई देश विकासमा खेलकुदले महत्त्वपूर्ण योगदान पुऱ्याउने विचार व्यक्त गर्नुभयो।

उहाँले साहसिक खेलकुदको माध्यमबाट पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याउन सकिने धारणा व्यक्त गर्नुहुँदै खेलकुद पूर्वाधारको विकासमा जोड दिनुपर्ने समेत विचार व्यक्त गर्नुभयो।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशीले** मित्रता, अनुशासन र आत्मरक्षाको लागि खेलकुद अपरिहार्य रहेको बताउनुहुँदै विद्यार्थीहरूले शिक्षासँगसँगै खेलकुद र स्वास्थ्यलाई अगाडि बढाउनुपर्ने विचार राख्नुभयो। उहाँले हरेक विद्यार्थी कुनै न कुनै खेलमा संलग्न हुनुपर्नेमा जोड दिनुहुँदै युवाहरूलाई विदेशिनबाट जोगाई देशमै आफ्नो पहिचानसहित सक्षम नागरिक बनाउन सरकारले उचित भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्रीले** भक्तपुर नगरपालिकाको आयोजनामा २०८० माघ २१ गतेदेखि माघ २७ गतेसम्म सञ्चालन हुने १५ विधाका विभिन्न खेलकुद प्रतियोगिताले सिङ्गो भक्तपुर खेलकुदमय हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराईले** खेलको माध्यमबाट नगरलाई चिनाउन विद्यालयस्तरीय खेलकुद प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले खेलकुद पूर्वाधारको विकास गरी देशको लागि योग्य नागरिक बनाउन भक्तपुर नगरपालिकाले समय समयमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिरहेको बताउनुभयो।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण रायले** भक्तपुर नगरपालिकाका जनप्रतिनिधिले घोषणापत्र बमोजिम खेलकुद क्षेत्रमा उल्लेखनीय कार्य गर्दै आइरहेको बताउनुहुँदै नगरपालिकाले खेलकुद प्रशिक्षकको व्यवस्था, उत्कृष्ट खेलाडी सम्मान र विद्यालयस्तरीय तथा अन्तरनगर खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै आइरहेकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले शहीदस्मृति खेल मैदानलाई सुधार गरी कभर्ड हलको रूपमा विकास गर्न सकेमा विभिन्न खेल प्रतियोगिताहरू आयोजना गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका सदस्य **उपेन्द्र सुवालले** नगरपालिकाद्वारा आयोजित खेलकुद प्रतियोगितामा ७५ ओटा विद्यालयले भाग लिएको जानकारी गराउनुहुँदै खेलकुद प्रतियोगिता सञ्चालनमा योगदान गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो।

कार्यक्रममा युवा तथा खेलकुद समितिका सदस्य एवम् युवा तथा खेलकुद समितिका सदस्य **रामसुन्दर बासीले** पनि बोल्नुभएको थियो।

कार्यक्रममा खेलाडीको तर्फबाट टेबुल टेनिस खेलाडी **लिब्सा सुवाल** र रेफ्रीको तर्फबाट **श्रीप्रसाद कोजूले** प्रतियोगिता सभ्य र भव्य रूपमा सम्पन्न गर्ने सपथ लिएका थिए।

उद्घाटन कार्यक्रममा जिम्न्यास्टिक खेलाडीहरूले खेल प्रदर्शन गरेका थिए।



## खेलकुद प्रतियोगिताको उद्घाटन र्‍याली

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समुद्घाटन र्‍याली वडा नं. ९ दत्तात्रयबाट गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै नगर परिक्रमा गरी शहीदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो ।




र्‍याली सुरु हुनुअघि भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले प्रतियोगितामा भाग लिनुहुने विद्यालय तथा खेलाडीहरूलाई अनुशासित रूपमा खेलमा भाग लिने अपेक्षासहित वडा वडामा हुने खेलहरूकोबारे जानकारी दिनुभयो ।

र्‍यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, स्वयम्सेवकहरू, धिमे बाजा, विभिन्न विद्यालयहरू र प्रतियोगी खेलाडीहरू, नपाका खेलकुद प्रशिक्षार्थीहरू, टीम, क्लब, पुस्तकालय, सहकारी संस्थाका प्रतिनिधि, खेलप्रेमी नगरवासी तथा सबै वडाका खेलकुद समितिका पदाधिकारीहरू, भक्तपुर नगरपालिकाका कर्मचारीहरूलगायत हजारौँको सहभागिता रहेको थियो ।

## तस्बिरमा केही गतिविधि



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग चिनिया कम्युनिस्ट पार्टीका विदेश विभागका उपमन्त्री सुन हेयानको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले भेट गऱ्यो । प्रतिनिधिमण्डलले लायकू, टौमढी र ख्वप अस्पताल ब्रह्मायणीको अवलोकन गरेको थियो । माघ १२ गते



## तस्बिरमा केही गतिविधि




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ लका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम । पुस २१ गते




नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाललगायत भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङमा स्नातकमा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रममा । माघ ३ गते

## तस्बिरमा केही गतिविधि



नेमकिपाका सचिव प्रेम सुवाल २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा भक्तपुरको दत्तात्रयमा जनचेतनामूलक शैक्षिक प्रदर्शनीको उद्घाटन गर्नुहुँदै । माघ २ गते



भक्तपुर नपाका उपप्रमुख रजनी जोशी माघ २ गते दत्तात्रयमा भएको भूकम्प सुरक्षासम्बन्धी जनचेतानामूलक शैक्षिक प्रदर्शनीमा उत्कृष्ट मोडेलहरूको पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुहुँदै । माघ ५ गते

## तस्विरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा । माघ ९ गते



भक्तपुर नपाको आयोजनामा एडभान्स सिलाइ तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम । माघ ५ गते

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ३९

## मिति २०८० असोज २४ गते, बुधबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति

उपस्थित

२. उपप्रमुख श्री रजनी जोशी ऐ

३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री ऐ

४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला ऐ

५. वडाध्यक्ष श्री राजकृष्ण गोरा ऐ

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल ऐ

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ ऐ

८. वडाध्यक्ष श्री हरिराम सुवाल ऐ

९. वडाध्यक्ष श्री उकेश कवां ऐ

१०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु ऐ

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व ऐ

१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा ऐ

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल ऐ

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) ऐ

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ऐ

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु ऐ

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती ऐ

१८. नि.प्र. प्रशासकीय अधिकृत श्री बिजय कुमार शर्मा ऐ

## निर्णयहरू

### आर्थिक सहयोग

आर्थिक सहयोग सम्बन्धमा छलफल हुँदा नेपाल भाषा साहित्य तःमुज्याको लागि रु.१,००,०००।- (अक्षेरूपी रु. एक लाख र विविध भाषा साहित्य तःमुज्याको लागि रु.३०,०००।- (अक्षेरूपी तीस हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो-

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति : २०८०।६।१८ गते

२०८० सालको गुन्हीपुन्ही सापारुको अवसरमा भएको घिन्ताङघिसीं, माक प्याखं र परपम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको मूल्याङ्कनकर्ता तथा गुन्हीपुन्ही सापारु व्यवस्थापन समितिका पदाधिकारीहरू र मूल्याङ्कन स्थलमा सहयोगी कर्मचारीहरूलाई **पारिश्रमिक** (भत्ता) को व्यवस्था गर्ने निर्णय गरियो ।

नेपाल सरकारबाट प्रदान गरिने क्यान्सर, मृगौला प्रत्यारोपणलगायतका बिरामीको लागि मासिक औषधी उपचार वापत खर्चको लागि वडा वडाबाट निवेदन पेश भएको विवरण अनुसार खर्च रकम नेपाल सरकारसँग **भुक्तानी माग गर्ने** निर्णय गरियो ।

**आर्थिक तथा लेखासमिति**

मिति २०८०।६।१५ गते

१. खसी, च्यांग्राको खोरको लागि रु.३०,०००।- (अक्षेरूपी तीस हजार) मात्र कर रु.५,०००।- (अक्षेरूपी पाँच हजार) मात्र धरौटी तथा क्षेत्रफल बढीमा २०X२५ फिट सम्मको ।

२. खसी, च्यांग्रा सफाइ गर्न तथा अन्य साना होटल र पसलका लागि रु.१०,०००।- (अक्षेरूपी दश हजार) मात्र कर र रु.३०,०००।- (अक्षेरूपी रु. तीस हजार) मात्र धरौटी तथा क्षेत्रफल बढीमा १५X२० फिट सम्मको ।

**महिला बालबालिका तथा समाज कल्याण समिति**

मिति २०८०।६।२३ गते

१. भ.न.पा.द्वारा सञ्चालन भइरहेको विभिन्न तालिमहरू (पाक शिक्षा, हेयर कटिङ्ग, बुटिक, आधार भूतसिलाइ र एड्भान्स सिलाइ तालिमको निरीक्षण, रेखदेख गर्ने जिम्मेवारी दिने र मासिक प्रगति विवरण समितिमा पेश गर्ने गरी कम्प्युटर अपरेटर श्रीराम कासिछ्वालाई मासिक रु. ५,०००।-(अक्षेरूपी पाँच हजार) **पारिश्रमिक दिने** निर्णय गरियो ।

३. भ.न.पा. क्षेत्रभित्रको सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता रकम अन्तर्गत प्रथम त्रैमासिक (२०८०/०८१,

श्रावण, भाद्र र आश्विन महिना) को सामाजिक सुरक्षा भत्ता असोज २६ गतेदेखि कार्तिक ३ गतेसम्म वितरण गर्ने निर्णय गरियो ।

**बोल पत्र मूल्याङ्कन समिति**

मिति २०८०/०६/१५ गते

चालु आ.व. २०८०/८१ का लागि भक्तपुर नगरपालिकाबाट सञ्चालित अफसेट प्रेसमा छपाइ कार्य गर्न आवश्यक तपसिल बमोजिमका आर्ट बोर्ड, म्यापलिथो पेपर, कलर कार्ड बोर्ड र प्रेसको कलर मसी खरिद गर्न मिति २०८०/०४/२९ गो.प. दैनिकमा ई-बिडिङ मार्फत बोलपत्र आह्वान सम्बन्धी प्रकाशित सूचना अनुसार म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएको ३ थान बोलपत्रहरू मिति २०८०/०५/२७ मा खोलिएको मुचुल्का अनुसार बोलपत्रदाता नेशनल मानसरोवर प्रिन्टीङ्ग प्रेस प्रा.लि.को कुल कबोल अङ्क रु. ३५,३७,३९५।५० (भ्याटसहित) अक्षरूपी पैंतिस लाख सैंतिस हजार तीन सय पन्चानव्बे रूपैयाँ पचास पैसा) बराबरको रकम कबोल गरिएको हुँदा उक्त बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले **स्वीकृत गर्न सिफारिस** गर्ने निर्णय गरियो ।

मिति २०८०/०६/१६ गते

चालु आ.व. २०८०/८१ का लागि नपामा रहेको सवारी साधनहरूको लागि आवश्यक टायर ह्युव र सफाइ गाडाको टायर तथा रिंग (नमुना अनुसार) र सफाइ कार्यका लागि आवश्यक पर्ने अन्य सामानहरू खरिद गर्न मिति २०८०/०४/२९ गो.प. दैनिकमा ई-बिडिङको माध्यमबाट बोलपत्र आह्वान सम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरू मिति २०८०/०५/२७ मा खोलिएको मुचुल्का अनुसार बोलपत्र दाता श्री देव सप्लायर्स, सरस्वती नगर काठमाडौँको कुल कबोल अङ्क रु. १६,३९,८५६।०० (भ्याट सहित) अक्षरुपी सोह्र लाख उन्नान चालीस हजार आठ सय छपन्न रूपैया बराबर हुन आएको हुँदा उक्त बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले **स्वीकृत गर्न सिफारिस** गर्ने निर्णय गरियो ।

मिति २०८०/०६/१७ गते

भक्तपुर नगरपालिकाबाट विदेशी पर्यटकहरूलाई वितरण गरिने अङ्ग्रेजी र चिनियाँ ब्रोसर छपाइ कार्य गर्न मिति २०८०/०५/०६ गतेमा प्रकाशित e-Gp system को माध्यमबाट सिलबन्दी दरभाउ पत्र आह्वानको सूचनाअनुसार म्याद भित्र दर्ता हुन आएका ८ थान सिलबन्दी दरभाउ पत्रहरू मिति २०८०/०५/२१ मा खोलिएको मुचुल्काअनुसार सिलबन्दी दरभाउ पत्रदाता क्लासीक प्रिन्टिङ प्रेस प्रा.लि, मध्यपुर थिमी भक्तपुरको कुल कबोल अङ्क रु. ९,९७,५०७।५० (भ्याट सहित) अक्षरेपि नौ लाख सन्तानब्बे हजार पाँच सय सात रुपैयाँ पचास पैसा बराबर हुन आएको हुँदा "सार्वजनिक खरिद ऐन २०६३" को दफा (४०) उपदफा (५) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनत्तम मुल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले **स्वीकृत गर्न सिफारिस** गर्ने निर्णय गरियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

## निर्माण समिति

मिति २०८०।०५।१९ गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | भनपाको प्रेस शाखाको पर्खालमा काडेतार फेन्सिङ गर्ने कार्य | २ | मर्मत | ८६,२९१।११ | | | | | | | | |
| २ | अरनिको सभा भवनको पूर्वतर्फको तरकारी बजारको कौसी मर्मत कार्य | ५ | मर्मत | ९८,४३२।१० | | | | | | | | |
| ३ | सल्लाघारी, सृजनानगर, नपली, दुधपाटी क्षेत्रको बाटोहरूको वेश स्तरोन्नती गर्ने कार्य | १ | मर्मत | ९२,३०८।०१ | | | | | | | | |
| ४ | सिद्धपोखरीको उत्तर पूर्वी पर्खाल मर्मत कार्य | १ | मर्मत | ७०,३५५।०७ | | | | | | | | |
| ५ | बाराही पुल परिसरको बाटोमा ग्राभेल राखी बाटो स्तरोन्नती गर्ने कार्य | ३ | मर्मत | ९४,५३१।११ | | | | | | | | |
| ख) | म्यादथप स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | मचो भैरव पाटी पुन:निर्माण कार्य | ८ | नपा | ४,६३४,७६१।६४ | | मिति २०८०।०६।३० गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| ग) | रि.ल.ई./ल.ई. स्वीकृति र पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | छुमा गणेश द्यः छैं पुन:निर्माण कार्य | ६ | नपा | ८,७६४,४९२।०९ | ८,७९३,६२७।५६ | ६५०,०००।०० | ६९४,२६५।८० | ४४,२६५।८० | ७७९,९०२।८३ | आंशिक सम्पन्न | हरिशरण अवाल | थप पेश्की रू. १६ लाख ५० हजार दिने |
| | | | | | | १,५००,०००।०० | २,१६१,६३२।०० | ६६१,६३२।०० | २,५७९,७९६।३५ | | | |
| | | | | | | २,१५०,०००।०० | २,८५५,८९७।८० | ७०५,८९७।८० | ३,३५९,६९९।१८ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सानो ब्यासीदेखि जिल्ला प्रशासन कार्यालयसम्म को बाटोमा ढुङ्गा छपाइ कार्य | २ | नपा | १,७४३,२११।८३ | प्रथम पेश्की | ५२०,०००।०० | ६५७,४५४।८० | १३७,४५४।८० | ६८७,०७५।३० | सम्पन्न | हरिप्रसाद सुवाल | दोस्रो पेश्की फछ्र्यौट गरी भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ५२०,०००।०० | ८१३,४९३।४७ | २९३,४९३।४७ | ८८५,०७५।६३ | | | |
| | | | | | जम्मा | १,०४०,०००।०० | १,४७०,९४८।२७ | ४३०,९४८।२७ | १,५७२,१५०।९३ | | | |
| ३ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८० असार महिना) | १–१० | मर्मत | ९८,९८८।७३ | | सामान तर्फ | ५२,४९७।५८ | ५२,४९७।५८ | ५२,४९७।५८ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ४०,८२५।०० | ४०,८२५।०० | ४५,१२८।०२ | | | |
| | | | | | | जम्मा | ९३,३२२।५८ | ९३,३२२।५८ | ९७,६२५।६० | | | |
| मिति २०८०।०५।३१ गते | | | | | | | | | | | | |
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बेखाल कभर्ड हल निर्माण कार्य (तेस्रो चरण) | १० | बेखाल कभर्ड हल निर्माण | १३,७६६,१८८।७१ | | | | | | | | |
| २ | खंचा स्वास्थ्य चौकी भवन निर्माण कार्य (दोस्रो चरण) | ७ | खंचा स्वास्थ्य चौकीभवनन र्माण | ५,७२७,८७१।११ | | | | | | | | |
| ३ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण कार्य (चौथो चरण) | ४ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण कार्य | ८,७७८,३०२।९३ | | | | | | | | |
| ४ | इन्द्रायणी द्यःछैं पुन:निर्माण कार्य (तेस्रो चरण) | २ | इन्द्रायणी द्यःछैं पुनः निर्माण कार्य | २,६१४,१८७।६१ | | | | | | | | |
| ५ | धांलाखुसी खानेपानी डिप बोरिंग तथा वितरण प्रयोजनको लागि ३ फेजिय विद्युत् मिटर जडान कार्य | १ | मर्मत | ३९,६१५।०६ | | | | | | | | |
| ६ | बाराही पीठ खानेपानी डिप बोरिंग तथा वितरण प्रयोजनको लागि ३ फेजिय विद्युत मिटर जडान कार्य | ३ | मर्मत | ४०,२३०।९१ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | नपुखूको उत्तरतर्फ सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | १ | मर्मत | ५४,१०९।४८ | | | | | | | | |
| ८ | सिद्ध पोखरीको दक्षिणतर्फ रहेको पार्किङ क्षेत्रमा सडक बत्ती तथा फ्लोड लाइट जडानकार्य | १ | मर्मत | ९९,५७१।१६ | | | | | | | | |
| ९ | क्मलविनायक पोखरी क्षेत्रमा सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | १० | क्मल विनायक पोखरी सुधार समिति | २४९,६९७४३ | | | | | | | | |
| १० | भनपा कार्यालय भवनमा ६ के.भी.ए. ब्याक अप प्रणाली मर्मत कार्य | २ | मर्मत | ४४०,८३६।५० | | | | | | | | |
| ११ | शिशु स्याहार तथा बाल विकास केन्द्रमा सिलिंग फ्यान जडान तथा विद्युतीय मर्मत कार्य | ६ | मर्मत | ४२,०५८।०६ | | | | | | | | |
| १२ | सीसीटीभी निगरानी प्रणालीको मर्मत कार्य ( भार्वाचो-टौमढी-दत्तात्रय, ग:हिती-ल्योसिंखेल र भनपा कार्यालय क्षेत्रमा) | भनपा | मर्मत | ९९,७१४।३७ | | | | | | | | |
| १३ | १२" x १६" साइजको रेनइनलेट कभर बनाउने कार्य | भनपा | मर्मत | ९९,१३४।१४ | | | | | | | | |
| ख) रि.ल.ई./ल.ई. स्वीकृति र पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सीसीटीभी प्रणाली जडान कार्य दत्तात्रय-च्याम्हासिंह-भानेसम्म र जगाती-कमलविनाक लान्चा फल्चासम्म) | ७, ८, ९ र १० | सीसीटीभी प्रणाली जडान कार्य | ३,४१२,८१५।६१ | ३,६९४,१८५।३६ | १,१००,०००।०० | ३,४१३,७०५।५५ | २,३१३,७०५।५५ | ३,६२२,०१९।८४ | सम्पन्न | नति भाई हेम्बा | |
| २ | बाराही पुल परिसरको बाटोमा ग्राभेल राखी बाटो स्तरोन्नती गर्ने कार्य | ३ | मर्मत | ९४,५३१।११ | ९९,२५७।६६ | ३०,०००।०० | ९८,५००।०० | ६८,५००।०० | ९८,७५३।७४ | सम्पन्न | कृष्ण गोपाल चौगुठी | अमानत बाट |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सिद्ध पोखरीको पश्चिम दिशामा रहेको बाटोमा ग्राभलिंग कार्य | १ | मर्मत | ६२८,७६४।५६ | | | ५६६,५७०।०० | ५६६,५७०।०० | ६२०,६७३।६४ | सम्पन्न | राजन कोजु | |
| ४ | सिचु फल्चा पुन:निर्माण कार्य | ५ | नपा | ४,२६५,००९।१५ | ५,२१०,११०।३६ | | | | | | | |
| म्याद थप स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सीसीटीभी प्रणाली जडान कार्य (दत्तात्रय–च्याम्हासिंह–भान सम्म र जगाती–कमलविनायक–लान्चाफल्चासम्म) | ७, ८, ९ र १० | सीसीटीभी प्रणाली जडानकार्य | ३,४१२,८१५।६१ | | मिति २०८०/६/३० गते सम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| मिति २०८०/०६/१६ गते | | | | | | | | | | | | |
| क) रि.ल.ई./ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | शित भण्डारण गृह भवन निर्माण कार्य (दोस्रो चरण) | ८ | सङ्घीय सरकार समपूरक अनुदान | १२,७७८,४९१।८० | | | | | | | | बोलपत्र आह्वानका लागि समेत सूचना प्रकाशन गर्ने |
| २ | अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलको MAT Foundation) | ६ | बागमती प्रदेश सशर्त · नपा · …….. | १०५,५१५,९७३।५२ | | | | | | | | बोलपत्र आह्वानका लागि समेत सूचना प्रकाशन गर्ने |
| ३ | हनुमन्ते खोला सुधार (दोस्रो चरण) | १ | हनुमन्ते खोला सुधार (नपा) | १३,२७३,५८२।४५ | | | | | | | | बोलपत्र आह्वानका लागि समेत सूचना प्रकाशन गर्ने |
| ४ | आदर निकेतन भवन निर्माण कार्य (दोस्रो चरण) | ६ | आदर निकेतन भवन (नपा) | ५,०११,८९४।११ | | | | | | | | |
| ५ | सिलखे फाँटस्थित फोहोर मैला प्रशोधन केन्द्रको सीमा पर्खाल निर्माण कार्य | १० | नपा | ५,९४१,८१३।३२ | ६,६२५,७२३।३२ | | | | | | | |
| ६ | भक्तपुर नगर स्वागत स्मारक निर्माण कार्य | १ | वातावरण तथा पर्यटन समिति | ७९८,०६४।९९ | | | | | | | | |
| ७ | हनुमान पाटीदेखि इचाडोलसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल + नपा | १,३२९,१६३।४८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | इटाछें ढुङ्गा छपाइ मर्मत | २ | सडक बोर्ड नेपाल+ नपा | १,३१८,५८७।८७ | | | | | | | | |
| ९ | बाराहीस्थान याकतीमार्ग ब्लक छपाइ बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल+नपा | १,३४१,६३७।५३ | | | | | | | | |
| १० | दुमलाचा ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल+नपा | १,३३५,०४५।८५ | | | | | | | | |
| ११ | चुपिंगघाटदेखि वडा कार्यालय हुँदै टौमढीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल+नपा | १,३२७,५८०।५८ | | | | | | | | |
| १२ | चोछें टोलदेखि यालाछेंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल+पा | १,३४४,५१०।०५ | | | | | | | | |
| १३ | याता क्षेत्रको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल+नपा | १,३८८,६८९।९७ | | | | | | | | |
| १४ | जगाती ढलाँचा बाटो स्तरोन्नति | ८ | सडक बोर्ड नेपाल+नपा | १,३३९,९८५।३४ | | | | | | | | |
| १५ | नवदुर्गा मन्दिरदेखि सरस्वती विद्यागृहसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल+नपा | १,३४८,४६६।६४ | | | | | | | | |
| १६ | सरस्वती विद्यागृहदेखि कमलविनायकसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल+नपा | १,३११,८०३।४१ | | | | | | | | |
| ख) ल.ई.स्वीकृति र पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सकुलानस्थित पालिफः फल्चा | ९ | नपा | ३,९५१,७९९।१ | प्रथम पेश्की | ६५०,००००।०० | १,०१३,१०२।३० | ३६३,१०२।३० | १,१५७,७४१।५५ | आंशिक सम्पन्न | विष्णुबहादुर मानन्धर | दोस्रो पे.फ. गरी भुक्तानी तथा थप |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुन:निर्माण | | | ५ | दोस्रो पेश्की | ९५०,०००।०० | १,५६०,०४५।३० | ६१०,०४५।३० | १,६०८,४८०।३७ | | | पेश्की रू. ६ लाख दिने |
| | | | | | जम्मा | १,६००,०००।०० | २,५७३,१४७।६० | ९७३,१४७।६० | २,७६६,२२१।९२ | | | |
| २ | बेखाल पोखरीको दक्षिण पश्चिम तर्फको पाटी पुन:निर्माण | १० | नपा | ३,९००,६२७।६९ | प्रथम पेश्की | १,३००,०००।०० | १,३१२,९५१।०३ | १२,९५१।०३ | १,५८०,७९२।६० | सम्पन्न | रामभक्त अवाल | दोस्रो पे.फ. गरी भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ६५०,०००।०० | १,५१६,६५५।०० | ८६६,६५५।०० | १,९७७,९६८।१४ | | | |
| | | | | | जम्मा | १,९५०,०००।०० | २,८२९,६०६।०३ | ८७९,६०६।०३ | ३,५५८,७६०।७४ | | | |
| ३ | ख्वप बहु प्राविधिक अध्ययन संस्थानको नयां भवन निर्माण स्थलको बाटो मर्मत कार्य | १० | परामर्श सेवा (नपा) | २७४,८४४।२५ | | | १३४,७५२।५० | १३४,७५२।५० | १३४,७५२।५० | सम्पन्न | एन.जि. सिल्याब प्रा.लि., काठमाडौं, | |
| ४ | भार्वाचो गणेश मन्दिर अगाडिको पाटीको छाना मर्मत कार्य | १ | मर्मत | ५४३,६५६।६७ | | १७५,०००।०० | ३७७,२५९।४० | २०२,२५९।४० | ५७२,९२६।३८ | सम्पन्न | बुद्धिभक्त शिल्पकार | |
| ५ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८० साउन महिना-१) | १-१० | मर्मत | ६४,४२४।१५ | | सामान तर्फ | १९,३७७।५० | १९,३७७।५० | १९,३७७।५० | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ३६,२२५।०० | ३६,२२५।०० | ३८,९८७।४८ | | | |
| | | | | | | जम्मा | ५५,६०२।५० | ५५,६०२।५० | ५८,३६४।९८ | | | |
| ६ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८० साउन महिना-२) | १-१० | मर्मत | ९९,७०५।३९ | | सामान तर्फ | ८,५३४।७१ | ८,५३४।७१ | ८,५३४।७१ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ८६,३००।०० | ८६,३००।०० | ८९,९४९।५६ | | | |
| | | | | | | जम्मा | ९४,८३४।७१ | ९४,८३४।७१ | ९८,४८४।२७ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | भनपा कार्यालय भवन, चपाल भैल द्य:छैं, जनज्योति पुस्तकालयमा छाना सफा गर्ने कार्य | नपा | मर्मत | ३४,०५८।४० | | | १५,७५०।०० | १५,७५०।०० | ३४,०५८।४० | सम्पन्न | शेरबहादुर घतुवा (अमानत) | |
| ८ | धांलाखुसी खानेपानी डिपबोरिंग तथा वितरण प्रयोजनको लागि ३ फेजिय विद्युत् मिटर जडानकार्य | १ | मर्मत | ३९,६१५।०६ | | | ३७,७८४।३० | ३७,७८४।३० | ३८,९६६।६८ | सम्पन्न | विकास इलेक्ट्रिक, भार्वाचो | |
| ९ | बाराही पीठ खानेपानी डिपबोरिंग तथा वितरण प्रयोजनको लागि ३ फेजिय विद्युत् मिटर जडान कार्य | ३ | मर्मत | ४०,२३०।९१ | | | ३८,८५९।१० | ३८,८५९।१० | ४०,२३३।६८ | सम्पन्न | विकास इलेक्ट्रिक, भार्वाचो | |
| मिति २०८०/६/२४ गते | | | | | | | | | | | | |
| क) | रि.ल.ई/ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | बाराही पुल परिसरमा ह्युम पाइप बिछ्याउने कार्य | ३ | बाराही पुल(नपा) | ४,५७०,३८३।७५ | | | | | | | | |
| २ | न:पुखू पर्खाल पुन:निर्माण कार्य (दोस्रो चरण) | १ | नपा | २,८५४,५५९।६९ | | | | | | | | क.सं. २ र ३ मध्ये एक गर्ने |
| ३ | सिद्ध पोखरी पेटी मर्मत कार्य | १ | | २,११६,०२६।७६ | | | | | | | | |
| ४ | भाजु पोखरीको रिटेनिंग वालमा ईंटा छपाइ कार्य | १ | मर्मत | १७५,२०५।०२ | | | | | | | | |
| ५ | भाजु पोखरीको पश्चिम डिल बाटोमा ईंटा छपाइ कार्य | १ | सडक स्तरोन्नती योजना (नपा) | १,१०९,२५४।०७ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | पुरानो जगाती सडकमापीचत था पेटी निर्माण कार्य | ८ | सडक स्तरोन्तती योजना (नपा) | ५,४२९,७३५।३८ | | | | | | | | |
| ल.ई. स्वीकृति, पेश्की फछ्र्यौट तथाभुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हनुमान घाट स्थित लोकेश्वर मन्दिर पुन:निर्माण कार्य | ७ | | २,३८८,१६४।७२ | प्रथमपेश्की | ३००,०००।०० | ४५८,२४५।५९ | १५८,२४५।५९ | १,३४४,३२४।९५ | सम्पन्न | बुद्धिराम दुवाल | तेस्रो पे.फ. गरी भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ४००,०००।०० | ८१२,७११।०० | ४१२,७११।०० | | | | |
| | | | | | तेस्रो पेश्की | ४००,०००।०० | ४६८,६०२।०० | ६८,६०२।०० | ५५४,३४४।०० | | | |
| | | | | | जम्मा | १,१००,०००।०० | १,७३९,५५८।५९ | ६३९,५५८।५९ | १,८९८,६६८।९५ | | | |
| २ | इखालाछी मठ पुन:निर्माण कार्य (तेस्रो चरण) | ४ | नपा | ८,७५७,०१६।२८ | प्रथमपेश्की | २,८००,०००।०० | ४,९६८,९७७।०० | २,१६८,९७७।०० | ५,०२०,५६१।९२ | सम्पन्न | पशुपति प्रजापति | दोस्रो पे.फ. गरी भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | २,८००,०००।०० | ३,७५३,२६०।०० | ९५३,२६०।०० | ४,०९६,५८८।१० | | | |
| | | | | | जम्मा | ५,६००,०००।०० | ८,७२२,२३७।०० | ३,१२२,२३७।०० | ९,११७,१५०।०२ | | | |
| ३ | बेखाल स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य (दोस्रो चरण) | १० | बेखाल स्वास्थ्य सेवा केन्द्र (नपा) | ३,०९३,५८२।२३ | प्रथम पेश्की | १,०००,०००।०० | १,१११,२५६।९४ | १११,२५६।९४ | १,२०६,११८।३० | सम्पन्न | देवकुमार अवाल | दोस्रो पे.फ. गरी भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | १,३००,०००।०० | १८,५९,२४५।१६ | ५,५९,२४५।१६ | २,५१३,७३४।२४ | | | |
| | | | | | जम्मा | २,३००,०००।०० | २९,७०,५०२।१० | ६,७०,५०२।१० | ३,७१९,८५२।५४ | | | |
| ४ | हनुमानघाट खोला सुधार कार्य | ७ | योजना हरूको बाँकी भुक्तानी | २,०९६,६९२।२० | | ३३०,०००।०० | ५८७,१९२।०० | २५७,१९२।०० | १,१३४,६००।१९ | सम्पन्न | विश्वराम ख्याजु | भुक्तानी दिने |
| ५ | कमलविनायक प्लानिंग अन्डर ग्राउन्ड खानेपानी ट्यांकी निर्माण कार्य | १० | योजना हरूको बाँकी भुक्तानी | ३,३५९,५९९।०४ | प्रथम पेश्की | ८००,०००।०० | १,५४३,५१५।४२ | ७४३,५१५।४२ | १,५४३,५१५।४२ | सम्पन्न | पुण्यराम लवजु | तेस्रो भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ८००,०००।०० | ९८९,८०१।८६ | १८९,८०१।८६ | ९९१,३६४।७७ | | | |
| | | | | | तेस्रो पेश्की | | ५३९,३८९।८० | ५३९,३८९।८० | ६३९,०७१।४५ | | | |
| | | | | | जम्मा | १,६००,०००।०० | ३,०७२,७०७।०८ | १,४७२,७०७।०८ | ३,१७३,९५१।६४ | | | |
| ६ | भनपा १ देखि १० | १-१० | मर्मत | ९८,२४४।८ | | सामान तर्फ | २८,८७९।९४ | २८,८७९।९४ | २८,८७९।९४ | सम्पन्न | नारायण भक्त | सामान जिन्सी |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८० भदौ महिना) | | | २ | | ज्याला तर्फ | ६२,६५०।०० | ६२,६५०।०० | ६८,१८७।७१ | | हेंगो (अमानत) | उपशाखा बाट प्राप्त |
| | | | | | | जम्मा | ९१,५२९।९४ | ९१,५२९।९४ | ९७,०६७।६५ | | | |
| ७ | सिद्ध पोखरीको उत्तरपूर्वी पर्खाल मर्मत कार्य | १ | मर्मत | ७०,३५५।०७ | | २३,०००।०० | ६८,५१८।०० | ४५,५१८।०० | ७०,१३२।६३ | सम्पन्न | कल्पना शिल्पकार (अमानत) | भुक्तानी दिने |

म्याद थप स्वीकृति सम्बन्धमा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूर्यविनायक देखि च्याम्हासिंह सम्म खानेपानी पाइप जडान कार्य | ५, ७, ८ र ९ | योजनाहरू को बाँकी भुक्तानी | ३,३५६,५८७९० | | मिति २०८० पुस मसान्तसम्मको लागि म्याद थप गर्ने | | | | पेश्की रू.५ लाख दिने |

## कृषि समिति

मिति २०८०।६।२२ गते

भक्तपुर नगरका सहकारी संस्थाहरूले रासायनिक मलको सिफारिस माग गर्न आउँदा रासायनिक मलको माग सङ्ख्या (परिमाण) अनुसार सोको अनुपातमा एक बोरा बराबर १ एक बोरा अर्थात रासायनिक मलको बोरा सङ्ख्याअनुसार यस भ.न.पा.का. बाट उत्पादन गरिएको कम्पोष्ट मलको बोरा (परिमाण) पनि बराबर रूपमा अनिवार्य लिनुपर्ने व्यवस्था गर्ने गरी **प्रोत्साहन गर्ने** निर्णय गरियो ।

## वातावरण तथा पर्यटन समिति

मिति २०८०।६।२९ गते

१. २०८० कार्तिक ४ गते, २०८० विजया दशमीको अवसरमा **शुभकामना आदान प्रदान** कार्यक्रम गर्ने निर्णय गरियो ।

२. फोहोर मैला सङ्कलन गर्न घर दैलो गल्ली सडकमा फोहोर सङ्कलन गर्न इलेक्ट्रिकल सवारी साधन (ट्याम्पु) ५ थान **खरिद गर्न** प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

## युवा तथा खेलकुद समिति

मिति २०८०।६।७ गते

भक्तपुर नगरपालिका वडा नं. ६ र १० वडाका महिला, वृद्ध, वृद्धाहरूलाई मध्यनजर गरी **छिकोङ्ग खेल** सञ्चालन गर्ने र उक्त खेलको लागि ६ वडामा रविना सुवाल र १० वडामा मुना बासुकलालाई प्रशिक्षकको रूपमा खटाउने निर्णय गरियो ।

मिति २०८०।६।९ गते

प्रदेश खेलकुद विकास परिषद, बागमती प्रदेश, भक्तपुर जिल्ला खेलकुद विकास समितिको प.सं. च.नं. २७, मिति २०८०।०८१ मिति २०८०।५।२६ गतेको पत्रानुसार भक्तपुर नगरव्यापी विद्यालय स्तरीय **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता** २०८० पौष ११–१३ गतेसम्म आयोजना गर्ने निर्णय गरियो ।

मिति २०८०।६।१९ गते

२०८० सालको विजया दशमीको शुभकामना आदान प्रदान तथा भक्तपुर नगरपालिका वडा नं. १ देखि १० सम्मका छिकोङ्ग प्रशिक्षणका प्रशिक्षार्थीहरूको वृहत भेला कार्यक्रम आयोजना गर्ने ।

नागरिक आरोग्य सेवा केन्द्र भक्तपुरलाई औषधी खरिदको लागि रु.२,००,०००।– (अक्षेरूपी दुई लाख) रूपैया आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

## बैठक सङ्ख्या- ४०

## मिति २०८० कार्तिक २३ गते, विहीबार

## निर्णयहरू

### स्वागत

चिनीयाँ कम्युनिष्ट पार्टीका तिब्बत प्रान्तका पार्टी सचिव श्री वाङ चुङचेङको नेतृत्वमा भक्तपुर भ्रमणमा आउनु हुने प्रतिनिधि मण्डललाई मिति २०८० कार्तिक २६ गते, आइतबार भक्तपुर दरबार क्षेत्र खौमा ध्वाकामा सांस्कृतिक झांकीसहित स्वागत गर्ने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो-

#### युवा तथा खेलकुद समिति

मिति २०८०।६।२९ गते

भक्तपुर नगरपालिकाको आयोजनामा २०८० कार्तिक १७ देखि २४ गतेसम्म भक्तपुर नगरभित्रका संस्थागत एवम् सामुदायिक विद्यालयका खेलकुद शिक्षक/शिक्षिकाहरूलाई **प्रशिक्षक प्रशिक्षण तालिम** सञ्चालन गर्ने र उक्त तालिमको लागि रु. ६,००,०००/- (अक्षेरूपी रु.छ लाख) अनुमानित बजेट पेश गर्ने तथा उक्त रकम समितिका सदस्य सचिव श्री कृष्णगोविन्द सुवाललाई पेश्की लिन लगाउने निर्णय गरियो ।

मिति २०८०।७।१४ गते

भक्तपुर नगरपालिकाको आयोजनामा २०८० कार्तिक १७ देखि २४ गतेसम्म भएको भक्तपुर नगरभित्रका संस्थागत एवम् सामुदायिक विद्यालयका खेलकुद शिक्षक/ शिक्षिकाहरूलाई विभिन्न खेलका प्रशिक्षक भई तालिम दिनु भएका प्रशिक्षकहरूलाई प्रति कक्षा कर बाहेक रु २,५००/- (अक्षेरूपी रु. दुई हजार पाँच सय) **पारिश्रमिक दिने** निर्णय गरियो ।

#### महिला बालबालिका तथा समाज कल्याण समिति

मिति २०८०।७।१६ गते

भ.न.पा.द्वारा सञ्चालन भइरहेको ४ महिने **पाक शिक्षा तालिममा** सहभागी प्रशिक्षार्थीहरूको सङ्ख्यालाई मध्येनजर गरी मासिक रु.२५,०००/- पारिश्रमिक दिने निर्णय भएकोमा प्रशिक्षार्थीहरूको सङ्ख्या बढी भएको हुँदा संशोधन गरी एउटै समूहमा नसकिने भएकोले दुई ओटा समूहमा विभाजन गरी पहिलो समूह विहान ६:०० देखि ८:०० बजेसम्म र दोश्रो समूह विहान ८:०० बजेदेखि १०:०० बजेसम्म सञ्चालन गर्ने व्यवस्था मिलाएको हुँदा दैनिक ४ घण्टाको प्रशिक्षण प्रदान गर्ने प्रति प्रशिक्षक मासिक रु. ३५,०००/- पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

#### अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

मिति २०८०।७।२० गते

३२ औं अन्तर्राष्ट्रिय **अपाङ्गता दिवस**को अवसरमा भनपा क्षेत्रका अपाङगता भएका व्यक्तिहरूको वृहत्त भेला र स्वास्थ्य शिविर तथा अतिरिक्त क्रियाकलाप घैंटो फुटाउने खेल, चित्रकला र बास्केट बल खेल प्रदर्शनी सहित कार्यक्रम गर्ने निर्णय गरियो ।

#### वातावरण तथा पर्यटन समिति

मिति २०८०।६।२९ गते

फोहोर मैला सङ्कलन गर्न घरदैलो गल्ली र सडकमा **फोहोर सङ्कलन गर्न** इलेक्ट्रिकल सवारी साधन (ट्याम्पु) ५ थान खरिद गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

#### आर्थिक तथा लेखा समिति

मिति २०८०।७।२३ गते

१. भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका कर्मचारीहरूलाई (Nepal Financial Reporting Standars) NFRS सम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका वडा नं. १ स्थित सल्लाघारीमा सञ्चालन भएको श्री जय भवानी बचत तथा ऋण सहकारी संस्था लि. का बचतकर्ताहरूबाट श्री जय भवानी बचत तथा ऋण सहकारी संस्थाबाट बचत रकम फिर्ता नदिएको भनी निवेदन पर्न आएको र सो सम्बन्धमा मिति २०८०।४।२६ गते शुक्रबार भक्तपुर नगरपालिका आर्थिक तथा लेखा समिति, सहकारी अनुगमन समितिका पदाधिकारीहरू, सहकारी सञ्चालकका पदाधिकारीहरू र पीडितहरूबीच समस्या समाधानको विषयमा छलफल भई ४ ओटा बुँदामा सहमति भएकोमा सञ्चालक समितिका पदाधिकारीहरूबाट सहमति भएको कुनै पनि विषयमा पहलकदमी नलिई सबैलाई झुक्याउने कार्य मात्र गरेको हुँदा जय भवानी वचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समिति, लेखा समितिका पदाधिकारीहरू र व्यवस्थापकको नाउँमा रहेको घर जग्गाहरू रोक्का राखी पाऊँ भनी पीडिहरूको तर्फबाट दर्ता नं.४१८३ र ४२८० क्रमश: मिति २०८०।७।१२ र मिति २०८०।७।१५ गते निवेदन दर्ता गरेको हुँदा निम्न लिखित ठाउँमा रहेको निम्न लिखित जग्गाहरू रोक्का राख्न सम्बन्धित **मालपोत कार्यालयमा सिफारिस** गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| जिल्ला | गा.वि.स./ न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| भक्तपुर | सिपाडोल | ४ग | ४१५ | ६-०-०-० | नितु छुकां |
| भक्तपुर | गुण्डु | १ | ७६६ | २-१-०-० | जीवन अवाल, हरिकृष्ण बखुन्छे र गणेश कुमार सांगामी |

भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका कर्मचारीहरूको भेला कार्यक्रम मिति २०८०।७।२१ गते मंगलबार गर्ने निर्णय गरियो ।

## निर्माण समिति

मिति २०८०।०७।२० गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्न रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई./रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तःमुंज्याको कार्यक्रम हुने ल्यसिंख्यमा सडक बत्ती जडान तथा मर्मत कार्य | ५ | मर्मत | १५३,५३९।३५ | | | | | | | | |
| २ | बेखाल स्वास्थ्य चौकी भवन निर्माण कार्य (तेस्रो चरण) | १० | बेखाल स्वास्थ्य चौकी भवन | ३,०६५,७७३।१४ | | | | | | | | |
| ३ | चोर्चादेखि पलिखेल गोलमढीसम्म खानेपानी पाइप बिछ्याउन खनिएको बाटो मर्मत कार्य | ७ | मर्मत | १९८,२४५।०० | | | | | | | | |
| ४ | गपली ढुङ्गेधारादेखि बाराही पुलसम्म सडक पीच तथा पेटी निर्माण | ४ | योजनाको बाँकी भुक्तानी | २,१९२,३७८।६३ | २,१९२,३७८।६३ | | | | | | | |
| ५ | तुमचो-दुगुरे-चोखा प्लानिंग र कमलविनायक प्लानिगमा पीच मर्मत कार्य | ९, १० | योजनाको बांकी भुक्तानी | ६१६,१३५।५५ | ६१४,६४१।९७ | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण कार्य (चौथो चरण) | ४ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण कार्य | ८,७७८,३०२।९३ | | | उ.स.अ. : श्री कुमार चवाल अ.स.स. : श्री पुरूषोत्तम तमखु | | | | | |
| २ | खंचा स्वास्थ्य चौकी भवन निर्माण कार्य (दोस्रो चरण) | ७ | खंचा स्वास्थ्य चौकी भवन निर्माण | ५,७२७,८७१।११ | | | उ.स.अ.:श्री राजकुमार बनमाला अ.स.स. : श्री हेरा ख्याजू | | | | | |
| १ | अरनिको सभा भवनको पूर्वतर्फको तरकारी बजारको कौसी मर्मत कार्य | ५ | मर्मत | ९८,४३२।१० | | ३०,०००।०० | ९१,०१९।३८ | ६१,०१९।३८ | ९७,८०५।०३ | सम्पन्न | रिता फसिकवा (अमानत) | |
| २ | शिशु स्याहार तथा बाल विकास केन्द्रमा सिलिंग फ्यान जडान तथा विद्युतीय मर्मत कार्य | ७ | मर्मत | ४२,०५८।०६ | | | २७,२५५।०० | २७,२५५।०० | ३८,०९५।८० | सम्पन्न | राज्य लक्ष्मी शिल्पकार (अमानत) | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सीसीटीभी निगरानी प्रणालीको मर्मत कार्य भार्वाचो-टौमढी-दत्तात्रय, ग:हिति-ल्योसिंखेल र भनपा कार्यालय क्षेत्रमा) | भनपा | मर्मत | ९९,७१४।३७ | | | ७९,७६७।९४ | ७९,७६७।९४ | ८५,३१३।३१ | सम्पन्न | साइम इन्टरप्राइजेज | |
| ४ | गपली ढुङ्गेधारादेखि बाराही पुलसम्म सडक पीच तथा पेटी निर्माण | ४ | योजनाको बाँकी भुक्तानी | २,१९२,३७८।६३ | २,१९२,३७८।६३ | ७२५,०००।०० | ९०५,७५१।०१ | १८०,७५१।०१ | ९१०,३४६।९७ | आंशिक सम्पन्न | बलराम सुवाल | |
| ५ | पर्यटक सेवा तथा पर्यटक सूचना केन्द्र, खौमा काउण्टरमा श्यानेटरी, विद्युतीय ब्याकअप प्रणाली र फर्निचर मर्मत कार्य | ३ | मर्मत | ३८१,३०३।७८ | | १२५,०००।०० | २४५,३५०।०० | १२०,३५०।०० | २८२,१५२।५० | सम्पन्न | वीर बहादुर गोरा | |
| ६ | तुमचो-दुगुरे-चोखा प्लानिंग र कमल विनायक प्लानिंगमा पीच मर्मत कार्य | ९, १० | योजनाको बाँकी भुक्तानी | ६१६,१३५।५५ | ६१४,६४१।९७ | २००,०००।०० | ३२१,८८१।६० | १२१,८८१।६० | ३३७,७९९।६२ | आंशिक सम्पन्न | बाबुकाजी गोसाइ | |

## बैठक सङ्ख्या- ४१

## मिति २०८० मंसिर १४ गते, विहीबार

### निर्णयहरू

### योमरी उत्सव

२०८० सालको योमरी पुन्हीको अवसरमा मिति २०८०।०९।१४ गते, भ.न.पा. वडा नं. ७ याता टोलमा विभिन्न कार्यक्रमसहित योमरी उत्सव मनाउने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो-

### करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी सूचीकरण तथा छनौट समिति

मिति २०८०।८।१४ गते बसेको भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी सूचीकरण तथा छनौट समितिको सिफारिस अनुसार देहायका लिखित र प्रयोगतात्मक परीक्षा तथा अन्तर्वार्तामा सफल देहाय बमोजिमका पदका कर्मचारीहरूलाई मिति २०८०।९।१ गतेदेखि नियुक्ति गर्ने निर्णय गरियो-

**१. भक्तपुर नगरपालिकाको कम्प्युटर अपरेटर पदमा सफल उम्मेदवारहरू**

१ रोशन खायमली  २ श्रीकृष्ण सुवाल
३ उकेश तचामो  ४ रितु किलम्बु
५ अनिस सुवाल

**२. भक्तपुर नगरपालिकाको लाइट ड्राइभर पदमा सफल उम्मेदवार**

१ सरोज घट्वा

**३. भक्तपुर नगरपालिकाको हेभी ड्राइभर पदमा सफल उम्मेदवार**

१ दिनेश बासी

**४. भक्तपुर नगरपालिकाको बुल डोजर ड्राइभर पदमा सफल उम्मेदवार**

१ राजन गाईजु

**५. स्काभेटर ड्राइभर पदमा सफल उम्मेदवार**

१ कपिल हेमिखा

**६. सुरक्षा गार्ड पदमा सफल उम्मेदवारहरू**

१ रविन लाखेमरु  २ सुमन दुवाल

**७. कार्यालय सहयोगी पदमा सफल उम्मेदवारहरू**

१ अमित कोजु  २ चण्डेश्वरी मैया भैनात्व
३ विक्रम बाईजु  ४ विकास सकिजु

५ कबिता कवाँ ६ संजित ख्वालापाला
७ श्री लक्ष्मी सुवाल(कोजु) ८ अमिस सुवाल
९ अम्विका मास्के १० उषा तजले

**८. सफाई मजदुर पदमा सफल उम्मेदवारहरू**

१ सरिता कपाली २ राजु गपी

**९. यस नगरपालिका देहाय बमोजिमको लघु उद्यम विकास सहजकर्ता नियुक्ति गर्ने निर्णय गरियो-**

१. लघु उद्यम विकास सहजकर्ता (सहायक स्तर पाँचौं तह) पदमा सफल उम्मेदवार

१ गीता कुमारी कोइराला

**सूचीकरण समिति**

भक्तपुर नगरपालिकाको "साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरण सम्बन्धी कार्यविधि २०७७" अनुसार नक्सा पास र सूचीकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचीकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका वैठकमा पेश भएका मध्ये पास हुने नक्सा जम्मा २ र सूचीकृत हुने नक्सा जम्मा ८ र नक्सा पास तथा सूचीकरण गर्न नमिल्ने १ गरी जम्मा ११ नक्सा सङ्ख्याको निर्णय गरियो।

भक्तपुर नगरपालिकाको कार्यपालिका वैठकले यस नगरपालिका क्षेत्रमा २०७२ वैशाख मसान्त अघि नै ९''X९'' र ९''X१२'' पिलर राखी भवन निर्माण गरेका नगरवासीहरूको नक्सा सम्बन्धमा निर्माण समितिबाट निम्न चार नगरवासीहरूको नक्सा फिल्ड निरीक्षण गरी तला थप नक्सा स्वीकृतिको लागि प्रक्रिया अगाडि बढाउने भनी गरिएको निर्णय अनुमोदन गरियो।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति : २०८०।८।१५ गते

१. यस वर्षको सकिमा पूर्णिमा (मंसिर ११ गते) को अवसरमा टोल टोलमा हलिमली ब्वज्या (नसा ब्वज्या) हुने हुँदा ती गतिविधिहरूको फोटो प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो।

प्रतियोगितामा सहभागी हुने प्रतियोगीहरूलाई मंसिर १७ गतेभित्र कार्यालय समयमा फोटोसहित दर्ता गर्न र दर्ता शुल्क वापत प्रति प्रतियोगी रु.१००।- उठाउने निर्णय गरियो।

प्रतियोगितामा उत्कृष्ट प्रतियोगीहरूलाई देहाय बमोजिम पुरस्कार रकम निर्धारण गरियो-

प्रथम पुरस्कार : रु.२०,०००।-
द्वितीय पुरस्कार : रु.१५,०००।-
तृतीय पुरस्कार : रु.१०,०००।-
सान्त्वना पुरस्कार : रु.७,०००।-

२. यस नगरपालिकाद्वारा सञ्चालन गरिने ख्वप टेलिभिजनको लोगो एनिमेसन गरे वापत परफेक्ट डिजिटल प्रिन्ट बनेपा, ७ काभ्रेलाई कर बाहेक रु.२,००,०००।- (अक्षेरूपी दुई लाख रूपैयाँ मात्र) र उक्त भिडियो एनिमेसनको सङ्गीत कम्पोज गरे वापत सङ्गीतकार राजेश हाडालाई कर बाहेक रु.३५,०००।- (अक्षरूपी पैत्तिस हजार रूपैयाँ मात्र) **भुक्तानी दिने** निर्णय गरियो।

मिति : २०८०।८।१५ गते

१. उच्च शिक्षा अध्ययनरत /अध्ययन गर्न चाहने भक्तपुर नगरवासी विद्यार्थीहरूमध्ये शैक्षिक ऋण प्राप्तिका लागि यस भक्तपुर नगरपालिकामा निवेदन पेश गरेका विद्यार्थीहरूलाई मिति २०८० मंसिर १५ गते, बुधबार **अन्तर्वार्ता लिने** निर्णय गरियो।

२. भक्तपुर नगरवासी युवाहरूलाई **चिनीयाँ भाषाको एड्भान्स कक्षा** (Level 2) सञ्चालनका लागि आवेदन आह्वान सहित सूचना प्रकाशित गर्ने निर्णय गरियो।

३. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित चिनीयाँ तथा जापानी भाषा तालिमका विभिन्न तहका कक्षा सञ्चालनार्थ **पाठ्यक्रम तयार गर्न** चिनीयाँ भाषाका लागि प्रशिक्षक श्री राजेन्द्र चवाल र जापानी भाषाका लागि प्रशिक्षक श्री अमिर लिवीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

४. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शव वाहन पुरानो भई नचल्ने अवस्था भएकोले **नयाँ शव वाहन खरिदका** लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो।

५. भक्तपुर नगरपालिका वडा नं. ५ निवासी वाद्यवादक कलाकार इन्दिरा लाछिमस्यूद्वारा लिखित पुस्तक ख्वपको धिमे बाजाको परिचय र बोल' १०० थान **खरिद गर्ने** निर्णय गरियो।

**कृषि समिति**

मिति : २०८०।७।१६ गते

क. रेविज खोप कार्यक्रम सम्बन्धमा मिति २०८० कार्तिक २१ र २२ गते २ (दुई दिन) भक्तपुर नगरपालिकाका अन्तर्गतका सामुदायिक कुकुरको लागि **रेविज खोप कार्यक्रम**

सञ्चालन गर्न आवश्यक सामानहरू आवश्यक हुने हुँदासो कार्यक्रम सञ्चालनको लागि कार्यक्रम सञ्चालन खर्चका लागि कृषि प्राविधिक रवि ख्याजुलाई रु.२,००,०००।- (अक्षेरूपी दुई लाख) रकम लिने अख्यितारी दिने। सो कार्यक्रमको सूचना 'मजदुर' पत्रिकामा प्रकाशित गर्ने निर्णय गरियो। उक्त कार्यक्रममको लागि ब्यानरको व्यवस्था गर्न प्रशासन शाखालाई जिम्मा दिने र कार्यक्रमको जानकारीको लागि १ वडादेखि १० वडासम्म पत्राचार गर्ने।

ख. कृषि विकास निर्देशनालय हेटौंडा, मकवानपुरको सूचना नं. १।०८०/०८१ अनुसार स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा **हर्मेटिक भण्डारण गृहको** पूर्वाधार निर्माण तथा सञ्चालन कार्यक्रमको लागि निवेदन (प्रस्ताव) पेश गर्नका लागि योजना तथा प्राविधिक शाखालाई सम्भाव्यता अध्ययन गर्न अनुरोध गर्ने।

ग. कृषि ज्ञान केन्द्रको मिति २०८०।०७।१५ गतेको प्राप्त पत्र अनुसार भक्तपुर नगर अन्तर्गतमा उत्पादन भएका वा सम्भावना बोकेका बालीहरूको **विवरण उपलब्ध** गराउने।

घ. भ.न.पा.का हरेक वडाहरूमा **माटो परीक्षण शिविर** सञ्चालनको लागि आवश्यक रसायन, उपकरण तथा व्यवस्थापन गरी यही कार्तिक मसान्तभित्र शिविर सञ्चालन गर्न प्रत्येक वडामा पत्राचार गर्ने।

मिति : २०७८।०८।१ गते

क. आलुको बीउ वितरण सम्बन्धमा छलफल हुँदा भक्तपुर नगर क्षेत्रका कृषकहरूलाई आ.व. २०८०/०८१ को लागि आलुको बीउ प्रति घर ५ पाँच किलोका दरले वितरण गर्न जम्मा २०,००० किलो **आलुको बीउ**को लागि स्वीकृति दिने निर्णय गरियो।

मिति : २०७८।०८।१२ गते

१. अन्न भण्डारण घर (Hermetic Storage बारे) छलफल हुँदा उप निर्देशक श्री दिलभक्त जयना, कृषि प्राविधिक श्री रवि ख्याजुले Hermetic Storage बारे परिचय, निर्माण प्रक्रिया, आवश्यकताबारे प्रस्तुतीकरण मार्फत दिनु भएको कुरालाई छलफल गरी Hermetic Storage निर्माण प्रक्रियाको लागि सम्बन्धित निकायमा **निवेदन प्रस्ताव** सहित पेश गर्ने निर्णय गरियो।

२. भक्तपुर नगर क्षेत्रका सार्वजनिक (सामुदायिक) **कुकुरहरूलाई बन्ध्याकरण** तथा व्यवस्थापनको लागि चाहिने आवश्यक रकम रु.६,००,०००।- (अक्षेरूपी छ लाख) मात्र कृषि प्रा. श्री रवि ख्याजुलाई पेश्की माग गर्न लगाउने निर्णय गरियो।

## मूल्याङ्कन समितिको निर्णय

**बोलपत्र स्वीकृति** सम्बन्धमा छलफल हुँदा निम्नुसार गर्ने निर्णय गरियो-

मिति २०८०/०७/०२ गते 'गोरखापत्र' दैनिकमा प्रकाशित सूचनाअनुसार ठेक्का नं. bktmun/NCB/ works/ 01/80/81 (शित भण्डारण गृह भवन निर्माण कार्य (दोस्रो चरण), भ.न.पा.-८), bktmun/NCB/works/02/80/81 (हनुमन्ते खोला सुधार (दोस्रो चरण), भ.न.पा.-१) र bktmun/NCB/ works/03/80/81 (बेखाल कभर्ड हल निर्माण कार्य (तेस्रो चरण), भ.न.पा.-१०) का लागि म्यादभित्र प्राप्त भएका अनलाइन बोलपत्रहरूमध्ये देहायका बोलपत्रदाताहरूको बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको भनी मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले स्वीकृति गर्ने निर्णय गरियो-

| क्र. सं. | ठेक्का नं. र कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अङ्क (PS र VATबाहेक) | कबोल अङ्क (PS र VAT सहित) |
|---|---|---|---|---|
| १ | **bktmun/NCB/works/01/80/81** (शितभण्डारण गृह भवन निर्माण कार्य (दोस्रो चरण) | Poudel Construction, Dillibazar,Kathmandu | 76,72,192.46 | **88,16,627.48** (Eighty eight lakh sixteen thousand six hundred twenty seven rupees and forty eight paisa) |
| २ | **bktmun/NCB/works/02/80/81** (हनुमन्ते खोला सुधार (दोस्रो चरण) | Samaj Sewa Construction, Gathaghar, Bhaktapur | 49,16,774.00 | **56,89,413.51** (Fifty six lakh eighty nine thousand four hundred thirteen rupees and fifty one paisa) |
| ३ | **bktmun/NCB/ works/03/80/81** (बेखाल कभर्ड हल निर्माण कार्य (तेस्रो चरण) | Samaj Sewa Construction, Gathaghar, Bhaktapur | 70,00,995.95 | **80,57,284.79** (Eighty lakh fifty seventhousand two hundred eighty four rupees and seventy nine paisa) |

**निर्माण समिति**

मिति २०८० ।०८ ।०७ गते

| क. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई./रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | ख्वप बहुप्राविधिक अध्ययन संस्थान भवन निर्माण कार्य | १० | ख्वप बहुप्राविधिक अध्ययन संस्थान भवन निर्माण कार्य …… | ४५,८६५, ०७३।८१ | | | | | | | | |
| २ | तरकारी बजार निर्माण कार्य | ५ | तरकारी बजार | १५,१०३,२ ३३।५९ | | | | | | | | |
| ३ | क्वाकचा गणेश मन्दिर पुन:निर्माण कार्य | ७ | क्वाकचा गणेश मन्दिर र गोलमढी ग:हिति मर्मत | ७६७,१३५। ६६ | | | | | | | | |
| ४ | गोलमढी ग:हिति पर्खाल पुन:निर्माण कार्य | ७ | क्वाकचा गणेश मन्दिर र गोलमढी ग:हिति मर्मत | १,०६६,४१ ६।२२ | | | | | | | | |
| ५ | हनुमानघाट क्षेत्रमा सडक बत्ती मर्मत कार्य | ७ | मर्मत | २७,७५२।८ ० | | | | | | | | |
| ६ | जगातीदेखि थुसाचासम्मको फुटपाठ मर्मत कार्य (निर्माण सामग्री र दक्ष कामदारको ज्याला मात्र) | ७ | खानेपानी पूर्वाधार विकास योजना | १,१८०,३१ २।८१ | | | | | | | | खानेपानी पाइप लाइन विस्तारको क्रममा खनिएको बाटो मर्मत गर्ने |
| ७ | जगातीदेखि थुसाचासम्मको फुटपाठ मर्मत कार्य (अदक्ष कामदारको ज्याला मात्र) | ७ | प्रधानमन्त्री रोजगार | २७७,३४३। १५ | | | | | | | | |
| ८ | थुसाचादेखि च्याम्हासिंहसम्मको फुटपाठ मर्मत कार्य (निर्माण सामग्री र दक्ष कामदारको ज्याला मात्र) | ८ | खानेपानी पूर्वाधार विकास योजना | २,६६८,०५ ७।६५ | | | | | | | | खानेपानी पाइप लाइन विस्तारको क्रममा खनिएको बाटो मर्मत गर्ने |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | थुसाचादेखि च्याम्हासिंहस्मको फुटपाठ मर्मत कार्य (अदक्ष कामदारको ज्याला मात्र) | ८ | प्रधानमन्त्री रोजगार | ४९०,२३२।७२ | | | | | | | | |
| ख) ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिचु फल्चा पुन:निर्माण कार्य | ५ | सिचु फल्चा पुन:निर्माण | ५,२१०,११०।३६ | प्रथम पेश्की | ६५०,०००।०० | १,०४८,१८४।०० | ३९८,१८४।०० | १,१२३,५८४।९३ | आंशिक सम्पन्न | पूर्ण गोपाल राजचल | थप पेश्की रू. ६ लाख ५० हजार दिने |
| | | | | | दोस्रो पेश्की | ६५०,०००।०० | ९०९,४५०।०० | २५९,४५०।०० | १,१७२,२९५।९२ | | | |
| | | | | | जम्मा | १,३००,०००।०० | १,९५७,६३४।०० | ६५७,६३४।०० | २,२९५,८८०।८५ | | | |
| २ | नारमला फल्चा पुन:निर्माण कार्य | २ | नारमला फल्चा पुन:निर्माण | २,८०५,१३०।४७ | प्रथम पेश्की | ६५०,०००।०० | ९००,६१३।०० | २५०,६१३।०० | १,०४२,७७०।८८ | सम्पन्न | गणेश भक्त खर्बुजा | नपाको बैङ्क खातामा रू.५५,३३१।२ दाखिला भएको |
| | | | | | दोस्रो पेश्की | ६००,०००।०० | ५४५,६६८।८४ | | ६९३,५७३।९३ | | | |
| | | | | | जम्मा | १,२५०,०००।०० | १,४४६,२८१।८४ | २५०,६१३।०० | १,७३६,३४४।८१ | | | |
| ३ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८० असोज महिना) | १-१० | मर्मत | ९८,१९०।९६ | | सामानतर्फ | २०,९६८।३९ | २०,९६८।३९ | २०,९६८।३९ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | ७०,९२५।०० | ७०,९२५।०० | ७३,९७७।४३ | | | |
| | | | | | | जम्मा | ९१,८९३।३९ | ९१,८९३।३९ | ९४,९४५।८२ | | | |
| ग) योजनाहरूको लागि बजेट स्रोत मिलाउने सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भाजु पोखरीको पश्चिम डिल बाटोमा ईंटा छपाइ कार्य | १ | अन्य सार्वजनिक निर्माण कार्य | १,१०९,२५४।०७ | | | | | | | | यसअघि सडक स्तरोन्नती बजेट शीर्षक उल्लेख भएकोमा संशोधन गरिएको । |
| २ | भक्तपुर नगर स्वागत स्मारक निर्माण कार्य | १ | अन्य सार्वजनिक निर्माण कार्य | ७९८,०६४।९९ | | | | | | | | यस अघि वातावरण तथा पर्यटक बजेट शीर्षक उल्लेख भएकोमा संशोधन गरिएको । |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

योजनाहरूको लागि बजेट स्रोत सुनिश्चित सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

चालु आ.व. २०८०/८१ को स्वीकृति योजना अन्तर्गत अरनिको सभा गृह भवन निर्माण कार्य र सिचु फल्चा पुन:निर्माण कार्यका लागि विनियोजित रकम अपुग भएकोले बजेट स्रोत सुनिश्चित गर्न देहाय बमोजिम रकमान्तरण गर्न सहमति दिने र सोही बमोजिम आगामी नगर सभामा बजेट संशोधनका लागि पेश गर्ने निर्णय गरियो ।

| क.सं. | विनियोजित बजेट शीर्षकको नाम | साविक बजेट | बाँकी बजेट | क.सं. | योजनाको नाम | वडा नं. | बजेट थप | संशोधित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | ख्वप टेलिभिजन स्टुडियो निर्माण तथा सञ्चालन | ७,०००,०००।०० | ३,०००,०००।०० | १ | अरनिको सभा गृह भवन निर्माण कार्य | ६ | ४,०००,०००।०० | बागमती प्रदेश सशर्त अनुदान रु.८०,००,०००।०० र नपाको आन्तरिक स्रोतबाट रु.७,२०,००,०००।०० गरी जम्मा ८,००,००,०००।०० |
| २ | ख्वप एफ.एम. सञ्चालन | ३,०००,०००।०० | २,०००,०००।०० | | | | १,०००,०००।०० | |
| ३ | कोसेली घर निर्माण कार्य | ५,०००,०००।०० | १,०००,०००।०० | | | | ४,०००,०००।०० | |
| ४ | कमलविनायक बहुउद्देशीय भवन निर्माण कार्य | ४०,०००,०००।०० | १०,०००,०००।०० | | | | ३०,०००,०००।०० | |
| ५ | कृषि अनुसन्धान केन्द्र | २,०००,०००।०० | १,०००,०००।०० | | | | १,०००,०००।०० | |
| ६ | सांस्कृतिक सङ्ग्रहालय निर्माण कार्य | ५,०००,०००।०० | २,५००,०००।०० | २ | सिचु फल्चाको पुन:निर्माण कार्य | ५ | २,५००,०००।०० | ४,५००,०००।०० |
| | कुल जम्मा | ६२,०००,०००।०० | १९,५००,०००।०० | | जम्मा | | ४,५००,०००।०० | |

ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

देहाय बमोजिमका योजनाहरूका लागि गठन भइआएको देहाय बमोजिमका उपभोक्ताका अध्यक्ष र अनुगमन समितिका संयोजक रहने गरी उपभोक्ता समिति र अनुगमन समिति स्वीकृत गर्ने निर्णय गरियो ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | भाजु पोखरीको पश्चिम डिल बाटोमा ईंटा छपाइ कार्य | १ | अन्य सार्वजनिक निर्माण कार्य | १,१०९,२५४।०७ | उ.स.अ. : श्री जीवन दुवाल<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री |
| २ | भाजु पोखरीको रिटेनिंग वालमा ईंटा छपाइ कार्य | | मर्मत | १७५,२०५।०२ | उ.स.अ. : श्री केशव कोजू<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री |
| ३ | चोचःदेखि पलिखेल गोलमढीसम्म खानेपानी पाइप बिछ्याउन खनिएको बाटो मर्मत कार्य | | मर्मत | १९८,२४५।०० | उ.स.अ. : श्री रामेश्वर लाखाजु<br>अ.स.स. : श्री हरिरत्न गोर्खाली |

# बैठक सङ्ख्या- ४२

## मिति २०८० मंसिर २५ गते, सोमबार

## निर्णयहरू

### मैत्रीपूर्ण सम्बन्ध स्थापना

मित्रराष्ट्र चीनको सिचुवान प्रान्तको लशान नगर र भक्तपुर नगरबीच मैत्रीपूर्ण सम्बन्ध स्थापनार्थ मिति २०८०।०८।२६ गते समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम गर्ने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो –

**युवा तथा खेलकुद समिति**

मिति २०८०।८।२८ गते

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० पौष ११–१३ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय 'राष्ट्रपति रनिङ शिल्ड' **खेलकुद प्रतियोगिता**को लागि आवश्यक मेडल व्यवस्थाको लागि सम्बन्धित खेल सङ्घसँग समन्वय गर्ने निर्णय गरियो ।

**कृषि समिति**

मिति २०८०।८।२१ गते

भक्तपुर नगरपालिका क्षेत्रका कृषकहरूलाई आ.व. २०८०।०८१ को लागि **आलुको बीउ** र यस नगरपालिकाबाट उत्पादित **कम्पोष्ट मल** २०८० मंसिर २५ गतेदेखि सबै वडा कार्यालयहरूबाट निःशुल्क वितरण गर्ने निर्णय गरियो ।

– आलुको बीउ : ५ (पाँच)किलो, ५० प्रतिशत अनुदान मूल्यमा

– कम्पोष्ट मल : २० (बीस) किलोको १ (एक) बोरा निःशुल्क ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

१) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा

देहायबमोजिमका योजनाहरूका लागि गठन भई आएको देहाय बमोजिमका उपभोक्ताका अध्यक्ष र अनुगमन समितिका संयोजक रहने गरी उपभोक्ता समिति र अनुगमन समिति स्वीकृत गर्ने निर्णय गरियो :

| क्र.सं. | योजनाको नाम | वडा नं. | बजेटशीर्षक | ल.ई. रकम | उ.स.अध्यक्ष र अ.स संयोजकको नाम |
|---|---|---|---|---|---|
| १ | आदर निकेतन भवन निर्माण कार्य (दोस्रो चरण) | ६ | आदर निकेतन भवन निर्माण | ५०,११,८९४।११ | उ.स.अ.:श्री जगन्नाथ सुजखु<br>अ.स.स.:श्री रोशनमैया सुवाल |
| २ | क्वाकचा गणेश मन्दिर पुनःनिर्माण कार्य | ७ | क्वाकचा गणेश मन्दिर र गोल्मढी गःहिति मर्मत | ७,६७,१३५।६६ | उ.स.अ.:श्री रमेश प्रधान<br>अ.स.स.:श्री रञ्जना त्वाती |
| ३ | गोलमढी गःहिति पर्खाल पुनःनिर्माण कार्य | ७ | क्वाकचा गणेश मन्दिर र गोल्मढी गःहिति मर्मत | १०,६६,४१६।२२ | उ.स.अ.:श्री जयराम ह्यौमिखा<br>अ.स.स.:श्री रञ्जना त्वाती |
| ४ | जगातीदेखि थुसाचासम्मको फुटपाथ मर्मत कार्य | ७ | खानेपानी पूर्वाधार विकास योजना | ११,८०,३१२।८१ | उ.स.अ.: श्री नवीनकुमार ग्वाछा<br>अ.स.स.:श्री रञ्जना त्वाती |

२. ल.ई.स्वीकृत सम्बन्धमा

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दुगुरे सार्वजनिक जग्गामा खानेपानी डीप बोरिको लागि थ्रि फेजको विद्युत् मिटर जडानकार्य | ९ | मर्मत | १,५२,०१८।३० | |

## भक्तपुर नगरपालिका गतिविधि

## शिशुस्याहार तथा बाल विकास केन्द्रलाई खेलकुद सामग्री हस्तान्तरण



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार तथा बाल विकास केन्द्रका इन्चार्जहरूमार्फत केन्द्रका बालबालिकाहरूको लागि खेलकुद सामग्री पुस २३ गते हस्तान्तरण गर्नुभयो। सोही क्रममा उपप्रमुख जोशीले शिशुस्याहार केन्द्रमा कार्यरत शिक्षिकाहरूलाई मार्गनिर्देश पनि गर्नुभयो।

## एडभान्स सिलाइ तालिम समापन तथा प्रमाणपत्र वितरण




भक्तपुर नगरपालिकाको आयोजनामा एडभान्स सिलाइ तालिम समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम माघ ५ गते भयो।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले तालिममा सिकेका कुराहरू व्यवहारिक रूपमा लागु गर्नुपर्नेमा जोड दिनुहुँदै असफलताबाट ज्ञान प्राप्त गर्न सकिने बताउनुभयो। व्यक्तिमा कुनै न कुनै सीप भएमा स्वाभिमानी भएर बाँच्न सकिने र वर्तमान समयमा प्रविधिसँग नजिक हुनुपर्ने कुरामा जोड दिनुभयो।

कार्यक्रममा वडा नं. ८ का वडा अध्यक्ष **कृष्णप्रसाद कोजु**ले तालिम पछि निरन्तरता दिनुपर्ने र नेवारी भाषा तथा सभ्यतालाई जीवन्तता दिन नयाँ पुस्तालाई सिकाउनु पर्ने बताउनुभयो।

त्यस्तै १० वडाका वडा अध्यक्ष **लक्ष्मीप्रसाद हयौंमिखा**ले व्यक्तिगत घटना दर्ता समयमै गर्नुपर्ने र तालिम अवधिमा सिकेका कुरा आत्मसाथ गर्दै त्यसको सदुपयोग गर्नु पर्ने बताउनुभयो।

महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक **रोशनमैया सुवाल**ले सीप भएमा रोजगार सहजै प्राप्त गर्न सकिने र बेरोजगारी समस्या समाधान हुने बताउनुभयो। साथै उहाँले समाज परिवर्तनको लागि समाजमा कानुनी शिक्षा समेत दिनुपर्ने भन्नुभयो।



तालिममा प्रशिक्षक कमला शाक्य, प्रशिक्षार्थी निर्मला ख्याजु र वडा सदस्य विष्णु केशरी दुवाल, वडा सदस्य सुमित्रा बोहजुले पनि बोल्नुभएको थियो।

## समाजवादी व्यवस्था कामदार वर्गको हित गर्ने व्यवस्था : सांसद सुवाल

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले पाक शिक्षा सैद्धान्तिक शिक्षा मात्र नभई पूर्णतः स्वस्थ्य जीवनशैलीसँग जोडिएको विषय भएको बताउनुहुँदै युवाहरूले आफ्नो सोच फराकिलो बनाउन देश विदेशको इतिहास, भूगोल र राजनीतिक परिवेशबारे पनि जानकार




हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित ४ महिने आधारभूत पाक शिक्षा तालिमको माघ ७ गते आयोजित समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा उहाँले होटल व्यवसायीहरूले स्थानीय खाद्यान्नलाई प्राथमिकता दिनुपर्ने र विदेशीहरूलाई पनि उनीहरूको स्वादअनुसारको यहाँको खाद्यान्न समावेशतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।



समाजवादी व्यवस्था कामदार वर्गको हित गर्ने व्यवस्था भएको र पुँजीवादी व्यवस्था सामूहिक हितभन्दा व्यक्तिगत हितलाई प्राथमिकतामा दिइने व्यवस्था भएको बताउनुहुँदै उहाँले समाजवाद निर्माणको निम्ति समाजवादी शिक्षाको व्यापक प्रचारप्रसार आवश्यक भएको बताउनुभयो । उहाँले समाजवाद र पुँजीवादबीचको भिन्नताबारे व्यापक जनतालाई सचेत बनाउन उनीहरूबीच छलफल र अन्तरक्रियाहरू चलाउन आवश्यक भएको बताउनुभयो ।

स्थानीय परिकारहरू विदेशी पर्यटकहरूको रोजाइमा पर्ने हुँदा स्वादिलो र उनीहरूको स्वादअनुसारको स्थानीय खाना प्रवर्द्धनतर्फ होटल व्यवसायीले जोड दिनुपर्ने बताउनुहुँदै सांसद सुवालले पर्यटकहरूको मागअनुसारको सेवा र सुविधाहरू उपलब्ध गराउन सके पर्यटकहरूको बसाइ पनि लम्बिने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले यहाँका युवाहरूलाई सीपमूलक तालिम दिई नेपालमै आफ्नो भविष्य बनाउने युवाहरू बढी लाभान्वित भएको बताउनुहुँदै उहाँले युवाहरूले लागूपदार्थ दुर्व्यसनीबाट टाढा रहनुपर्ने र असल चरित्र निर्माणतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पर्यटकीय गन्तव्यस्थल र सांस्कृतिक नगरको रूपमा विकास भइरहेको भक्तपुर अहिले जीवित सङ्ग्रहालयको रूपमा परिभाषित हुनु भक्तपुरवासीहरूको लागि गौरवको विषय भएको बताउनुभयो ।



जनसङ्ख्या र क्षेत्रफलको हिसाबले सानो समाजवादी देश क्युवाको पर्यटन विकासबाट नेपालले पनि सिक्नुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले युवाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले सीपमूलक तालिमका साथै भाषा, सिलाइलगायतका तालिमहरू सञ्चालनलाई जोड दिँदै आएको बताउनुभयो ।

रेमिट्यान्सको भरमा देश सञ्चालन गर्ने शासकहरूको सोच निन्दनीय भएको बताउनुहुँदै उहाँले तालिमका प्रशिक्षार्थीहरूलाई सफल व्यवसायीको रूपमा विकास गर्न उत्साहित गर्नुभयो ।

कुनै पनि काम ठूलो वा सानो नहुने बताउनुहुँदै प्रमुख प्रजापतिले श्रमको सम्मान गर्ने बानी हामीमा हुनुपर्छ भन्नुभयो ।

त्यस्तै भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याखव**ले भक्तपुर नगरपालिकाले जनताको चाहना र

आवश्यकताअनुसार काम गर्दै आइरहेको बताउनुहुँदै आफूसँग भएको सीपलाई उद्यम र व्यवसायमा परिणत गर्न प्रशिक्षार्थीहरूलाई मार्गनिर्देश गर्नुभयो।



शिक्षालाई उत्पादन स्रोतसँग जोड्ने नेपाल मजदुर किसान पार्टीको उद्देश्य भएको बताउनुहुँदै उहाँले भक्तपुरको शैक्षिक जग बलियो र मजबुत भएकै कारण भक्तपुर आज शैक्षिक रूपमा अगाडि बढिरहेको बताउनुभयो।

चार महिने आधारभूत पाक शिक्षा तालिमका प्रशिक्षक **विष्णु श्रेष्ठ**ले प्रशिक्षार्थीलाई आफ्नो तर्फबाट उत्कृष्ट प्रशिक्षण दिने प्रयास आफूबाट भएको बताउनुहुँदै युवालाई विदेशिनबाट रोक्न र आत्मनिर्भर बनाउन तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

प्रशिक्षार्थीको तर्फबाट **दुर्गाप्रसाद श्रेष्ठ**ले तालिम सञ्चालनको लागि भक्तपुर नपालाई प्रशिक्षार्थीहरूको तर्फबाट धन्यवादज्ञापन गर्नुहुँदै पाक शिक्षा तालिमबाट सिकेको सीप जीवनउपयोगी भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुभएको उक्त कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले स्वागत मन्तव्य र वडा सदस्य **हेरा ख्याजु**ले पनि बोल्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि सांसद सुवालले तालिममा सहभागी ६६ जना प्रशिक्षार्थी र प्रशिक्षकद्वय विष्णु श्रेष्ठ र सुनिल सुवाललाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

## भक्तपुर नपाको पर्यटक सूचना तथा सेवा केन्द्र सम्मानित

भक्तपुर नगरपालिकाको पर्यटक सूचना तथा सेवा केन्द्र ४५ औँ पर्यटक प्रहरी दिवस २०८० को अवसरमा सम्मानित भएको छ।

नेपाल पर्यटन बोर्डको सभाहलमा माघ १२ गते आयोजित कार्यक्रममा भक्तपुर नगरपालिकाको पर्यटक सूचना तथा सेवा केन्द्रले धेरै वर्ष अगाडिदेखि पर्यटकहरूलाई भक्तपुर लगायत देशभरिको सूचनाहरू प्रदान गर्नुका साथै आवश्यकता अनुसार पर्यटकहरूलाई सेवा प्रदान गर्दै आएको र मुलुकको पर्यटकीय क्षेत्रको शान्ति सुरक्षा कायम गर्न पर्यटक प्रहरीहरूसंग सहकार्य गरी पर्यटक प्रहरीहरूको कार्य सम्पादनमा थप प्रभावकारी बनाई विदेशी पर्यटकरुको बसाई सुरक्षित एवं अविस्मरणीय तुल्याउन उल्लेखनीय योगदान गरेकोलाई उच्च मूल्याङ्कन स्वरूप संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले भक्तपुर नगरपालिका पर्यटन सूचना तथा सेवा केन्द्र प्रमुख गौतमप्रसाद लासिवालाई सम्मान पत्र हस्तान्तरण गरेको हो।

भक्तपुर नगरपालिकाले भक्तपुर नगरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न पर्यटक सेवा केन्द्रहरू र सूचना केन्द्रहरू स्थापना गर्दै नगरको कला र संस्कृति र सम्पदा संरक्षणलगायत शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि जनताको सेवा गरी भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास गरिरहेको प्रति पर्यटन मन्त्रालयको ध्यान आकृष्ट भएको र यहाँको स्थानीय पथप्रदर्शक र हाते व्यापारीहरूलाई पनि व्यवस्थित रूपले परिचालन गरेकोमा पनि धन्यवाद ज्ञापन गरिएको थियो।



कार्यक्रममा ललितपुर महानगरपालिका पर्यटक सेवा केन्द्र, नेपाल स्थित बेलायतको कुटनैतिक कार्यालय र मुस्ताङ जिल्लाको पर्यटक सूचना केन्द्रबाट पर्यटकहरूको अवलोकन भ्रमणलाई सहज र सुरक्षित बनाएकोमा सम्मान गरिएको थियो। त्यस्तै उत्कृष्ट पर्यटक प्रहरीहरूलाई पनि नगद पुरस्कार सहित सम्मान गरिएको थियो भने खेलकुद प्रतियोगितामा विजयी प्रहरी खेलाडीहरूलाई पुरस्कार वितरण गरिएको थियो।

कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँती, सचिव डा. दिपक काफ्ले, प्रमुख प्रहरी महानिरीक्षक वसन्त कुँवर, होटल व्यवसायी सङ्घका अध्यक्ष विनय शाह र पर्यटन विभाग महानिर्देशक चक्रबहादुर बुढाले शुभकामना व्यक्त गरेको ४५ औँ प्रहरी दिवस कार्यक्रममा पर्यटक प्रहरी नायब उपरीक्षक नरेन्द्र कुँवरले स्वागत गरेका थिए।

## eQmk'/ gkfsf]cgudg

### गरुडकुण्ड-च्याम्हासिंहका मासु पसल

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा गरुडकुण्डदेखि च्याम्हासिंहसम्मका मासु पसलको पुस १८ गते अनुगमन गरियो ।

धेरै पसलहरूमा मासुहरू खुल्ला राख्दा धुवाँ धूलो र झिँगा भन्किएकोले सिसाको बाकस बनाई मासु जालिले छोपेर बेच्न संयोजक गोराले निर्देशन दिनुभयो । त्यसैले अनुगमन गरिएका सबै पसलहरूलाई मासुहरू सिसाको बाकसमा राखी जालीले छोपेर राख्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, भुइँ, भित्ता पानी नसोसिने र सजिलै सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, प्रयोग गरेको पानी बाटोमा नआउने गरी निकास व्यवस्थित गर्न, पेटी र पेटीमुनि सामान नराख्न दिन निर्देशन दिइयो ।

अनुगमनमा तुल्सी नारायण शाहीको मासु पसललाई नवीकरण गर्न, च्याम्हासिंह फ्रेस मिट पसललाई नवीकरण गर्न र तराजू नवीकरण नभएकोले जफत गरी बासी र बिग्रेको मासु २२ किलो जफत गरी नष्ट गरियो भने जय जय श्री ब्रम्हायणी कोल्ड स्टोर र एस एण्ड एस फ्रेस मिट सपलाई सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो ।

त्यस्तै भक्तपुर आर कोल्ड स्टोर धेरै बर्षको नवीकरण नभएकोले तीन दिन भित्र नवीकरण गर्न र भक्तपुर चिकेन हाउसलाई नवीकरण गर्न र म्याद नाघेको न्यु भक्तपुर चाउचाउ नष्ट गर्न निर्देशन दियो ।

अनुगमन टोलीमा भक्तपुर नपा अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशमैया सुवाल, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशन उपशाखाका प्रमुख दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, पशु सेवा शाखा भक्तपुरका पार्वती योञ्जन, भक्तपुर धरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ र महानगरीय प्रहरी परिसरका रेशम बस्नेत सहभागी रहेको थियो ।

### वडा नं. ४ का सहकारी अनुगमन

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिको आयोजनामा भक्तपुर नगरपालिका वडा नं. ४ मा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको माघ १७ गते अनुगमन गरियो ।

अनुगमनका क्रममा सहकारी अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाले पुसभित्र साधारणसभा नगर`को, सदस्यहरूलाई बचत फिर्ता गर्न नसकेको, बिनाधितो ऋण प्रदान गरेको, व्यवस्थापकले जथाभावी ऋण प्रदान गरेको, नियमित सञ्चालक समितिको बैठक नबसेको, कार्यक्षेत्रभन्दा बाहिरका व्यक्तिहरूसँग कारोबार गरेको, सदस्यहरूलाई सहकारी सम्बन्धी जानकारी दिने गरी कुनै गतिविधि नगरेको, केही महिनादेखि कार्यालय खोल्न नसकेकोलगायतका समस्या पाइएको बताउनुभयो ।

अनुगमनमा सहकारी समिति सदस्यहरू श्यामसुन्दर मातां, पुरुषोत्तम तमखु, नारायणप्रसाद त्वानाबासु सहभागी थिए ।

### थाहा पाइराखौँ

- हिमालयकी छोरी उपनामले चिनिने नेपाली राष्ट्रिय विभूति पासाङ ल्हामु सेर्पा हुन् ।
- विश्वमा बढी चाँदी मेक्सिको देशमा उत्पादन हुन्छ ।
- अकबरको दरबारमा सबै विद्वानहरूको सामहूहिक नाम नवरत्न थियो ।
- झोलुङ्गे पुलको जिल्ला भनेर चिनिने बागलुङ जिल्लामा २७० ओटा पुल रहेका छन् ।
- संसारमा सबैभन्दा छिटो बढ्ने विरुवा बाँस हो । एक दिनमा बाँस ४ फिटसम्म बढ्न सक्छ ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**फोहरमैला दिने/निष्कासन गर्नेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका क्षेत्रमा दैनिक फोहर सङ्कलन गर्ने बेलामा नगरवासी, पसल व्यवसायी, उद्योगी, पार्टी प्यालेस, भोज घर, अस्पताल, स्वास्थ्य केन्द्र, क्लिनिक, कल कारखानाहरूले सबै फोहर एकै ठाउँमा मिसाएर दिने गरेकाले सङ्कलन भएको फोहरलाई अन्तिम बिसर्जन गर्न जटिल भई समस्या भएको अवगत गराउँदछौं । आ-आफ्नो फोहरलाई स्रोतमै कुहिने र नकुहिने वस्तुमा अलग अलग छुट्याएर मात्र नगरपालिकाको गाडी, गाडा वा सफाइ कर्मचारीलाई दिन सम्पूर्णमा अनुरोध गर्दछौं । अस्पताल, स्वास्थ्य केन्द्र, औषधि पसल, क्लिनिक, उद्योग कलकारखाना आदिले स्वास्थ्यजन्य फोहर रासायनिक फोहर, औद्योगिक फोहर, आ-आफैले व्यवस्थापन गर्नुभई सामान्य फोहरमात्र कुहिने र नकुहिने वस्तुमा छुट्याएर दिन र निष्कासन गर्न अनुरोध गर्दछौं । अत्तेरी भई फोहर मिसाएर दिनेलाई फोहरमैला व्यवस्थापन ऐन, २०६८ र भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइसम्बन्धी ऐन, २०७६ अनुसार कारबाही गरिने व्यहोरासमेत सूचित गर्दछौं ।

**औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौँ !**

# शैक्षिक गतिविधि

## शैक्षिक ऋणसम्बन्धी अभिमुखीकरण कार्यक्रम




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरका विद्यार्थीहरूलाई शैक्षिक ऋणसम्बन्धी अभिमुखीकरण कार्यक्रम पुस २० गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले बौद्धिक जनशक्ति उत्पादन गरी देश विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन नगरपालिकाअन्तर्गत विभिन्न विषयका शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले शिक्षा क्षेत्रको विकासमा गरेको लगानी उपलब्धिपूर्ण भएको बताउनुहुँदै उहाँले कामदार वर्गको हितमा काम गर्ने नीतिअनुरूप भनपाले काम गरिरहेको बताउनुभयो।

शारीरिक र बौद्धिक श्रमले देश विकासमा टेवा पुऱ्याउने बताउनुहुँदै प्रमुख प्रजापतिले युवा जनशक्ति विदेशिँदा र यहाँ प्राप्त स्रोतसाधनको उचित प्रयोग नहुँदा देश विकासमा झन्झन् पछाडि पर्दै गएको बताउनुभयो।

श्रमको सम्मान र इज्जत गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले विद्यार्थीहरूमा कठिन मिहिनेत र परिश्रम आवश्यक भएको र कसैको नक्कल नगरी आफ्नै शैलीमा आफ्नो विकास गर्नुपर्ने धारणा राख्नुभयो।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले विद्यार्थीहरूले अध्ययन गर्ने सबै विषयहरू समान ढङ्गले महत्त्वपूर्ण भएको बताउनुहुँदै विद्यार्थीहरूमा श्रमलाई सम्मान गर्ने बानीको विकास गर्नु आवश्यक भएको बताउनुभयो। उच्च शिक्षा अध्ययन गरी स्वदेशको सेवा गर्ने उद्देश्यले विद्यार्थीहरूले अध्ययन गर्नुपर्ने बताउनुहुँदै उहाँले सर्टिफिकेट सँगसँगै हातमा सीप भएका व्यक्तिहरूले व्यक्तित्व विकासमा छिटो अवसर पाउने बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले भक्तपुर नपाले सबै विषयहरू अध्ययन अध्यापनको व्यवस्था नपाबाट सञ्चालित कलेजहरूमा गरिरहेको बताउनुहुँदै शैक्षिक ऋणलाई ऋणको रूपमा नभई नगरवासी विद्यार्थीहरूलाई नपाले प्रदान गरेको सुविधाको रूपमा लिई यसको उचित सदुपयोग गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका २०७५ सम्बन्धी व्यवस्था, शैक्षिक ऋण माग गर्न आवश्यक प्रक्रिया, ऋणको सीमा र शर्त, ऋणको साँवाब्याज असुली आदिबारे प्रष्ट पार्नुभयो।



आ.व. २०८०/८१ मा भक्तपुर नगरपालिकाभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई शैक्षिक योग्यता (एकेडेमिक सर्टिफिकेट) धितो राखेर सहुलियत ब्याजदरमा ऋण दिई स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई भक्तपुर नगरपालिकाबाट शैक्षिक ऋण प्रदान गर्ने सम्बन्धमा आदेवन पर्न आएकामध्ये अन्तरवार्ताबाट १०१ जना विद्यार्थीहरू छनोट भएका थिए।

छनोट हुनेमा भक्तपुर नपा वडा नं. १ का ३ जना, भनपा २ का १५ जना, भनपा ३ का ११ जना, भनपा ४ का १५ जना, भनपा ५ का १० जना, भनपा ६ का १६ जना, भनपा ७ का १२ जना, भनपा ८ का ७ जना, भनपा ९ का ४ जना र भनपा १० का ८ जना रहेका छन्।

### शैक्षिक ॠणबाट लाभान्वित विद्यार्थीहरू

| क्र.सं. | नाम | ठेगाना | क्र.सं. | नाम | ठेगाना | क्र.सं. | नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १. | अस्मिता दुवाल | भनपा १ | ३६. | कृषा फैजु | भनपा ४ | ७१. | राजन गोसाईं | भनपा ७ |
| २. | सोनिया खत्री | भनपा १ | ३७. | सुजल प्रजापति | भनपा ४ | ७२. | कञ्चन साँयुजु | भनपा ७ |
| ३. | कृतिका गुरुङ | भनपा १ | ३८. | बिपिन गोसाईं | भनपा ४ | ७३. | सुदिप उलक | भनपा ७ |
| ४. | अजय मातां | भनपा २ | ३९. | सुलक्षण कर्माचार्य | भनपा ४ | ७४. | अनु कुस्मा | भनपा ७ |
| ५. | सरिक कोजु | भनपा २ | ४०. | स्प्रिया कर्माचार्य | भनपा ४ | ७५. | सुरज प्रजापति | भनपा ७ |
| ६. | समिर चोपाला | भनपा २ | ४१. | सिलन सुवाल | भनपा ४ | ७६. | शैली गोसाईं | भनपा ७ |
| ७. | सुप्रिया सुलु | भनपा २ | ४२. | यमन सुवाल | भनपा ४ | ७७. | निर्जला लाखा | भनपा ७ |
| ८. | सबिसा सितिखु | भनपा २ | ४३. | कृषा शिल्पकार | भनपा ४ | ७८. | रचिना गोसाईं | भनपा ७ |
| ९. | रचक खर्बुजा | भनपा २ | ४४. | रोजी प्रजापति | भनपा ४ | ७९. | मनसुन गोसाईं | भनपा ७ |
| १०. | इसान सुवाल | भनपा २ | ४५. | कुसुम प्रजापति | भनपा ५ | ८० | निश्चल बोहजु | भनपा ७ |
| ११. | मनिषा सुवाल | भनपा २ | ४६. | अभिनव कर्माचार्य | भनपा ५ | ८१. | प्रविन लाखाजु | भनपा ७ |
| १२. | सुप्रभा सैजु | भनपा २ | ४७. | सुशान चिकंबन्जार | भनपा ५ | ८२. | रुस्तम ग्वाछा | भनपा ७ |
| १३. | रेस्टिना सितिखु | भनपा २ | ४८. | युनिका तुल्सीबाख्यो | भनपा ५ | ८३. | विविका गोसाईं | भनपा ८ |
| १४. | कृषा सुवाल | भनपा २ | ४९. | सिम्रन कर्माचार्य | भनपा ५ | ८४. | अलिशा त्योछिन | भनपा ८ |
| १५. | सुजाता कासुला | भनपा २ | ५०. | वर्षा दुकुखु | भनपा ५ | ८५. | किमन बासी | भनपा ८ |
| १६. | कञ्चन बाटी | भनपा २ | ५१. | रश्मी त्वानाबासु | भनपा ५ | ८६. | श्रयना बासी | भनपा ८ |
| १७. | उत्कर्ष झा | भनपा २ | ५२. | प्रिया फसिकवा | भनपा ५ | ८७. | रोजिता सैजु | भनपा ८ |
| १८. | कुजल कोजु | भनपा २ | ५३. | बिमला सिन्ताकल | भनपा ५ | ८८. | शितल शिवहरि | भनपा ८ |
| १९. | कृतिका बोयजु | भनपा ३ | ५४. | सह खोतेजा | भनपा ५ | ८९. | रुसन बेको | भनपा ८ |
| २०. | प्रजिता बासुकला | भनपा ३ | ५५. | सुजन सिजख्व | भनपा ६ | ९०. | रमिता श्रेष्ठ | भनपा ९ |
| २१. | आयुषा बाईजु | भनपा ३ | ५६. | जीवन सुवाल | भनपा ६ | ९१. | कृष्टि कोजु | भनपा ९ |
| २२. | रिया सैजु | भनपा ३ | ५७. | सक्रिय अवाल | भनपा ६ | ९२. | स्नेहा कोजु | भनपा ९ |
| २३. | मिना नापित | भनपा ३ | ५८. | एरीका दुवाल | भनपा ६ | ९३. | प्रतिभा गाईजु | भनपा ९ |
| २४. | लक्ष्मण त्वायना | भनपा ३ | ५९. | रविक कैंटी | भनपा ६ | ९४. | कृष्टिना प्रजापति | भनपा १० |
| २५. | सलिजा बैजु | भनपा ३ | ६०. | रोजा मुनंकर्मी | भनपा ६ | ९५. | परी अवाल | भनपा १० |
| २६. | पृथक बल्ल | भनपा ३ | ६१. | प्रकृति हामो | भनपा ६ | ९६. | उकेश प्रजापति | भनपा १० |
| २७. | श्रीया त्वायना | भनपा ३ | ६२. | रितेस साही | भनपा ६ | ९७. | सुनिल तण्डुकार | भनपा १० |
| २८. | रोमन भुजु | भनपा ३ | ६३. | मनिला सुवाल | भनपा ६ | ९८. | निकिता कैंटी | भनपा १० |
| २९. | युनिक शिल्पकार | भनपा ३ | ६४. | अञ्जली सुवाल | भनपा ६ | ९९. | दिवेश श्रेष्ठ | भनपा १० |
| ३०. | रक्षा जाकिबन्जार | भनपा ४ | ६५. | समिरा कोजु | भनपा ६ | १००. | सुजाता राजचल | भनपा १० |
| ३१. | बिपिका घेमसु | भनपा ४ | ६६. | रिजा मलेकार | भनपा ६ | १०१. | उमेश सुवाल | भनपा १० |
| ३२. | रोजिना नागाजु | भनपा ४ | ६७. | श्रीस सितिखु | भनपा ६ | | | |
| ३३. | राज तलाली | भनपा ४ | ६८. | आयुष रंजितकार | भनपा ६ | | | |
| ३४. | मुस्कान सुवाल | भनपा ४ | ६९. | ललता अवाल | भनपा ६ | | | |
| ३५. | उर्जा मुनंकर्मी | भनपा ४ | ७०. | रीजु बजिको | भनपा ६ | | | |

# आर्थिकरूपमा स्वतन्त्र देशमात्र स्वतन्त्र र सार्वभौम हुनसक्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ लका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम पुस २१ गते काठमाडौँमा सम्पन्न भयो ।




कार्यक्रममा अतिथि **बिजुक्छेँले** आर्थिकरूपमा स्वतन्त्र नहुने देश यथार्थरूपमा स्वतन्त्र र सार्वभौम हुन नसक्ने बताउनुभयो ।

शिक्षकहरूले विद्यार्थीहरूलाई देशभक्तिको भावना जगाउने शिक्षा दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

बाँसबारी छाला जुत्ता कारखाना, भृकुटी कागज कारखाना, हेटौँडा कपडा कारखाना, ट्रलिबस सेवालगायत सार्वजनिक उद्योग/कारखानाहरू भारतीय विस्तारवाद र एकाधिकार पुँजीको स्वार्थबमोजिम सत्तामा गएका पार्टीहरूले डुबाउँदै निजीकरण गरेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

अध्यक्ष रोहितले पेरिस क्रान्तिको कमीकमजोरीबाट शिक्षा लिई अगाडि बढेको कारण नै अक्टोबर समाजवादी क्रान्ति सफल भएको उल्लेख गर्नुभयो ।

बैङ्क पुँजीवादी व्यवस्थाको स्नायु भएको धारणा राख्दै उहाँले बैङ्क निजी नभई सरकारबाट सञ्चालित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देशको समानुपातिक विकासको लागि सबै सेवा र सुविधा राजधानीमा मात्र केन्द्रित नगरी देशैभरि समानढङ्गले विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा अध्यक्ष रोहितले जोड दिनुभयो ।

विश्वविद्यालय भनेको देशलाई स्वतन्त्र र आर्थिकरूपमा सबल बनाउने नीति तथा योजना बनाउने सैद्धान्तिक र वैचारिक हतियार हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले भन्नुभयो, 'देशको विकासमा प्राध्यापक र बौद्धिक वर्गले चिन्तन गर्नु जरुरी छ ।'

जातजातिमा आधारित पिछडिएको समाज, सांस्कृतिक स्तर नउठेको जनता र निर्वाचनमा आचारसंहिताविपरीत पुँजीवादी पार्टीले गरिने गलत क्रियाकलापका कारण इमानदार, देशभक्त राजनीतिक पार्टीले निर्वाचनमा जित्न नसकेको धारणा उहाँले व्यक्त गर्नुभयो । 'साम्राज्यवादी र विस्तारवादीहरूको डलर खाएर काम गर्ने देशद्रोही नेता र कर्मचारी भएसम्म नेपालको विकास सम्भव छैन', अध्यक्ष रोहितले भन्नुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापतिले** प्रतिस्पर्धाको युगमा प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्ने धारणा राख्नुहुँदै गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक तथा कर्मचारीहरू प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

विश्वविद्यालयले युगअनुसारको पाठ्यक्रम दिन नसक्नु र नतिजा प्रकाशनमा ढिलासुस्ती हुनु पनि विद्यार्थीहरू विदेशिनुको कारण रहेको उहाँले बताउनुभयो ।

ख्वप शैक्षिक सर्कलले गुणस्तरीय शिक्षा दिइरहेको स्पष्ट पार्नुहुँदै उहाँले यस वर्ष ख्वप कलेजका विद्यार्थीले स्नातकोत्तर तहतर्फ अङ्ग्रेजीमा सर्वोत्कृष्ट नतिजा हासिल गरेको छ भन्नुभयो ।

नेपाल–भारतबीचको सम्झौताले देशका सम्पूर्ण जलविद्युत् वैधानिकरूपमा भारतको कब्जामा गएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भारत नेपाललाई भुटानकै स्थितिमा पुर्‍याउन चाहन्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईंले** विश्वविद्यालय भनेको देश र समाजको निम्ति काम गर्ने नयाँ पुस्ता तयार गर्ने थलो हुनुपर्ने धारणा राख्नुभयो ।

डा. नर्मन बेथुन, होचि मिन्ह, चे ग्वेभारा, डा. कोटनिस, चाउ एनलाई, लु सुनजस्ता व्यक्तित्वहरूबाट नयाँ पुस्तालाई जानकारी गराउनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले हरेक विद्यालय र कलेजमा साप्ताहिकरूपमा विभिन्न साहित्यिक तथा प्राज्ञिक कार्यक्रमहरू चलाउनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, 'सांस्कृतिक तथा साहित्यिक गतिविधिमार्फत युवाहरूलाई देशभक्तिको भावना दिनु आवश्यक छ ।'

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले राजनीतिक पार्टी एउटा दर्शन र चिन्तनको चौतारी हुनुपर्ने धारणा राख्नुभयो ।

बौद्धिक वर्गले चिन्तन गर्नुपर्ने तर नेपालको बौद्धिक वर्गमा चिन्तनको खडेरी पर्नु चिन्ताजनक विषय भएको उहाँले बताउनुभयो ।



वाग्मती प्रदेशसभा सदस्य **गीता काफ्ले**ले पनि आतिथ्य ग्रहण गर्नुभएको उक्त कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**, ख्वप अस्पतालका निमित्त निर्देशक डा. **मजेशप्रताप मल्ल**, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. **सुनिल दुवाल**, ख्वप माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य** र ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा शिक्षकहरूले राख्नुभएको जिज्ञासालाई अध्यक्ष रोहितले स्पष्ट पार्नुभएको थियो ।

## मन्तव्य

## "नेपालमा भारतीय दूतावासले सोझै २० करोड खर्च गर्न पाउने सम्झौता भारतलाई समानान्तर सरकार चलाउने स्वीकृति हो" -सुनिल प्रजापति




अहिले प्रतिष्पर्धाको समय हो । प्रतिष्पर्धामा टिक्न नसक्नेहरूको क्रमशः अस्तित्व समाप्त भएर जानेछ । यो प्राकृतिक नियम हो । शैक्षिक संस्थाहरू मात्र त्यसको अपवाद हुन सक्दैनन् ।

हाम्रा शैक्षिक संस्थाहरूले पनि अन्य शैक्षिक संस्थाहरूसित निकै कठिन प्रतिष्पर्धा गर्दैछन् । त्रि.वि.का आङ्गिक क्याम्पसहरू, महँगा सुविधा सम्पन्न निजी कलेजहरू र विदेशी सम्बन्धन प्राप्त कलेजहरू हाम्रा प्रतिष्पर्धीहरू हुन् । त्रि.वि.ले आफ्ना आङ्गिक क्याम्पस बाहेकका कलेजहरूलाई नयाँ नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिइरहेको छैन । विद्यार्थीहरूको चाहना र समयको मागअनुसार नयाँ नयाँ विषयहरू थप्न नसक्दा हाम्रा शैक्षिक संस्थाहरूमा उच्च शिक्षा अध्ययनरत कैयौं विद्यार्थीहरू अन्य कलेजहरूमा जान बाध्य छन् । हाम्रा कलेजहरूका निम्ति यो ठूलो चुनौती हो ।

यति बेला विद्यार्थीहरूमा कक्षा १२ सम्म नेपालमा पढ्ने त्यसपछि विदेश जाने लहर नै चलेको छ । वार्षिक लाखौं विद्यार्थी विदेश जानाले नेपालका सयौं कलेजहरू बन्द हुने अवस्थामा पुगेका छन् । त्यसको असर हाम्रा कलेजहरूमा पनि परेकै छन् । जस्तोसुकै जटिल परिस्थितिमा पनि भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका छन् । यस वर्ष त्रिविको परीक्षाफल प्रकाशित हुँदा हाम्रा कलेजका स्नातकमा ३ जना र स्नातकोत्तरमा १ जना नेपालकै सर्वोत्कृष्ट विद्यार्थी घोषणा हुनु यसका उदाहरण हुन् । सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने कलेज स्थापनाको उद्देश्य केही हदसम्म पूरा भएको हामीले अनुभव गर्दैछौं । नगर भित्र सञ्चालित ख्वप माविलगायत सामुदायिक र संस्थागत सबैजसो शैक्षिक संस्थाहरूले शैक्षिक गुणस्तरमा उत्कृष्टता हासिल गर्दैछन् ।

शिक्षाको माध्यमबाट समाजको परिवर्तन गर्ने हाम्रा अग्रजहरूको भावनालाई मूर्त रूप दिन भनपा कृयाशील छ । गरिब विद्यार्थीहरूका निम्ति शैक्षिक ऋणको बन्दोबस्त, हाम्रा कलेजमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई वार्षिक ४ करोड रूपैंञाभन्दा बढी छात्रवृत्तिको बन्दोबस्त र नगर भित्रका विद्यार्थीहरूलाई इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, अर्थशास्त्रलगायत धेरै विषयहरूमा विद्यावारिधिसम्मको छात्रवृत्तिको बन्दोबस्त गरी हामी शिक्षालाई उच्च प्राथमिकतामा राख्दै आएका छौं । रु. ५ लाख ऋणमा झन्डै ६ सय जना विद्यार्थीहरू अध्ययन गर्दैछन् ।

हाम्रा शैक्षिक संस्थाहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्ने मात्र होइन हरेक विद्यार्थीलाई देशको सार्वभौमिकता, स्वतन्त्रताबारे चिन्तन मनन गर्न सक्ने देशभक्त नागरिक बनाउने पनि हाम्रो उद्देश्य हो ।

हालै नेपाल सरकार र भारत सरकारबीच काठमाडौंमा विद्युत् किनबेच सम्बन्धी सम्झौता भयो। सरकारले १० वर्षमा १० हजार मेघावाट विजुली बेच्ने कुरालाई धेरै ठूलो उपलब्धिको रूपमा प्रचार प्रसार गर्दैछ। वास्तवमा त्यो सम्झौताले नेपालका सबै जलश्रोत कब्जा गर्ने भारतको नीतिलाई वैधानिकता प्रदान गरेको मात्र हो। केही वर्ष अघि भारतले नेपाल र भारतको लगानी भएको बाहेक कुनै पनि देशको लगानी भएको विद्युत् खरिद नगर्ने नीति सार्वजनिक गऱ्यो। त्यसबेला चिनियाँ कम्पनीलगायत विभिन्न देशका कम्पनीहरूले विद्युत् आयोजनाहरूमा लगानी गर्दै थिए। त्यो नीति सार्वजनिक भए पश्चात प. सेतीबाट चिनियाँ कम्पनीलगायत अन्य देशका लगानी कर्ताहरूले हात झिक्यो। त्यसपछि नेपालका सबैजसो विद्युत् परियोजनाहरू भारतकै नियन्त्रणमा गएको छ। त्यसैले नेपाल सरकार र भारतबीच भएको हालैको सम्झौता रूपमा विद्युत् किनबेच गर्ने देखिए पनि सारमा भारतले नेपालको जलश्रोत कब्जा गर्ने हो। त्यो सम्झौता नेपाल र नेपालीको हितमा छैन।

त्यसै गरी नेपाल सरकारको स्वीकृतिबिना भारतले नेपालको कुनै पनि क्षेत्रमा रु. २० करोडसम्म सोझै खर्च गर्न पाउने अर्को सम्झौता पनि भएको सार्वजनिक भयो। त्यो झन देशको सार्वभौमिकतामाथि गम्भीर असर पर्ने सम्झौता हो। कुनै पनि स्वतन्त्र र सार्वभौम देशमाथि विदेशीले स्वतन्त्र रूपमा लगानी गर्नु सार्वभौकितामाथि हस्तक्षेप हो। हरेक सचेत नागरिकले यसको विरोध गर्नुपर्छ।

सूर्यबहादुर थापाको पालामा रु. ३ करोडबाट शुरु भएको त्यो रकम बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला रु. ५ करोड पुऱ्याइएको थियो। भारतको चर्को दबाब पछि मंसिर २१ गते बसेको मन्त्रिपरिषद्को बैठकले रु. २० करोडसम्म पुऱ्याउने निर्णय गरेको हो। त्यो नेपालको बजेटमा देखिने छैन। वर्षभरिमा कतिओटा योजना र कति अर्ब रूपैयाँसम्म खर्च गर्न पाउने कुनै शर्त बन्देज छैन। यसले नेपालमा भारतको समानान्तर सरकार सञ्चालन हुने खतरा बढ्दो छ।

आखिर यस्तो किन हुन्छ ?

माओवादीले भारतमा बसेर १० वर्षसम्म सशस्त्र सङ्घर्ष गरे। उनीहरूलाई भारतले सबै किसिमको तालिम, भौतिक हतियारको समेत सहयोग गऱ्यो। त्यही क्रममा सन् २००२ मा 'प्रचण्ड' र बाबुरामले भारतीय प्रधानमन्त्री कार्यालयमा भारतको अहितमा कुनै कदम नचाल्ने प्रतिबद्धता लेखेर बुझाए। त्यो भारतीय गुप्तचर संस्था 'रअ' र अर्को गुप्तचर इकाइ इन्टेलिजेन्स ब्युरो (आईबि) मा पनि दिए। त्यतिबेला भारतमा मनमोहन सिंह प्रधानमन्त्री थिए। सुरक्षा सल्लाहकार शिवसंकर मेननले त्यतिबेला भनेका थिए– 'नेपालका माओवादीहरूको कुनै भर छैन, पछि उनीहरूकै निम्ति महँगो पर्नेछ'। त्यो कुरा बाबुरामका गुरु र माओवादी–भारतबीच सम्वादका सम्पर्क सूत्र मानिने एस.डी. मुनीले २०६९ सालमै सार्वजनिक गरेका थिए।

पछि के स्पष्ट भयो भने 'प्रचण्ड' र बाबुरामद्वारा हस्ताक्षरित त्यो लिखित प्रतिबद्धता पत्रमा नेपाललाई भारतको निर्देशनअनुसार चलाउने, नेपालमा कुनै पनि आन्तरिक र वैदेशिक निर्णय भारतको अनुमतिबिना नगर्ने, नेपालमा भारतीय सुरक्षा निकाय संस्थागत रूपमा गराउने उल्लेख रहेछ। 'प्रचण्ड' र बाबुराम प्रधानमन्त्री हुँदा त्यही प्रतिबद्धता अनुसार काम भइरहेको देखिन्छ। हालै भएका एस जयशंकरसँगको सम्झौताहरू पनि त्यसैको सिलसिला मात्रै हुन्।

नेपाललाई भुटानको बाटो हुँदै सिक्किम बनाउने लामो समयदेखिको भारतको तयारी हो। २०४६ सालको आन्दोलनको समयमा नेपालका राजालाई ६ बुँदे सम्झौताको मस्यौदा पठाएको र राजाले त्यसलाई अस्वीकार गरेको भन्ने पनि रमेशनाथ पाण्डेले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। तीमध्ये २ ओटा बुँदाहरू नेपालका निम्ति अत्यन्त घातक देखिन्छन्। ती हुन् – १) नेपालले आफ्नो सुरक्षाको लागि चाहिने सबै किसिमका उपकरण र हतियार भारतबाट आयात गर्ने, नेपाली सेनालाई भारतले तालिम दिने, अन्य देशबाट हतियार प्राप्त गर्नु परे भारतको अनुमति लिने, र

**२)** नेपालको औद्योगिक विकास, जलश्रोतलगायत सम्पूर्ण आयोजनाहरूको कार्यान्वयनको लागि नेपालले विदेशी सहयोग अथवा प्राविधिक संलग्नताबारे प्रयास गर्नु अगाडि भारत सरकार र भारतीय नागरिकलाई प्राथमिकता दिने।

देशघाती एमसीसी सम्झौताको एउटा बुँदामा 'नेपालको कुनै पनि नयाँ आयोजना स्वीकृति गर्नु अघि भारतको अनुमति चाहिने' उल्लेख छ। त्यो २०४६ सालदेखिको भारतको निरन्तरको प्रयास अहिलेका शासक दलहरूले पूरा गरे।

शासक दलहरूप्रति जनताको असन्तोष र आक्रोस बढ्नुको कारण पनि यही हो। हाम्रा हरेक विद्यार्थीहरूलाई देश र जनताको सेवा गर्ने बाटोमा अगाडि बढाउन निरन्तर हाम्रा शिक्षक प्राध्यापक मित्रहरूले प्रयास गर्ने आशा गर्छु। हाम्रा शिक्षण संस्थाहरू देशभक्तहरू उत्पादन गर्ने थलो बनून्। हाम्रो देशको सार्वभौमिकता र स्वतन्त्रताको संरक्षण त्यसलेमात्र सम्भव हुने छ।

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप मा.वि.,ख्वप कलेज, शारदा मा.वि कलेज र ख्वप कलेज अफ लको संयुक्त आयोजनामा २०८० पुस २१ गते भएको शिक्षक कर्मचारी भेटघाट कार्यक्रममा व्यक्त गर्नु भएको मन्तव्यको सार)

## नगर प्रमुख प्रजापतिद्वारा एसईई तयारी परीक्षा केन्द्र अनुगमन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा भक्तपुर नगरपालिकाबाट मिति २०८० पुस २५ गतेदेखि सञ्चालित नगरपालिकाभित्र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको एसईई तयारी परीक्षा २०८० अनुगमन गर्नुभयो । सो क्रममा पुस २६ गते उहाँले आज आदर्श आजाद र वागीश्वरी मावि परीक्षा केन्द्रमा र माघ २ गते मोडर्न ई. स्कुल परीक्षा केन्द्रमा अनुगमन गर्नुभयो ।

## राष्ट्रिय भूकम्प सुरक्षा दिवसमा जनचेतनामूलक शैक्षिक प्रदर्शनी




वि.सं. १९९० माघ २ गते गएको भूकम्पको सम्झनामा देशभर विभिन्न कार्यक्रम आयोजना गरी २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइयो । *'स्थानीय स्रोत र प्रविधिसमेत प्रयोग गरौँ, भूकम्प थेग्ने संरचना बनाऔँ'* भन्ने मूल नारासहित सो दिवस मनाइएको हो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २६ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा माघ २ गते भक्तपुरको दत्तात्रयमा जनचेतनामूलक शैक्षिक प्रदर्शनी कार्यक्रम भयो ।




कार्यक्रमको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भूकम्प गएको ८ वर्ष बितिसक्दा पनि सिंहध्वाका दरबारको पुन:निर्माण हुन नसक्दा दरबार क्षेत्र नै असुरक्षित र जोखिमपूर्ण देखिएको बताउनुभयो । उहाँले विश्व सम्पदा सूचीमा सूचीकृत सिंहध्वाका दरबार पुन:निर्माण प्राप्त पुराना प्रमाणहरूको आधारमा मल्लकालीन शैलीमा पुन:निर्माणमा जोड दिनुपर्ने बताउनुभयो ।

काठमाडौँ उपत्यकामा जनसङ्ख्या केन्द्रीकरणले खाद्यान्न, ट्राफिक जाम, प्रदूषण, खानेपानी अभावलगायतका समस्या निम्तिएको बताउनुहुँदै उहाँले देशको सन्तुलित विकास गर्न उपत्यका बाहिर स-साना नयाँ सहरहरू निर्माण गरिनुपर्ने धारणा राख्नुभयो ।

काठमाडौँ उपत्यका विकास प्राधिकरणले भूगर्व अध्ययनबिना जथाभावी प्लानिङ गर्दा उपत्यका भूकम्पीय जोखिममा परेको बताउनुहुँदै उहाँले उपत्यकामा भूकम्पबाट जनधनको क्षति भए प्राधिकरणका हाकिमहरू दोषी हुने उहाँले प्रष्ट पार्नुभयो ।

कुनै पनि संरचना निर्माण गर्नुपूर्व त्यस क्षेत्रको भूगर्भबारे अध्ययन गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले भूकम्पीय जोखिम कम गर्ने प्राविधिसम्बन्धी नयाँ पुस्तालाई डकर्मी र सिकर्मीको तालिम दिनुपर्ने र भूकम्पबाट क्षति कम हुने संरचना निर्माणको लागि बनाइएका मापदण्डहरू कडाइका साथ लागू गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भूकम्पले निर्मित संरचनामा क्षति पुग्ने हुँदा बलियो र भूकम्प प्रतिरोधी निर्माणमा जोड दिनुपर्ने बताउनुभयो ।



भक्तपुर नपाले प्रत्येक वर्ष भूकम्प सुरक्षा दिवसको अवसरमा जनचेतनामूलक प्रदर्शनी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै उहाँले ऐतिहासिक एवम् पुरातात्त्विक सम्पदा पुन:निर्माणमा भूकम्प प्रतिरोधी निर्माणशैली, सीप र सामग्री प्रयोग गर्दै सम्पदा संरक्षण गर्दै आएको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** देशले ४०–५० वर्षको अन्तरालमा महाभूकम्प व्यहोर्दै आइरहेको यथार्थबारे प्रष्ट पार्नुहुँदै १९९० सालको भूकम्पपश्चात पनि धेरै ठूलठूला भूकम्पहरूबाट सिक्दै सुरक्षित समाज र बस्ती निर्माणमा अगाडि बढ्ने कोसिस हुँदै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'बलियो र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जनताको चेतनास्तर जति आवश्यक हुन्छ, देश सम्हाल्ने सरकारको जिम्मेवारी, दूरदर्शिता र संवेदनशीलता पनि त्यति नै महत्त्वपूर्ण हुन्छ ।'

हाम्रा पुर्खाले पनौती, चित्तपोल, कट्न्जे, कीर्तिपुरलगायतका ठाउँहरूमा बस्ती विकास गर्नु आफैमा भौगर्भिक ज्ञानपश्चातको निर्माण हुनुपर्छ भन्नुहुँदै उहाँले पुर्खाले मठ मन्दिर, पाटी पौवाहरू केवल देवता राख्नको लागि मात्र बनाएको नभई यहाँको जनजीवन र भौगर्भिक स्थितिलाई मध्यनजर गर्दै बनाइएका संसारकै उत्कृष्ट र नमुना निर्माणको रूपमा रहेको बताउनुभयो ।

केन्द्रीकृत बस्तीको निर्माणले पनि उपत्यकालाई भूकम्पीय जोखिमलाई झन् बढाएको बताउनुहुँदै उहाँले विगतका विपद् र क्षतिबाट सिकेर अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशीले** पूर्वजले सिकाएको प्रविधि, स्थानीय स्रोत र साधनको प्रयोगबाट बनेका सम्पदाहरू २१ औं शताब्दीमा पनि अत्यन्त महत्त्वपूर्ण संरचनाको रूपमा रहेको बताउनुहुँदै भक्तपुर नपाले सम्पदा पुन:निर्माणमा स्थानीयको सहभागिता, स्थानीय प्रविधिमै जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ **रोशनीकुमारी श्रेष्ठले**



विभिन्न आयातित वस्तुमा आधारित भएर निर्माण गरिएका संरचना मात्रै भूकम्प प्रतिरोधी हुने मानसिकता गलत भएको बताउनुहुँदै स्थानीय स्रोत र साधनलाई प्रयोग गरी भूकम्प थेग्ने संरचना निर्माण गर्न सक्छौं भन्ने सन्देश दिन यो दिवस सफल रहने विश्वास व्यक्त गनुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य **रत्नशोभा प्रजापतिले** पनि बोल्नुभएको थियो । कार्यक्रमको उद्घाटनपश्चात प्रमुख अतिथि तथा अतिथिहरूले प्रदर्शनीस्थल अवलोकन गर्नुभएको थियो ।

उक्त प्रदर्शनीमा ३१ ओटा मोडल, ४३ ओटा चित्रकला, २६ ओटा पेपर ब्रिज, ६ ओटा पोष्टर र सुरक्षा निकायबाट सुरक्षा तथा उद्धार सामग्रीहरू प्रदर्शनीमा राखिएका थिए ।

## ख्वप इन्जिनियरिङ कलेजका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवालले** भक्तपुर नपाको व्यवस्थापनमा पूर्वाञ्चल




विश्वविद्यालयबाट सम्बन्धन लिई २०५८ सालमा ख्वप इन्जिनियरिङ कलेज र त्रिभुवन विश्वविद्यालयबाट २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङको स्थापना गरिएको बताउनुहुँदै कलेजहरूबाट प्रदान भइरहेको प्राविधिक शिक्षाले युवाहरूलाई आत्मनिर्भर बनाउनुका साथै देशलाई आर्थिक हिसाबले अगाडि बढाउन मद्दत पुऱ्याउने बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङमा स्नातकमा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई माघ ३ गते स्वागत तथा अभिमुखीकरण कार्यक्रममा कलेज स्थापनाको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै देश विकासमा राजनीतिक नेतृत्व र दूरदर्शी सोचले धेरै ठूलो भूमिका खेल्ने बताउनुभयो।

उहाँले नेपालस्थित भारतीय राजदूतावासले नेपालमा २० करोड रूपैयाँसम्मको परियोजना सञ्चालन गर्न पाउने सम्झौता नेपालको सार्वभौमिकता र स्वतन्त्रताको विरुद्ध रहेको बताउनुहुँदै उक्त सम्झौता तत्काल खारेज गर्न नेपाल मजदुर किसान पार्टीले जोड दिँदै आएको बताउनुभयो।

नेपाली भूमि डुबान पर्ने गरी भारतले नेपालको




सीमामाथि गरिरहेको अतिक्रमण निन्दनीय भएको बताउनुहुँदै उहाँले १० हजार मेगावाट बिजुली भारत निर्यात गर्ने सम्झौता पनि देश हितविपरीत भएको प्रष्ट पार्नुभयो।

सांसद सुवालले नेपालको हितविपरीत भएका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरूण तेस्रो, पश्चिम सेतीलगायतका भारतसँग भएका सन्धि सम्झौता खारेज गरी नेपालकै लगानीमा पर्याप्त जलविद्युत् उत्पादन गरी नेपाली जनताको लागि घरेलु प्रयोजन, उद्योग कलकारखाना, कृषिलगायतमा पुग्दो बिजुली सस्तोमा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो।

संसारमा तेस्रो विश्वयुद्धको खतरा निम्तिएको बताउनुहुँदै उहाँले अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादले प्यालेष्टाइनी जनतामाथि गरिरहेको नरसंहार र भूमि कब्जा अविलम्ब रोक्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्राविधिक क्षेत्रमा अगाडि बढेको देश नै संसारमा आर्थिक र भौतिक विकासमा पनि अगाडि बढिरहेको प्रष्ट पार्नुहुँदै राम्रा राम्रा प्राविधिकहरू देश विकासका एक महत्त्वपूर्ण आधार भएको बताउनुभयो।

देशमा उत्पादित बौद्धिक जनशक्ति विदेशिने क्रम बढ्दै गइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले विश्वविद्यालयजस्तो प्राज्ञिक क्षेत्रमासमेत बारम्बार बन्द, हड्ताल र तोडफोड, आगजनी जस्ता अराजनैतिक गतिविधि हुँदा राम्रो अध्ययन गर्ने विद्यार्थीहरू घर खेत बेचेरै भए पनि विदेश पढ्न जान बाध्य पारिरहेको बताउनुभयो।

सरकारले नीतिगत रूपमा युवा विद्यार्थीहरूलाई विदेश पठाइरहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले देशमा उत्पादित जनशक्तिले देशकै लागि समर्पित भावले काम गरे देशको विकास छिटो र दिगो हुने बताउनुभयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले नयाँ पुस्ता राजनैतिक रूपमा प्रशिक्षित भए देशलाई सही नेतृत्व प्रदान गर्न सहयोग पुग्ने बताउनुभयो।

सांसद गोसाईले नेपालबाट तिब्बत र त्यसपछि चीन गएर बौद्ध वास्तुकलाबाट ख्याति कमाएका नेपाली वास्तुकार अरनिकोबाट पनि इन्जिनियरिङ अध्ययन गर्ने नयाँ पुस्ताले सिक्न जरुरी रहेको बताउनुभयो।

शासक दलले राजनीतिलाई सेवा कर्मको रूपमा नभई कमाइ खाने भाँडोको रूपमा विकास गरेकै कारण नयाँ पुस्ताको राजनीतिप्रति आकर्षण कम हुँदै गइरहेको उहाँले बताउनुभयो।

नेपालमा दैनिक ७ जनाको हाराहारीमा सडक दुर्घटनाबाट ज्यान गुमाइरहेको तथ्याङ्क रहेको उल्लेख गर्नुहुँदै उहाँले कमजोर इन्जिनियरिङ अध्ययनकै कारण नागरिकहरूले अकालमा सडक दुर्घटनाबाट ज्यान गुमाइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, सभ्य र सुसंस्कृत नगरको रूपमा विकास गर्ने उद्देश्यअनुसार काम गर्दै आइरहेको बताउनुभयो ।

नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबाट योग्य र दक्ष जनशक्ति उत्पादन भई देशकै सबै क्षेत्रहरूमा उल्लेखनीय योगदान पुऱ्याइरहेको उहाँले बताउनुभयो ।



कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले नवआगन्तुक विद्यार्थीहरूलाई ख्वप परिवारमा स्वागत गर्नुहुँदै अध्ययन सफलताको शुभकामनाका साथ मार्गनिर्देश गर्नुभयो ।

## अटिजमबारे दुईदिने अभिमुखीकरण सम्पन्न

भक्तपुर नगरपालिका नगर शिक्षा शाखाको विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिको संयोजनमा अटिजमबारे दुईदिने अभिमुखीकरण कार्यक्रम माघ ३ गते सम्पन्न भयो ।




कार्यक्रममा समितिका अध्यक्ष एवं भनपा वडा नं ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै बालबालिकाको सर्वाङ्गीण विकासको लागि पाठ्यक्रम र पाठ्यपुस्तकभन्दा बाहिर गएर पनि काम गर्नुपर्ने आवश्यकताबोध गरेर समितिले अटिजमको बारेमा कार्यक्रम राखेको र यसले शिक्षकहरूलाई धेरै मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमले अटिजमबारे जनचेतना जगाउन सघाएको बताउनुहुँदै उहाँले अटिजमका बालबच्चालाई बेवास्ता गर्न नहुनेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवं समितिका सदस्य **ज्ञानसागर प्रजापति**ले अटिजमबारे दुईदिने कार्यक्रम समापन भए पनि अटिजमबारे वास्तविक कार्यको क्रम स्कूल स्कूलमा अब सुरू हुने विश्वास व्यक्त गर्नुहुँदै यहाँ सिकेर जानेका कुराहरू स्कूलका सहपाठी अन्य शिक्षकहरूलाई पनि बाँड्न आग्रह गर्नुभयो ।

शिक्षा शाखाका अधिकृत **साधुराम फुँयाल**ले कार्यक्रममा सहभागी शिक्षकहरूको सक्रिय सहभागिताले आयोजक समितिलाई उत्साहक मिलेको बताउनुहुँदै सिकेको सीप समाजमा उपयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रशिक्षक अटिजमविज्ञ **सुरेन्द्र बज्राचार्य**ले भक्तपुर नगरपालिकाप्रति आभार व्यक्त गर्नुहुँदै यो कार्यक्रमले अटिजमबारे थप कार्यक्रमको लागि बाटो खुलेको विचार व्यक्त गर्नुभयो ।

अर्का प्रशिक्षक **कृपा श्रेष्ठ**ले अटिजमको लक्षणप्रति ध्यान दिनुपर्ने र चाँडोभन्दा चाँडो अटिजम पत्ता लगाउनुपर्नेमा जोड दिनुहुँदै बच्चाको व्यवहारमा परिवर्तन गर्न अभिभावकले पहिले आफ्नो व्यवहार परिवर्तन गर्नुपर्ने सुझाव दिनुभयो ।

अटिजमलाई नबुझ्दा धेरै परिवारको विखण्डन भएको अनुभव सुनाउनुहुँदै उहाँले अटिजमका बच्चाहरूमा आउने ससाना सकारात्मक परिवर्तनमा पनि अभिभावकले खुसी हुन जान्नुपर्छ भन्नुभयो ।

### अटिजमका लक्षण

अटिजम भएका बालबालिकामा विभिन्न लक्षण देखिन्छ जस्तै कसैसँग अन्तरक्रिया नगर्ने, आँखामा आँखा जुधाएर बोल्न नसक्ने, अरूसँग घुलमिल नहुने या एक्लै खेल्न मन पराउने, सामाजिक क्रियाकलापमा चासो नै नदिने, नामले बोलाउँदा प्रतिक्रिया नदिने, कुनै एउटा चिजमा मात्रै ध्यान दिइरहने, वस्तुहरूप्रति अनौठो लगाव, दोहोरो सम्वाद नगर्ने, आफ्नो भावना व्यक्त गर्न नसक्ने, अरूको भावना नबुझ्ने, उमेर अनुसार बोलीको विकास नहुने, अरूले भनेकै वाक्य वा शब्द दोहोऱ्याउने, एकोहोरो प्रकारको रुचि हुने, आफूलाई चाहिएको चिज या वस्तुलाई औँला नदेखाउने साथै चाहिएको अवस्थामा अरूको हात समातेर देखाउने, घाउचोट र दुखाइमा असामान्य बेवास्ता वा अत्यधिक प्रतिक्रिया दिने, असामान्य व्यवहार जस्तै, हल्लिने, मच्चिने, उफ्रिने, कुर्कुच्चा या औँलाले मात्रै टेकेर हिँड्ने, सामान्य रूपमा बुझ्न नसकिने अनौठा आवाजहरू निकाल्ने, घुमिरहेको वस्तुप्रति अत्यधिक लगाव हुने, निष्क्रिय या अत्यधिक चञ्चल हुने र दैनिक कार्यतालिकामा परिवर्तन गर्न मन नपराउने जस्ता लक्षण देखिन्छन् । यस्ता लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा लैजानुपर्छ ।

अटिजमका लक्षण प्रायः २ वर्षको उमेर सम्ममा देखा पर्छन् ।

कार्यक्रममा सहभागीहरूको तर्फबाट आदर्श आजाद माविका **सीताराम भ्वयद्यो** र लिटिल वर्ल्ड स्कूलकी **रीता हाछेथु**ले कार्यक्रम अत्यन्त फलदायी भएको र आगामी दिनमा यसबारे थप कार्यक्रम हुने अपेक्षा गर्नुभयो ।

कार्यक्रममा प्रशिक्षकद्वय बज्राचार्य र श्रेष्ठलाई मायाको चिनो प्रदान गरिएको थियो ।

**शैक्षिक प्रदर्शनीमा उत्कृष्टलाई पुरस्कार वितरण**

# सरकारले भूकम्पीय जोखिम कम हुने संरचना निर्माण प्रविधिबारे डकर्मी र सिकर्मीलाई तालिम दिनु जरूरी

भक्तपुर नगरपालिका, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा भूकम्प सुरक्षा सम्बन्धी प्रवचन कार्यक्रम माघ ५ गते भयो । उक्त कार्यक्रममा माघ २ गते दत्तात्रयमा भएको भूकम्प सुरक्षासम्बन्धी जनचेतनामूलक शैक्षिक प्रदर्शनीमा उत्कृष्ट भएका मोडेलहरूको पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो ।



कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले सरकारले भूकम्पीय जोखिम कम हुने संरचना निर्माण प्रविधिबारे डकर्मी र सिकर्मीलाई तालिम दिनु जरुरी रहेको आवश्यकता औंल्याउनुहुँदै भन्नुभयो, 'स्थानीय तहले तालिम प्राप्त डकर्मी–सिकर्मीलाई मात्र संरचना निर्माण गर्न पाउने व्यवस्था गर्नुपर्छ ।'

सरकारले गुणस्तरीय निर्माण सामग्री डन्डी, सिमेन्ट, कङ्क्रिट, ईंटा, काठ सस्तोमा उपलब्ध गराउनु जरुरी छ, उहाँले भन्नुभयो ।

सरकारले नै भूकम्पीय क्षति न्यून हुने प्रविधिसहितको घर जनतालाई बनाइदिनुपर्ने आवश्यकता औंल्याउनुहुँदै सांसद सुवालले समाजवादी व्यवस्था भएको सरकारले जनताको घर निर्माणसम्बन्धी पूर्व जिम्मेवारी लिने तर नेपालजस्तै पुँजीवादी सरकारले यस्तो जिम्मेवारी लिँदैन भन्नुभयो ।

भक्तपुर नगरपालिकाले देशभरिका नयाँ पुस्तालाई उच्च शिक्षा प्रदान गर्न ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ सञ्चालन गरेको हो । अहिले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुर नगरपालिकाको तयारी हो, उहाँले भन्नुभयो ।




सरकारले नेपाल खानेपानी संस्थानलाई संरचना निर्माण गर्न विराटनगर–५ स्थित जग्गा, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका – १३ को करेखोलामा पशु वधशाला स्थापना गर्न, बर्दीवासमा मेडिकल कलेजको लागि बर्दीवास नगरपालिका –४ स्थित ५५,५८४ हेक्टर जग्गा उपलब्ध गराउने निर्णय गऱ्यो । भक्तपुरका जनताको नपलीसिं थत तत्कालीन राजा वीरेन्द्रले सस्तोमा किनेको र हाल नेपाल ट्रष्टको नाममा रहेको १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालयको लागि भक्तपुर नगरपालिकालाई उपलब्ध गराउन माग भएको १६ वर्ष भयो । तर, सरकारले वास्ता गरेन । प्रमहरूले ख्वप विश्वविद्यालयको विधेयक पनि पारित गरेनन् । प्रम भएकाहरूलाई हामी पुनः अनुरोध गर्न चाहन्छौं, पक्षपात नगर्नु होला, सांसद सुवालले भन्नुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले २०७२ सालको भूकम्पबाट क्षति पुगेका भक्तपुरका सम्पदाहरूको पुनःनिर्माणको लागि आन्तरिक स्रोतबाट सम्पूर्ण सम्पदाहरूको पुनःनिर्माण गरेको बताउनुभयो । भक्तपुरको सम्पदा पुनःनिर्माण गर्न जर्मन सरकारले ससर्त उपलब्ध गराउने १० मिलियन युरो सहयोग नलिई आफ्नै स्रोतमा पुनःनिर्माण गरेको चर्चा गर्नुहुँदै उहाँले अरूको भरमा नभई आफ्नै खुट्टामा उभिएर आत्मनिर्भर भई काम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले ढलान गरेको घरमात्रै बलियो हुने धारणा गलत रहेको बताउनुहुँदै मौलिक प्रविधिमा निर्माण भएका घरहरू झनै बलियो र भूकम्प प्रतिरोधी हुने बताउनुभयो । जाजरकोटको पुनःनिर्माणका प्राविधिकहरू भक्तपुरको पुनःनिर्माणबारे स्थलगत भ्रमणमा आएको बताउनुहुँदै उहाँले भवन निर्माणसम्बन्धी मापदण्डमा दक्ष आर्किटेक्ट इन्जिनियरहरूले उपयुक्त सुझाव दिनुपर्ने बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**,



ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. **सुवेगमान बिजुक्छेँ**ले पनि भूकम्प सुरक्षासम्बन्धी विभिन्न उपायहरूबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा खानी तथा भूगर्भ विभागका ई. **चिन्तन तिमसिना**ले Seismicity and Seismo Tectonics of Nepal Himalaya, Implication for Jajarkot Earthquake विषयमा र ई. **जगदीशमान श्रेष्ठ**ले Role of Quality Construction in Earthquake Resistance Structures विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा माघ २ गते दत्तात्रयमा भएको भूकम्प सुरक्षासम्बन्धी जनचेतनामूलक शैक्षिक प्रदर्शनीमा उत्कृष्ट भएका मोडेलहरू एवम् पेपर ब्रिज प्रतियोगिताका विजयीहरूलाई भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले पुरस्कार एवं प्रमाणपत्र वितरण गर्नुभयो ।

**दत्तात्रय आधारभूत विद्यालयको स्वर्ण वर्ष**

## विद्यार्थीहरूलाई श्रमलाई माया र इज्जत गर्ने शिक्षा आवश्यक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा तचपालस्थित श्री दत्तात्रय आधारभूत विद्यालयको ५० औँ (स्वर्ण वर्ष) वार्षिकोत्सवको अवसरमा स्मारिका विमोचन, सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम माघ १८ गते भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले देश विकासको प्रमुख माध्यम शिक्षा भएको बताउनुहुँदै शिक्षामा अगाडि बढेको समाज सभ्य र सुसंस्कृत ढङ्गले अगाडि बढ्ने बताउनुभयो ।

शिक्षाको जग बलियो बनाउन भक्तपुर नपाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै यसको पूर्वाधार विकासमा जोड दिँदै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले २१ औँ शताब्दीको लागि योग्य र दक्ष जनशक्ति तयार गर्न ८ ओटा शैक्षिक




संस्थाहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

सरकारले शिक्षामा लगानी घटाउँदा सरकारी विद्यालयहरूको शैक्षिक स्तर खस्कँदै गएको बताउनुहुँदै प्रमुख प्रजापतिले छिमेकी देश चीनको शिक्षा प्रणालीबाट नेपालले सिक्दै श्रमसँग जोडिएको शिक्षा विद्यार्थीहरूलाई प्रदान गर्नुपर्ने र श्रमलाई माया र इज्जत गर्ने शिक्षा विद्यार्थीहरूलाई दिनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपाले समाजवादी व्यवस्थालाई आदर्शको रूपमा लिई काम गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान र योग्य प्राविधिकहरू तयार गरिरहेको बताउनुभयो ।

विद्यालयका प्रअ **सज्जन प्रधान**ले २०३० साल माघ १८ गते स्थापना भएको श्री दत्तात्रय आधारभूत विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै विद्यालय स्थापनामा महत्त्वपूर्ण भूमिका र योगदान पुऱ्याउनुभएका सबैमा धन्यवादज्ञापन गर्नुभयो । सोही क्रममा उहाँले आधारभूत विद्यालय समितिअन्तर्गत रहेका विद्यालयले आयोजना गरेका विभिन्न बौद्धिक, शारीरिक र अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीहरूलाई सहभागी गराउँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य छोरीमैंया सुजखू, आधारभूत विद्यालय समितिका तर्फबाट सूर्यबहादुर फाँजु, वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापति, सरस्वती विद्यागृहका प्रअ गुणराज राई र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्जय मानन्धरले पनि बोल्नुभएको थियो ।

प्रमुख प्रजापतिले विद्यालयको स्वर्णजन्तीको अवसरमा विद्यालयलाई अनवरत सेवा दिनुभएका पूर्व प्रअद्वय लक्ष्मीभक्त बासुकला र सर्मिला श्रेष्ठ, समाजसेवी विष्णुबहादुर मानन्धर, पूर्व विद्यार्थी गौतम सुवाललाई दोसल्ला र सम्मान पत्र प्रदान गरी सम्मानित गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षिका सृष्टि शाक्यले स्वागत गर्नुभएको थियो भने पूर्व विद्यार्थी श्रीराम ध्वजुले विद्यालयबारे आफ्ना अनुभव सुनाउनुभयो ।

# ख्वप विश्वविद्यालय विधेयक संसद्बाट पारित गर्ने प्रक्रिया अगाडि बढाउन शिक्षामन्त्रीको ध्यानाकर्षण



भक्तपुर नगरपालिकाको संरक्षकत्वमा सार्वजनिक विश्वविद्यालयको रूपमा सञ्चालन हुने गरी 'ख्वप विश्वविद्यालय विधेयक २०८०' संसद्बाट पारित गर्ने प्रक्रिया अगाडि बढाउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री अशोककुमार राईसमक्ष भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अनुरोध पत्र माघ २१ गते हस्तान्तरण गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालसमेतको टोलीले मन्त्री राईको ध्यानाकर्षण गरेको हो ।

सोही क्रममा मन्त्री **राई**ले लामो समयदेखि विचाराधीन रहेको ख्वप विश्वविद्यालय विधेयक २०८० छिट्टै संसदमा पेश गर्ने तयारी भइरहेको बताउनुहुँदै हिउँदे अधिवेशनको पहिलो प्राथमिकतामा ख्वप विश्वविद्यालयसम्बन्धी विधेयक प्रस्तुत गर्ने तयारीमा मन्त्रालय अग्रसर रहेको बताउनुभयो । उहाँले विभिन्न विज्ञहरूसँग छलफल गरी मन्त्रालयले ख्वप विश्वविद्यालयको विधेयकको तयारी गरिरहेको बताउनुभयो ।

मन्त्री राईले देशमा भ्रष्टाचार रोक्न सके र उपलब्ध स्रोत साधनको उपयोग गरी इमानदारीपूर्वक काम भए देशको विकास छिटो हुने बताउनुभयो ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले वि.सं. २०५६ सालमा ख्वप उच्च मा.वि., २०५८ सालमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ र २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना गरी ती कलेजहरूमा देशभरका सात हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहेको अवगत गराउनुहुँदै ख्वप विश्वविद्यालय स्वीकृत भएमा जनतालाई फाइदा हुने बताउनुभयो ।



प्रमुख प्रजापतिले शिक्षा मन्त्रालयबाट ख्वप विश्वविद्यालय सम्बन्धी समितिसमेत गठन गरिसकेको हुँदा आवश्यक प्रकृया पुर्‍याई भक्तपुर नगरपालिकाको संरक्षकत्वमा सार्वजनिक विश्वविद्यालयको रूपमा सञ्चालन हुने गरी 'ख्वप विश्वविद्यालय विधेयक २०८०' संसद्बाट पारित गर्ने प्रकृया अगाडि बढाई दिनुहुन अनुरोध गर्नुभयो ।

साथै प्रमुख प्रजापतिले मन्त्री राईलाई नपाद्वारा प्रकाशित विभिन्न प्रकाशनहरू पनि हस्तान्तरण गर्नुभयो ।

# स्वास्थ्य सेवा

## वडा नं. ९ मा नगर स्वास्थ्य केन्द्र शुभारम्भ




भक्तपुर नगरपालिका वडा नं. ९ मा नगर स्वास्थ्य केन्द्र शुभारम्भ गरिएको छ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुस २० गते एक कार्यक्रमबीच सो केन्द्र शुभारम्भ गर्नुभयो।

सो अवसरमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले नगरवासीहरूको लागि सहज रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नगरका विभिन्न वडाहरूमा नगर स्वास्थ्य सेवा केन्द्रहरूको विस्तार गरिएको उल्लेख गर्नुहुँदै संविधानले नागरिकलाई गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा पाउने अधिकारलाई संरक्षण र संवर्द्धन गरेकोले भक्तपुर नपाले उक्त कार्यलाई प्राथमिकतामा राखी अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने हेतुले विभिन्न कलेजहरू सञ्चालन गर्दै आइरहेको र हाल ख्वप सर्कलअन्तर्गत नर्सिङ, इन्जिनियरिङ र कानुनजस्ता विषयहरू पनि निकै सुलभ रूपमा पठनपाठन गर्दै आइरहेको बताउनुभयो।

भक्तपुर नपाले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै घरदैलो नर्सिङ सेवा सञ्चालन गर्दै आएको बताउँनुहुँदै उहाँले स्वास्थ्य बीमा बोर्डले ख्वप अस्पताललाई दिनुपर्ने रकम अझ सोधभर्ना नगराएको समेत उक्त कार्यक्रममा बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नगर स्वास्थ्य केन्द्रबाट बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म जनतालाई आधाभूत स्वास्थ्य सेवाहरू उपलब्ध गराउने जानकारी दिनुहुँदै बिहान ७ बजेदेखि ९ बजेसम्म घरदैलो नर्सिङ सेवा पनि चालु रहने बताउनुभयो।





कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्ले ख्वप अस्पतालमा दैनिक ८०० देखि ९०० को हाराहारीमा बिरामी स्वास्थ्य जाँचको लागि आउने गरेको बताउनुहुँदै वडास्तरबाट नगर स्वास्थ्य केन्द्र स्थापनाले नगरवासीहरूलाई सहज हुने बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडा सदस्य तथा कार्यपालिका सदस्य छोरीमैंया सुजख, वडा सदस्य इन्द्रबहादुर प्याथ, स्वास्थ्यकर्मी कृष्णशोभा लवजूले पनि बोल्नुभएको थियो।

उक्त नगर स्वास्थ्य केन्द्र बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म खुल्नेछ र सो केन्द्रबाट निःशुल्क औषधी वितरण, डट्स क्लिनिक, परिवार नियोजन, खोप सेवा, ओपीडी चेकजाँच, निःशुल्क ड्रेसिङ सेवालगायतको सेवा सुविधाहरू प्रदान गरिनेछ।

## अमेरिकाबाट कोभिडको नयाँ भेरियन्ट जेएन.वान

पछिल्लो समय विश्वभर फैलिइरहेको ओमिक्रोनको नयाँ सबभेरियन्ट जेएन.वान नेपालमा पनि पुष्टि भएको छ। छिमेकी भारतमा जेएन.वान धेरै फैलिएपछि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले नमुना परीक्षण गरेको थियो।



सङ्क्रमण र सङ्क्रमणको फैलावट रोक्न भिडभाडमा नजान, भौतिक दूरी कायम गर्न, मास्क प्रयोग गर्न र साबुनपानीले हात धुनेलगायतका स्वास्थ्य मापदण्ड अनिवार्य रूपमा पालना गर्न–गराउन पनि सम्बन्धित निकायलाई मन्त्रालयबाट जानकारी गराइएको छ। कोभिडविरुद्धको खोप नलगाएका व्यक्ति, गर्भवती, दीर्घरोगी र अन्य विभिन्न कारणले प्रतिरोधी क्षमता कम भएका व्यक्ति सङ्क्रमणको जोखिममा छन्।

गत सेप्टेम्बरमा अमेरिकामा पहिलोपटक देखिएको जेएन.वान पछिल्लोपटक महामारीको रूप लिएको ओमिक्रोनको सबभेरियन्ट हो।

जेएन.वान हाल भारत, चीन, सिंगापुर, इन्डोनेसिया, फिलिपिन्स, मलेसियालगायत देशमा तीव्र रूपमा फैलिइरहेको छ। यसबाहेक अमेरिका, क्यानडा, अस्ट्रेलिया र युरोपियन देश डेनमार्क, स्पेन, बेल्जियम, फ्रान्स, नेदरल्यान्डमा बढिरहेको छ।

हाल अमेरिकामा सबैभन्दा बढी फैलिइरहेका कारण सिडिसीले निरन्तर यसको असरबारे निरीक्षण गरिरहेको जनाएको छ। सिडिसीका अनुसार जेएन.वान भाइरस सङ्क्रमणका लक्षणसमेत अन्य कोभिडसँग मिल्दाजुल्दा छन्।

## भान्साघर औषधालय कार्यक्रम




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरको संयुक्त आयोजनामा भक्तपुर नगरपालिकाभित्रका १२० जना आमा समूहका महिलाहरूका लागि भान्साघर औषधालय विषयक अभिमुखीकरण कार्यक्रम माघ १६ गते भनपा सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि **जोशी**ले आयुर्वेद औषधीको महत्त्व र घरमै उपलब्ध स्रोत साधनको सही प्रयोग गर्न सके अस्पताल धाउन आवश्यक नहुने बताउनुहुँदै गृहणीहरूले घरका सदस्यहरूको स्वास्थ्य सुधार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् भन्नुभयो।

उहाँले भक्तपुर नगर कला संस्कृतिको राजधानी भएको हुँदा बेला बेलामा हुने सांस्कृतिक चाडपर्वअनुसारको खाद्य सामग्रीहरूले शरीरलाई स्वस्थ राख्न महत्त्वपूर्ण योगदान गर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले बेला बेलामा सांस्कृतिक महोत्सवहरूको आयोजना गरी संस्कृति जगेर्ना गरिरहेको बताउनुभयो।

खराब खानपानका कारण नसर्ने रोगहरूमा उल्लेख्य वृद्धि भइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले मृगौला, मुटुरोग, क्यान्सर कडा रोग लागेका विरामीहरूको लागि रु. १५ हजार आर्थिक सहयोग वितरण गर्दै आइरहेको तथा भनपाद्वारा वडा–वडामा नि:शुल्क व्यायामशालाको व्यवस्था गरेको र भनपाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा निरन्तर स्वास्थ्य शिविरहरूको आयोजना गर्दै आएको जानकारी दिनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलाई प्राथमिकतामा राखी समाजवादउन्मुख कार्य गर्दै आइरहेको बताउनुभयो।



कार्यक्रममा भक्तपुर नगरपालिकाका स्वास्थ्य संयोजक डा. **रत्नसुन्दर लासीवा**ले मात्रा मिलाएर खाएमा औषधी र नमिलेमा विष हुने बताउनुहुँदै भान्छा घर नै औषधीको स्टोर भएकोले विभिन्न खाद्यान्नसम्बन्धी जानकारी राख्नुपर्ने बताउनुभयो।

जिल्ला आयुर्वेद औषधालय कार्यालयका प्रमुख डा. **नरेन्द्र गिरी**ले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै आयुर्वेद औषधीको महत्त्व दैनिक जीवनमा अपरिहार्य रहेको बताउनुभयो। साथै उहाँले घरमै उपलब्ध समाग्रीहरूबारे प्रस्तुतिकरणमार्फत जानकारी दिनुभयो।

भक्तपुर
BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को ‘प्रकाशनहरू’ मा पढ्न सक्नुहुनेछ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Poush Report

## 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2292 | 11.49 |
| 10-14. | 648 | 3.25 |
| 15-19 | 718 | 3.60 |
| 20-59 | 11929 | 59.82 |
| ≥60 | 4353 | 21.83 |
| Total | 19940 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 379 | 1.90 |
| General | 3088 | 15.49 |
| Insurance | 16473 | 82.61 |
| Total | 19940 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Gorkha | 1 | 0.01 |
| Ilam | 1 | 0.01 |
| Jhapa | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Banke | 1 | 0.01 |
| Chitwan | 1 | 0.01 |
| Dhading | 1 | 0.01 |
| Panchthar | 1 | 0.01 |
| Sarlahi | 1 | 0.01 |
| Saptari | 1 | 0.01 |
| Rupandehi | 1 | 0.01 |
| Bardiya | 1 | 0.01 |
| Dang | 2 | 0.01 |
| Kalikot | 2 | 0.01 |
| Morang | 2 | 0.01 |
| Salyan | 2 | 0.01 |
| Rautahat | 2 | 0.01 |
| Mugu | 2 | 0.01 |
| Makwanpur | 3 | 0.02 |
| Okhaldhunga | 3 | 0.02 |
| Bara | 4 | 0.02 |
| Dhanusha | 4 | 0.02 |
| Surkhet | 5 | 0.03 |
| Achham | 6 | 0.03 |
| Nuwakot | 6 | 0.03 |
| Kailali | 8 | 0.04 |
| Dolkha | 9 | 0.05 |
| Jumla | 9 | 0.05 |
| Khotang | 9 | 0.05 |
| Lalitpur | 10 | 0.05 |
| Sindhuli | 10 | 0.05 |
| Dailekh | 13 | 0.07 |
| Rolpa | 14 | 0.07 |
| Sindhupalchowk | 24 | 0.12 |
| Kathmandu | 26 | 0.13 |
| Ramechap | 26 | 0.13 |
| Kavrepalanchok | 68 | 0.34 |
| Bhaktapur | 19659 | 98.59 |
| Total | 19940 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 96 |
| Suryabinayak | 877 |
| Changu | 3103 |
| Bhaktapur | 15583 |
| Total | 19659 |

| Department | Number | In Percentage |
|---|---|---|
| Urology | 44 | 0.22 |
| Neuro Surgery | 48 | 0.24 |
| MDGP | 153 | 0.77 |
| General Ward | 185 | 0.93 |
| Physiotherapy | 234 | 1.17 |
| Cardiologist | 236 | 1.18 |
| Laboratory | 367 | 1.84 |
| General Surgery OPD | 464 | 2.33 |
| Dermatology | 474 | 2.38 |
| Internal Medicine | 969 | 4.86 |
| Emergency Ward | 1040 | 5.22 |
| ENT | 1203 | 6.03 |
| Obs. & Gynaecology | 1217 | 6.10 |
| Dental | 1426 | 7.15 |
| Paediatric | 1608 | 8.06 |
| Orthopedic | 2167 | 10.87 |
| General OPD | 8105 | 40.65 |
| Total | 19940 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 182 |
| Discharge | 161 |
| LAMA | 5 |
| Refer | 11 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2154 |
| Total Cataract Surgery | 66 |

### Operation

| | |
|---|---|
| Major | 86 |
| Minor | 53 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Male | 8312 | 41.69 |
| Female | 11628 | 58.31 |
| Total | 19940 | 100.00 |

# अनुभवको आदान-प्रदान

## प्रमुख प्रजापतिसँग गुल्मीको मालिका गापा उपाध्यक्ष अर्यालको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग गुल्मी जिल्लाको मालिका गाउँपालिकाका उपाध्यक्ष उपेन्द्र अर्यालले पुस १९ गते भनपा सभाकक्षमा भेट गर्नुभयो ।

भेटमा उहाँहरूबीच दुई नगरपालिकाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा गरेका कार्यबारे अनुभव आदानप्रदान भयो । सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित कलेज, अस्पताल, घरदैलो नर्सिङ सेवा, जनज्योति पुस्तकालयको सेवा प्रवाह तथा देशको समसामयिक विषयमा अवगत गराउनुभयो ।

## धरानका प्रतिनिधिमण्डल टोलीद्वारा भक्तपुर नपाको अवलोकन अध्ययन भ्रमण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेवाः एकता समाज धरानका प्रतिनिधिमण्डल टोलीले माघ १२ गते भेट गर्नुभएको छ ।

भक्तपुर नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण तथा शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायतका क्षेत्रमा नपाले गरेका असल अभ्यासहरूबारे अध्ययन भ्रमणको लागि आउनुभएको उक्त टोलीले नगर प्रमुख प्रजापतिसँग भेट गर्नुभएको हो ।

सोही क्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले जनताको घरदैलो सरकारको रूपमा परिचित स्थानीय तहबाट हुनसक्ने अधिकत्तम सेवाहरू उपलब्ध गराउँदै आएको बताउनुभयो ।

देशको एक सुन्दर र विकसित नगर बनाउने उद्देश्यअनुसार काम गरिरहेको भक्तपुर नगरपालिकालाई सङ्घ र प्रदेश सरकारको तर्फबाट समय समयमा बाधा व्यवधान हुँदै आएको उहाँले सो अवसरमा बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्ने मात्र नभई हरेक विद्यार्थीलाई देशको सार्वभौमिकता, स्वतन्त्रताबारे चिन्तन मनन गर्न सक्ने देशभक्त नागरिक बनाउने उद्देश्यबाट काम हुँदै आएको छ ।'

भक्तपुर नपाले गरिब विद्यार्थीहरूका निम्ति शैक्षिक ऋणको बन्दोबस्त, कलेजमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था र उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई शैक्षिक ऋणको व्यवस्था समेत गर्दै आएको उहाँले बताउनुभयो ।

त्यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाको शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण आदि विषयमा विस्तृतमा प्रस्तुतिकरण दिनुहुँदै भक्तपुर नपाले विदेशीको भर नपरी आफ्नै स्रोतसाधन र जनताको सहयोगमा भक्तपुरको विकास गरेको बताउनुभयो ।



धरानबाट प्रतिनिधिसभा सदस्य मा. **सुशिला श्रेष्ठ**ले भक्तपुरले यहाँको मौलिकता जोगाउनु महत्त्वपूर्ण विषय भएको बताउनुहुँदै ख्वप विश्वविद्यालय ऐन अगाडि बढाउन आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सोही अवसरमा नेवा एकता समाजका अध्यक्ष **महेश श्रेष्ठ**ले भक्तपुर नगरपालिकाको हार्दिक स्वागतप्रति कृतज्ञता ज्ञापन गर्नुहुँदै नेपालको प्राचीन सहर भक्तपुर र भक्तपुर

नपाबाट सञ्चालित कलेजहरूको अवलोकन गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

विकास निर्माण, शैक्षिक सुधारमा भक्तपुरको असल अभ्यासबाट अन्य स्थानीय तहले पनि अनुसरण गर्न सके देश छिटो विकास हुने बताउनुहुँदै उहाँले भक्तपुरले सम्पदा संरक्षणमा गरेको काम राष्ट्रले नै अनुशरण गर्नुपर्ने विषय भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो ।

## नगर प्रमुख प्रजापतिसँग ताप्लेजुङको सिदिङ्वा गा.पा. अध्यक्ष राईको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग ताप्लेजुङ जिल्लाको सिदिङ्वा गाउँपालिकाका अध्यक्ष मानबहादुर राईले माघ १४ गते भनपा सभाकक्षमा भेट गर्नुभयो । भेटमा उहाँहरूबीच दुई पालिकाले शैक्षिक, सामाजिक, पर्यटन, आर्थिक क्षेत्रलगायतमा साझेदारी तथा प्राविधिक सहयोग गर्ने विषयमा कुराकानी भयो ।

प्रमुख प्रजापतिले गा.पा. अध्यक्ष राईलाई सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुहुँदै भक्तपुर नगरको विशेषताबारे प्रकाश पार्नुभयो ।

भक्तपुर नपाले समाजलाई बुद्धिजीवीकरण गर्ने नीतिले काम गरिरहेको बताउनुहुँदै प्रमुख **प्रजापति**ले आकारमा सानो भए पनि भक्तपुर नपाले राष्ट्रिय स्तरमा उत्कृष्ट काम गर्दै आएको बताउनुभयो ।

भक्तपुर र सिदिङ्वा पालिकाबीच विभिन्न क्षेत्रमा प्राविधिक सहयोग आदानप्रदान गर्न सकिने विषय उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले स्थानीय सरकारहरू आत्मनिर्भरताको बाटोतर्फ अग्रसर हुनुपर्ने बताउनुभयो ।

सोही क्रममा गापा अध्यक्ष **राई**ले ताप्लेजुङ जिल्लाको पूर्वी भूभागमा अवस्थित सिदिङ्वा गाउँपालिकाको मुख्य आयस्रोतको रूपमा कृषि, पशुपालन र जडिबुटी रहेको बताउनुहुँदै भौगोलिक विकटताले गर्दा यस गाउँपालिकाको विकास निर्माण ढिलाइ रहेको बताउनुभयो ।

भक्तपुरको शिक्षा मोडलबाट आफूहरू निकै प्रभावित भएको बताउनुहुँदै उहाँले सिदिङ्वा गाउँपालिकाले शैक्षिक सुधारमा विशेष ध्यान पुऱ्याइरहेको बताउनुभयो ।

सिदिङ्वा गाउँपालिकाका केही वडामा अझै मोटरबाटो विस्तार भइनसकेको बताउनुहुँदै उहाँले सिदिङ्वाको तिम्बुङ पोखरी पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण स्थल रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले गापा अध्यक्ष राईलाई भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

बसिबियाँलोको उत्तर : कालो ९ र सेतो ९ गरी जम्मा १८ ।

के गर्दैछ भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधी उपचार खर्चवापत रकम निकासा प्राप्त भएको सम्बन्धी सूचना**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधी उपचारवापत खर्च उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७८ अनुसार पेन्सन र सामाजिक सुरक्षा भत्ता नलिएका यस नगरपालिका क्षेत्रका मिति २०८० पुस मसान्तसम्म आवेदन गरेका सम्बन्धित बिरामीहरूको उपचार खर्चवापत रकम निकासा प्राप्त भएको हुँदा बैङ्क खातामा रकम जम्मा गर्न बैङ्क खाता नखोलिएका सेवाग्राहीहरूले तत्काल नेपाल बैङ्क लि., भक्तपुर शाखामा खाता खोली सोसम्बन्धी विवरण यस नगरपालिकाको लेखा शाखामा बुझाइदिनुहुन र बैङ्क खाता खोलेर विवरण उपलब्ध गराइसकेका सेवाग्राहीहरूले सम्बन्धित वडा कार्यालयबाट सिफारिस गराई बैङ्कमा गई औषधी उपचार खर्च बुझिलिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# भेटघाट

## अध्यक्ष बिजुक्छेँसँग चिनियाँ नेतृ हेयानको भेटघाट


नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग चिनिया कम्युनिस्ट पार्टीका विदेश विभागका उपमन्त्री सुन हेयान (Sun Haiyan) को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले माघ १२ गते भेट गर्‍यो ।



अध्यक्ष **बिजुक्छेँ**ले चिनियाँ प्रतिनिधिमण्डललाई स्वागत गर्नुहुँदै नेपाल-चीन सम्बन्ध प्राचीनकालदेखि घनिष्ठ रहेको र नेपालीलाई अप्ठ्यारो पर्दा चिनियाँ जनता र सरकारबाट सहयोग प्राप्त भएको उल्लेख गर्नुभयो ।

'संसारको ठाउँ ठाउँमा भइरहेको अशान्ति र युद्ध रोक्न चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव एवम् जनवादी गणतन्त्र चीनका राष्ट्रपति सि चिनफिङले गर्नुभएको प्रयास प्रशंसनीय छ । चीनको नयाँ वसन्त वर्षको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतालाई शुभकामना दिन चाहन्छु ।' अध्यक्ष बिजुक्छेँले उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले नेपाल मजदुर किसान पार्टी स्थापनाको



中共中央对外联络部
International Department of the Central Committee of the Communist Party of China

加德满都
尼泊尔农工党

尼泊尔农工党：

值此尼泊尔农工党成立50周年之际，中共中央对外联络部谨向贵党致以热烈祝贺。

中国和尼泊尔是友好邻邦。中方高度赞赏尼农工党长期以来坚持对华友好，在涉及中方核心利益和重大关切问题上给予坚定支持。愿保持和加强同尼农工党友好交流交往，推动中尼关系不断发展。相信在比久党切主席领导下，尼农工党在党的建设和推动地方发展上将取得更大成就。

中共中央对外联络部
2024年[illegible] 于北京

पेचिङ, २३ जनवरी, २०२४
केन्द्रीय समिति
नेपाल मजदुर किसान पार्टी ।

**बधाई सन्देश ।**

नेपाल मजदुर किसान पार्टी,

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा पार्टीका सबै साथीहरूलाई चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभाग हार्दिक बधाई ज्ञापन गर्दछ ।

चीन र नेपाल छिमेकी मित्र देश हुन् । नेपाल मजदुर किसान पार्टी धेरै अगाडिदेखि मैत्रीपूर्ण सम्बन्ध कायम गर्न लागिपरेको र चीनको प्रमुख चासो एवम् सम्बन्धहरूलाई समर्थन गरेकोमा चिनियाँ पक्ष उच्च प्रशंसा गर्दछ । चीन-नेपाल सम्बन्ध विकास गर्न चिनियाँ पक्ष नेपाल मजदुर किसान पार्टीसँग आपसी सम्बन्ध बलियो बनाउन चाहन्छ ।

हामी अध्यक्ष बिजुक्छेँजीको नेतृत्वमा नेपाल मजदुर किसान पार्टीले पार्टी निर्माण र जनताको सेवामा थप उपलब्धि हासिल गर्ने विश्वास गर्दछौं । धन्यवाद ।

अन्तर्राष्ट्रिय विभाग
केन्द्रीय समिति
चिनियाँ कम्युनिस्ट पार्टी

५० औँ वर्षको अवसरमा जिल्ला जिल्लामा कार्यकर्ताहरूले चीनको भूमि थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध गरी एक चीन नीतिको समर्थन गरेको उल्लेख गर्नुहुँदै कुनै पनि देशको आन्तरिक मामिलामा चीनको हस्तक्षेप नीति नभएको स्पष्ट पार्नुभयो ।



उपमन्त्री एवम् प्रतिनिधिमण्डलका नेतृ **हेयान**ले नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागले पठाएको बधाई सन्देश अध्यक्ष बिजुक्छेँलाई हस्तान्तरण गर्नुभयो ।

उपमन्त्री हेयानले आफू तेस्रो पटक नेपाल आएको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँको नेतृत्वमा नेपाल मजदुर किसान पार्टीले देश र जनताको इमानदारीपूर्वक सेवा गरिरहेको चर्चा गर्नुभयो ।

'चीनको भूमि थाइवानमा अमेरिकी हस्तक्षेपको नेपाल मजदुर किसान पार्टीले विरोध गरेको र एक चीन नीतिलाई समर्थन गरेकोमा चिनियाँ कम्युनिस्ट पार्टीको तर्फबाट धन्यवाद दिन चाहन्छु । चिनियाँ कम्युनिस्ट पार्टीका नेता महासचिव सिले मार्क्सवादी सिद्धान्तअनुसार चीनलाई अघि बढाउन सि विचारधारा प्रतिपादन गर्नुभएको हो । चीनले सबै जनतालाई धनी बनाउने समाजवादी विचारधाराअनुसारको आधुनिकीकरणलाई अगाडि बढाएको हो । पश्चिमी देशको आधुनिकीकरण धनी र गरिबबीचको दूरी बढाउने हो' – उपमन्त्री हेयानले स्पष्ट गर्नुभयो ।

हेयानले थप्नुभयो, 'पश्चिमी देशहरू वातावरणलाई विनाश गर्ने, युद्ध गर्ने र उपनिवेश बनाउने काम गरी धनी हुँदै छन् । चीनले त्यस्तो काम गर्दैन । चीनले वातावरण संरक्षण गर्दछ । चीनले मानव जातिको लागि दीर्घकालीन लक्ष्य 'एक क्षेत्र एक मार्ग अगुवाइ', 'विश्वव्यापी विकास अगुवाइ', 'विश्वव्यापी सुरक्षा अगुवाइ' र 'विश्वव्यापी सभ्यता अगुवाइ' लाई अघि बढाएको हो ।'

'महासचिव सिले चिनियाँ कम्युनिस्ट पार्टी बलियो



बनाउन ध्यान दिनुभएको छ; भ्रष्टाचारविरूद्ध पार्टीभित्र कडा अनुशासन कायम गर्नुभएको छ; सबै जातिलाई एकतामा गाँस्नुभएको छ । चिनियाँ विकासदेखि अमेरिकी साम्राज्यवाद चिन्तित छ । संसारमा चीनको नेपाल मजदुर किसान पार्टीजस्ता मित्रहरू धेरै छन् । यसकारण, चीनलाई चिन्ता छैन ।' उपमन्त्री हे यानले उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले उपमन्त्री हेयानलाई नेपाल मजदुर किसान पार्टीका प्रकाशन र काठको मयूर झ्याल उपहार प्रदान गर्नुभयो ।

उपमन्त्री हेयानले पनि चिनियाँ कम्युनिस्ट पार्टीका प्रकाशनहरू अध्यक्ष बिजुक्छेँलाई प्रदान गर्नुभयो ।

उक्त भेटवार्तामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल र केन्द्रीय सदस्यहरू सुनिल प्रजापति, सुरेन्द्रराज गोसाई, अनुराधा थापामगर र सृजना सायजूको उपस्थिति थियो ।



चिनियाँ प्रतिनिधिमण्डलका सदस्यहरू श्री छाङ चिउछिङ, सुश्री सरला, सुश्री वेन चुन, सुश्री चिन यानको पनि भेटवार्तामा उपस्थिति थियो ।

भेटवार्ताको भावानुवाद नेपालको तर्फबाट राजेन्द्र र चीनको तर्फबाट सरलाले गर्नुभएको थियो ।

यसअघि चिनियाँ प्रतिनिधिमण्डलले नेपाल मजदुर किसान पार्टीको प्रारम्भिक समिति र पार्टीका जनवर्गीय सङ्गठनका कार्यकर्ताहरूसँग भेटघाट गरेको थियो ।

उक्त अवसरमा नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले अमेरिकी साम्राज्यवादले चीनको भूमि थाइवानमा हस्तक्षेप गरी तथाकथित चुनाव गराएकोलाई विरोध एवम् भर्त्सना गर्नुभयो ।

अमेरिकी साम्राज्यवादले इजरायली फासीवादलाई हातहतियार पठाएर प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गरेकोलाई विरोध एवम् भर्त्सना गर्नुहुँदै सचिव सुवालले २५० वर्षयता अमेरिकी साम्राज्यवादले संसारका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेको उल्लेख गर्नुभयो ।

सचिव सुवालले कम्युनिस्ट दाबी गरी पुँजीवादी सरकारमा गएका नेपालका शासक दलहरूले कामदारवर्गको हितभन्दा शोषकवर्गको हितलाई प्राथमिकता दिएको उल्लेख गर्नुभयो ।

उपमन्त्री हेयानले नेपाल मजदुर किसान पार्टीका साथीहरूसँग भेटघाट गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

चिनियाँ प्रतिनिधिमण्डललाई भक्तपुरको लायकूमा सचिव सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, पार्टीका प्रदेश सांसदहरू सुरेन्द्रराज गोसाई र सृजना सायजू, केन्द्रीय सदस्य अनुराधा थापामगर, भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले स्वागत गर्नुभएको थियो ।

चिनियाँ प्रतिनिधिमण्डलले लायकू, टौमढी र ख्वप अस्पताल ब्रह्मायणीको अवलोकन गरेको थियो ।

## युनानको प्रतिनिधिमण्डल भक्तपुरमा



चीनको युनान प्रादेशिक कम्युनिष्ट पार्टीका उपसचिव शि युकाङको नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डलले सांस्कृतिक नगर भक्तपुरको पुस २१ गते अवलोकन भ्रमण गऱ्यो। भक्तपुर भ्रमणको क्रममा उक्त प्रतिनिधिमण्डललाई भक्तपुर दरबार क्षेत्रमा नेपाल मजदुर किसान पार्टी केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवाँले स्वागत गर्नु भएको थियो।

प्रतिनिधिमण्डलले २०७२ सालको भूकम्पबाट क्षति पुगेका भक्तपुरका सम्पदाहरूको पुन:निर्माण पश्चातको अवस्था, यहाँको कला, संस्कृति, जीवनशैलीबारे र पर्यटकीय व्यवस्थापनबारे विशेष चासो राखेका थिए।



प्रतिनिधिमण्डलले भक्तपुर नगरको लायकू, तौमढी, कुम्हाले टोल र दत्तात्रय क्षेत्रको साथै राष्ट्रिय कला सङ्ग्रहालयको अवलोकन गरेका थिए। अवलोकन भ्रमण पश्चात प्रतिनिधिमण्डल प्रमुख शि युकाङले भूकम्पबाट क्षति भएको सम्पूर्ण सम्पदाहरू पुन:निर्माण पछि भक्तपुर अझ सुन्दर हुने भन्दै छिटो पुन:निर्माणको शुभकामना व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाको तर्फबाट वडाध्यक्ष उकेश कवाँले मयूर झ्याल र भक्तपुर नगरपालिकाको प्रकाशनहरू उपहार प्रदान गर्दै भक्तपुर नगरपालिकाको गतिविधिहरूबारे बताउनु भएको थियो।

प्रतिनिधिमण्डलमा चीनको युनान प्रदेशबाट युनान प्रदेश कम्युनिष्ट पार्टी कार्यालयका उप-निर्देशक चाङ शिचीन, कृषि तथा दुर्गम सम्बन्ध कार्यालयका उप-निर्देशक ट्वान साओरन, संस्कृति तथा पर्यटन विभाग उप-निर्देशक साओ युन र युनान प्रदेश विदेश सम्बन्ध कार्यालयका उप-निर्देशकहरू वाङ वेइ र ली सिहाईको सहभागिता रहेको थियो।

# आयरल्याण्डका प्रतिनिधिमण्डललाई स्वागत





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आयरल्याण्डको संसद्को माथिल्लो सदन सिनेटका अध्यक्ष महामहिम जेरी बट्मरको नेतृत्वमा आउनुभएका ६ सदस्यीय प्रतिनिधिमण्डललाई पुस २६ गते भक्तपुरको दरबार क्षेत्रको प्रवेशद्वारमा स्वागत गर्नुभयो।

टोलीले भक्तपुर दरबार क्षेत्रस्थित पर्यटकीय र पुरातात्त्विक महत्त्वका सम्पदाहरूको अभिरुचिपूर्वक अवलोकन गर्नुभयो।

# संक्षेपमा

## छाना मर्मत कार्यको निरीक्षण





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा भक्तपुर नगरपालिका वडा नं. ६ भोलाछेँस्थित महाकाली द्यः छेँ छाना मर्मत कार्यको माघ १२ गते निरीक्षण गर्नुभयो । उक्त अवसरमा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालको पनि उपस्थिति थियो ।

## सैनिक महाविद्यालयको वार्षिकोत्सव



नेपाली सेनाका निमित्त बलाध्यक्ष रथी अशोकराज सिग्देलको प्रमुख आतिथ्यमा सम्पन्न सैनिक आवासीय महाविद्यालयको ४३ औं वार्षिकोत्सव समारोह पुस १९ गते भयो ।

## सम्यक महादान पर्वको अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १ गते संक्रान्तिको दिन भनपा वडा नं. १ थथुबही परिसरमा भएको सम्यक महादान पर्वको स्थलगत अवलोकन गर्नुभयो ।

## महाकाली द्यः छेँ छाना मर्मतमा जनश्रमदान

भक्तपुर नगरपालिका ६ नं. भोलाछेँ स्थित महाकाली द्यः छेँको छाना मर्मत कार्यमा माघ ११ गते जनश्रम गर्नुहुँदै स्थानीय वडावासीहरु । केही झलक –





# विविध समाचार

## का. स्तालिन र का. माओ त्सेतुङको जन्म दिवसको अवसरमा प्रवचन तथा मार्गनिर्देशन कार्यक्रम




विश्व सर्वहारा वर्गका महान् नेता का. स्तालिनको १४५ औँ र का. माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा भक्तपुर नगरपालिका कर्मचारी एशोसियसन र नेपाल कर्मचारी समाजको आयोजनामा प्रवचन तथा मार्गनिर्देशन कार्यक्रम पुस २० गते भयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले जनता, कर्मचारी र जनप्रतिनिधिहरूको एक मनको एकताले नमुना नगर बनाउन सफल भएको बताउनुभयो । उहाँले अग्रजहरूको मिहिनेत र अथक परिश्रमले भक्तपुर आजको स्थितिमा पुगेको हो भन्नुभयो । लेनिनवादी सिद्धान्त अनुसार जनताको सेवा गर्न निर्वाचनमा सहभागी भएको र नेमकिपाले निर्वाचनलाई जनताको चेतना स्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गरेको कुरा प्रमुख प्रजापतिले औँल्याउनु भयो । उहाँले आजको चीन निर्माणमा माओको महत्त्वपूर्ण योगदान रहेको बताउनुहुँदै 'उदारवादको विरोध गर' भन्ने माओको शिक्षाले मानिसलाई आलोचना र आत्मआलोचनाबाट असल, इमानदार र अनुशासित बनाउने बताउनुभयो ।

उहाँले नाटोमा सदस्य नहुने शर्तमा वार्सा संधि सङ्गठन विघटन गरेकोमा युक्रेनलाई नाटोमा सदस्य बनाउन अमेरिकाले रुस र युक्रेन बीच युद्ध गराइरहेको प्रकाश पार्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले समाजवादउन्मुख तरिकाबाट शिक्षा, स्वास्थ्य र रोजगारीमा जनताको सहभागितामूलक काम गरिरहेको बताउनुहुँदै समाज, देश र जनताको सेवा गर्नु नै राजनीति हो भन्नुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिका कर्मचारी एशोसियसनका अध्यक्ष गौतम प्रसाद लासिवाले मानिस राजनीतिक प्राणी भएकोले राजनीतिबाट कुनै कर्मचारी अलग नहुने बताउनुहुँदै ट्रेड युनियनवाद भन्दा जनता र देशको सेवा गर्ने कर्मचारीको रूपमा हामीले काम गर्नुपर्छ भन्नुभयो । उहाँले स्तालिन नभएको भए दोश्रो विश्व युद्धमा संसार साम्राज्यवादीहरूको हातमा जाने थियो र स्तालिनको नेतृत्वको रुसले विश्वलाई साम्राज्यवादबाट बचाएको थियो भन्नुहुँदै सन्तोष अध्ययनको शत्रु भन्ने माओको शिक्षा अनुसार कर्मचारीहरूले निरन्तर अध्ययनमा जोड दिनु पर्छ भन्नुभयो ।

कार्यक्रममा अर्थशास्त्र अध्ययन समाजका अध्यक्ष मुरज दिदियाले स्तालिनको जिवनी, दिलकृष्ण माकले सही विचार के हो ? माओको लेख, रामकृष्ण प्रजापतिले माओका व्यक्तित्वका आयामहरू, विद्यालक्ष्मी प्रजापतिले माओको जीवनीबारे बताउनु भयो भने विकास प्रजापति र राजेश दिस्तीले पनि स्तालिन र माओको विचारबारे बोल्नु भएको थियो ।

## जाजरकोट भूकम्पबाट पीडितहरूको अवस्थाबारे स्पष्ट हुनुपर्ने



नेपाल सरकार गृह मन्त्रालयको आयोजनामा स्वास्थ्य मन्त्री मोहनबहादुर बस्नेतको अध्यक्षता र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवीको आतिथ्यमा २६

औँ भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको बैठक गृह मन्त्रालयको सभाकक्षमा पौष २२ गते भयो।

कार्यक्रममा मन्त्री **बस्नेत**ले नेपालले हरेक वर्ष केही न केही प्राकृतिक विपत्ति व्यहोरिरहेको हुँदा नेपालको सुदूर पश्चिम क्षेत्र जाजरकोट र पश्चिम रुकुममा गएको भूकम्पको लागि ३ ओटै तहका सङ्घ, प्रदेश र स्थानीय तहहरूले सक्दो सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले विपद् जोखिमबाट बचाउन जनजेतनामूलक कार्यक्रमहरूको माध्यमबाट क्षति न्यूनीकरण गर्न सकिने र विपद् पश्चात उद्धार, राहत र पुन:निर्माणलाई तीव्रता दिन सम्बद्ध सबैको ध्यानाकर्षण गराउनुभयो।



कार्यक्रममा आफ्नो विचार राख्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भूकम्प सुरक्षा दिवसको नारालाई भन्दा कामलाई बढी जोड दिनुपर्ने बताउनुभयो। उहाँले हालै गएको जाजरकोट, पश्चिम रुकुम र अछाममा गएको भूकम्पमा भएको क्षति, रोकथाम र हालसम्म भएको प्रगतिबारे सबैलाई जानकारी दिनुपर्ने तथा २०७२ सालको भूकम्प पश्चात भएको पुन:निर्माणको प्रगति समीक्षा बैठकमा हुनुपर्ने बताउनुभयो। उहाँले सन् २००८ मा जनवादी गणतन्त्र चीनको सिचुआन प्रान्तमा गएको भूकम्पपश्चात ३ वर्षमा पुन:निर्माण कार्य सम्पन्न गरेको र सन् २०२३ मा टर्कीमा गएको भूकम्पमा कमजोर संरचनाका कारण संरचना भत्केको हुँदा ती कमजोर संरचना निर्माण गर्ने ठेकेदारहरूलाई कारबाही गरेको स्मरण गराउनुहुँदै नेपालको सन्दर्भमा भने सरकारले कुनै कारबाही नगरेको तथा पुन:निर्माणमा तदारुकता नदेखाएको बताउनुभयो।

प्रमुख प्रजापतिले भूकम्प सुरक्षा दिवसकै अवसर पारेर भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा यही माघ २ गते भूकम्प सम्बन्धी प्रदर्शनी र माघ ५ गते भूकम्प गोष्ठी हुने जानकारी दिनुभयो। त्यसलाई उक्त कार्यक्रममा समावेश गर्ने बैठकले निर्णय गऱ्यो।

बैठकमा चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरीले २६ औँ भूकम्प सुरक्षा दिवस मूल समारोह आयोजना गर्ने जिम्मेवारी प्रदान गरिएकोमा धन्यवाद व्यक्त गर्नुहुँदै सो कार्यक्रमलाई भव्य रूपमा सफलतापूर्वक सम्पन्न गर्न सम्बद्ध सबै पक्षको सहयोगको अपेक्षा गर्नुभयो।

बैठकले 'स्थानीय स्रोत र प्रविधिको समेत प्रयोग गरौँ, भूकम्प थेग्ने संरचना बनाऔँ' भन्ने मूल नाराका साथ २०८० माघ २ गते हुने २६ औँ भूकम्प सुरक्षा दिवस चन्द्रागिरी नगरपालिकाको आयोजनामा गर्ने निर्णय गरेको छ।

कार्यक्रममा उक्त कार्यक्रमलाई केन्द्रमा राखी पौष २६ देखि माघ १६ गतेसम्म हुने विभिन्न कार्यक्रमहरूलाई सफल बनाउन गृह मन्त्रालयका सचिव दिनेश भट्टराई, सहरी विकास मन्त्रालयका सचिव सरजु कुमार बैद्य, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, ३ ओटै सुरक्षा निकायका प्रमुखहरू, एनसेटका कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठ, नेपाल रेडक्रस सोसाईटीका अध्यक्ष प्रा. सुदर्शन नेपाललगायतले आ-आफ्ना विचार राख्नुभएको थियो।

## पुजारी मठ पुन:निर्माण कार्य माटो जोडाइबाट सम्पन्न गर्नुपर्नेमा जोड

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको विशेष आतिथ्यमा काठमाडौँ उपत्यका विश्व सम्पदा स्थलको संरक्षण एवम् व्यवस्थापनको लागि गठन गरिएको 'समन्वय कार्य समिति' (Coordinative Working Committee-CWC) को बैठक पुस २३ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।



उक्त समितिका संयोजक पुरातत्त्व विभाग, सम्पदा संरक्षण शाखाका प्रमुख रमेशराज पौडेलको संयोजकत्वमा बसेको उक्त बैठकमा युनेस्कोमा संरक्षणको अवस्थाको रिपोर्ट पठाउने र भक्तपुर दरबार क्षेत्रस्थित सिंहध्वाका दरबारको

संरक्षण सम्बन्धमा भएको प्रगतिबारे छलफल भयो।

बैठकमा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाको सम्पदा संरक्षण र पुन:निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको बताउनुहुँदै उपत्यकास्थित विश्व सम्पदामा सूचीकृत काठमाडौँ, भक्तपुर र ललितपुरको दरबार क्षेत्र, चाँगुनारायण, स्वयम्भूजस्ता सम्पदाहरू नेपालका सांस्कृतिक धरोहरहरूको रूपमा रहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ दत्तात्रयस्थित विश्वप्रसिद्ध मयूर झ्याल रहेको ऐतिहासिक पुजारी मठ पुन:निर्माणको क्रममा साबिकमा माटो जोडाइको भवन रहेकोले सोही अनुसार सम्पदाको मर्मबमोजिम माटो जोडाइबाट नै पुन:निर्माण गर्नुपर्नेमा चुना सुर्की प्रयोग गरी पुन:निर्माण गरिएको हुँदा हाल उक्त पुन:निर्माण कार्य रोकिएको बताउनुहुँदै उहाँले सम्पदाहरूलाई अपाङ्गमैत्री बनाउन छुट्टै नीति आवश्यक भएको बताउनुभयो।



उहाँले नेपाल सरकार संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र नगरपालिकाको संयुक्त बैठकले भक्तपुरको राष्ट्रिय कला सङ्ग्रहालय भएको भवन मल्लकालीन शैलीमा बनाउने निर्णय गरे पनि युनेस्कोको 'सहमति चाहिने' भन्दै हालसम्म त्यसको पुन:निर्माण कार्य अगाडि बढ्न नसकेको बताउनभयो।

पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्यले गठित समन्वय कार्य समितिको गठन भएको बताउनुभयो।

उहाँले चुना सुर्की र सिमेन्टबाट बनेका संरचनाहरू भन्दा माटो जोडाइका संरचनाहरू तुलनात्मक रूपमा बलियो रहेको बताउनुहुँदै सम्पदा संरक्षण र पुन:निर्माण कार्य प्राप्त प्रमाणको आधारमा मौलिक शैलीमा अगाडि बढाउन विभाग क्रियाशील रहेको बताउनुभयो।

त्यस्तै भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पुजारी मठको संरक्षण र पुन:निर्माण कार्य मौलिक स्वरूपअनुरूप माटो जोडाइबाट हुनुपर्ने, दरबार क्षेत्रस्थित राष्ट्रिय कला सङ्ग्रहालयमा राखिएको टेको व्यवस्थापन गर्नुपर्ने र भनपा ९ ब्रम्हायणी मन्दिर जीर्ण अवस्थामा रहेकोले पुन:निर्माण कार्य गर्नुपर्ने बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपा सम्पदा शाखाका शाखा प्रमुख **रामगोविन्द श्रेष्ठ**ले भक्तपुरका सम्पदाहरूको पुन:निर्माण र संरक्षणाको अवस्थाबारे प्रस्तुतिकरण देखाउनुभएको थियो।

बैठकमा समन्वय कार्य समितिका सदस्यहरू ललितपुर महानपा सम्पदा शाखा, चाँगुनारायण नपा, पशुपति क्षेत्र विकास कोष, हनुमानढोका दरबार हेरचाह अड्डा, स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय ललितपुर तथा स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुर, राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुर, बौद्धनाथ क्षेत्र विकास समिति, स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति, युनेस्कोको काठमाडौँ कार्यालय र पुरातत्त्व विभागका प्रतिनिधिहरूले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको जीर्णोद्धारका विषयहरूमा आफ्नो धारणा राख्नुभएको थियो।

## राष्ट्रियसभा सदस्यमा नेमकिपाको उम्मेदवारी दर्ता

नेपाल मजदुर किसान पार्टीलगायत विभिन्न राजनीतिक दलले राष्ट्रियसभा सदस्य निर्वाचनको लागि पुस २३ गते उम्मेदवारी दर्ता गरे।

नेमकिपाको तर्फबाट वाग्मती प्रदेशबाट राष्ट्रियसभा सदस्यहरूका लागि श्रीकृष्ण महर्जन, सङ्गीता नेपाली, कृष्णलक्ष्मी दुवाल र हिमालयश्वरलाल मूलले उम्मेदवारी दर्ता गराउनुभएको छ।

राष्ट्रियसभामा रिक्त हुन लागेका २० मध्ये १९ सदस्यका लागि माघ ११ गते मतदान हुनेछ।

निर्वाचन अधिकृतको कार्यालयले राष्ट्रियसभा सदस्य निर्वाचनमा मतदान गर्ने मतदाताको अन्तिम नामावली प्रकाशित गरेको थियो।

प्रकाशित नामावलीअनुसार सातओटै प्रदेशमा प्रदेशसभा सदस्यतर्फ कुल ५४९ र स्थानीयतर्फ एक हजार ४९८ जना मतदाता छन्।

राष्ट्रियसभाका २० सदस्यको फागुन २० मा कार्यकाल सकिँदै छ। त्यसमध्ये एकजना राष्ट्रपतिबाट मनोनीत सदस्यको पनि कार्यकाल सकिन लागेको छ।

# बाल विकास सेकेन्डरी स्कूलको वार्षिक भेटघाट कार्यक्रम




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुरको शिक्षा क्षेत्रमा गरेको लगानी देश र समाजको लागि उपलब्धीपूर्ण भएको बताउनुहुँदै भक्तपुरको शिक्षा मोडल अन्य स्थानीय तहका लागि अनुकरणीय र चर्चाको विषय भएको बताउनुभयो ।

बाल विकास सेकेन्डरी स्कूलको पुस २४ गते भएको वार्षिक भेटघाट कार्यक्रममा सम्बोधनका क्रममा उहाँले बाल विकास सेकेन्डरी स्कूलले विद्यार्थी र अभिभावकको मन जितेर गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउनुहुँदै विद्यालयमा कार्यरत शिक्षक शिक्षिका, कर्मचारी, आया दिदीहरूलाई पनि राजनैतिक र सामाजिक रूपमा प्रशिक्षित गर्नुपर्ने धारणा राख्नुभयो ।




कामदार वर्गलाई सेवासुविधा दिने विषयमा विद्यालय सजग हुनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष बिजुक्छेँले विद्यालय जीवनदेखि नै विश्व इतिहास र भूगोल राम्रोसँग अध्यापन गराउन सके ती विद्यार्थीहरू तुलनात्मक रूपमा अगाडि बढ्ने बताउनुभयो ।

सरकारले विश्व व्यापार सङ्गठनको सदस्यता लिएसँगै नेपालमा शिक्षा क्षेत्रमा व्यापारीकरण र निजीकरणको नीति अगाडि बढेको बताउनुहुँदै उहाँले सरकारले ख्वप विश्वविद्यालय सञ्चालनको अनुमति दिएको खण्डमा १५ लाखमै एमबीबीएस पढाउन सम्भव भएको बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूमा विद्यार्थीको अनुशासन र शैक्षिक गुणस्तरका कारण देशभरका विद्यार्थीहरूको शैक्षिक आकर्षणको केन्द्रको रूपमा विकास भइरहेको बताउनुहुँदै उहाँले विद्यालयहरूले तालिम, शिविर र अध्ययन गोष्ठीहरू औपचारिकताको लागि नभई समग्र विद्यार्थी र शिक्षकहरूको चेतनास्तर अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरका अग्रजहरूको दूरदर्शी सोच र चिन्तनले बाल विकास स्कुलले आजको प्रगति र सफलता हासिल गरेको बताउनुहुँदै बाल विकास स्कुलले शिक्षाको माध्यमबाट समाजमा सुधार ल्याउने र दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य क्रमशः पूरा हुने क्रममा रहेको बताउनुभयो ।

उहाँले २०४५ सालको भक्तपुर काण्डले विद्यालयको अस्तित्व नै सङ्कटग्रस्त अवस्थामा पुगेको स्मरण गर्नुहुँदै विद्यालयलाई आजको अवस्थामा ल्याइपुऱ्याउने सबैको स्मरण र सम्मान व्यक्त गर्नुभयो ।

प्रतिस्पर्धाको युगमा एक अर्कासँग प्रतिस्पर्धामा बाँच्न नसक्नेहरूको अस्तित्व क्रमशः घट्दै जाने बताउनुहुँदै उहाँले शिक्षामा निजीको बोलवाला रहेकै कारण शासक दलले शिक्षालाई सेवाभन्दा पनि उद्योगको रूपमा विकास गर्न खोजिरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति बाल विकास स्कुलका प्रिन्सिपल तथा वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले जनताका छोराछोरीलाई राम्रो वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले २०४४ सालबाट सुरु भएको बाल विकास स्कुलले धेरै दक्ष जनशक्ति उत्पादन गरिसकेको अवगत गराउनुभयो ।

सांसद गोसाईंले विद्यालय परिवारको एकमनको एकताले विद्यालय आजको अवस्थामा आइपुगेको बताउनुहुँदै उहाँले विद्यालयलाई सकारात्मक रूपमा मार्गनिर्देशन गर्ने अग्रजहरूको भूमिका स्मरणीय रहेको बताउनुभयो ।

शिक्षामा भक्तपुरलाई नमुना बनाउने अग्रजको सपना पूरा भएको बताउनुहुँदै उहाँले समाज परिवर्तन गर्ने उत्कट अभिलाषाका साथ बाल विकास स्कुल जनताको मन जितेर अगाडि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले शैक्षिक संस्थाहरू समाज र देशको भविष्य निर्माण गर्ने थलोको रूपमा रहेको बताउनुहुँदै बाल विकास शिक्षकहरूलाई पनि राजनैतिक रूपमा शिक्षित गर्ने दबुको रूपमा अगाडि बढिरहेको बताउनुभयो ।




कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**, इसानका अध्यक्ष **प्रेमजन थापा**, कोषाध्यक्ष **उकेश कवां**ले पनि बोल्नुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **मोहन प्रजापति**ले धन्यवादज्ञापन मन्तव्य,, विद्यालयका शिक्षिका **सीता प्रजापति**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने शिक्षिका **सुलोचना छ्वाजु**ले पनि बोल्नुभएको थियो। उक्त कार्यक्रममा शिक्षक **जयराम प्रजापति**ले बाल विकास स्कुलको शैक्षिक अवस्था, विद्यार्थी र शिक्षकहरूको तथ्याङ्क, विभिन्न गतिविधि र विद्यालयको भावी कार्यक्रमबारे प्रस्तुतिकरण देखाउनुभएको थियो।

## पुनः निर्माण कार्यमा स्थानीय सीपको उपयोग गरिने



भ्fीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लिको १६ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशन पुस २९ गते सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले सभाको उद्घाटन गर्नुहुँदै संस्थाबाट प्रकाशित 'भ्fीगु ख्वप' बुलेटिनको पहिलो अङ्क सार्वजनिकीकरण गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा हजारौं विद्यार्थीहरूले शिक्षा हासिल गर्ने अवसर प्राप्त भइरहेको उल्लेख गर्नुहुँदै ख्वप विश्वविद्यालय स्थापनाको कार्यलाई मूर्तरूप दिन नगरपालिका लागिपरेको बताउनुभयो।

विदेशीहरूले समेत भक्तपुर नगरपालिकाको गतिविधिलाई चासोको विषय बनाएको चर्चा गर्नुहुँदै उहाँले सुसंस्कृत समाजसहितको नयाँ पुस्ता तयार गर्न भनपा लागिपरेको छ भन्नुभयो। सिंहध्वाका दरबारलाई मौलिक स्वरूपमै पुनः निर्माण गर्ने कार्य गर्न लागिरहेको उल्लेख गर्नुहुँदै उहाँले स्थानीय सिकर्मी, डकर्मीको सीप, ज्ञान, क्षमताको प्रयोग भएको हो, त्यसरी नै पुनः निर्माण कार्यमा पनि स्थानीय सीपको उपयोग गर्ने विचार व्यक्त गर्नुभयो।

उहाँले सम्पदा र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने कार्यमा भ्fीगु ख्वप साकोसजस्ता थुप्रै सहकारी संस्थाहरूले पनि हातेमालो गर्न सकिने कुरा बताउनुभयो।

भनपा वडा नं ७ का वडाध्यक्ष **उकेश कवां**ले सहकारी बैङ्कले जस्तै काम गर्ने हो भने बैङ्क र सहकारीमा के भिन्नता रहन्छ भन्ने प्रश्न उठाउनुहुँदै हामीले समुदायमा आधारित सहकारीलाई प्राथमिकता दिने हो, बजारिया सहकारीले गर्दा सहकारीकै बदनाम भएको हुँदा समुदायमा आधारित सहकारीमा संलग्न हुन आग्रह गर्नुभयो।

उहाँले संस्थाद्वारा आयोजित सेल्फ मेकअप तालिम र भ्fोल तथा डल्ला साबुन बनाउने तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र र उपहार प्रदान गर्नुभएको थियो।

सभामा संस्थाका संस्थापक अध्यक्ष एवं आदर्श आजाद मा.वि./कलेजका प्राचार्य **श्रीकृष्ण किसी**ले संस्थामा सम्मानित स्नातकोतर तह, एमडीलगायत विषयमा थुप्रै शेयर सदस्यहरूलाई सम्मानित गरिरहँदा संस्थाले यस्ता बौद्धिक सदस्यहरूलाई पनि ध्यान दिएर कार्यक्रम बनाइनु पर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिका सचिव **जगन्नाथ प्रजापति,** सिद्धि गणेश साकोस अध्यक्ष **रुद्रनारायण लाखा**ले साधारणसभाको सफलताको गर्नुभयो।

कार्यक्रममा संस्थाका सचिव हरिकृष्ण दनेगुलु, कोषाध्यक्ष भुवन गोसाई, लेखा सुपेरिवेक्षण समितिका संयोजक रत्नवीर किसी आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुभयो।

संस्थाका अध्यक्ष बलराम गोसाईको सभापतित्वमा भएको कार्यक्रममा निर्वाचन प्रकृयाअनुसार निर्वाचन समितिका संयोजक उकेश कवांले नारायणप्रसाद कवांको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति र अनिता सिंख्वालको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो।

## कर्मचारी समाजद्वारा स्तालिन र माओ जन्मजयन्ती




'स्तालिन व्यक्ति होइन मार्क्सवाद र लेनिनवाद हो ।'

उक्त भनाइ नेमकिपाका केन्द्रीय सदस्य **रबिन्द्र ज्याखव**ले नेपाल कर्मचारी समाज भनपा ९ समितिको आयोजनामा १४५ औँ स्तालिन र १३० औँ माओ जन्मजयन्तीको अवसरमा पुस २५ गते भएको कर्मचारी भेलामा बताउनु भएको हो ।

उहाँले मार्क्सवाद र लेनिनवाद सर्वभौम सिद्धान्त भएको बताउनुहुँदै मार्क्सवादका महत्त्वपूर्ण कुरा भनेको ऐतिहासिक व्दन्दात्मक भौतिकवादमा मानव विकास क्रमको इतिहास वर्गसङ्घर्ष भएको, अर्थशास्त्रमा अतिरिक्त मूल्य वा नाफा श्रमिकको शोषण र दर्शन भनेको वर्गसङ्घर्ष भएको बताउनुभयो । उहाँले मार्क्सले हार्नको निम्ति हातमा बाँधेको सिक्री बाहेक जित्नको लागि संसार छ भन्नु भएको वर्ग सङ्घर्षको सार हो भन्नुभयो । उहाँले उपनिवेश चीनमा मार्क्सवाद र लेनिनवादलाई चिनियाँ परिस्थिति अनुसार लागु गरेको माओ विचारधारा भएको बताउनुभयो ।

कार्यक्रममा कानुन अध्ययन समाज नेपालका **रामप्रसाद प्रजापति**ले पूँजीवादी सरकार आफ्नो सत्ता टिकाउन र जनतालाई दबाउन कानुन बनाउँछ भने समाजवादीहरू जनताको सेवा गर्न र जनतालाई सजिलो पार्न कानुन बनाउँछ भन्नुभयो । उहाँले साईबर क्राइम, चेक बाउन्स, लेनदेन मुद्दा, विद्युतीय अपराध नियन्त्रण कानुन, बैङ्किङ कसुर बारे प्रशिक्षण दिनुभयो ।

नेपाल कर्मचारी समाज भनपा ९ समितिका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापत्विमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष विकास प्रजापति र सचिव हरिकृष्ण दुवालले पनि बोल्नुभएको थियो ।

## लोकेश्वर साकोसमा अन्तर सहकारी ब्याडमिन्टन प्रतियोगिता सम्पन्न



भक्तपुर नगरपालिकाको युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीको प्रमुख आतिथ्यमा लोकेश्वर बचत तथा ऋण सहकारी संस्थाको १९औँ स्थापना दिवसको अवसरमा अन्तर सहकारी छात्रा एकल १९ वर्षमुनी ब्याडमिन्टन प्रतियोगिता २०८० को समापन एवम् पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि **खत्री**ले संस्थाबाट निरन्तर खेलकुदका गतिविधिहरू गर्दै आएको अत्यन्तै सराहनीय रहेको कुरा बताउनुहुँदै यसलाई निरन्तर गर्दै लैजानुपर्ने कुरा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाबाट खेलकुद क्षेत्रमा गर्दै आएको विभिन्न गतिविधिहरू सम्बन्धी जानकारी गर्नुहुँदै माघ महिनामा अन्तर विद्यालय भनपा नगर स्तरीय खेलकुद प्रतियोगिता हुने जानकारी दिनुभयो ।

भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घका राजेन्द्र प्रजापतिले भक्तपुरमा खेलकुद क्षेत्रमा भइरहेको प्रगतिलाई चर्चा गर्दै यसलाई अझै राम्रो गर्नका लागि विभिन्न भौतिक पूर्वाधारहरूको व्यवस्थापन गर्नुपर्ने कुरा राख्नुभयो ।

संस्थाका अध्यक्ष **राजन जति**ले सहकारीले सदस्यहरूलाई हरेक वर्ष खेलकुदसँग सम्बन्धी विभिन्न गतिविधिहरू गर्दै आएको जानकारी दिनुभयो ।

युवा तथा अतिरिक्त क्रियाकलाप उपसमितिका संयोजक **राजु छुकां**को सभापतित्वमा भएको कार्यक्रममा खेलको फाइनल खेलमा लोकेश्वर साकोसका प्रीति देशेमरुले लोकेश्वर साकोस कै रुषा जतिलाई २-० सेटले पराजित गर्दै विजेता हुन सफल भएको छ ।

## वागीश्वरी परिवारको भेटघाट कार्यक्रम

# राजनीतिक नेतृत्वको प्रतिवद्धताकै कारण शैक्षिक गन्तव्य बन्न सफल




वागीश्वरी मावि, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानाजमेन्टको संयुक्त आयोजनामा माघ ६ गते धुलिखेल लज एण्ड रिसोर्टमा वागीश्वरी पारिवारको वार्षिक भेटघाट कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले नेपाल मजदुर किसान पार्टीको राजनीतिक प्रतिबद्धताकै कारण भक्तपुर शैक्षिक गन्तव्य बन्न सफल भएको बताउनुभयो। उहाँले वैदेशिक रोजगारीका लागि भन्दा देश र जनताको निःस्वार्थ सेवा गर्ने योग्य र सक्षम नागरिक तयार गर्न शिक्षक लागिपर्नुपर्ने बताउनुभयो। उहाँले कक्षाकोठामा शैक्षिक सामग्री लिएर मात्र छिर्नुपर्ने बताउनुहुँदै हरेक शिक्षकले नयाँ पुस्तालाई राजनीतिक चेतना दिँदै समाज र देशका लागि क्षमतावान बनाउन अनुसन्धानात्मक कार्यमा तीव्रता दिनुपर्ने स्पष्ट पार्नुभयो।

विशेष अतिथि एवम् वाग्मती प्रदेश सभाका सदस्य **सुरेन्द्रराज गोसाईं**ले देशमा मौलिक परिवर्तनका लागि समाजवाद हुँदै साम्यवादसम्म पुग्ने दूरदर्शिता र अठोट नेमकिपासँग रहेको स्पष्ट पार्नुभयो। उहाँले नेमकिपाको ५०औँ स्थापना दिवसको सन्दर्भ मा भारतीय एकाधिकार पूँजी र भारतीय विस्तारवादी नीति मुख्य दुश्मनको रूपमा लिई रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन भएको र धार्मिक र जातीय द्वन्द्वका कारण पाकिस्तान टुक्रा गर्न नहुने स्पष्ट अडानबाट नेपालको कम्युनिष्ट पार्टीका खोटा विचारको खण्डन गर्दै नेमकिपाको जन्म भएको औँल्याउनुभयो। उहाँले युक्रेन र रुसको युद्ध, इजरायल र पालेस्टाइनको युद्धलगायतका हरेक देशमा हतियारको व्यापार गरी युद्ध गराउने उक्साउने अमेरिकाले नेपाललाई समेत आफू अनुकूल प्रयोग गरिरहेकोमा खेद व्यक्त गर्नुभयो।

कार्यक्रमका सभापति तथा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सङ्ख्यात्मक रूपमा पार्टी सानो भएपनि विचार र सिद्धान्तमा आफ्नो अडानलाई कायम गर्न सफल नेपाल मजदुर किसान पार्टीको मार्गलाई अवलम्बन गरिरहेकै कारण वागीश्वरी देशकै उत्कृष्ट सामुदायिक विद्यालय र कलेज बन्न सफल भएको स्पष्ट पार्नुभयो। उहाँले कलेजमा क्यूएए प्रमाणपत्र प्राप्त गर्न शिक्षक कर्मचारी लागिरहेको स्पष्ट पार्दै यदि क्यूएए प्राप्त भए भक्तपुरमै पहिलो कलेज वागीश्वरी बन्ने बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले शिक्षा र स्वास्थ्यसँगै जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारयुक्त समाजवादी व्यवस्थाका कार्यमा घोषणापत्र बमोजिम भक्तपुर नगरपालिकाले कार्य गरिरहेको बताउनुभयो। उहाँले सांस्कृतिक गतिविधिकै कारण भक्तपुर जीवन्त सङ्ग्रहालय बन्न सफल भएको बताउनुहुँदै मौलिकतामा आधारित वास्तुकला र सम्पदाका बारेमा नयाँ पुस्तालाई बुझाउँदै जानुपर्ने स्पष्ट पार्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् ९ वडाअध्यक्ष **रबिन्द्र ज्याख्व**ले योग्य, देश र जनताप्रति समर्पित नागरिक तयार गर्न नेमकिपाको दिशानिर्देशले काम गरेकै कारण वागीश्वरी अगाडि बढेको स्पष्ट पार्नुहुँदै वागीश्वरीको शैक्षिक स्तरलाई उकास्न स्थानीय अग्रजको पनि महत्त्वपूर्ण योगदान रहेकोमा सम्मान व्यक्त गर्नुभयो।




प्रमुख अतिथि सुवालबाट वागीश्वरी कलेजको जर्नल, भोलुम ३ को विमोचन भएको उक्त कार्यक्रममा वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छा र सहायक प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो।

# वीरका बिरामीको खाना र अक्सिजनको बजेट कटौती नगर्न सर्वोच्चको आदेश

सर्वोच्च अदालतले स्वास्थ्य मन्त्रालयबाट वीर

अस्पताललाई प्रदान गर्दै आइरहेको बिरामीको खाना र अक्सिजनको बजेट कटौती नगर्न अन्तरिम आदेश माघ ५ गते जारी गरेको छ।

न्यायाधीशद्वय हरि फुँयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नाममा आदेश जारी गरेको हो।

सर्वोच्चले रिटको सुनुवाइ गर्दै स्वास्थ्य जनताको संवेदनशील विषय भएको हुनाले बजेट नरोक्न आदेश जारी गरेको छ। अधिवक्ता विमल पोखरेलले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र वीर अस्पतालविरुद्ध रिट हालेका थिए।

स्वास्थ्य मन्त्रालयले चालू आर्थिक वर्ष ०८०/८१ मा वीर अस्पतालमा भर्ना भएका बिरामीले १३३ वर्षदेखि पाइरहेको खाना-खाजा सुविधा मात्रै होइन, अत्यावश्यक अक्सिजनसमेत खोस्ने गरी बजेट कटौती गरेको थियो।

## वागीश्वरीमा क्युएएको लागि अनुगमन




वागीश्वरी कलेज, भक्तपुरको गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन (QAA)को लागि विश्वविद्यालय अनुदान आयोगको समकक्षी परीक्षण टोली (PRT) ले माघ ७, ८, ९ र १० गते लगातार गरेको कलेजको अनुगमन सम्पन्न भएको छ।

समापन कार्यक्रममा टोलीका संयोजक प्रा.डा. **प्रेमराज पन्त**ले वागीश्वरीलाई नजिकबाट नियालिरहेको बताउनुहुँदै पछिल्ला २ वर्षमा कलेजले सबैको साझा प्रयासबाट फड्को मारेको विचार व्यक्त गर्नुभयो।

गुणस्तरको सुनिश्चितता एकचोटिको प्रयासले मात्र नहुने भन्नुहुँदै उहाँले 'गुणस्तर एउटा निरन्तरको प्रक्रिया हो; सेवाग्राही विद्यार्थी र समुदायलाई सन्तुष्ट पार्दै चरित्रवान जनशक्ति उत्पादन गरी त्यसले समाजलाई पुऱ्याउने योगदान नै कलेजको वास्तविक गुणस्तर हो' भन्नुभयो।

कमी कमजोरी नभएको कुनै संस्था हुँदैन यद्यपि संस्थालाई थप राम्रो बनाउन हामी सुझाव दिने गर्छौं भन्नुहुँदै उहाँले आगामी दिन समयतालिका बनाई योजनाबद्ध ढङ्गले कार्य गर्न सुझाव दिनुभयो।

कलेज व्यवस्थापन समितिले छुट्याएको अनुसन्धानको बजेट सदुपयोग गर्न विशेष जोड दिनुहुँदै उहाँले अनुसन्धानबिना कलेजको महत्त्व नहुनेमा प्रकाश पार्नुभयो।




कार्यक्रमका सभापति कलेज व्यवस्थापन समितिको अध्यक्ष **सुनिल प्रजापति**ले टिमले दिएका सुझावहरू दिइएको समयावधिभित्रै इमानपूर्वक पूरा गर्ने प्रतिबद्धता जनाउनुहुँदै अनुगमन गरी शैक्षिक सुधारको लागि आवश्यक सुझाव दिनुभएकोमा टिमप्रति हार्दिक आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा टिमका सदस्य प्रा.डा. **रेजिना मास्के**ले वागीश्वरी कलेजको सबैभन्दा सबल पक्ष शिक्षक, विद्यार्थी र समुदाय सबैले अपनत्व ग्रहण गर्नु हो भने छात्राहरूको सक्रियता अत्यन्त प्रशंसा योग्य पक्ष हो भन्नुभयो।

कार्यक्रममा टिमका सदस्य नवीना चौलागाई, कलेजका प्राचार्य धनकुमार श्रेष्ठ र कलेजको स्वअध्ययन टोलीका संयोजक विनोद प्रजापतिले पनि बोल्नुभएको थियो।

## "सम्पदा जोगाउन सरकार नै लाग्नुपर्छ"

– सौभाग्य प्रधानाङ्ग,
महानिर्देशक, पुरातत्व विभाग



मुलुकका विभिन्न गुम्बाबाट मूर्ति चोरी हुने समस्या बढ्दो छ । यो अहिलेको मात्र समस्या होइन । धेरै अगाडिदेखि नै मूर्तिचोरी भइरहेका छन् । पछिल्लो समय पुरातात्त्विक वस्तुहरू चोरीसम्बन्धी ऐन, नियम छन् । पुरातात्त्विक महत्त्वका वस्तुहरू देशबाहिर लैजान नपाउने कानुनी व्यवस्था छ ।

मुलुकभित्र पनि एक ठाउँबाट अर्को ठाउमाँ लैजाँदा पुरातात्त्विक विभागको अनुमति लिनुपर्ने हुन्छ । विदेश लैजाँदा पनि नेपाल सरकारले अनुमति दिनुपर्छ । तर, अनुमति नलिई लैजाने क्रम बढ्दो छ । जनचेतनाको कमीका कारण पनि यस्ता पुरातात्त्विक वस्तुहरू चोरी भइरहेका छन् ।

पुरातात्त्विक वस्तुहरू चोरीसम्बन्धी २ सय जति निवेदन विभागमा परेका छन् । त्यसको कार्यान्वयन पनि भइरहेको छ । उपल्लो डोल्पाबाट चोरेर विदेशमा बेचिएका कतिपय मूर्ति फर्काएका छौँ । कतिपय फर्काउने तयारी भइरहेको छ । मुलुकका मूर्तिलगायत बहुमूल्य पुरातात्त्विक वस्तुहरू देशबाहिर कहाँ, के-कति छन् भनेर अध्ययन र खोजी भइरहेको छ । यो क्षेत्रमा काम गरिरहेका स्वदेशी तथा विदेशी संस्थासँग समन्वय पनि गरिरहेका छौँ । प्राचीन सम्पदा राख्न खोज्नेहरूले जति पनि पैसा तिरेर यस्ता वस्तु किन्ने गर्छन् ।

तस्करको गिरोह पनि सक्रिय छ । यस्तो गिरोहको प्रलोभनमा परेर पनि यस्ता सम्पदाहरू चोरी भइरहेका छन् । चोरी निकासी रोक्न पुरातत्त्व विभागले बेला-बेलामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । सुरक्षा निकायसँग पनि समन्वय भइरहेको छ ।

प्राचीन वस्तुहरू बाहिर जान नदिने र गइसकेका मूर्तिहरू कसरी ल्याउन सकिन्छ भन्नेतिर हामी लागेका छौँ । मूर्तिलाई स्वदेशमा ल्याउन प्रमाण पनि खोजिरहेका छौँ । यसका लागि पुरातत्त्व विभाग र विदेशस्थित राजदूतावास मात्र लागेर हुँदैन । यस्ता सम्पदालाई जोगाउन नेपाल सरकार नै लाग्नुपर्ने देखिन्छ ।

(अन्नपूर्णपोस्ट, २०८० पुस २५)

## वाग्मती कार्ययोजनाको मस्यौदामा अन्तरक्रिया




नेपाल मजदुर किसान पार्टीका सङ्घीय सांसद **प्रेम सुवाल**ले विकास भनेको बस्ती बढाउने मात्र नभई पर्यावरणीय संरक्षण मुख्य भएको बताउनुभयो ।

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति वाग्मती सुधार आयोजनाले माघ १५ गते काठमाडौँमा आयोजना गरेको बीस वर्षे वाग्मती कार्ययोजना (२०८०–२१००) को मस्यौदामा सरोकारवालाहरूसँगको अन्तरक्रियामा उहाँले वातावरण र विकास एक अर्काका परिपूरक भएको हुँदा वातावरणीय विषयहरूलाई पनि विकासको मूलप्रवाहमा समावेश गर्नुपर्ने आजको आवश्यकता रहेको बताउनुभयो ।

काठमाडौँ उपत्यका विकास प्राधिकरणबाट उपत्यकाको सभ्यता नाश गर्ने काम भइरहेको बताउनुहुँदै उहाँले प्राधिकरणले जथाभावी गरिरहेको निजी प्लटिङले उपत्यकालाई झन् कुरूप बनाउँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले नयाँ बस्ती विकास गर्दा आवास योजनासँगै ढल निकास र फोहोर व्यवस्थापनलाई पनि सँगसँगै अगाडि लानुपर्नेमा जोड दिनुहुँदै स्थानीय तहले मात्र त्यहाँको आवश्यकताअनुसार व्यवस्थित आवास योजना सञ्चालन गर्न सक्ने धारणा राख्नुभयो ।

उपत्यकामा प्रदूषणका कारण नसर्ने रोगको जोखिम दिनानुदिन बढ्दै गएकोतर्फ सचेत पार्नुहुँदै सांसद सुवालले नयाँ गाउँपालिका र नगरपालिकाहरूलाई व्यवस्थित सहरको रूपमा विकास गर्न सके सिङ्गो देश नै छिटो विकास हुने बताउनुभयो ।

सहरी विकास मन्त्री सीता गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सङ्घीय सांसद दिपकबहादुर सिंह, सङ्घीय सांसद गणेशबहादुर पराजुली, मा. चन्दा कार्की, ललितपुर महानपाका प्रमुख चिरिबाबु महर्जन, मा. प्रेमबहादुर महर्जनलगायतले बोल्नुभएको थियो ।

आयोजनाका निर्देशक **चक्रवर्ती कंठ**ले २० वर्षे कार्ययोजनाका लागि २ खर्ब ७९ अर्ब ६० करोड ५० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको जानकारी दिनुभयो । आयोजना पाँच पाँच वर्ष गरी चारओटा अवधि (छोटो, पहिलो मध्यावधि, दोस्रो मध्यावधि र दीर्घकालीन) मा पूरा गर्ने लक्ष्य राखिएको कंठले बताए ।

नेपाल सरकारका पूर्व सचिव **किशोर थापा**ले पशुपतिको आर्यघाट यता पानी सफा बनाउन नसकेको उल्लेख गर्नुहुँदै यो कार्ययोजनाको अवधि १० वर्षको बनाउन सकिने बताउनुभयो ।

परामर्शदाताविज्ञ **निरोज तिमिल्सिना**ले पानीको मात्रा र गुणस्तर बढाउन यो आयोजना अति आवश्यक रहेको उल्लेख गर्नुहुँदै १६ ओटा स्थानीय तह पूर्ण रूपमा र ४ ओटा

स्थानीय तहका आंशिक ठाउँ योजना आयोजनामा पर्ने बताउनुभयो। अर्का परामर्शदाता **सुनिल सैंजु**ले उपत्यकामा जनघनत्व बढेको र रिङरोडभन्दा बाहिर जनसङ्ख्याको चाप उच्च रूपमा बढ्दै गएको बेला पानीको रिचार्जको लागि यो कार्ययोजना अति आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा मन्त्रालयका सचिव **सरजुकुमार वैद्य**ले २० वर्षे कार्ययोजना प्रस्ताव गर्नु भएको थियो।

कार्यक्रममा सहरी विकास मन्त्रालयका **पदमकुमार मैनाली**ले अन्तरक्रियाका मुख्य उपलब्धी प्रस्तुत गर्नुभएको थियो भने पूर्वाधार विकास समितिका सभापति **दिपकबहादुर सिंह** र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. **मीनबहादुर श्रेष्ठ**ले सरकारले तोकेको ठाउँमा मात्र बस्ती विकास गर्नुपर्ने र उपत्यकाका नदीनालाहरूलाई सफा गर्ने विषयमा विदेशी प्रविधि अवलम्बन गर्न सकिने बताउनुभयो।

कार्यक्रममा एडीबीका नेपाल प्रतिनिधि **आर्नोड कुस्वा**ले वाग्मतीको सौन्दर्यकरणमा एडीबीले सहयोग गर्दै आएको बताउनुभयो।

सरोकारवालाहरूलाई प्रस्तावको मस्यौदामाथि सुझाव दिन माघ २० गतेसम्मको समय तोकेको छ।

## शिक्षाको बलियो जगले समाज रूपान्तरणमा सकारात्मक भूमिका खेल्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षाको बलियो जगले समाज रूपान्तरणमा सकारात्मक भूमिका खेल्ने बताउनुभयो।

पारागण एकेडेमीको माघ १६ गते आयोजित २१ औँ वार्षिक पुरस्कार वितरण समारोह, अभिभावक दिवस र सांस्कृतिक कार्यक्रममा उहाँले समाजलाई सभ्य र सुसंस्कृत बनाउन शैक्षिक संस्थाहरू अगाडि बढ्नुपर्छ भन्नुभयो।

भक्तपुर नपाले शिक्षालाई जोड दिँदै विद्यालय केन्द्रित प्रतियोगिता सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरको शिक्षा विकासमा सामुदायिक र निजी विद्यालयहरूको उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र र शैक्षिक गन्तव्यस्थलको रूपमा विकास गर्ने भक्तपुर नपाको लक्ष्य विस्तारै मूर्त रूप लिँदै गएको बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई सैद्धान्तिक र व्यवहारिक ज्ञान सँगसँगै दिनु आवश्यक भएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले भक्तपुर नपाले शैक्षिक क्षेत्रका गतिविधिमाथि प्रकाश पार्नुहुँदै विद्यार्थीहरूलाई दिशानिर्देश गर्ने कार्यमा अभिभावक र शिक्षकहरू संवेदनशील भएर लाग्नुपर्ने धारणा राख्नुभयो।

विद्यालयका प्रअ **पुन्यराम कवां**ले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै पारागण एकेडेमी नाफाभन्दा सेवालाई प्राथमिकता दिन समाजसेवीहरूको समूहबाट सञ्चालित विद्यालय भएको बताउनुभयो।

उक्त कार्यक्रममा इसान भक्तपुरका अध्यक्ष कृष्णाराम त्वानाबासु, आदर्श आजाद माविका प्रअ श्रीकृष्ण किसी, सानु अमात्य, अभिभावक प्रतिनिधि सुरेश नकर्मी, पूर्वविद्यार्थी जस्मिन गोरा, शिक्षक राजेन्द्र फाँजु र विद्यार्थी एन्जेल खड्काले पनि बोल्नुभएको थियो।

वार्षिकोत्सव अवसरमा उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो।

## दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय अदालतमा इजरायलविरुद्ध मुद्दा



दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय अदालतमा पेस गरेको निवेदनमा उल्लेख भएअनुसार संसारको सबैभन्दा बढी जनघनत्व भएकामध्ये एक सहर, गाजामा प्रतिसाता ६ हजार बम खसिरहेका छन्, जसले भूमध्य सागरको किनारमा अवस्थित यो चुच्चे सहरको रङ र रूपरेखा पूरै बदलिदिएको छ। २१ हजारभन्दा बढी प्यालेस्टाइनीले ज्यान गुमाएका छन्, ५५

हजारभन्दा बढी घाइते छन् । यीमध्ये बालबालिका र महिलाको सङ्ख्या ज्यादै धेरै छ । र, यो सङ्ख्या दिनानुदिन बढिरहेको छ । प्यालेस्टाइनका बासिन्दाले खेपिरहेको यो ज्यादतीमा सिङ्गो विश्व चुपचाप हेरिरहेको छ, संयुक्त राष्ट्र सङ्घ




दक्षिण अफ्रिकाको तर्फबाट अन्तर्राष्ट्रिय कानुनका प्रोफेसर जोन डुगार्ड, वकील टेम्बेका एनजीकुकेतोबी र वकील आदिला हाशिम।

प्यारालाइज्ड छ र इजरायल खुलेआम प्यालेस्टाइनी आँगनमा बम खसालिरहेको छ ।

दक्षिण अफ्रिकाले अदालतमा आफूले पेस गरेका प्रमाणले इजरायलले आफ्नो राज्य संयन्त्र, राज्यका प्रतिनिधि र अन्य व्यक्ति वा संस्थामार्फत प्यालेस्टाइनी नागरिकको नरसंहार गर्ने नियत राखी आक्रमण गरिरहेको पुष्टि हुने दाबीसहितको निवेदन २९ डिसेम्बर २०२३ मा पेस गरेको थियो ।

दक्षिण अफ्रिकाले आफ्नो निवेदनमा (१) इजरायलले गाजा क्षेत्रमा गरिरहेका सम्पूर्ण सैन्य कारबाही बन्द गर्नुपर्ने, (२) गाजा क्षेत्रमा भइरहेको जातिहत्याको रोकथामका लागि मनासिब उपायहरू लगाउनुपर्ने, (३) १९४८ को महासन्धिअन्तर्गतका अपराध गर्न बन्द गर्नू भनी आदेश दिनुपर्ने माग अदालतसमक्ष राखेको छ ।

पछिल्लो समाचारअनुसार इजरायलको जातीय नरसंहार गने आक्रमणको क्रममा प्यालेस्टाइनमा ज्यान गुमाउनेको सङ्ख्या बढेर २५ हजार नाघेको छ र ६२ हजारभन्दा बढी घाइते भइसकेका छन् भने गाजाभित्र आन्तरिक विस्थापित व्यक्तिको सङ्ख्या १७ लाख पुगेको जनाएको छ ।

## अन्तर्राष्ट्रिय अदालतले इजरायललाई गाजामा नरसंहार रोक्न आदेश दियो

द हेग, २६ जनवरी (अलजजिरा) । संयुक्त राष्ट्रसङ्घको सर्वोच्च अदालतले इजरायली शासनलाई गाजामा नरसंहार रोक्न आफ्नो शक्तिभित्रका सबै उपायहरू गर्न आदेश दिएको छ ।

गाजापट्टीमा इजरायलको युद्धमा भएको नरसंहारको मुद्दामा दक्षिण अफ्रिकाले अनुरोध गरेको आपत्कालीन उपायहरूको बारेमा अन्तर्राष्ट्रिय अदालतले माघ १२ गते आफ्नो अन्तरिम फैसला सुनाएको हो ।

अदालतले इजरायलले आफ्ना सेनाहरूद्वारा नरसंहार गर्न नदिन र कथित नरसंहारको प्रमाणको संरक्षण सुनिश्चित गर्नुपर्दछ भन्यो ।

प्यालेस्टिनीहरू नरसंहार महासन्धिअन्तर्गत संरक्षित समूह भएको देखिन्छ, अदालतले भन्यो ।

आईसीजेको निर्णयले मुद्दाको मूल आरोपसँग सम्झौता गरेन – नरसंहार भयो – तर दक्षिण अफ्रिकाले खोजेको तत्काल हस्तक्षेपमा केन्द्रित थियो ।

अदालतले भन्यो, अरू कुराहरूमध्ये इजरायलले गाजामा नरसंहारको कार्यहरू रोक्नको लागि कदम चाल्नुपर्छ तर युद्धविरामको आदेश भने दिन सकेन ।

न्यायाधीशहरूले नरसंहार आरोपहरूको योग्यतामा फैसला गरेका छैनन्, जसलाई निर्णय गर्न वर्षौं लाग्नसक्छ ।

गाजाका अधिकारीहरूका अनुसार अक्टोबर ७ देखि इजरायलको सैन्य अभियानले कम्तीमा २६,०८३ जना प्यालेस्टिनीहरूलाई मारेको छ र ६४,४८७ अन्य घाइते भएका छन् । भग्नावशेषमुनि अझै हजारौं बेपत्ता छन्, जसमध्ये अधिकांशको मृत्यु भएको अनुमान गरिएको छ ।

## आदेश र प्रतिक्रिया

अन्तर्राष्ट्रिय अदालत (इन्टरनेसनल कोर्ट अफ जस्टिस, आइसिजे) ले इजरायललाई ६ ओटा आपत्कालीन उपाय अविलम्ब अपनाउन अन्तरिम आदेश दिएको छ :

- इजरायली सरकार र सेनालाई नरसंहार महासन्धिको उल्लङ्घन गर्ने कुनै पनि कार्यबाट अलग रहन,
- नरसंहारका लागि कुनै उक्साहटलाई रोक्न र दण्डित गर्न,
- गाजापट्टीमा प्यालेस्टाइनीहरूले सामना गरिरहेको जीवनको प्रतिकूल परिस्थितिलाई सम्बोधन गर्न,
- तत्काल आवश्यक आधारभूत सेवा र मानवीय सहायताको प्रावधान सुनिश्चित गर्न,
- मुद्दासँग सम्बन्धित प्रमाणको विनाश रोक्न, र
- एक महिनाभित्र अनुपालन प्रतिवेदन पेस गर्न भनिएको छ ।

**दक्षिण अफ्रिका**ले निर्णयलाई 'अन्तर्राष्ट्रिय कानुनी शासनको निर्णायक विजय र प्यालेस्टिनी जनताका लागि न्यायको खोजीमा महत्त्वपूर्ण कोसेढुङ्गा रहेको' बताएको

छ । दक्षिण अफ्रिकाका न्यायमन्त्रीले आइसिजेको फैसलाले दक्षिण अफ्रिकाका स्वतन्त्रता नायक नेल्सन मन्डेला आफ्नो समाधिमा मुस्कुराएको हुनुपर्ने टिप्पणी गरेका छन् ।

**साउदी अरेबिया**ले प्यालेस्टाइन राज्यका लागि विश्वसनीय मार्ग नबनेसम्म इजरायलसँगको सम्बन्धलाई सामान्य बनाउन नसकिने बताएको छ । आइसिजेको आदेशपछि साउदी विदेश मन्त्रालयले गाजापट्टीमा प्यालेस्टिनी जनताविरुद्ध नरसंहार गर्ने कुनै पनि अभ्यास या कथन रोक्न यो निर्णय महत्त्वपूर्ण रहेको भन्दै इजरायलको आधिपत्य अभ्यास र इजरायलद्वारा हुने नरसंहारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको उल्लङ्घन आफूविरुद्ध हुने बताएको छ ।

**कतार**ले उक्त निर्णयको स्वागत गर्दै विज्ञप्ति जारी गरेको छ । कतारी विदेश मन्त्रालयले इजरायललाई सबै नरसंहारकारी कार्य रोक्न सबै आवश्यक कदम चाल्न दिएको आदेशले मानवता, कानुनको शासन र अन्तर्राष्ट्रिय न्यायको विजय भएको बताएको छ ।

**इरान**का परराष्ट्रमन्त्री हुसेन अमिराब्दुल्लाहियानले इजरायली अधिकारीलाई न्यायको दायरामा ल्याउन आह्वान गरेका छन् । सामाजिक सञ्जाल एक्स (ट्विटर)मा उनले लेखेका छन्– 'आज नक्कली इजरायली शासनका अधिकारीहरू विश्वको जनमतमा सबैभन्दा घृणित व्यक्ति हुन् जसलाई प्यालेस्टिनीविरुद्ध नरसंहार र अभूतपूर्व युद्ध अपराध गरेकामा तुरुन्तै न्यायको कठघरामा ल्याइनुपर्छ ।'

**युरोपेली सङ्घ**का सदस्य राष्ट्रहरूका विदेशमन्त्रीले गत सोमबार ब्रसेल्समा गाजा युद्धबारे छलफल गर्न भेटेका थिए जहाँ उनीहरूले प्यालेस्टाइन राज्यको निर्माण नै मध्यपूर्वमा शान्ति प्राप्त गर्ने एक मात्र विश्वसनीय तरिका रहेको बताए । युरोपेली सङ्घका विदेशमन्त्रीहरूले इजरायली अधिकारी र कूटनीतिज्ञ दुई राज्य समाधानमा अनिच्छुक रहेका र इजरायली सैन्य कारबाहीले पुस्तौँसम्मका लागि घृणाको बीउ रोपिरहेको भन्दै चिन्ता प्रकट गरेका थिए ।

युरोपेली सङ्घले इजरायलले गाजामा हुने नरसंहार रोक्नुपर्ने अदालतको आदेशलाई तत्काल कार्यान्वयन गर्न चाहेको बताएको छ । 'अन्तर्राष्ट्रिय न्यायालयका आदेश बाध्यकारी रहने भएकाले युरोपेली सङ्घले ती आदेशको पूर्ण, तत्काल र प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्छ,' आफ्नो विज्ञप्तिमा बताएको छ ।

**जर्मन** विदेशमन्त्री एनालेना बेरबकले इजरायलले अदालतको निर्णयलाई पालना गर्नुपर्ने र सोही निर्णयअनुरूप हमासले बाँकी बन्धकलाई रिहा गर्नुपर्ने बताइन् ।

**स्पेन**ले पनि अदालतको आदेशको स्वागत गरेको छ ।

स्पेनका प्रधानमन्त्रीले आफ्नो राष्ट्रले शान्ति, बन्धकको रिहाइ, मानवीय सहायतामा पहुँच र दुवै राष्ट्र शान्ति र सुरक्षामा एकसाथ रहन इजरायलसँगै प्यालेस्टिनी राज्य स्थापनाका लागि वकालत गर्न जारी राख्ने बताएका छन् ।

**आयरल्यान्ड**का विदेश मामिलामन्त्री माइकल मार्टिनले अदालतको आदेशलाई 'अन्तिम र बाध्यकारी' बताउँदै इजरायलले ती आदेशलाई असल विश्वासका साथ र अत्यावश्यकताका रूपमा कार्यान्वयन गर्ने आयरल्यान्डले अपेक्षा गरेको बताएका छन् ।

**स्कटल्यान्ड**का मन्त्री हुम्जा युसुफले आइसिजेको आदेश स्पष्ट रहेको र गाजामा हत्या र विनाश रोकिनुपर्ने बताए ।

## प्रजग कोरियाद्वारा हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण

प्योङयाङ, १ माघ (सिन्ह्वा) । प्रजातान्त्रिक जन गणतन्त्र (प्रजग) कोरियाले हाइपरसोनिक युद्धाभ्यासयुक्त नयाँ ब्यालेस्टिक क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण गरेको छ । उक्त परीक्षण दक्षिण कोरियाली र अमेरिकी हमलाकारी सेनालाई चेतावनी दिनको लागि उन्नत हतियारको खोजीमा पछिल्लो सफलता भएको बताइएको छ ।



प्योङयाङको यस वर्षको पहिलो ज्ञात हतियार परीक्षण र ठोसइन्धन हाइपरसोनिक मध्यम दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र (आइआरबीएम) को पहिलो परीक्षण दक्षिण कोरियाको सेनाले पत्ता लगाएको थियो ।

प्रजग कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) को सङ्क्षिप्त रिपोर्टले ठोसइन्धन आइबीआरएमबी हाइपरसोनिक युद्धाभ्यास नियन्त्रित वारहेडयुक्त भएको बताएको छ। परीक्षणको उद्देश्य हतियारको 'ग्लाइडिङ र कौशलता विशेषताहरू' तथा 'नयाँ विकसित बहुचरण उच्च थ्रस्ट ठोसइन्धन इन्जिनको विश्वसनीयता' लाई प्रमाणित गर्नका लागि भएको केसीएनएले बताएको छ।

गत साता प्रजग कोरियाको राष्ट्रिय मामिला आयोगका अध्यक्ष नेता किम जोङ उनले सोललाई आफ्नो 'प्रमुख दुश्मन' को संज्ञा दिनुभएपछि र प्रमुख हतियार कारखानाहरूको भ्रमण गर्दा दक्षिण कोरियाली कठपुतलीहरूलाई नष्ट गर्न आफूले कुनै सङ्कोच नमान्ने चेतावनी दिएपछि यस्तो परीक्षण भएको छ।

हाइपरसोनिक क्षेप्यास्त्रहरूले सामान्यतया प्रयोगकर्ताहरूलाई लक्ष्यमा प्रहार गर्नका लागि उडानमा कौशलता देखाउन सक्षम पार्छ। दुवै प्रविधि लामो समयदेखि प्रजग कोरियाको उद्देश्यहरूको सूचीमा छ।


कोरिया रिसर्च इन्स्टिच्युट फर नेसनल स्ट्राटिजीका क्षेप्यास्त्र विशेषज्ञ चाङ यङ-क्युनले भन्नुभयो, 'प्रजग कोरिया एकै समयमा ठोस इन्धन रकेट बुस्टरको प्रयोग गरेर हाइपरसोनिक क्षेप्यास्त्र तथा आइआरबीएमको विकासको लागि अगाडि बढिरहेको छ। मध्यमदेखि लामो दूरीका हाइपरसोनिक क्षेप्यास्त्रहरू अमेरिकी क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीबाट बच्न र गुआमस्थित अमेरिकी सेनाको आधारमा हमला गर्न विशेषरूपमा उपयोगी हुनेछन्।'

प्रजग कोरियाको अन्तिम क्षेप्यास्त्र परीक्षण डिसेम्बर १८ मा ह्वासोङ-१८ ठोसइन्धन अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र (आइसीबीएम) को थियो। यसलाई विश्लेषकहरूले ठूलो प्राविधिक सफलता भनेका छन्।

हाइपरसोनिक क्षेप्यास्त्र परीक्षणको लगत्तै प्रजग कोरियाले पानीमुनि प्रहार गर्ने आणविक हतियारसहित ड्रोनको परीक्षण गरेको छ। दक्षिण कोरिया, अमेरिका र जापानबीच भएको संयुक्त समुद्री अभ्यासको जवाफमा प्रजग कोरियाले पानीमुनि प्रहार गर्ने आणविक हतियार प्रणालीको परीक्षण गरेको प्रजग कोरियाको सरकारी समाचार एजेन्सी (केसीएनए) ले जनाएको छ।

तीन देशबीच भएको संयुक्त सैन्य अभ्यासले आफ्नो देशको सुरक्षामा गम्भीर सङ्कट देखिएको प्रजग कोरियाले जनाएको छ।

## सम्झनाको लागि






(चित्रबायाँ) अमर शहीद गगालाल श्रेष्ठ (दायाँबाट पहिलो) विसं १९९७ माघ १५ गते शोभाभगवतीमा गोली हानी मृत्युदण्ड। तस्बिर स्रोत-शैलेन्द्र श्रेष्ठ
(चित्र माथि) ब्राम्हण भएकाले मृत्युदण्डको साटो चार पाटा मुडी कैदको सजाय दिइएका बायाँतर्फ टंकप्रसाद आचार्य (बायाँ) र रामहरि शर्मा (दायाँ)। दायाँतर्फ गोविन्दप्रसाद उपाध्याय र चुडाप्रसाद शर्मा- तस्बिर स्रोत- मनोज मनुज।

*चित्र : इन्टरनेट*

## “नेमकिपा कम्युनिस्ट सिद्धान्त र विचारअनुसार निरन्तर सङ्घर्षरत छ”



‘नेपाल मजदुर किसान पार्टी आधा शताब्दीसम्म कम्युनिस्ट पार्टीको विचार र सिद्धान्तअनुसार निरन्तर सङ्घर्षरत पार्टी हो । पद र पैसाको लोभ नगरी समाजवादी विचारबाट विचलित नभई समाज परिवर्तनको लागि लडिरहेको यो नेपालको एकमात्रै कम्युनिस्ट पार्टी हो ।’

उक्त विचार नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भनपा वडा नं. ७ खेलकुद समितिद्वारा माघ २० गते आयोजित खेलकुद प्रतियोगितामा विजयी खेलाडीहरूलाई पुरस्कार वितरण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उहाँले नेमकिपा देशको स्वतन्त्रता र सार्वभौमिकता रक्षाको आन्दोलनमा सधैँ अग्रमोर्चामा रहेर सङ्घर्ष गर्दै आएको बताउनुहुँदै भक्तपुरमा शिक्षा, स्वास्थ्य, खेलकुद, सम्पदा संरक्षण, सरसफाइलगायतका क्षेत्रमा सुधार हुनु नेमकिपाको देन हो भन्नुभयो ।

उहाँले खेलाडीहरू विकृति र विसङ्गतिबाट टाढा रहेर देशको भावी समाज सभ्य र सुसंस्कृत बनाउन लाग्नुपर्ने बताउनुहुँदै खेल प्रतियोगिताले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी तयार गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**लेभक्तपुर नपाले खेलकुद पूर्वाधार निर्माणमा जोड दिइरहेको स्पष्ट पार्नुहुँदै प्रत्येक युवालाई अनिवार्य सैनिक तालिम दिनु आवश्यक छ भन्नुभयो ।

पूर्वखेलाडी **विश्वराम कवां**ले आफ्नो खेल जीवनबारे जानकारी दिनुहुँदै विजयी खेलाडीहरूलाई बधाई दिनुभयो ।

खेलकुद समितिका संयोजक केशव त्वानाबासुको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले दौड प्रतियोगितामा विजय खेलाडीहरूलाई मेडल तथा नगद पुरस्कार वितरण गर्नुभएको थियो ।

## विद्यालय तहदेखि नै भूगोल र इतिहास अध्ययनमा जोड दिनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै भावी समाज सभ्य र सुसंस्कृत बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले काम गरिरहेको बताउनुभयो ।

मिनर्वा स्कूलको माघ २० गते आयोजित अभिभावक दिवस तथा बिदाइ कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विद्यालय तहदेखि नै भूगोल, इतिहास, कला–संस्कृतिबारे अध्ययन गर्न जोड दिनुभयो । श्रमसँग जोडिएको शिक्षा अहिलेको आवश्यकता भएको बताउनुहुँदै प्रमुख प्रजापतिले विश्वविद्यालयको प्रमाणपत्रसँगै युवाहरूलाई सीप प्रदान गर्न नगरपालिकाले विभिन्न भाषा र सीपमूलक तालिमहरू दिइरहेको प्रस्ट पार्नुभयो ।

उदाहरणीय बन्न सजिलो छैन, सजिलो काम रोज्नेहरू उचाइमा पुग्न पनि सक्दैनन्, उहाँले भन्नुभयो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भनपाले वडा वडामा व्यायामशालाहरू राखेर जनतालाई स्वस्थ राख्न सहयोग गरिरहेको चर्चा गर्नुहुँदै समयसमयमा खेलकुद प्रतियोगिता र वडा वडामा नर्सको व्यवस्था तथा अस्पताल निर्माणले जनतालाई सहज बनाएको बताउनुभयो ।

डा. **सत्यनारायण सुवाल**ले विश्वमा ज्यान गुमाउनेहरूमध्ये ७१ प्रतिशत नसर्ने रोगको कारण हुने गरेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै अस्वस्थ खाना, धूमपान र मद्यपानको कारण त्यस्ता रोगीहरूको सङ्ख्या वृद्धि भएको हुँदा त्यसलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश प्रजापतिको सभापतित्वमा सम्पन्न उद्घाटन सत्रमा सांस्कृतिक गुरु कृष्णसुन्दर प्रजापतिले शुभकामना मन्तव्य दिनुभएको थियो भने प्रिन्सिपल राजेन्द्र दुवालले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले २०७९ सालमा विद्यालयको तर्फबाट एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई पत्र हस्तान्तरण तथा विभिन्न खेलकुद प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

उद्घाटनपश्चात् सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

# हाम्रो स्वास्थ्य

## श्वास गन्हाउने मुख्य ६ कारण र छुट्कारा पाउने उपाय

– डा रोसिना भट्टराई



श्वास गन्हाउने अहिले आम मानिसको साझा समस्या भएको छ । युवादेखि वृद्धहरूसम्म यो समस्याबाट ग्रसित देखिन्छन् । श्वास गन्हाउने अनेक कारण छन् । ती कारण पहिल्याएर बानी व्यवहारमा परिवर्तन गर्न सकियो भने यो समस्याबाट छुट्कारा पाउन सकिन्छ । तीमध्ये श्वास गन्हाउने केही कारण र त्यसबाट छुट्कारा पाउने उपाय यहाँ उल्लेख गरिएको छ ।

**खाना–** यो सबैलाई अवगत नै छ कि प्याज, लसुन, चिज, अम्लयुक्त खानेकुरा, कफि आदिको सेवनले पनि अस्थायी रूपमा मुख गन्हाउने गर्छ । यस बाहेक विभिन्न खानेकुराहरू दाँतमा अड्किने हुँदा मुखमै रहन्छन् । जसले सूक्ष्म जीवाणु अनुकुल वातावरण सिर्जना हुन्छ र मुखलाई हानी पुऱ्याउनुका साथै गन्हाउने समस्या निम्त्याउँछ ।

**सुर्तीजन्य पदार्थको सेवन–** चुरोट, खैनी, बिंडी, पान, गुट्खालगायतका सुर्तीजन्य पदार्थको सेवन गर्नाले पनि श्वास गन्हाउने सामस्या आउँछ । यसका साथसाथै यी पदार्थले विभिन्न रोग निम्त्याउने गर्छन् । गिजाका रोगहरू, मुखको क्यान्सर आदिका कारण पनि मुखबाट नराम्रो गन्ध आउने गर्छ ।

**मुख स्वास्थ्यमा ध्यान नदिनाले–** जो मनिस नियमित रूपमा दाँत माझ्दैन, विशेष गरी दुई दाँत बीचको फोहोर सफा गर्न बनाइएको रेशमको काँचो धागोको प्रयोग गर्दैन, मुख कुल्ला गर्दैन र जसको मुखमा दन्तलेउ र दन्तपत्थर जम्मा हुन थाल्छ, यस्तो अवस्थामा श्वास गन्हाउने समस्या बढी हुन्छ ।

**अन्य रोगहरू–** पिनाशको रोग, निमोनिया, गलाको सङ्क्रमण, डायबिटिज, पेटका रोगहरू, कलेजोका रोगहरू, मिर्गौलाका रोगहरू आदि भएको अवस्थामा पनि मुख गन्हाउने समस्या देखिने गरेको पाइन्छ ।

**मुख सुक्खा हुने अवस्था–** मुखमा ऱ्यालको ग्रन्थिबाट ऱ्यालको मात्रामा कमी भएपछि मुख सुक्खा गर्छ । यस्तो अवस्थामा छिन–छिनमा पानी तिर्खा लाग्ने, घाँटी सुक्खा भएको महसुस हुने, नाक सुक्खा हुने गर्छ । साथसाथै सुक्खा मुख भएका मानिसलाई श्वास गन्हाउने समस्याले पनि सताउने गर्छ ।

**गर्भावस्थामा–** गर्भवती हुनाले नै मुख गन्हाउने भने होइन तर यसकारण वाकवाकी लाग्ने, उल्टी हुने, शरीरमा पानीको मात्रा कम हुने, शरीरभित्रको रसायनिक तत्व वा हार्मोनको कारणले गर्दा श्वास गन्हाउने गर्छ ।

यी समस्याबाट छुट्कारा पाउन के गर्ने त?


दिनमा दुईचोटी दाँत माझ्नुका साथसाथै जिब्रोलाई पनि सफा राख्नु अत्यावश्यक छ । दाँत माझ्ने ब्रस वा जिब्रो सफा गर्नेको नियमित प्रयोग गर्न सकिन्छ । रेशादार खानेकुराको सेवन गर्ने, खानेकुरालाई दाँतमा फस्न नदिने, शरीरलाई तन्दुरुस्त बनाउने खालका खानेकुरा खाने जस्ता बानीको विकास गर्नुपर्छ ।

दिनमा पटक–पटक पानी पिउने, जाइलिटोल भएको चिनीरहित गुद चपाउने, मुख कुल्ला गर्ने औषधी प्रयोग गर्ने, अम्लयुक्त खानेकुराको सेवन कम गर्ने गरेमा पनि निकै फाइदा हुने गर्छ । कफि लगायत अन्य क्याफीन भएका पेय पदार्थको सेवनमा पनि कमी ल्याउनुपर्छ ।

तसर्थ, मुख, श्वास गन्हाउने अवस्था आफैमा कुनै रोग नभएर यसले शरीरको अर्को कुनै अवस्थाको बारेमा जानकारी दिन्छ । तसर्थ, यो समस्या देखा परेमा लापरवाही नगरिकन नजिकैको दन्तचिकित्सकलाई देखाउनुहोला । यसबाट आउन सक्ने थप समस्याहरूबाट पनि बच्नुहोला । सुन्नमा सानो सामान्य लागेपनि यसले भविष्यमा जटिल समस्याहरू निम्त्याउन सक्छ । त्यसैले मुख स्वास्थ्यलाई आफ्नो शरीरको अन्य भागजस्तै ख्याल गर्नु आवश्यक छ ।

स्वास्थ्य खबरपत्रिका

## आ.व. २०८०/८१ पौष महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १९५ | २५२ | १६३ | १५३ | १४२ | १८३ | १७३ | १५० | १६७ | २३४ | २४८ | २५२ | २९२ | ३५१ | ३२७ |
| ■ सार्क तथा चिनियाँ | २६८ | ४१२ | २५४ | २६३ | ३४० | ३९८ | ५१९ | ५५७ | ६८२ | ६३१ | ९१७ | ५४९ | ७४२ | ७५० | ६३४ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २४८ | ३११ | २१७ | २१८ | २८६ | २५२ | १५३ | १५५ | २०२ | १४८ | १३० | १४८ | १९९ | १५७ |
| ■ सार्क तथा चिनियाँ | ४६२ | ४१९ | ३०७ | ४१० | ४११ | २७८ | २०४ | २७१ | १९३ | २४२ | २२२ | २३९ | २९६ | २१३ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० पौष | ६,१०६ | १२,०८३ | १८,१८९ |
| २०७९ पौष | ४,४०२ | ८,२२९ | १२,६३१ |
| प्रगति | १,७०४ | ३,८५४ | ५,५५८ |

सम्पादकको पृष्ठ

# उत्साहित नबनाउने सुधार

ट्रान्सपरेन्सी इन्टरनेशनलले हरेक वर्ष विश्वव्यापी भ्रष्टाचारको अवस्था जनाउने एउटा प्रतिवेदन प्रकाशित गर्ने गर्छ । त्यस प्रतिवेदनले भ्रष्टाचारको स्थितिमा कुन देश कुन स्थानमा रहेको छ भन्ने जानकारी दिन्छ ।

यसैक्रममा सन् २०२३ मा नेपालमा भ्रष्टाचारको स्थिति उल्लेख भएको प्रतिवेदन ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले हालै प्रकाशित गरेको छ । सन् २०२२ मा नेपाल ११० औँ स्थानमा रहेकोमा झिनो सुधार भएर १०८ औँ स्थानमा प्रगति भएको छ । कुल १०० अङ्कमा ३५ अङ्क प्राप्त गरेको छ, सन् २०२२ मा ३४ अङ्क प्राप्त गरेको थियो । ५० भन्दा कम अङ्क प्राप्त गर्ने देशको भ्रष्टाचार स्थितिले गम्भीर समस्या रहेको अर्थात् भ्रष्ट देश नै जनाउँछ । त्यसैले विश्वव्यापी भ्रष्टाचार सूचकाङ्कमा नेपाल बढी भ्रष्टाचार हुने देशकै सूचीमा रहेको छ । यो सूचकाङ्क विश्वका प्रतिष्ठित भनिएका ६ ओटा अन्तराष्ट्रिय संस्थाहरूबाट गरिएको सर्वेक्षणको आधारमा निर्धारण गरिएको जनाइएको छ ।

सूचकाङ्कमा नेपालको स्थिति सुधारिएको देखिए पनि भ्रष्टाचार व्याप्त भएको अनुभव प्रत्येक नेपालीले गरेका छन् । झिनो भए पनि सुधार देखिनु आफैमा आश्चर्य भएको छ । हिजोका दिनमा हजार–लाखको भ्रष्टाचारका कुरा आउँथे । त्यो अहिले चान्चुने भइसकेको जगजाहेर छ । अहिले त करोड र अर्बको भ्रष्टाचारका समाचार दिनहुँजसो आउने गरेको छ । रकमको परिमाणको आधारमा सूचकाङ्क निर्धारण गर्ने हो भने सुधार र प्रगति होइन भयावह भन्नुपर्ने देखिन्छ ।

देशका आजसम्मका सबैजसो प्रधानमन्त्रीले 'भ्रष्टाचारप्रति शून्य सहनशीलता'को नारा दिएका थिए तर देश अति भ्रष्टदेखि भ्रष्टबाट उम्कन सकेको छैन । यसबाट 'शून्य सहनशीलता' को नारा भ्रम फैलाउने थेगोले भन्दा बढी हैसियत नराखेको स्वतः प्रमाणित हुन्छ ।

यस पटक भ्रष्टाचारको आहालबाट केही ठूला माछालाई कारबाही गरेको कारणले 'झिनो' सुधार भएको हो । तर, यस्तो सुधार विगतमा पनि भएका थिए । सन् २०१२ बाट २०१३ मा २३ स्थानले प्रगति गरेको थियो । अहिले केवल २ स्थानले प्रगति गरेको छ । विगतमा प्रगति र अधोगतिको उकाली–ओराली भएझैँ यसपटकको प्रगतिले अर्को वर्ष उकालो लाग्ने हो कि ओरालो अज्ञात छ ।

त्यसैले, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्गले यस पटक झिनो सुधार देखिएको छ, धेरै उत्साहित हुनुपर्दैन भनेका छन् । उच्चपदस्थले जिम्मेवारीअनुसार काम गर्दा, भ्रष्टाचारविरुद्ध राज्यका अङ्ग कठोर हुँदा अन्तर्राष्ट्रिय सूचकाङ्कमा सुधार देखियो तर पर्याप्त छैन, धेरै सुधारको खाँचो छ ।

यसरी, उत्साहित नबनाउने सुधारको मनको लड्डुमा रमाउनुभन्दा उत्साहित बनाउने सुधारका लागि राज्यका सबै उच्चाधिकारी र अङ्गहरू कठोर बनोस्–यही जनअपेक्षा छ ।



भक्तपुर नपाको आयोजनामा सञ्चालित ४ महिने आधारभूत पाक शिक्षा तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम । माघ ७ गते



भक्तपुर नपाको आयोजनामा भक्तपुर नगरका १०१ जना विद्यार्थीहरूलाई शैक्षिक ऋणसम्बन्धी अभिमुखीकरण कार्यक्रम । पुस २० गते

# निरंकुश जहानियाँ शासनविरुद्ध देश र जनताको लागि जीवन उत्सर्ग गर्ने प्रात:स्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली !



शुक्रराज शास्त्री
(विसं १९५०-१९९७)



धर्मभक्त माथेमा
(विसं १९६६-१९९७)



दशरथ चन्द
(विसं १९६०-१९९७)



गंगालाल श्रेष्ठ
(विसं १९७५-१९९७)

## भक्तपुर नगरपालिका परिवार